# मुकुन्द न्यौपानेको काव्यकारिता

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र
सङ्काय नेपाली केन्द्रीय विभाग अन्तर्गत नेपाली
विषयको स्नातकोत्तर तह दोस्रो वर्षको दसौं
पत्रको प्रयोजनको लागि
प्रस्तुत

## शोधपत्र


शोधार्थी
चन्द्रावती वाग्ले
क्रमाङ्क : ३७६
नेपाली केन्द्रीय विभाग
त्रिभुवन विश्वविद्यालय
कीर्तिपुर

२०७१

# शोध निर्देशकको सिफारिस

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत नेपाली केन्द्रीय विभाग स्नातकोत्तर तह द्वितीय वर्षकी छात्रा चन्द्रावती वाग्लेले दसौं पत्रको प्रयोजनका लागि 'मुकुन्द न्यौपानेको काव्यकारिता' शीर्षकको शोधकार्य मेरो निर्देशनमा तयार पार्नु भएको हो । उहाँले मिहिनेतका साथ तयार पार्नु भएको यस शोधकार्यप्रति म सन्तुष्ट छु । यसर्थ यस शोधपत्रको आवश्यक मूल्याङ्कनका लागि नेपाली केन्द्रीय विभाग, त्रि.वि. कीर्तिपुर समक्ष सिफारिस गर्दछु ।

मिति : २०७१/१०/१८

................................

प्रा. डा. जीवेन्द्र देव गिरी
नेपाली केन्द्रीय विभाग
त्रिभुवन विश्वविद्यालय
कीर्तिपुर ।

**त्रिभुवन विश्वविद्यालय**
**मानविकी तथा सामाजिक शास्त्र सङ्काय**
**नेपाली केन्द्रीय विभाग**
**कीर्तिपुर**

मिति : २०७१/१०/२२

## स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत नेपाली केन्द्रीय विभागकी छात्रा चन्द्रावती वाग्लेले स्नातकोत्तर तह, द्वितीय वर्षको दसौं पत्रको प्रयोजनका लागि तयार पार्नु भएको 'मुकुन्द न्यौपानेको काव्यकारिता' शीर्षकको शोधपत्र स्वीकृत गरिएको छ ।

| **मूल्याङ्कन समिति** | **हस्ताक्षर** |
|---|---|
| १. प्रा.डा. देवीप्रसाद गौतम (विभागीय प्रमुख) | .................... |
| २. प्रा.डा. जीवेन्द्र देव गिरी (शोध निर्देशक) | .................... |
| ३. प्रा. केशव सुवेदी (बाह्य परीक्षक) | .................... |

# कृतज्ञता ज्ञापन

प्रस्तुत शोधपत्र मैले नेपाली विषयको स्नातकोत्तर तह, द्वितीय वर्षको दसौं पत्रको प्रयोजनार्थ आदरणीय गुरु प्रा.डा. जीवेन्द्र देव गिरीज्यूको प्राज्ञिक एवम् कुशल निर्देशनमा तयार पारेकी हुँ । आफ्ना अति नै व्यस्तताका बिचमा पनि मेरा लागि प्रेरणादायी, अमूल्य सुझाब एवम् कुशल निर्देशन दिई यो शोधपत्र लेखन कार्यमा सहयोग गर्नु हुने श्रद्धेय गुरुप्रति सर्वप्रथम म हार्दिक कृतज्ञता व्यक्त गर्दछु ।

प्रस्तुत शोधपत्र तयार पार्ने सिलसिलामा निकै उत्साह र सल्लाहका साथ आवश्यक सामग्रीहरू उपलब्ध गराई एवम् आफ्ना अनुभूतिहरु बताई सहयोग गर्नु हुने शोध नायक श्री मुकुन्द न्यौपानेज्यू एवम् उहाँको परिवारजनप्रति पनि म हार्दिक आभार व्यक्त गर्दछु ।

यस शोधपत्र तयार गर्नका लागि प्रस्तुत गरेको शोध प्रस्तावलाई विभागीय स्वीकृति प्रदान गरी शोधपत्र लेखनका लागि अवसर प्रदान गर्नु हुने नेपाली केन्द्रीय विभागका विभागीय प्रमुख प्रा. डा. देवीप्रसाद गौतमज्यूप्रति पनि म हार्दिक कृतज्ञता व्यक्त गर्दछु ।

यस शोध कार्यका अवसरमा आवश्यक विविध सामग्री उपलब्ध गराई सहयोग पुऱ्याउने त्रि.वि.केन्द्रीय पुस्तकालय एवम् त्रि.वि. नेपाली विभागीय पुस्तकालयका कर्मचारीहरूपति पनि म आभारी छु ।

त्यस्तै, प्रस्तुत शोध कार्यका लागि कत्ति पनि झर्को नमानी समुचित वातावरण सिर्जना गरि दिनुका साथै आवश्यक सम्पूर्ण सहयोग गर्नु हुने मेरा जीवन साथी डा. शेषरमण न्यौपानेज्यूप्रति म अति नै ऋणी छु; उहाँप्रति हृदयदेखि नै हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । त्यस्तै यस कार्यमा आवश्यक सहयोग गर्ने मेरी ठूली छोरीलाई पनि धेरैधेरै धन्यवाद दिन चाहन्छु । उसै गरी कत्ति पनि झर्को र दुःख नमानी यस शोधपत्रका केही अंश टङ्कण गर्नेदेखि लिएर घर व्यवहारमा समेत पूरै ध्यान दिई मलाई धेरैधेरै सहयोग पुऱ्याएकी मेरी सानी छोरी सभ्यतालाई पनि धेरैधेरै धन्यवाद दिन चाहन्छु ।

अन्त्यमा, प्रस्तुत शोधपत्रको आवश्यक एवम् समूचित मूल्याङ्कनका लागि त्रिभुवन विश्वविद्यालय, नेपाली केन्द्रीय विभाग, कीर्तिपुर समक्ष प्रस्तुत गर्दछु ।

..................

मिति : २०७१/१०/१८

शोधार्थी
चन्द्रावती वाग्ले
क्रमाङ्क : ३७६
नेपाली केन्द्रीय विभाग
त्रिभुवन विश्वविद्यालय
कीर्तिपुर

# विषय सूची

| शीर्षक | पृष्ठ |
|---|---|
| **पहिलो परिच्छेद** | **१-८** |
| **शोध परिचय** | १ |
| १.१ विषय परिचय | १ |
| १.२ समस्या कथन | १ |
| १.३ उद्देश्य | २ |
| १.४ औचित्य | २ |
| १.५ सीमा | ३ |
| १.६. पूर्वकार्यको समीक्षा (पूर्व अध्ययन) | ३ |
| १.७. शोध विधि | ७ |
| ७.१ सामग्री सङ्कलन विधि | ७ |
| ७.२ सामग्री सङ्कलनको सैद्धान्तिक आधार र ढाँचा | ७ |
| ८. शोध पत्रको रूपरेखा | ८ |
| **दोस्रो परिच्छेद** | ९-१६ |
| **मुकुन्द न्यौपानेको काव्य यात्रा र चरण विभाजन** | ९ |
| २.१ मुकुन्द न्यौपानेको संक्षिप्त जीवनी | ९ |
| २.२ मुकुन्द न्यौपानेको काव्ययात्रा | ११ |
| २.२.१ पहिलो चरण : (अभ्यास काल/वि.सं. २०१९-२०२५) | १३ |
| २.२.२ दोस्रो चरण : (वि.सं. २०२६-२०४६) | १४ |
| २.२.३ तेस्रो चरण : (वि.सं. २०४७ - २०५६) | १५ |
| २.२.४ चौथो चरण : (वि.सं. २०५७ - हालसम्म) | १५ |
| २.२.५ निष्कर्ष | १६ |

**तेस्रो परिच्छेद** **१८-८६**
**कविता तत्त्वका आधारमा मुकुन्द न्यौपानेका काव्य कृतिहरूको विश्लेषण** १८

३.१ पृष्ठभूमि १८

३.२ विश्लेषण १८

**३.२.१ 'उथल पुथल भित्रका अनुभूतिहरू' कविता सङ्ग्रह** १८

३.२.१.१ सामान्य परिचय १८

३.२.१.२ शीर्षकीकरण १९

३.२.१.३ संरचना १९

३.२.१.४ विषयवस्तु २०

३.२.१.५ लय विधान २४

३.२.१.६ कथन पद्धति २५

३.२.१.७ बिम्बालङ्कार र प्रतीक विधान २६

३.२.१.८ भाषाशैली २६

३.२.१.९ निष्कर्ष २७

**३.२.२ 'लोक विनोद' खण्डकाव्य** २७

३.२.२.१ समान्य परिचय २७

३.२.२.२ कथावस्तु २७

३.२.२.३ शीर्षकीकरण ३१

३.२.२.४ संरचना ३१

३.२.२.५ पात्र विधान ३२

३.२.२.६ परिवेश विधान ३२

३.२.२.७ केन्द्रीय कथ्य एवम् भाव ३५

३.२.२.८ कथन पद्धति ३६

३.२.२.९ छन्द वा लय विधान ३६

३.२.२.१० बिम्बालङ्कार र प्रतीक विधान ३७

३.२.२.११ भाषाशैली ३८

३.२.२.१२ निष्कर्ष ३८

**३.२.३ 'पीडित आत्माका धुनहरू गीति सङ्ग्रह ३९**

३.२.३.१ सामान्य परिचय ३९

३.२.३.२ शीर्षकीकरण ३९

३.२.३.३ संरचना ४०

३.२.३.४ विषयवस्तु ४०

३.२.३.५ लय विधान ४३

३.२.३.६ कथन पद्धति ४३

३.२.३.७ बिम्बालङ्कार र प्रतीक विधान ४४

३.२.३.८ भाषाशैली ४४

३.२.३.९ निष्कर्ष ४५

**३.२.४ 'छोरीलाई चिट्ठी' कविता सङ्ग्रह** ४५

३.२.४.१ सामान्य परिचय ४५

३.२.४.२ शीर्षकीकरण ४५

३.२.४.३ संरचना ४६

३.२.४.४ विषयवस्तु ४७

३.२.४.५ लय विधान ४९

३.२.४.६ कथन पद्धति ४९

३.२.४.७ बिम्बालङ्कार र प्रतीक विधान ५०

३.२.४.८ भाषाशैली ५०

३.२.४.९ निष्कर्ष ५१

**३.२.५ 'नयाँ युगका नयाँ कविता' कविता सङ्ग्रह** ५२

३.२.५.१ सामान्य परिचय ५२

३.२.५२ शीर्षकीकरण ५२

३.२.५.३ संरचना ५३

३.२.५.४ विषयवस्तु ५४

३.२.५.५ लय विधान ५६

३.२.५.६ कथन पद्धति ५७

३.२.५.७ बिम्बालङ्कार र प्रतीक विधान ५८

३.२.५.८ भाषाशैली ५८

३.६.९ निष्कर्ष ५९

**३.२.६ 'घाइते देश' कविता सङ्ग्रह** **६०**

३.२.६.१ सामान्य परिचय ६०

३.२.६.२ शीर्षकीकरण ६०

३.२.६.३ संरचना ६१

३.२.६.४ विषयवस्तु ६२

३.२.६.५ लय विधान ६८

३.२.६.६ कथन पद्धति ६९

३.२.६.७ बिम्बालङ्कार र प्रतीक विधान ६९

३.२.६.८ भाषाशैली ७०

३.२.६.९ निष्कर्ष ७१

**३.२.७ 'लिला स्मृति काव्य' खण्डकाव्य** ७२

३.२.७.१ सामन्य परिचय ७२

३.२.७.२ कथावस्तु ७२

३.२.७.३ शीर्षकीकरण ७७

३.२.७.४ संरचना ७८

३.२.७.५ पात्र विधान ७८

३.२.७.६ परिवेश विधान ७९

३.२.७.७ केन्द्रीय कथ्य एवम् भाव ८१

३.२.७.८ कथन पद्धति ८२

३.२.७.९ छन्द वा लय विधान ८३

३.२.७.१० बिम्बालङ्कार र प्रतीक विधान ८४

३.२.७.११ भाषाशैली ८४

३.५.१२ निष्कर्ष ८६

**चौथो परिच्छेद ८७-१०७**

**मुकुन्द न्यौपानेका काव्य कृतिहरूको वैचारिक पक्षको विश्लेषण ८७**

४.१ सामान्य परिचय ८७

४.२ 'उथल पुथल भित्रका अनुभूतिहरू' कविता सङ्ग्रह ८८

४.३ 'लोक विनोद' खण्डकाव्य ९०

४.४ 'पीडित आत्माका धुनहरू' गीति कविता सङ्ग्रह ९३

४.५ 'छोरीलाई चिट्ठी' कविता सङ्ग्रह ९५

४.६ 'नयाँ युगका नयाँ कविता' कविता सङ्ग्रह ९८

४.७ 'घाइते देश' कविता सङ्ग्रह १०१

४.८ 'लिला स्मृति काव्य' खण्डकाव्य १०५

**पाँचौं परिच्छेद १०८-११६**

**सारांश र निष्कर्ष १०८**

५.१ सारांश १०८

५.२ निष्कर्ष ११४

५.३ सम्भावित शीर्षकहरू ११६

**सन्दर्भ सामग्री सूची** **११७-११९**

# सङ्क्षेपीकरण शब्द सूची

| | | |
|---|---|---|
| क्र.सं. | : | क्रमसङ्ख्या |
| चौ.सं. | : | चौथो संस्करण |
| डा. | : | डाक्टर |
| ते.सं. | : | तेस्रो संस्करण |
| त्रि.वि | : | त्रिभुवन विश्वविद्यालय |
| त्रि.वि.वि | : | त्रिभुवन विश्वविद्यालय |
| दो.सं. | : | दोस्रो संस्करण |
| पाँ.सं. | : | पाँचौं संस्करण |
| पृ. | : | पृष्ठ |
| प्र.सं. | : | प्रथम संस्करण |
| प्रा. | : | प्राध्यापक |
| वि.सं. | : | विक्रम संवत् |
| सं | : | संस्करण |
| संशो.सं | : | संशोधित संस्करण |
| सम्पा. | : | सम्पादन |
| स्व. | : | स्वर्गीय |

# पहिलो परिच्छेद

# शोध परिचय

## १.१ विषय परिचय

मुकुन्द न्यौपाने वि.सं. २००७ मा भोजपुरमा सामान्य किसान परिवारमा जन्मिएका हुन् । उनी परम्परावादी एवम् रूढिवादी संस्कारयुक्त ब्राह्मण परिवारमा हुर्किएका हुन् । उनले पहाडी भेगमा भोग्नु पर्ने जन जीवनलाई बाल्यावस्थादेखि नै राम्ररी बुझेका थिए । उनले आर्थिक विपन्नताका कारण औपचारिक शिक्षा संस्कृतमा प्रथमासम्म मात्र हासिल गरे तापनि स्वाध्ययनबाट ज्ञानको भण्डार उच्च बनाएका छन् । वि.सं. २०२४ सालमा गाउँको थिचोमिचो सहन नसकी उनी पनि बाबुआमासँगै झापा बसाइँ सरेका थिए । उनले सानैदेखि गरिबीको पीडालाई समेत नजिकैबाट नियालेका र बुझेका थिए ।

सानैदेखि श्रममा विश्वास राख्ने न्यौपानेले साहित्यका विविध विधामा सशक्त रूपले कलम चलाएका छन् । उनी आफ्नो लागि साहित्य लेखनको प्रेरणा देशको तत्कालीन परिस्थिति एवम् आफ्नो बाल्यावस्थामा विभिन्न साहित्यिक गोष्ठीमा रहेको सहभगिता र प्राप्त पुरस्कारलाई मान्दछन् । बाल्यावस्थामै लिखित 'ए पथिक' र वि.सं. २०१९ सालमा शोषक र सामन्तीहरूको विरोध गर्दै लेखिएको 'ए दुष्ट मान्छे' शीर्षकका कविताबाट नेपाली साहित्य फाँटमा अग्रसर हुँदै उनले कविता, नाटक, गीतिनाटक, खण्डकाव्य, शोककाव्य, गीत, कथा इत्यादि जस्ता विविध विधाका साथै साहित्येतर रचनाहरू समेत गरेका छन् । उनले केही साहित्यकारहरूका कृतिहरूमा भूमिका लेखन पनि गरेका छन् ।

यसरी न्यौपानेले साहित्यका विविध विधामा सशक्त रूपमा कलम चलाएको देखिन्छ । उनको साहित्यको महत्त्वपूर्ण पाटो भने कविता विधा देखिएको छ । उनका कविताहरूमा प्रगतिवादी चेत एवम् राष्ट्रिय चिन्तन सशक्त रूपमा अभिव्यक्त भएको पाइन्छ । प्रायः जसो कविताहरू गद्यमै लेख्ने न्यौपानेको 'लिला स्मृति काव्य' चाहिं उनको छन्दमा लेखिएको पहिलो प्रयास हो । 'लोक विनोद' खण्डकाव्य चाहिं वि.सं. २०६५ मा पुनः प्रकाशन गर्नुभन्दा अघि केही परिमार्जन गर्ने क्रममा छन्दोबद्ध गर्ने प्रयास गरिएको बुझिएको छ । उनका काव्यहरूमा देशको विषम परिस्थिति, सामाजिक भेदभाव, नारी समस्या, निम्न वर्ग, किसान, उत्पीडित, शोषित वर्ग, इत्यादि जस्तालाई मुख्य आधार बनाई तिनीहरूको यथार्थ पाटाहरू मार्मिक एवम् खरो रूपमा अभिव्यक्त भएका छन् । यी काव्यहरू सामाजिक रूपान्तरणमा विशेष योगदान दिन सशक्त देखिन्छन् । न्यौपानेले यति सशक्त काव्यहरूको रचना गरेका भए तापनि अझसम्म उनका काव्यहरूको उचित अध्ययन एवम् मूल्याङ्कन भने भएको देखिंदैन त्यसैले उनका काव्यहरूको विशेषताहरूको व्यवस्थित अध्ययन गर्नु पर्ने पनि महत्त्वपूर्ण कार्य देखिएको छ ।

## १.२ समस्या कथन

नेपाली साहित्यको विविध विधामा कलम चलाउँदै आएका बहुमुखी प्रतिभाशाली व्यक्तित्व मुकुन्द न्यौपानेको लेखन सशक्त रूपमा अघि बढि रहेको पाइन्छ । हालसम्म १९ (उन्नाईस) वटा कृतिहरू प्रकाशित भएकामा १४ (चौध) वटा साहित्यिक कृतिहरू छन् । तीमध्ये पनि गीति कविता सङ्ग्रह- १ (एक), कविता सङ्ग्रह -४ (चार) र खण्डकाव्य सङ्ग्रह -२ (दुई) गरी ७ (सात) वटा त काव्य कृतिहरू नै छन् जुन कृतिहरू नेपाली साहित्यिक फाँटमा अमूल्य योगदान दिन सक्षम देखिएका छन् । यस्ता काव्य कृतिहरूको प्राज्ञिक शोधबाट सत्यापान गरिनु पर्ने ज्ञानात्मक विषय हो । यही मूल समस्यासँग सम्बन्धित निम्न लिखित प्रश्नहरूको समाधान पहिल्याउने कार्यमा यो शोध कार्य केन्द्रित रहेको छ :

क. मुकुन्द न्यौपानेको कविता यात्रा के-कस्तो रहेको छ र त्यसलाई कसरी चरण विभाजन गर्न सकिन्छ ?

ख. कविता तत्त्वका दृष्टिले उनका कविता के-कस्ता छन् ?

ग. वैचारिकताका दृष्टिले उनका कवितामा के-कस्ता वैचारिक पक्ष छन् ?

## १.३ उद्देश्य

मुकुन्द न्यौपानेका काव्यहरूको निरूपण गरी नेपाली साहित्यमा उनका काव्यहरूको विश्लेषण एवम् मूल्याङ्कन गर्नु यस शोधको उद्देश्य रहेको छ । प्रस्तावित शोध समस्याका समाधानमा आधारित उद्देश्यहरू यसप्रकार रहेका छन् :

क. मुकुन्द न्यौपानेको कविता यात्राको वर्णन गर्दै चरण विभाजन गर्नु ,

ख. कविता तत्त्वका दृष्टिले उनका कविताको विश्लेषण गर्नु ,

ग. उनका कविताका वैचारिक पक्षको विश्लेषण गर्नु ।

## १.४ औचित्य

नेपाली सहित्यको अध्ययनमा पूर्णता ल्याउन हरेक नेपाली कविहरूको अध्ययन गरिनु अति नै आवश्यक हुन्छ । मुकुन्द न्यौपाने पनि नेपाली सहित्यको विविध विधामा कलम चलाउन सक्षम बहु प्रतिभाशाली व्यक्तित्व हुन् । उनी नेपाली काव्य विधामा सात वटा उल्लेखनीय काव्यकृतिहरूद्वारा नेपाली साहित्य भण्डारलाई महत्त्वपूर्ण साथै बहुमूल्य योगदान दिन सफल एवम् सशक्त देखिएका छन् । यस्ता सक्षम काव्यकारको काव्यकारिताको बारेमा हालसम्म प्राप्त जानकारी अनुसार उपयुक्त एवम् विस्तृत अध्ययन नभएको यस अवस्थामा प्रस्तुत गरिने अध्ययन आफैंमा औचित्यपूर्ण रहेको छ ।

नेपाली साहित्यका पाठकहरूका लागि न्यौपानेका काव्यहरूका सम्बन्धमा यस अनुसन्धानले केही मात्रामा भए पनि खुराक अवश्य नै दिन सक्नेछ । समवर्ती काव्यकार एवम् पाठकहरूका लागि यो अनुसन्धानले प्रेरणादायी भूमिका समेत खेल्ने नै छ । यो अध्ययन पश्चात् अन्य थप, तुलनात्मक

अध्ययन एवम् शोध गर्न चाहने अध्येयता, शोधार्थी एवम् अनुसन्धानधाताहरूका लागि अति उपयोगी हुनेछ । उनको काव्यकारिताको सीमा र प्रप्तिका बारेमा समेत यस अध्ययनद्वारा मूल्याङ्कन हुने नै छ । यसरी यो अध्ययनले स्वयं कविप्रति केही मात्रामा भए पनि न्याय हुने पक्षमा पनि सान्दर्भिक लाग्दछ । नेपाली काव्यकारिताको अनुसन्धान परम्पराको विकासमा समेत यस अध्ययनले सहयोग गर्ने सन्दर्भमा पनि यो औचित्यपूर्ण देखिएको छ ।

## १.५ सीमा

बहु आयामिक, बहु प्रतिभाशाली व्यक्तित्व मुकुन्द न्यौपाने अत्यन्त संवेदनशील, प्रगतिवादी एवम् क्रान्तिकारी साहित्यकार एवम् क्रान्तिकारी साहित्येतर लेखकका रूपमा सशक्त तरिकाले अघि बढि रहेका छन् । जुनसुकै अध्ययनको पनि आफ्नो सीमा हुन्छ । त्यस्तै उनले पनि सहित्यका विविध विधामा कलम चलाएका भए तापनि यस शोधमा उनको काव्यकारिताको मात्र अध्ययन गरिएको छ भन्ने कुरा त शीर्षकले नै प्रष्ट पारेको छ । यस शोधको सीमाका लागि निम्न लिखित पक्षहरूमा विशेष केन्द्रित रही अध्ययन गरिएको छ :

क. प्रस्तुत शोध कार्य मुकुन्द न्यौपानेको काव्यकारितामा मात्र सीमित रहेको छ ।

ख. यसमा उनका कविताहरू र खण्डकाव्यहरूको मात्र अध्ययन गरिएको छ ।

ग. यो शोध कार्य कविता तत्त्व र वैचारिक पक्षमा मात्र केन्द्रित रहेको छ ।

## १.६ पूर्वकार्यको समीक्षा (पूर्व अध्ययन)

बहु आयमिक व्यक्तित्व साहित्यकार मुकुन्द न्यौपानेले कविता, पूर्णाङ्की नाटक, गीति नाटक, खण्डकाव्य, कथा, गीत जस्ता विविध विधामा सशक्त रूपमा कलम चलाएर नेपाली साहित्यमा अमूल्य योगदान पुऱ्याएका छन् । 'मुकुन्द न्यौपानेको जीवनी, व्यक्तित्व र कृतित्व' शीर्षकमा न्यौपानेको समष्टिमा चाहिँ अध्ययन भएको छ तर यस्ता प्रतिभावान व्यक्तिको काव्यकारिताको बारेमा हालसम्म प्राप्त जानकारी अनुसार सामान्य चर्चा गर्दै, यदाकदा सामान्य अध्ययन, समीक्षा, टिप्पणी, भूमिका, मन्तव्य प्रकाशन भएको पाइए तापनि उनका काव्यहरू एवम् काव्यकारिता  अनुसारको उपयुक्त किसिमले विस्तृत एवम् सुव्यवस्थित अध्ययन, विश्लेषण, मूल्याङ्कन र लेखाजोखा गर्ने काम भने भएको पाइएन । यस शोध पत्रको प्रयोजनका लागि भएको अध्ययनबाट केही नेपाली साहित्यक कृतिका पाना र पत्रपत्रिकमा यिनका काव्यहरू एवम् काव्यकारिताका सम्बन्धमा गरिएका पूर्वाध्ययन यस प्रकार छन् :

प्रकाश शर्माले 'उथलपुथलभित्रका अनुभूतिहरू' कविता सङ्ग्रह (२०४०)को 'मन्तव्य' जनताको स्वतन्त्रता र मुक्तिको महान अभियान अघि बढिरहेको जनसङ्घर्ष-मोर्चाको तातो भुइँबाट सृष्टि भएका तिनै कवितात्मक अभिव्यक्तिहरूको एउटा सँगालोका रूपमा चिनाएका छन् । यसका साथै यसै लेखमा उनलाई जनवादी काव्यकारका रूपमा इङ्गित गरेका छन् । यो काव्य मुलुकका विभिन्न भागमा रहेर राष्ट्र र राष्ट्रियताको स्वार्थका लागि सङ्घर्षरत योद्धाहरूलाई पनि प्रेरित गर्न सक्ने किसिमको भएको

उल्लेख छ । यसरी उनको यस किसिमको काव्यकारिताले राष्ट्रोन्नतिका लागि उल्लेखनीय योगदान दिन सक्छ भन्ने कुरा प्रष्टसँग उल्लेख भएको छ ।

२०४४ को भदौ, असोज, कात्तिकको 'बगर' पत्रिकाको वर्ष ६, पूर्णाङ्क १३ मा मोदनाथ प्रश्रितले 'माटो र पसिनाबाट जन्मेका कविताहरू' शीर्षकको समालोचकीय लेखमा न्यौपानेलाई सजीव र प्रत्यक्ष अनुभूतियुक्त काव्य सिर्जना गर्ने काव्यकारका रूपमा प्रस्तुत गरेका छन् ।

रमेश विकलले 'छोरीलाई चिट्ठी' कविता सङ्ग्रह (२०४५)मा 'छोरीलाई चिट्ठी हेरेर' शीर्षकको लेखमा मुकुन्द न्यौपानेको यस कविता सङ्ग्रहमा सङ्गृहीत कतिपय कविताहरूमा बोल्ने भाव गाम्भीर्य, वैचारिक यथार्थता र अभिव्यक्तिको कलात्मकताले भरिपूर्ण भई पाठकको अन्तरात्मालाई छुने किसिमका भएका उल्लेख गरेका छन् । यस सङ्ग्रहका कविताहरू गद्यात्मक भए तापनि गेयात्मक एवम् सम्प्रेषणयुक्त छन् । प्रगतिशील भावहरूले भिजेका यी कविताहरू न्याय, शान्ति र स्वतन्त्रताको पाठ सिकाई राष्ट्र निर्माणमा निःस्वार्थ भावले लाग्न प्रेरणा दिने किसिमका छन् ।

'पीडित आत्माका धुनहरू' गीतिकविता सङ्ग्रह (२०४५)को प्रकाशकीयमा यिनका अनुभूतिहरू र कल्पनाहरू देश जनताका जीवन र जल्दाबल्दा समस्याहरूको जगबाट उठी सर्वसाधरण जनताका मुटु र कण्ठलाई आह्लादित पार्ने लोकभाका र भावनामा उमङ्गित भई फक्रेर लहराउँछन् भनी मुकुन्द न्यौपानेको काव्यकारिताको बारेमा उल्लेख गरिएको छ । यसै लेखमा यो कृतिको यसरी मूल्याङ्कन गरिएको छ : "प्रस्तुत 'पीडित आत्माका धुनहरू' शीर्षक गीत सङ्ग्रहमा पनि वहाँको गीतकार राष्ट्रिय र अन्तर्राष्ट्रिय विषय, घटना र प्रवृत्तिहरूलाई जनताको ध्येय र भावनासित गाँसेर संगीत गुञ्जाउन जुर्मुराएको छ । वहाँले 'अक्टुवर क्रान्ति',......,'भानुभक्तको गाउँ' आदि जस्ता विषयलाई आफ्नै अनुभूतिको चास्नीमा डुबाएर सुमधुर रूपमा प्रस्तुत गर्नुभएको छ ।.......यसले जनचेतना उठाउन सघाएर नयाँ सँस्कृतिको निर्माणमा थप योगदान गर्ने भन्नेमा विश्वास व्यक्त गर्दछु ।"

'नेपाली लेखक कोश' (२०५६)मा घटराज भट्टराईले मुकुन्द न्यौपानेद्वारा लिखित 'लोकविनोद' (खण्डकाव्य), 'उथलपुथलभित्रका अनुभूतिहरू' (कविता सङ्ग्रह) र 'छोरीलाई चिट्ठी'( कविता सङ्ग्रह) जस्ता काव्य कृतिहरूको नाम उल्लेख गर्दै उनलाई प्रगतिशील काव्यधाराबाट प्रभावित काव्यकारका रूपमा चिनाएका छन् ।

'नयाँ युगका नयाँ कविता' कविता सङ्ग्रह (२०५८) मा कवि स्वयं मुकुन्द न्यौपानेले 'आफ्नै कुरा' शीर्षकको लेखमा बाल्यकालदेखि नै आफ्नो रूचिको विषय कविता, गीतहरू भएको र आफूलाई राजनीतिसँग परिचित गराउने पनि कविता नै भएको कुरा उल्लेख गरेका छन् । बाल्यावस्थामा व्यक्तिको गुनगान, देशको सम्मान र राजा महाराजको प्रशंसामा लेखिएका कविता प्रशंसित एवम् पुरस्कृत भएका कुरा पनि यसै लेखमा उल्लेख छ । पछि राजनीतिमा लागी अध्ययनको क्षेत्र पनि फराकिलो बनाई देश र दुनियाँका सहित्यकारहरूका रचनाहरूको अध्ययनद्वारा उनको काव्यकारितामा नयाँपन आएको कुरा समेत उल्लेख छ । यस लेखद्वारा यस सङ्ग्रहमा आफ्ना हृदयमा उत्रेका समय र

परिस्थितिका प्राकृतिक तरङ्गहरू कविताको रूपमा पाठक सामू ल्याएका छन् भन्ने कुरा प्रष्ट पारिएको छ ।

'घाइते देश' कविता सङ्ग्रह (२०५९) को आफ्ना कुरा शीर्षकको लेखमा कवि स्वयं मुकुन्द न्यौपानेले यस सङग्रहमा सङ्गृहीत कविताहरू उनका आफ्ना कविता नभएर तत्कालीन समयमा देशमा पूर्व मेचीदेखि पश्चिम महाकालीसम्मै उत्पन्न द्वन्द्वको चरमोत्कर्षले अति नै पीडित, त्रसित एवम् विचलित जनताहरूले उनसँग पोखेका पीडा, चोइटिएका पुल, बाटो र जलेका क्रन्दनहरू भएको कुरा उल्लेख गरेका छन् । उनले यसै लेखद्वारा नेपालका राजनीतिज्ञहरूलाई समयमै यो मर्म बुझिदिन आग्रह गरेका छन् । नत्र भने टाउकामा हात राखेर पश्चात्ताप गर्नु बाहेक केही बाँकी नरहने कुराप्रति समेत सचेत गराएका छन् ।

'घाइते देश' कविता सङ्ग्रह (२०५९) को 'प्रकाशकीय' मा मुकुन्द न्यौपानेलाई आजको विषम परिस्थितिमा उभिएर आगतको धमिलो बाटो पहिल्याई सही निर्णय गर्न सक्षम जीवनका गायक, मानिसका दुःखसुखमा समर्पित हुँदै गाउँबेसी घुमी हिड्ने, स्वसङ्घर्षमय अतीतबाट निर्मित वर्तमान भोगेर भविष्य नियालिरहेका लोकस्रष्टाका रूपमा चिनाइएको छ भने यस कृतिलाई पानीझैं तरल र जीवनशक्ति बोकेको कुरीति र कुरूपताको आलोचना एवम् आँसु र अतृप्तिको अभिव्यक्तियुक्त वर्तमान दस्तावेज हो भनिएको छ ।

घटराज भट्टराईले 'घाइते देश' कविता सङ्ग्रह (२०५९)मा " 'घाइते देश' का व्यथा बुझ्न खोज्दा" शीर्षकको भूमिका लेखमा देशभक्ति, देशको परिस्थिति, नारी समस्या, सामाजिक भेदभाव, इत्यादि जस्ता विषयवस्तुलाई आधार बनाई लोक लय, गद्य र पद्य तीनै शैलीमा तिख्खर र हृदयस्पर्शी कृति लेखनमा सक्षम व्यक्ति मुकुन्द न्यौपानेको कृतित्वको लेखाजोखा गर्न सानो लेख वा भूमिका मात्र अपर्याप्त भएकाले उपयुक्त किसिमको शोधपत्रकै रूपमा ग्रन्थ तयार पार्नु पर्ने आवश्यकता देखाएका छन् ।

मोदनाथ प्रश्रितले 'लिला स्मृति काव्य' खण्डकाव्य (२०६१) मा "वास्तविक श्राद्ध-'लीला स्मृति' काव्य" शीर्षकको भूमिका लेखमा मुकुन्द न्यौपानेलाई दर्शन, साहित्य र राजनीतिमा समानान्तर रूपमा लेखनी कुँदाउने द्रष्टा, स्रष्टा र नेता उनको जीवन र जगत्लाई हेर्ने र विवेचना गर्ने दर्शन स्वभावतः द्वन्द्वात्मक र ऐतिहासिक भौतिकवाद हो भन्ने कुरा प्रष्टै छ भनी उल्लेख गरेका छन् । पिताको देहवसानपछि पिण्डपानी आदिको पुरानो रूढि त्यागेर त्यसलाई पूर्वजको सम्मान र श्रद्धाञ्जलिको रूपमा सम्पन्न गर्ने निर्णय स्वरूप न्यौपानेद्वारा लिखित यो शोककाव्यको यस भूमिका लेखमा यो काव्यको यसरी मूल्याङ्कन गरिएको छ : "मुकुन्द न्यौपाने ज्यूको यस काव्यले सार्वजनिक रूपले पिताको वास्तविक सम्मान-श्रद्धा गरेको छ । यस कृतिले जनताप्रति समर्पित एउटा क्रान्तिकारी परिवारको आस्था र जीवन पद्धतिलाई उद्भाषित गर्नुका साथै जीवन, मृत्यु र अन्त्यष्टि कर्मजस्ता परम्परागत धार्मिक रूढिले ज्यादै जेलिएका लम्बेचौडे कुराहरूमा सामाजिक परिवर्तन र सुधार गर्नु पर्ने विषयमा केही नयाँ सन्देश अघि सारेको छ" (४) ।

'लिला स्मृति काव्य' खण्डकाव्य (२०६१) को 'मन्तव्य' शीर्षकको लेखमा कोषराज न्यौपानेले यस खण्डकाव्यलाई पिताको देहवसान पश्चात पितृशोकको पीडामा भाव विह्वल भई कवि मुकुन्द न्यौपानेको हृदय पग्लिएर निस्किएको सानो शोककाव्यका रूपमा उललेख गरेका छन् । कविको राजनीतिक दौडधूप र अति व्यस्तताका बीचबाट प्रवाहित यो एक शोककाव्यधारा सानै भए तापनि जुन रूपमा बग्यो यसलाई त्यसै अनुरूप वरण गर्नु उपयुक्त भएको कुरा समेत लेखिएको छ ।

'लिला स्मृति काव्य' खण्डकाव्य (२०६१) को 'लेखकको तर्फबाट' शीर्षकमा कवि स्वयंले जानकारी गराए अनुसार यो खण्डकाव्य उनले आफ्नै पिता स्व. लीलानाथ न्यौपानेको स्मृतिमा लेखेका हुन् । यस काव्यमा उनले पिताको वि.सं. २०६० चैत्र २० मा देहवसान भएको सन्दर्भमा उनैको बाल्यकालदेखि मृत्युपर्यन्तकै सम्पूर्ण किसिमका आरोह अवरोहहरूको स्मृति गर्दै पिताप्रति श्रद्धा सुमन समर्पण गरेका छन् । उनको लेखन क्षेत्र मूलतः गद्य भए तापनि यो काव्य पद्यमा लेखेका छन् र यो नै उनको पहिलो पद्यात्मक कृति हो । उनले यसै लेखमार्फत यो काव्य बदलिरहेको समाजको एउटा आवाज भएको र थोत्रो संस्कारका लागि चुनौती समेत भएको कुरा उल्लेख गर्दै देशका सच्चा पण्डित जो ज्ञानका पारखी छन् उनीहरूलाई बदलिंदो दुनियाँको मर्मलाई बुझी मानव जीवनलाई सरल रेखातिर अघि बढाउन सहयोग गर्नका लागि अनुरोध गरेका छन् ।

तुलसी गौतमले 'मुकुन्द न्यौपानेको जीवनी, व्यक्तित्व र कृतित्व' शोधपत्र (२०६२) मा 'न्यौपानेको कवि व्यक्तित्व' उपशीर्षक (१८, ४) मा समाज र समाजमा विद्यमान अन्याय, अत्याचार, कुरीति, शोषण, दमन र तिनको समाधानको बाटो जस्ता कुरालाई आफ्ना कविताहरूका विषयवस्तु बनाई कविता लेख्ने मुकुन्द न्यौपानेका कविता सरल, सहज र बोधगम्य रहेको कुरा उल्लेख गरेकी छन् । यसै उपशीर्षकको चौथो अनुच्छेदमा कवितामा प्रगतिवादी स्वर, भौतिकवादप्रतिको आस्था, विश्व ब्रह्माण्ड सम्बन्धी मार्क्सवादी वैज्ञानिक दृष्टिकोण र शासकप्रति तीव्र व्यङ्ग्य जस्ता अभिव्यक्तिपूर्ण कविता लेख्ने न्यौपानेलाई समकालीन पुस्ताका लोकतान्त्रिक कविका रूपमा चिनाउँदै उनको काव्यकारिताको उल्लेख गरिएको छ ।

प्रो.डा. रमेशचन्द्र अधिकारीले 'लोकविनोद' खण्डकाव्य (दोस्रो प्रकाशन, २०६५) मा 'साहित्यकार श्री मुकुन्द न्यौपानेका बारेमा' शीर्षकको भूमिका लेखमा उनको साहित्यिक व्यक्तित्व एवम् काव्यकारिताको बारेमा यसरी सामान्य चर्चा गरेका छन् : "जहाँसम्म उहाँको साहित्यिक व्यक्तित्वको कुरा छ - उहाँ बहुआयामिक हुनुहुन्छ । कविता र गीतिनाटक क्षेत्रमा श्री न्यौपाने ज्यू स्थापित राष्ट्रिय प्रतिभा बनिसक्नुभएको छ । उहाँका कवितामा संवेदना पाइन्छ, घनीभूत भाव ओतप्रोत भएको पाइन्छ" (८-९) ।

'लोक विनोद' खण्डकाव्य (२०६५) मा कवि स्वयं मुकुन्द न्यौपानेले 'पुस्तकबारे दुई शब्द' शीर्षकमा उल्लेख गरे अनुसार यो खण्डकाव्य उनले वि.सं. २०३८ सालमा नारायणी र जनकपुर अञ्चलमा भूमिगत रूपमा काम गर्दा आँखाले देखेका र भोगेका जनताका पीडा र मर्मलाई लयबद्ध गर्ने प्रयत्न गरेका हुन् । एकातिर राष्ट्रिय राजनीतिमा राजतन्त्रले जनतालाई बौद्धिक अपाङ्ग बनाइरहेको

भने अर्कातिर अर्न्तार्ष्ट्रिय क्षेत्र दुई अति महाशक्तिको होडबाजीको चपेटामा परिरहेको बेला विश्वले भोग्नुपरेका पीडाहरू जनतालाई संक्षिप्त रूपमा बुझाउन उनले बसका झ्यालमा बसी यात्रा गर्दा डायरीमा केरकार गरेका कुराहरूलाई पछि यो सानो तर मार्मिक काव्यका रूपमा प्रकाशन गरेका हुन् भन्ने कुरा पनि यसै लेखद्वारा प्रष्ट उल्लेख गरेका छन् ।

खुमलाल पौडेलले गण्डकी 'सङ्गम' पत्रिकाको वर्ष १७, पूर्णाङ्क ९, जेठ २०६८ को "वैचारिक कसीमा उदय शर्माको 'सिन्धुलीको व्यथा' गीति नाटक" शीर्षकको समालोचकीय लेखमा उनको कृतित्वको यसरी मूल्याङ्कन गरिएको छ : "प्रगतिवादी साहित्यको भविष्य आम श्रमजीवी जनताको भविष्यसँग गाँसिएको छ भन्ने विचार राख्ने शर्माका गीति नाटकहरूले शोषित जनताको जीवनलाई यथार्थ रूपमा उतारेका छन् । देशमा भएको शोषणको मार सहन नसकेर विदेसिनु पर्ने युवकको व्यथा उतार्दै उनीहरूलाई देशमै बसेर अन्यायको विरुद्ध लड्न सिकाएका छन्" (४७) । यस्तै भावहरू न्यौपानेका कतिपय कविताहरूमा समेत पाउन सकिन्छ ।

यसरी हालसम्म प्राप्त  सामग्री र जानकारी अनुसार गरिएको उनको काव्यकारिताको अध्ययन सम्बन्धी पूर्वकार्यहरूलाई एकत्रित गरेर समीक्षा गर्दा मुकुन्द न्यौपानेले नेपाली साहित्यको विकास र संवर्द्धनमा गरेका अमूल्य योगदान अनुसार जति मात्रामा उनको काव्यकृति र काव्यकारिताको शोधखोज, मूल्याङ्कन हुनुपर्ने हो त्यति मात्रमा उपयुक्त अध्ययन हुन नसकेको देखिन्छ त्यसैले यस शोधमा न्यौपानेको काव्यकृति र काव्यकारितालाई सम्पूर्णतामा अध्ययन गरी शोध पत्र तयार पार्ने प्रयत्न गरिएको छ ।

## १.७ शोध विधि

यस शोधकार्यका लागि अपनाइएको शोधविधि अन्तर्गत निम्नलिखित उपशीर्षकहरू रहेका छन् :

७.१ सामग्री सङ्कलन विधि

७.२ सामग्री विश्लेषणको सैद्धान्तिक आधार र ढाँचा

### १.७.१ सामग्री सङ्कलन विधि

प्रस्तुत शोधकार्यका लागि पुस्तकालयीय अध्ययन कार्य नै बढी प्रभावकारी हुने भएकाले सोही अध्ययन विधिलाई अपनाइएको छ । त्यसै गरी मुकुन्द न्यौपाने एवम् उनका परिवार, उनका सम्पादित साथै प्रकाशित कृतिका बारेमा लिखित भूमिका, प्रकाशकीय, मन्तव्य, सामान्य समीक्षा एवम् विभिन्न पत्रपत्रिकामा प्रकाशित समालोचकीय लेख इत्यादि जस्ता सामग्रीहरूलाई प्रयोग गरिएको छ । यसरी यो शोध कार्यका लागि प्राथमिक र द्वितीयक दुवै सामग्रीहरूको प्रयोग गरिएको छ ।

### १.७.२ सामग्री सङ्कलनको सैद्धान्तिक आधार र ढाँचा

प्रस्तुत शोध कार्यमा उनका काव्यकारिताको विश्लेषणको मूल आधारमा विश्लेषणात्मक र वर्णनात्मक विधिको प्रयोग गरिएको छ । यस क्रममा विधागत सिद्धान्तका आधारमा आधारभूत तत्त्व

सहित उनका काव्यकृतिहरूको विवेचना गरिएको छ भने सैद्धान्तिक वैचारिक पक्षलाई उनी विशेष गरी प्रगतिवादी कवि भएकाले सोही अनुसार विश्लेषण गरिएको छ । शोधपत्रलाई वस्तुनिष्ठ, तथ्यपरक र सुव्यवस्थित बनाउन सङ्कलित सामग्रीलाई सूचीकरण गरी विश्लेषण एवम् वर्णन गरिएको छ ।

## १.८. शोधपत्रको रूपरेखा

पहिलो परिच्छेद : शोध परिचय

दोस्रो परिच्छेद : मुकुन्द न्यौपानेको काव्य यात्रा र चरण विभाजन

तेस्रो परिच्छेद : कविता तत्त्वका आधारमा मुकुन्द न्यौपानेका काव्य कृतिहरूको विश्लेषण

चौथो परिच्छेद : मुकुन्द न्यौपानेका काव्य कृतिहरूको वैचारिक पक्षको विश्लेषण

पाँचौं परिच्छेद : सारांश र निष्कर्ष

# दोस्रो परिच्छेद

# मुकुन्द न्यौपानेको काव्य यात्रा र चरण विभाजन

## २.१ मुकुन्द न्यौपानेको संक्षिप्त जीवनी

मुकुन्द न्यौपाने वि.सं. २००७ जेठ २२ गते पूर्वाञ्चलमा पर्ने कोसी अञ्चल अन्तर्गत भोजपुर गोगने (रचने)को सामान्य किसान परिवारमा लीलानाथ न्यौपाने र विष्णुमाया न्यौपानेका साहिंला पुत्रका रूपमा जन्मिएका हुन् । आफ्नै जेठा दाजु सूर्यनाथ न्यौपानेबाट अक्षरराम्भ गरेका न्यौपानेले संस्कृतमा प्रथमासम्मको शिक्षा हासिल गरेका छन् । आर्थिक विपन्नताका कारण औपचारिक शिक्षा यतिमै सीमित हुन पुगे पनि स्वाध्ययनबाट ज्ञानको भण्डार उच्च बनाएका न्यौपाने परम्परावादी एवम् रूढिवादी संस्कारयुक्त ब्राह्मण परिवारमा हुर्किएका हुन् (शोध नायक मुकुन्द न्यौपानेबाट प्राप्त जानकारी अनुसार) । तेत्तीस (३३) वर्षको उमेरमा हेटौडा निबासी पवित्रा भट्टराईसँग वैवाहिक सम्बन्ध गाँसेका उनीहरूका एक छोरी एकता र एक छोरा असीम गरी दुई सन्तान छन् । हाल कलङ्कीमा आफ्नै कमाइबाट बनाएको घरमा न्यौपानेको दाम्पत्य जीवन सुखद रहेको छ (मुकुन्द न्यौपानेकी धर्मपत्नी पवित्रा न्यौपानेद्वारा प्राप्त जानकारी) । बाल्यावस्थादेखि नै कविता लेखी नेपाली साहित्य फाँटमा अग्रसर हुँदै बहु आयामिक साहित्यकारका रूपमा स्थापित न्यौपानेले साहित्य लेखनको प्रेरणा देशको तत्कालीन परिस्थिति एवम् आफ्नो बाल्यावस्थामा विभिन्न साहित्यिक गोष्ठीमा रहेको सहभागिता र प्राप्त पुरस्कारलाई मान्दछन् (शोध नायक मुकुन्द न्यौपानेबाट प्राप्त जानकारी अनुसार) । कवि मुकुन्दले भोजपुरको प्राकृतिक वातावरणबाट नै काव्य क्षेत्रमा लाग्ने प्रेरणा पाएका हुन् । विद्यार्थी जीवनमा अग्रजहरूका कविता पढेर पनि, समाजका सङ्गत विसङ्गत परिस्थिति देखेर पनि उनीभित्रका सुकोमल भावहरू व्यक्त हुन थालेका होलान् (भट्टराई, २०५९ : क) । न्यौपाने साहित्य, राजनीति र किसान आन्दोलनका त्रिवेणीका रूपमा सक्रिय साहित्यकार हुन् (पवित्रा न्यौपानेद्वारा प्राप्त जानकारी ) । वि.सं. २०२५ सालमा 'म भियतनाम जान्छु' शीर्षक कविताबाट औपचारिक रूपमा साहित्यमा प्रवेश गरेका न्यौपाने समकालीन राष्ट्रिय र अन्तर्राष्ट्रिय चेतनाका प्रबुद्ध कवि हुन् (गौतम, २०६२ : १८) । उनले वि.सं. २०२६ सालदेखि वामपन्थी राजनीतिमा प्रवेश गरे र २०२८ सालदेखि २०४७ सालसम्म भूमिगत जीवन बिताए (मुकुन्द न्यौपानेबाट प्राप्त जानकारी) । उनी एक कुशल एवम् सशक्त साहित्यकार हुन् ।

न्यौपानेका हालसम्म प्रकाशित कृतिहरू यसप्रकार छन् :

क. 'आमा' (गीति नाटक - २०३९),

ख. 'लोक विनोद' (खण्डकाव्य - २०४० र २०६५),

ग. 'उथल पुथल भित्रका अनुभूतिहरू' (कविता सङ्ग्रह - २०४०),

घ. 'उद्घोष' (पूर्णाङ्की नाटक - २०४१),

ङ. 'सिन्धुलीको व्यथा' (गीति नााटक - २०४३),

च. 'पीडित आत्माका धुनहरू' (गीति सङ्ग्रह - २०४४),

छ. 'छोरीलाई चिट्ठी' (कविता सङ्ग्रह - २०४५),

ज. 'फूलबारीको कथा हवाईको व्यथा' (गीति नाटक - २०४५ र २०४९),

झ. 'नयाँ युगका नयाँ कविता' (कविता सङ्ग्रह - २०५८),

ञ. 'घाइते देश' (कविता सङ्ग्रह - २०५९),

ट. 'देशभक्त सिपाही' (गीति नाटक - २०६०),

ठ. 'लिला स्मृति काव्य' (खण्डकाव्य - २०६१),

ड. 'नाटकभित्रको सम्वाद' (राजनीतिक परिसम्वाद- २०६२ ),

ढ. 'जननेतासँगको सहयात्रा' (यात्रा संस्मरण- २०६४)

ण. 'दर्शन प्रश्नावली' (प्रश्नोत्तर सँगालो-२०७०) ।

(ऐजन)

उनका हालसम्म प्रकाशित राजनीतिक सैद्धान्तिक कृतिहरू यसप्रकार छन् :

क. 'ट्रेड युनियनः आन्दोलन एक अध्ययन' (२०४९),

ख. 'श्रमजीवी वर्ग र समृद्ध जीवनको लागि समाजवाद' (२०५४),

ग. 'असरवादको सल्यक्रिया' (२०५६) ।

घ. 'नीति, नेतृत्व र नैतिकता' (विचार सङ्ग्रह- २०७१)

(ऐजन)

माथि उल्लिखित साथै न्यौपानेका प्रकाश साप्ताहिक, छलफल साप्ताहिक, श्रमिक, मजदुर सन्देश, हिमाली आवाज, श्रम संसारका बाह्र वर्ष, श्रमिक खबर, घोषणा इत्यादि पत्रिकाहरूमा राजनीतिक तथा दर्शन सम्बन्धी विश्लेषणात्मक लेखहरू मणी शर्मा र उदय शर्माका नामबाट समेत प्रकाशित छन् । श्रमिक खबर पत्रिकामा 'संख्या ९१, मंसिर २०६६' देखिको अङ्कमा 'आन्दोलनका प्रारम्भिक दिनहरू' शीर्षकमा श्रृङ्खलित रूपमा उनको संस्मरणात्मक लेख प्रकाशित हुँदै आइरहेको छ भने 'नेपाली राजनीतिमा निम्न पूँजीवादी आडम्बर' कृति चाहिं प्रकाशनको तयारीमा रहेको छ । (ऐजन)

उनका 'लदरी खोलाको माछा माग्ने मान्छे' र 'बेचिएका नेपाली' गरी दुई वटा फुटकर कथाहरू समेत प्रकाशन भएका छन् । (ऐजन)

त्यस्तै कवि न्यौपानेका विभिन्न कापी एवम् डायरीका पानाहरूमा छरिएर रहेका थप अरू (अन्य) पनि करिब चालीस (४०) ओटा फुटकर कविताहरू साथै 'अन्तर्वार्ताको सङ्ग्रह' र 'आन्दोलनका प्रारम्भिक दिनहरू' कृतिहरू अप्रकाशित तर प्रकाशोन्मुख अवस्थामा रहेका छन् । (ऐजन)

समाजसेवी एवम् उपकारी भावनाका धनी न्यौपानेले पहाडी भेगमा भोग्नु पर्ने जनजीवन र गरिबीको पीडालाई बाल्यावस्थादेखि नै नियालेका र राम्ररी बुझेका थिए (ऐजन) । त्यसैले उनका कृतिहरूमा समाजमा विद्यमान गरिबी, उत्पीडन एवम् मुक्तिका स्वरहरू अभिव्यक्त भएका छन् ।

श्रममा विश्वास राख्ने न्यौपानेले विभिन्न सङ्घ संस्थासँग आबद्ध भई समाजसेवीका रूपमा समेत अमूल्य योगदान पुऱ्याउँदै आएका छन् (पवित्राबाट प्राप्त जानकारी) । करिब ४५ वर्षको निरन्तर राजनीतिक यात्राको क्रममा वि.सं. २०४८ र २०५१ सालको आमनिर्वाचनमा दुई पटकसम्म जन निर्वाचित सांसद र वि.सं. २०५४ सालमा श्रममन्त्री समेत बनेका उनले स्वदेशका पैंतालीसभन्दा (४५) बढी जिल्ला र विदेशमा पनि आधा दर्जनभन्दा बढी मुलुकको भ्रमण गरेका छन् । (कवि मुकुन्द न्यौपानेबाट प्राप्त जानकारी)

सम्पूर्ण मजदुरहरूको अधिकारका लागि न्यौपानेले आफ्नै सक्रियतामा ट्रेड युनियन महासङ्घको स्थापना गरी वि.सं. २०४८ को आदिदेखि देखि २०६५ को अन्त्यसम्म करिब अठार (१८) वर्ष उनी आफैं अध्यक्ष समेत भई मन वचन कर्मले लागे । त्यसपछि त्यसको अध्यक्षको भूमिका निर्वाह विष्णु रिमाललाई सुम्पिए र आफूले चाहिँ हालसम्म उद्योग व्यवसाय तथा श्रम सम्बन्ध विभागको प्रमुख (ईन्चार्ज) भई राजनीतिक पाटो हेर्ने गर्दछन् (ऐजन) । सम भावना राख्ने न्यौपाने एक कुशल प्रशासक एवम् व्यवस्थापकका रूपमा समेत चिनिन्छन् (विनोद श्रेष्ठबाट प्राप्त जानकारी) ।

यस्ता बहु आयामिक एवम् बहु प्रतिभाशाली व्यक्तित्व मुकुन्द न्यौपाने अहिलेसम्म पनि उत्साहका साथ नेपाली साहित्य, राजनीति, दर्शन, समाज सेवा इत्यादि जस्ता क्षेत्रमा सशक्त रूपले समर्पित हुनमै व्यस्त छन् । यस्ता व्यक्तित्व उनी कहिल्यै पनि कुनै पनि किसिमको मान, सम्मान, पद, पुरस्कारका लागि मरिमेट्ने खालका छैनन् जुन कार्य सबैका लागि कुशल मार्ग निर्देशनका रूपमा स्थापित भएको देखिन्छ ।

## २.२ मुकुन्द न्यौपानेको काव्य यात्रा

मुकुन्द न्यौपाने हाल चौसट्ठी वर्ष उमेर पुगि सकेका छन् । बाल्यावस्थामै बजार घुम्न जाँदा धनी र गरिब, सामान किन्न सकेका र नसकेका मानिसहरूप्रति उनको निकै ध्यान गएको थियो । त्यस्तै चौतारीमा ढाकर बिसाएर बसेको पथिकबाट पनि उनी निकै प्रेरित भएर 'ए पथिक' शीर्षकको कविता रचना गरेका थिए । यो नै उनले रचना गरेको पहिलो कविता हो (मुकुन्द न्यौपानेबाट प्राप्त जानकारी) । न्यौपाने साहित्य लेखनमा अझसम्म पनि निरन्तर लागी परि रहेकै छन् । उनको

साहित्यिक यात्रा औपचारिक रूपमा प्रकाशित उनका साहित्य लेखनका सबै विधालाई एकसाथ समेटेर कृति प्रकाशनका आधारमा हेर्दा वि.सं. २०३८ सालदेखि हालसम्म तेत्तीस वर्ष हुन आउँछ । अझ उनको 'म भियतनाम जाँदै छु' फुटकर कविता वि.सं. २०२५ सालमै दमकबाट हिमाल पत्रिकामा प्रकाशन भएको हो (ऐजन) । विचार, भाव वा अनुभूतिजन्य वस्तुलाई लयात्मक भाषाका माध्यमबाट प्रस्तुत गरिएमा त्यस्तो रचना कविता बन्दछ (सुवेदी, २०६४ : २९) । कविताको सबभन्दा सानो रूपलाई रूपलाई फुटकर कविता भनिन्छ । फुटकर कवितालाई श्लोक वा अनुच्छेदमा बाँधिन्छ ( लुइँटेल, २०५४ : ११) । यसरी न्यौपानेको प्रकाशित फुटकर कविताका आधारमा हेर्दा भने उनको साहित्यिक यात्रा अहिले पैंतालीस वर्ष (करिब आधा शताब्दी) पुगिसकेको छ । औपचारिक रूपमा प्रकाशित उनको पहिलो कविता सङग्रह चाहिँ 'उथलपुथलभित्रका अनुभूतिहरू' (२०४०) हो । यस मितिलाई हेर्दा उनको साहित्यिक यात्रा तेत्तीस वर्ष हुन आउँछ । वि.सं २०१९ मै 'ए पथिक' शीर्षकको कविता लेखी ओखरबोट प्राथमिक विद्यालयको जन्मोत्सवमा सुनाएर उनी दोस्रो भएका थिए भने वि.सं. २०१९ कै अन्यतिर विघ्नेश्वर संस्कृत विद्यालयको जन्मोत्सवमा 'ए दुष्ट मान्छे' शीर्षकको कविता लेखी सुनाएर प्रथम भएका थिए (मुकुन्द न्यौपानेबाट प्राप्त जानकारी) । यसरी पुरस्कृत भएपछि उनलाई कविता लेख्न झन् हौसला बढ्यो । उनी भोजपुरकै ट्याम्के, सेल्मे जस्ता लेकहरू, हिले खोलो इत्यादि जस्ता मनोरम प्राकृतिक दृश्यको काखमा निकै रमाउँदै कविता लेखनमा झन् झन् प्रेरित भए । (ऐजन)

यसरी विद्यालयहरूमा आयोजित कार्यक्रमहरूमा सार्वजनिक रूपमा सहभागी भएर आफैंले रचना गरेका कविताहरू वाचन गरी पुरस्कृत समेत भएको अवस्थालाई समेत हेर्दा त झन् उनको कविता लेखनको यात्रालाई चरण विभाजन गर्दा वि.सं. २०१९ देखिलाई आधार मान्नु पर्ने देखिन्छ जसबाट उनको काव्य यात्रा बाउन्न वर्ष (आधा शताब्दीभन्दा बढी) देखिन आउँछ । न्यौपानेका कविता सङग्रहहरूमा सङ्गृहीत कतिपय कविताहरूको अन्त्यमा उनले रचना मिति समेत उल्लेख गरेका छन् । वि.सं. २०५८ मा प्रकाशित कविता सङ्ग्रहमा वि.सं. २०३३ सालमा लिखित कविता समेत समावेस भएकाले न्यौपानेको काव्य यात्रालाई प्रकाशनका मितिका आधारमा मात्र चरण विभाजन गर्न अति कठिन देखिएको छ । तुलसी गौतमद्वारा चाहिँ 'मुकुन्द न्यौपानेको जीवनी व्यक्तित्व र कृतित्वको अध्ययन' शीर्षकको शोधपत्रमा न्यौपानेको समग्र साहित्य यात्रालाई चरण विभाजन गर्दा उनको कृति प्रकाशनको मितिलाई आधार मानी यसप्रकार चरण विभाजन गरिएको छ :

१. प्रथम चरण (वि.सं. २०३८ देखि २०४५) सम्म र
२. दोस्रो चरण (वि.सं. २०५८ देखि वर्तमान २०६१)

उनको काव्य यात्रालाई यहाँ चाहिँ बाल्यावस्थामै औपचारिक रूपमा पुरस्कृत भएको फुटकर कवितालाई समेत आधार मानी शैलीगत, विषयगत, राजनीतिक, वैचारिक जस्ता पक्षका आधारमा चरण विभाजन गरिएको छ ।

मुकुन्द न्यौपानेको हालसम्मको काव्य यात्रालाई देहाय बमोजिम चरण विभाजन गर्न सकिन्छ :

| | | |
|---|---|---|
| १. पहिलो चरण | : | (अभ्यास काल/वि.सं. २०१९-२०२५) |
| २. दोस्रो चरण | : | (वि.सं. २०२६ - २०४६) |
| ३. तेस्रो चरण | : | (वि.सं. २०४७ - २०५६) |
| ४. चौथो चरण | : | (वि.सं. २०५७ - हालसम्म) |

### २.२.१ पहिलो चरण : (अभ्यास काल/वि.सं. २०१९-२०२५)

मुकुन्द न्यौपानेको काव्य यात्रा बाल्यकालदेखि नै आरम्भ भएको देखिन्छ । यस चरणमा उनको प्रकाशित फुटकर कविता 'म भियतनाम जाँदै छु' (वि.सं. २०२५) मात्र देखिएको छ तापनि बाह्र वर्षकै उमेरमा वि.सं. २०१९ मा ओखरबोट प्राथमिक विद्यालयको जन्मोसवका अवसरमा आयोजित औपचारिक कार्यक्रममा 'ए पथिक' शीर्षकको कविता रचना गरी सार्वजनिक रूपमा सुनाएर उनी द्वितीय भएका थिए (मुकुन्द न्यौपानेबाट प्राप्त जानकारी) । वि.सं. २०१९ कै अन्त्यतिर विद्येश्वर संस्कृत विद्यालयको जन्मोत्सवमा 'ए दुष्ट मान्छे' शीर्षकको कविता सुनाएर उनी प्रथम भई औपचारिक एवम् सार्वजनिक रूपमै पुरस्कृत भएका थिए (ऐजन) । वि.सं. २०२४ को अन्त्यतिर भद्रपुर कन्या मा.वि. को वार्षिकोत्सवमा उनले 'युवाहरूलाई आव्हान' कविता सुनाएका थिए । यही कविता वाचन पश्चात् वामपन्थी विचार धाराका व्यक्तित्वहरूसँग उनको हिमचिम बढेको हो । तत्कालीन समयमा त्यहाँ हप्तैपिच्छे साहित्यिक गोष्ठी हुने गर्दथ्यो । उनले प्रत्येक गोष्ठीमा एकाध कविता रचना गरी सुनाएकै हुन्थे । (ऐजन)

मुकुन्द न्यौपाने करिब दुई दशक भूमिगत भएका बेलामा छापा मार्ने डरले न्यौपानेका बुबा आमाले उनका रचनाहरूदेखि प्रमाण पत्रहरूसम्म पाएसम्मका सबै नष्ट गरि दिएछन् । न्यौपाने स्वयंले पनि आफूले रचना गरेका त्यति धेरै अन्य सबै फुटकर कविताहरूको शीर्षकहरू समेत बिर्सिएछन् (ऐजन) । त्यसैले यस चरणका यी चारओटा 'ए पथिक', 'ए दुष्ट मान्छे', 'युवाहरूलाई आव्हान' र 'म भियतनाम जाँदै छु' कविताहरूका शीर्षक बाहेक अन्य कविताहरूको शीर्षक मात्र पनि उपलब्ध हुन सकेनन् । यस चरणका उनका कविताहरूलाई आभ्यासकालीन कविता पनि भन्न सकिन्छ । यस चरणका उनका कविताहरूमा धनी र गरिब बीचको ठूलो खाडल; दुष्ट, शोषक, सामन्तीहरूप्रतिको आक्रोश र तत्कालीन राजनीतिक झुल्का जस्ता विषयवस्तुहरू समेटिएका छन् । (ऐजन)

यसरी राजनीतिक कविता सिर्जनाको प्रारम्भिक यसै चरणका न्यौपानेका यिनै कविताहरूमा नै प्रगतिशील एवम् क्रान्तिकारी सुगन्धका झुल्काहरू समेटिएको बुझिएको छ ।

### २.२.२ दोस्रो चरण :    (वि.सं. २०२६-२०४६)

मुकुन्द न्यौपानेको काव्य यात्राको दोस्रो चरण वि.सं. २०२६ देखि आरम्भ भएको देखिएको छ । न्यौपानेको यस चरणको हालसम्म प्राप्त पहिलो कविता 'एक मुक्तक' (२०२९) हो । उनले वि.सं. २०२६ देखि २०२८ सम्म पनि थुप्रै कविताहरू रचना गरेका थिए तर अहिले ती कुनै पनि प्राप्त गर्न सकिने अवस्थामा छैनन् । त्यस्तै वि.सं. २०४६ का पनि एउटा पनि प्राप्त गर्न सकिएको छैन । ती सबै कविताहरूको शीर्षक समेत स्वयं कवि न्यौपानेले नै  बिर्सि सकेका छन् (मुकुन्द न्यौपानेबाट प्राप्त जानकारी ) । यस चरणमा लेखिएका 'कमलको फूल', 'स्मरण', 'समर्पण', 'आमालाई चिट्ठी', 'बिदाइपछि', 'गुलाफ', 'गौंथली र काग', 'नयाँ वर्षका कविता', 'भीम ढुङ्गाका ढाक्रेहरू', 'उज्यालो अँध्यारो', 'प्रेम उपहार', 'छानवीन', र 'अस्तित्व' जस्ता फुटकर कविताहरू चौंथो चरण (२०५८) मा प्रकाशित कृति 'नयाँ युगका नयाँ कविता' कविता सङग्रहमा सङ्गृहीत छन् । न्यौपानेका यस चरणमा समग्र साहित्यका आठ ओटा सङग्रहहरू प्रकाशित भएका छन् । काव्यतर्फको मात्र कुरा गर्दा खण्डकाव्य - १, गीति सङग्रह - १ र कविता सङग्रह - २ गरी चार ओटा काव्यकृतिहरू प्रकाशन भएका छन् । यस चरणमा प्रकाशित उनका यी सबै काव्यकृतिहरू उनी भूमिगत हुँदा 'उदय शर्मा' नामबाट प्रकाशित भएका   छन् ।

मुकुन्द न्यौपानेका दोस्रो चरणमा रचित एवम् प्रकाशित काव्यकृतिहरू यस प्रकार छन् :

क. 'लोक विनोद' (खण्डकाव्य - २०४० ),

ख. 'उथल पुथल भित्रका अनुभूतिहरू'  (कविता सङ्ग्रह - २०४०),

ग. 'पीडित आत्माका धुनहरू'  (गीति सङ्ग्रह  - २०४४),

घ. 'छोरीलाई चिठ्ठी' (कविता सङ्ग्रह - २०४५) ।

कवि मुकुन्द न्यौपानेले यस चरणमा प्रायः विद्रोही कविता रचना गरेका छन् । उनले पञ्चायत कालभरि देशमा व्याप्त राजनीतिक सङ्कट, वर्ग सङ्घर्ष, सामाजिक सङ्घर्ष जस्ता विषयवस्तुलाई आधार बनाई विद्रोहात्मक कविता लेखेका छन् । राजनीतिक निकासविनाको विद्रोहको मात्र कुरा भएको यस चरणका उनका कविताहरूमा विचार पक्ष, शैली पक्ष, प्रतीक एवम् अनुप्रासहरूको प्रयोग, भाषा संयोजन, कलात्मकता इत्यादि जस्ता कतिपय कुराहरूमा केही कमी कमजोरीहरू रहेका छन् तापनि कविताहरूमा अभिव्यक्त जनवादी भाव, क्रान्तिकारी एवम् प्रगतिशील विचारहरू अति नै राम्रो उचाइमा उठेका छन् । यस चरणका उनका चार काव्य कृतिहरूमध्ये 'छोरीलाई चिठ्ठी' कविता सङग्रहका कविताहरूमा बोल्ने भाव गाम्भीर्य, वैचारिक यथार्थता र अभिव्यक्तिको कलात्मकताका दृष्टिले तुलनात्मक रूपमा बढी सबल देखिएको छ ।

### २.२.३ तेस्रो चरण :    ( वि.सं. २०४७ - २०५६)

मुकुन्द न्यौपानेको काव्य यात्राको तेस्रो चरण वि.सं. २०४७ देखि सुरु भएको देखिन्छ । उनको यस चरणको पहिलो फुटकर कविता 'सेतीको स्वर' (२०४७) हो । उनले यस चरणमा फुटकर कविताहरू जम्मा आठ ओटा लेखेका छन् ; सिङ्गो काव्य सङ्ग्रह चाहिँ एउटा पनि प्रकाशन गरेका छैनन् । यस चरणका उनका कविताहरू 'सेतीको स्वर' (२०४७); वि.सं. २०४९ का 'पहिलो पाइलो', 'चुकेल्याङ र मोचि', 'दूरके दोस्त' (हिन्दी); 'रचनेदेखि राइनासम्म' (२०५४); वि.सं. २०५६ का 'आमाको सपना', 'नयाँ वर्ष' र 'साथीलाई पत्र' हुन् । यीमध्ये 'साथीलाई पत्र' कविता 'घाइते देश' कविता सङ्ग्रहमा र अन्य सबै कविताहरू 'नयाँ युगका नयाँ कविता' कविता सङ्ग्रहमा समेटिएका छन् ।

न्यौपानेले यस चरणमा हिन्दीमा पनि कविता लेखी आफ्नो लेखनीको भाषाको समेत दायरा फराकिलो भएको परिचय दिएका छन् । उनका यस चरणका कविताहरूमध्ये कुनैमा प्रकृतिको वर्णनद्वारा अस्तित्वका लागि सङ्घर्षरत रहनु पर्ने कुरा उल्लेख गरिएको छ त कुनैमा अन्योलपूर्ण इतिहासप्रति प्रश्न तेर्स्याइएको छ । त्यस्तै कुनैमा मार्क्सवादप्रति झुकाबको भाव अभिव्यक्त गर्दै जन्मभूमि र विदेशको तुलनात्मक बयान पनि गरिएको छ । त्यसै गरी कहीँ उनले आफू स्वयं करिब दुई दशकको भूमिगत जीवनबाट मुक्त भई बाहिर निस्केर गरेको स्वतन्त्र सङ्घर्षबाट प्राप्त केही सन्तुष्टिको आभास अभिव्यक्त गरेका छन् भने कहीँ सन्तानप्रतिको असीम माया ममता, सन्तानप्रतिकै आशा भरोशामा शङ्का व्यक्त गरेका छन् । उसै गरी न्यौपानेले कुनै कवितामा वाणी नियन्त्रणमा सचेत हुनु पर्ने एवम् सदा सभ्य विचारका साथ अघि बढ्नु पर्ने मर्मस्पर्शी भावहरू अभिव्यक्त गरेका छन् ।

बहु प्रतिभाशाली व्यक्तित्व मुकुन्द न्यौपाने यस चरणमा राजनीतिक क्षेत्रमा बढी सक्रिय रहेको अवस्था हो । यस समयमा न्यौपानेले साहित्येतर राजनीतिक सैद्धान्तिक कृतिहरू लेखनतिर आफ्नो लेखनी बढी कुँदाएका छन् । राजनीतिक व्यस्तताका कारण अन्य चरणहरूको तुलनामा यस चरणमा उनी साहित्यिक क्षेत्रमा कम सक्रिय देखिएका छन् ।

### २.२.४ चौथो चरण : (वि.सं. २०५७ - हालसम्म)

कवि मुकुन्द न्यौपानेको काव्य यात्राको चौथो चरण वि.सं. २०५७ देखि प्रारम्भ भएको छ । उनको यस चरणको पहिलो फुटकर कविता 'कविता' हो भने पहिलो काव्य सङ्ग्रह चाहिँ 'नयाँ युगका नयाँ कविता' (२०५८) कविता सङ्ग्रह हो । यस चरणमा उनका दुईओटा कविता सङ्ग्रह र दुई ओटा खण्डकाव्य प्रकाशित भएका छन् । दुई ओटा खण्डकाव्यमध्ये एउटा नयाँ र एउटा वि.सं. २०४० मा प्रकाशित खण्डकाव्यको केही परिमार्जित स्वरूपको कृति हो ।

न्यौपानेका काव्ययात्राको चौथो चरणमा प्रकाशित काव्यकृति सङ्ग्रहहरू यसप्रकार छन् :

क. 'नयाँ युगका नयाँ कविता'  ( कविता सङ्ग्रह - २०५८)

ख. 'घाइते देश' (कविता सङ्ग्रह -२०५९)
ग. 'लिला स्मृति काव्य' (खण्डकाव्य -२०६१)
घ. 'लोक विनोद' (खण्डकाव्य -२०६५ पुनः प्रकाशन)

मुकुन्द न्यौपानेको काव्य यात्राको चौथो चरणलाई राजनीतिक पुनर्विश्लेषण एवम् पुनर्व्यस्थापनाको चरण पनि भन्न सकिन्छ । यस चरणका उनका कविताहरूमा मुलुकको क्षति, देशमा व्याप्त अन्योलताबाट मुक्ति, कम्युनिस्ट, मार्क्सवादको पुनर्विश्लेषण जस्ता कुराहरू गहन तरिकाले अभिव्यक्त भएका छन् । यसरी उनले कविताहरूमा देशमा व्याप्त अन्योलताबाट मुक्तिका लागि हिंसाबाट विमुख भई शान्तिको मार्ग अपनाउनु पर्ने जस्ता कुराहरू अभिव्यक्त गर्दै शान्तिको खोज गरेका छन् ।

यस चरणमा न्यौपानेले छन्द, गीति र गद्य तीनै शैलीमा काव्य कृतिहरू रचना गरेका छन् । पहिलो चरणदेखि यस चरणसम्म आइपुग्दा उनको भाव अभिव्यक्ति निकै नै माझिँदै, खारिँदै अझ सशक्त बन्दै आएको देखिएको छ । 'घाइते देश' का कवितामा त उनले कवित्व यात्राको अग्लाइसम्मपुग्ने साधनाको अग्रगामी प्रयास गरेका छन् जस्तो लाग्छ उनको कविता पढ्दा (भट्टराई, २०५९ : ङ) ।

सामाजिक भेदभाव, नारी समस्या, देशको समसामयिक परिस्थिति, राजाप्रतिको दृष्टिकोण, देशमुक्तिका स्वरहरू इत्यादि जस्ता विषयवस्तुहरू अँगालिएका न्यौपानेका यस चरणका कविताहरू बडो मार्मिक एवम् कलात्मक तरिकाले प्रष्फुटन भएका छन् । त्यस्तै परम्परागत अनेकन धार्मिक रूढिले जेलिएका लम्बे चौडे कुराहरूमा सामाजिक परिवर्तन र सुधार गर्नु पर्ने विषयमा पनि न्यौपानेले केही नयाँ सन्देशहरू समेत अघि सारेका छन् ।

न्यौपानेका यस चरणमा प्रकाशित 'नयाँ युगका नयाँ कविता' कविता सङ्ग्रहमा सङ्गृहीत कविताहरू यसै चौथो चरणमा रचित कविताहरूभन्दा दोस्रो र तेस्रो चरणमा रचित एवम् प्रकाशित कविताहरू धेरै छन् । 'घाइते देश' कविता सङ्ग्रहमा सङ्गृहीतमध्ये चाहिँ एउटा बाहेक सबै यसै चरणमा रचित कविताहरू छन् । यी दुई सङ्ग्रहरूमध्ये तुलनात्मक रूपमा 'घाइते देश' कविता सङ्ग्रह बढी परिष्कृत देखिएको छ । त्यस्तै दोस्रो चरणमा प्रकाशित खण्डकाव्यको सामान्य परिमार्जित स्वरूपमा यस चरणमा पुनः प्रकाशित 'लोक विनोद' को तुलनामा 'लिला स्मृति काव्य' खण्डकाव्य उत्कृष्ट देखिएको छ ।

## २.२.५ निष्कर्ष

भोजपुर जिल्लाको एक सामान्य किसान परिवारमा जन्मी त्यहीँको रूढिवादी संस्कारयुक्त ब्राह्मणीय वातावरणमा हुर्किएका कवि मुकुन्द न्यौपाने बहु आयामिक एवम् बहु प्रतिभाशाली व्यक्तित्वका रूपमा स्थापित छन् । बाल्यावस्थादेखि नै काव्यिक क्षेत्रमा लेखनी कुँदाएका न्यौपानेको

काव्यिक यात्रा हाल आधा शताब्दी नाघि सकेको छ । औपचारिक शिक्षा प्रथमासम्म मात्र सीमित रहे तापनि स्वाध्ययनबाट आफ्नो ज्ञान एवम् प्रतिभाको भण्डारलाई अझ उच्च बनाउँदै आएका न्यौपाने स्रष्टा, द्रष्टा र नेताका समष्टि हुन् । साहित्य, राजनीति र किसान आनदोलनका त्रिवेणी न्यौपानेले साहित्यका विविध विधामा कलम चलाएर महत्त्वपूर्ण योगदान दिएका छन् । सानैदेखि श्रममा विश्वास राख्ने उनका प्रायः जसो कृतिहरूमा दीन, दुःखी, गरिब, शोषित, उत्पीडित, किसान, मजदुर एवम् श्रमिकहरूको आबाज प्रष्फुटित भएको पाइन्छ । कवि न्यौपाने आफ्ना काव्य कृतिहरू मार्फत विद्रोही, जनवादी, समाजवादी, राष्ट्रवादी, यथार्थवादी, क्रान्तिकारी एवम् प्रगतिशील कविका रूपमा परिचित छन् । विभिन्न सङ्घसंस्था मार्फत सामाजिक सेवामा समेत उत्तिकै क्रियाशील न्यौपाने राजनातिक व्यस्तताका कारण उनको लेखनी हाल साहित्येतर क्षेत्रतिर बढी सक्रिय देखिएको छ तापनि साहित्यिक क्षेत्रमा पनि उनी निष्क्रिय छैनन् । उनको लेखनीले विश्राम लिएको छैन । उनको साहित्यिक यात्रा अझै खारिंदै, माझिंदै उत्तरोत्तर परिष्कृत एवम् सशक्त बन्दै अघि बढि रहेकै छ । उनका डायरीका पानाहरूमा छरिएर रहेकादेखि लिएर अन्य नयाँ काव्य सिर्जना गर्दै आगामी दिनमा पनि धेरै नै काव्यकृतिहरू प्रकाशित हुने सम्भावना उत्तिकै प्रबल रूपमा देखिएको छ ।

# तेस्रो परिच्छेद

## कविता तत्त्वका आधारमा मुकुन्द न्यौपानेका काव्य कृतिहरूको विश्लेषण

### ३.१ पृष्ठभूमि

कवि मुकुन्द न्यौपानेले वि.सं. २०१९ मा नै फुटकर कविताहरू लेखी बाल्यावस्थादेखि नै काव्यिक यात्रा प्रारम्भ गरेका हुन् । जन्मस्थल भोजपुर भए तापनि कर्मस्थल काठमाडौं बनाउँदै आएका न्यौपाने साहित्यका विविध विधामा कलम कुँदाउन सिद्धहस्त कवि हुन् । उनका कविताहरूमा सामाजवादी, यथार्थवादी, जनवादी, क्रान्तिकारी साथै प्रगतिवादी भाव एवम् सन्देशहरू बडो सशक्त रूपमा अभिव्यक्त भएका छन् । यस परिच्छेदमा कवि न्यौपानेको काव्यकारितालाई अध्ययन गर्ने क्रममा उनका काव्यकृतिहरूको विश्लेषण गरिएको छ ।

### ३.२ विश्लेषण

कवि न्यौपानेको काव्यकारितालाई अध्ययन गर्ने सिलसिलामा यहाँ उनका माथि उल्लिखित कविता सङ्ग्रहहरू 'उथल पुथल भित्रका अनुभूतिहरू', 'पीडित आत्माका धुनहरू', 'छोरीलाई चिठ्ठी', 'नयाँ युगका नयाँ कविता', 'घाइते देश' र खण्डकाव्यहरू 'लोक विनोद' र 'लिला स्मृति काव्य' गरी ७ ओटा काव्यकृतिहरूको विश्लेषण गरिएको छ । यी कृतिहरूको विश्लेषण गर्नका लागि कविता सङ्ग्रहहरूलाई सामान्य परिचय, शीर्षकीकरण, संरचना, विषयवस्तु, लय विधान, कथन पद्धति, बिम्बालङ्कार, प्रतीक, विधान, भाषाशैली र निष्कर्ष जस्ता शीर्षकमा विभाजन गरिएको छ भने खण्डकाव्यहरूलाई सामान्य परिचय, कथावस्तु, शीर्षकीकरण, संरचना, पात्र विधान, परिवेश विधान, केन्द्रीय कथ्य वा भाव विधान, कथन पद्धति, छन्द वा लय विधान, बिम्बालङ्कार र प्रतीक विधान, भाषाशैली र निष्कर्ष जस्ता शीर्षकमा विभाजन गरिएको छ ।

### ३.२.१ 'उथल पुथल भित्रका अनुभूतिहरू' कविता सङ्ग्रह

### ३.२.१.१ सामान्य परिचय

यो 'उथल पुथल भित्रका अनुभूतिहरू' कविता सङग्रह कवि मुकुन्द न्यौपानेद्वारा वि.सं. २०४० मा 'उदय शर्मा' नामबाट प्रकाशित कृति हो । यो उनको प्रकाशित समग्र साहित्य कृतिमा तेस्रो र पहिलो कविता सङग्रह हो । यो कृति उनको काव्यिक यात्राको दोस्रो चरण अन्तर्गत पर्दछ । आधार प्रकाशनले प्रकाशन गरेको यस सङ्ग्रहमा कविले वि.सं. २०३३ देखि वि.सं. २०४० सम्म रचना गरेका जम्मा ३७ वटा फुटकर कविताहरू सङगृहीत छन् । यस सङग्रहका कविताहरूमा विशेष गरी जन सङ्घर्षका गाथाहरू सशक्त रूपमा अभिव्यक्त भएका छन् ।

### ३.२.१.२ शीर्षकीकरण

यो सङ्ग्रह अनेक परिस्थिति एवम् घटनाले कवि मनमा भरिएका विभिन्न बेलाका सङ्गीतहरू कविताको रूपमा प्रस्तुत भएको पुञ्ज हो । कवि स्वयंले आँधी र हुरीभित्र रुमलिएका भावनाहरूको अभिव्यक्ति हो - 'उथलपुथलभित्रका अनुभूतिहरू' भनेका छन् । कवि मुकुन्द न्यौपानेको यस 'उथल पुथल भित्रका अनुभूतिहरू' सङग्रहको नाम झट्ट हेर्दा चार शब्दबाट निर्मित देखिए पनि पद विन्यासका आधारमा भने 'उथलपुथलभित्रका अनुभूतिहरू' दुई शब्दको देखिन्छ । यस सङ्ग्रहका कविताका शीर्षकहरू एक शब्ददेखि ५ शब्दसम्मका पद वा पदावलीमा रहेका छन् । यीमध्ये सरसर्ती हेर्दा 'संस्मरण', 'सावधान', 'उभार', 'शरद', 'कविसंग', 'षडयन्त्र', 'कविता', 'बाटो', 'नेपाल', 'यात्रा', 'जीवन', 'प्रेम', र 'किसान' गरी १३ वटा कविताहरूको शीर्षक एक शब्दबाट राखिएको छ । त्यसै गरी 'शहीद प्रति', 'वर्तमान समाज', 'आमालाई चिट्ठी', 'बिदाइ पछि', 'वर्तमान विश्व', 'बहिनीलाई चिट्ठी', 'चिहानका मुदाहरू', 'एक कविता', 'खतराको घण्टी', 'आमाको पुकार', 'बन्दी साथीलाई', 'साथीलाई पत्र', 'दुई कवि', 'एक झलक', 'सेठको कुकुर', 'एक मुक्तक' र 'एक टुक्रा' जस्ता १७ वटा कविताहरूको शीर्षक दुई शब्दबाट राखिएको छ भने 'क्वो मोजो प्रति', 'जन्म भूमिको यादमा', 'झिंगो र मच्छर', 'उनी को थिए', 'नयाँ वर्षलाई चुनौती' र 'यहाँ यस्तै हुन्छ' गरी ६ वटा कविताहरूको शीर्षक ३ शब्दबाट र राखिएको छ र 'आँधी र घर एक वार्ता' एउटा कविताको शीर्षक पाँच शब्दबाट राखिएको छ । यीमध्ये पनि पदयोग गर्नै पर्ने 'शहीदप्रति', 'बिदाइपछि', 'क्वो मोजोप्रति' र 'जन्मभूमिको यादमा', जस्ता शीर्षकहरूमा यस सङ्ग्रहमा पद वियोग देखिएको छ भने 'कविसँगै' मा वर्णविन्यासमा सानो गल्ती देखिएको छ । यसरी यस सङ्ग्रह र यसमा सङ्गृहीत केही कविताहरूका शीर्षकीकरणमा पदविन्यासका आधारमा सामान्य कमजोरी देखिए तापनि कविताहरू पढ्दै जाँदा कविको भनाइसँग सार्थक मेल खाएको देखिन्छ । त्यसैले यस सङ्ग्रको शीर्षकीकरण 'उथल पुथल भित्रका अनुभूतिहरू' सार्थक एवम् सान्दर्भिक देखिएको छ ।

### ३.२.१.३ संरचना

बाह्य संरचनाका दृष्टिले न्यौपानेको यस 'उथल पुथल भित्रका अनुभूतिहरू' कविता सङ्ग्रह ४७ पृष्ठमा संरचित छ । यस सङ्ग्रहमा सङगृहीत विभिन्न ३७ वटा कविताहरूमध्ये सबभन्दा कम विस्तारित कविता ८/८ पङ्क्तिका 'एक मुक्तक' र 'एक टुक्रा' हुन् भने सबभन्दा बढी विस्तारित कविता ७१ पङ्क्तिको 'उनी को थिए ?' हो । यिनै बीचमा रहेका अन्य कविताहरू 'सावधान' ९; 'संस्मरण', 'उभार' र 'कविसंग' १०; 'शहीद प्रति' ११; वर्तमान समाज', 'चिहानका मुर्दाहरू' र 'किसान' १२; 'दुई कवि' १३; 'एक कविता' १६; 'शरद', 'एक झलक' र 'यहाँ यस्तै हुन्छ' १७; 'कविता' १८; 'नयाँ वर्षलाई चुनौती र 'यात्रा' १९; , 'वर्तमान समाज', 'वर्तमान विश्व' र 'सेठको कुकुर' २०; 'क्वो मोजो प्रति' २२; 'आमालाई चिट्ठी' र 'प्रेम' २३; 'बिदाइ पछि', 'षडयन्त्र' र 'नेपाल' २४; 'झिंगो र मच्छर' २५; 'बन्दी साथीलाई' २९; 'खतराको घण्टी' ३०; 'आँधी र घर एक वार्ता', 'साथीलाई पत्र', 'जन्म भूमिको यादमा' र 'बाटो' ३१; 'आमाको पुकार' ३३ र 'बहिनीलाई चिट्ठी' ४५ पङ्क्तिमा विस्तारित छन् । यीमध्ये 'आमालाई चिट्ठी', र 'जन्म भूमिको यादमा' ३/३ र 'उनी को थिए ?' ४

अनुच्छेद गरी तीनवटा कवितामात्र अनुच्छेद विभाजनमा देखिएका छन् भने अन्य सबै कविता निरन्तर पङ्क्ति प्रवाहमा आधारित छन् । अनुच्छेद विभाजनका क्रममा कुनै अनुच्छेदमा बढीमा २९ पङ्क्तिसम्म रहेका छन् भने कुनैमा कममा ४ पङ्क्तिमा सीमित अनुच्छेद देख्न सकिन्छ । यस सङ्ग्रहमा एक पङ्क्तिमा सबभन्दा बढी १० शब्दसम्म र सबभन्दा कम एक शब्दसम्म देख्न सकिन्छ । त्यस्तै यस सङ्ग्रहभरिमा सबभन्दा बढी २४ अक्षरसम्ममा विस्तारित र सबभन्दा कममा चार अक्षरमा सीमित पङ्क्तिहरू रहेका छन् ।

### ३.२.१.४ विषयवस्तु

प्रस्तुत 'उथल पुथल भित्रका अनुभूतिहरू' कविता सङ्ग्रहमा सङ्गृहीत कविताहरू कवि न्यौपानेले विविध विषयवस्तुलाई आधार बनाई रचना गरेका छन् । कविले कुनै कविता आर्थिक, सामाजिक, राजनीतिक, राष्ट्रिय, मानवीय इत्यादि जस्ता विषयवस्तुमा आधारित भई रचना गरेका छन् भने कुनै कवितामा प्रकृतिलाई विषयवस्तु बनाई मानवीय संवेदना प्रकट गरेका छन् । यी विशेष गरी कविताहरूमा कविले तत्कालीन नेपाली राजनीतिमा देखा परेको अन्योलपूर्ण परिस्थिति र उक्त परिस्थितिबाट उत्पन्न अनेक घटनाहरू एवम् जन सङ्घर्षका गाथाहरूका बारेमा उल्लेख गरेका छन् । यी कविताहरूमध्ये कविले वि.सं. २०२९ साल फागुन २१ गते झापाको सुखानी जङ्गलमा गोली हानेर मारिएका क्रान्तिकारीहरूको सम्झनामा लेखेका 'शहीद प्रति' पनि एक हो । यस कवितामा उनले प्रकृतिको वर्णनद्वारा शहिदहरूको स्मरण गरेका छन् । यसका साथै उनीहरूको निडर एवम् वीरतापूर्ण कार्यको प्रशंसा गरिएको छ । उनीहरूको शरीर मरेर गए पनि सदा बाँचिरहेकै छन्; कीर्तित्व सदा अमर रहिरहने छ भन्ने भाव अभिव्यक्त गरेका छन् । त्यस्तै 'वर्तमान समाज' कविता कविले तत्कालीन समाजको गज्याङमज्याङपूर्ण परिस्थितिलाई आधार बनाएर लेखेका छन् । यसका  यसमा उनले एकातिर उक्त स्थितिलाई यथावत राख्ने एवम् राख्न खोज्ने प्रतिक्रियावादी शक्तिहरू रहेका र अर्कोतर्फ क्रान्तिकारीहरूले चाहिं कुनै हालतमा पनि जसरी पनि उक्त विसङ्गति र विकृतिपूर्ण अवस्थालाई परिवर्तन नगरी नछाड्ने भनी लिएको अठोटलाई अभिव्यक्त गरेका छन् । 'आमालाई चिट्ठी' कवितारूपि यस चिट्ठीमा कविले धेरै वर्षको बिछोडपछि बाल्यकालको सम्झना र तत्कालीन अवस्थामा यो नेपाली समाज र यस समाजभित्र विद्यमान कुरीतिहरूको बारेमा आमालाई संझाउँदै लेखेका छन् । उनले 'संस्मरण' कविता चीनका महान् नेता माओत्सेतुङको प्रथम वार्षिकीको अवसरमा उनैको स्मृति एवम् श्रद्धाञ्जलि स्वरूप लेखेका छन् । यस कवितामा ती महान् नेताको मृत्युले मानवमात्र नभई सारा प्रकृति समेत विव्हल एवम् भाव विभोर भएको कुरा अभिव्यक्त गरेका छन् । त्यस्तै 'क्वो मोजो प्रति' कवितामा पनि कविले चीनका अर्का महान् नेता क्वो मोजोको देहवसानको अवसरमा नेपाली जनताको तर्फबाट दिइएको श्रद्धाञ्जलि स्वरूप लेखेका छन् । यस कवितामा पनि माओकै झैं मानवदेखि प्रकृतिसमेत उनीबाट निकै प्रेरित भएका छन् र उनको देहवसानले उसरी नै सारा विव्हल भएका छन् भन्ने भाव अभिव्यक्त गरेका छन् ।

प्रस्तुत कविता सङ्ग्रहमा सङ्कलित कविता ‘बिदाइपछि’ मा उनले तत्कालीन समयमा मध्यपश्चिमाञ्चलबाट केही साथीहरूसँग बिदा भई उनी पश्चिमाञ्चलतिर लागेका र उनका साथीहरू पूर्वाञ्चलतिर लागे । त्यही राती गुडिरहेको बसको झ्यालबाट बाहिर हेर्दा रातमा आकाशमा चमचम गरी चम्किरहेका ताराहरूसँग उनका मनमा उठेका साथीहरूको सम्झनारूपि भावलाई समेटी लेखेका छन् । यस कवितामा उनले ती साथीहरूबाट सन्तको मासु खाएर अजम्बरी बन्न खाज्ने मानवरूपि दानवहरूलाई निमिट्यान्न पारी देश र जनताको हितमा लड्ने ठूलो प्रेरणा र नयाँ शक्ति पाएको कुरा बडो मार्मिक एवम् सशक्त तरिकाले अभिव्यक्त गरेका छन् । जस्तै :

मैले साथीहरूबाट प्रेरणा पाएको छु
मैले आफ्नो छाती भित्र नयाँ शक्ति ल्याएको छु
टुक्रा टुक्रा पार्नेछौं हामी
सन्तको मासु खाएर अजम्बरी बन्न खोज्ने राक्षसलाई

(पृ. ९)

‘वर्तमान विश्व’ कवितामा उनले तत्कालीन समयमा वर्ग संघर्षले ल्याएको उथलपुथल र प्रतिक्रियावादी शक्ति एवम् क्रान्तिकारी शक्तिको बीचको टकरावले विश्वमा पारेको प्रभाव र अर्को एउटा विश्वयुद्धको सम्भावनालाई सङ्केत गरेका चिन्तनशील भावहरू अभिव्यक्त गरेका छन् । वि.सं. २०३५ श्रावणमा लिखित ‘बहिनीलाई चिट्ठी’ बहिनीले पाएको दुःख र उनैबाट आएको गुनासाको खबरको जवाफस्वरूप लेखिएको कविता हो । यस कवितामा छोरा र छोरीमा भएको विभेदपूर्ण व्यवहारको बारेमा उल्लेख गरिएको छ । एकातिर बहिनी भोकभोकै र नाङ्गो शरीर अर्काको गोठालो हुँदा दाजु भने महँगा पोषाकमा सजिएर होटलमा मासुभात खाएर हिडिरहेको क्रमशः बहिनीको कारुणिक र दाजु भनाउँदाहरूको निष्ठुरीपनलाई बडो मर्मस्पर्शी तरिकाले अभिव्यक्त गरेका छन् । स्वार्थी, निष्ठुरी व्यक्तित्वहरू घर, परिवारका दिदी, बहिनी एवम् आमाको दर्दनाक दुःख, व्यथा, पीडामा समेत आँखा चिम्लिएको दर्दनाक भावहरू अभिव्यक्त गरेका छन् । यसका साथै अब चाहिं यस्ता केही निष्ठुरीको बुद्धि फिरेको र आफ्ना लागि नभई घर, परिवार, दिदी, बहिनी, दीन, दुःखी जनता र देशका लागि दिलोज्यान लगाएर निःस्वार्थ भावले काम गर्ने प्रेरणा सर्वहारा वर्गबाट पाएको र सोही अनुसार अघि बढिरहेको कुरा अभिव्यक्त गरेका छन् । कवितारूपि यसै पत्रमार्फत कविले सम्पूर्ण बहिनीहरूलाई यस्ता सम्पूर्ण दाइहरूसँग मिली अन्याय, अत्याचार, गरिबी, शोषण, दमनका विरुद्ध डटेर लडी जनसेवा गर्नका लागि यसरी आव्हान समेत गरेका छन्  :

सर्वहाराको शिक्षाले
मेरो मनलाई फर्काएको छ
मुटुभित्र लुकेको तिम्रो मायालाई
न्यानो र रसिलो बनाएको छ

यदि चाहन्छ्यौ दाइहरूको माया पाउन भने
जनसेवी बन्ने प्रयत्न गर तिमी

आफूजस्तै थिचिएका र मिचिएकाहरूलाई
न्यानो माया गर्न सिक तिमी

(पृ. १४)

वि.सं. २०३५ मा उग्रवादी चिन्तनबाट आएको प्रहारको जवाफस्वरूप लेखिएको 'चिहानका मुर्दाहरू' कवितामा उनले देश र जनताको उन्मुक्तिका लागि मरिमेट्ने क्रान्तिकारीहरू कुनै हालतमा पनि हार मान्दैनन् र सदा उग्रवादीहरूको जवाफी युद्धमा डटेर लड्ने नै छन् र एक दिन सफलता पनि पाउन सक्छन् भन्ने भाव प्रस्तुत गरेका छन् । त्यस्तै 'सावधान' कविता कविले वि.सं. २०३५ मा प्रतिक्रियावादीहरूबाट पूर्वी नेपालमा गरिएको दमनलाई सङ्केत गर्दै लेखेका छन् । यस कवितामा उक्त दमनका अवस्थामा कुनै पनि बेला जे पनि हुन सक्ने कुराप्रति सजग गराउँदै सबैमा सावधानीको उद्घोष गरेका छन् ।

कवि न्यौपानेले वि.सं. २०३५ को फागुनमा निरङ्कुश एकदलीय शासन व्यवस्था विरुद्ध जनताका आन्दोलनहरू चर्कन थालेका र देशका विभिन्न भागमा नयाँ तरङ्ग आउन लागेका अवस्थालाई सङ्केत गर्दै 'उभार' कविता लेखेका छन् । त्यस्तै वि.सं. २०३६ वैशाखमा लेखेका 'एक कविता' शीर्षकको कविता २०३५-२०३६ को आन्दोलनको क्रममा बीरगञ्जमा एकजना विद्रोही स्वभावकी महिलाले आन्दोलनलाई अगाडि बढाउनका लागि आव्हान गर्दै छरेकी एक किसिमको अस्पष्ट पर्चाको जवाफ स्वरूप लेखेका छन्  । देश र जनताका हक अधिकारका लागि काम्लोभित्र मुठी ताके झैं आफैं अँध्यारोमा हराएर केही गर्न सकिँदैन । हिम्मत छ भने डटेर अघि सर्न सक्नु पर्छ अनि मात्र गन्तव्यमा पुग्न सकिन्छ भन्ने विचारधाराले यो कविता ओतप्रोत भएको छ । 'आँधी र घर एक वार्ता' शीर्षकको कवितामा वि.सं. २०३५-२०३६ को वैशाख १४ र १५ गतेको हेटौंडाको आन्दोलनलाई प्रतिक्रियावादी सरकारले दमन गरेपछि केही जनताहरूमा आएको निराशावादी विचारको खण्डन गरिएको छ । यो कविता सबैलाई धैर्यशील, निडर एवम् नयाँ र सुनौलो घर (देश) को कल्पनामा आशावादी भई अघि बढ्न प्रेरणा र शक्ति प्रदान गर्ने भावहरूले ओतप्रोत रहेको छ । वि.सं. २०३६ पुसमा रुसी सामाजिक साम्राज्यवादले अफगानिस्तानमा गरेको हमलाले निम्त्याएको विनास र विभत्सपूर्ण परिस्थितिलाई सङ्केत गर्दै 'खतराको घण्टी' शीर्षकको कविता लेखेका छन् । यस कवितामार्फत त्यसको प्रभाव र त्यस्तो परिस्थिति जुनबेला जहाँ पनि पर्न सक्छ त्यसैले समयमै निडर एवम् वीरताका साथ सजग हुन सबैलाई आव्हान गरिएको  छ । 'आमाको पुकार' कविता कविले युवापञ्चका नाउँमा उदाएका नयाँ मण्डलेहरूले देशका ठाउँठाउँमा विद्यार्थी युवाशक्तिमाथि गरेको घातक प्रहारलाई सङ्केत गर्दै लेखेका हुन् । यस कवितामा यस देशमा अङ्ग्रेजहरूको गिद्धे दृष्टि परेका बेलामा वीर सपुतहरूले ज्यानको बाजी लगाएर रक्षा गरेको प्रसङ्गदेखि लिएर त्यसपछि यस राष्ट्रमा

बेलाबखतमा देश र जनताको नाममा 'शान्ति', 'राष्ट्रवाद' र 'विकास' को मन्त्र जप्दै देश र जनताकै घाँटी निमोठ्ने मानवरूपि दानवहरूको अमानवीयताको पराकाष्ठाको उजागर गरिएको छ । जस्तै :

मेरा सपुत भीमले बनाएको
मेरो प्रतीक धरहराले आँसु बगायो
जङ्गे राणाले ती नै भीम र बलभद्रले
थुकेका राक्षसहरूलाई निम्त्यायो
..................................
अनि आज 'शान्ति', 'राष्ट्रवाद' र 'विकास' को
नाउँ लिएर तिमीहरूलाई झुक्याउन र
मलाई बिक्री गर्न...................
होइनन् यी कुनै नयाँ मान्छेहरू
.............
बदलिएको अनुहारमा
....... (पृ.२४)

यस सङ्ग्रहका कुनै कवितामा देश र जनताका लागि अघि बढ्दा जेल परेका क्रान्तिकारी साहित्यकारलाई जेल तोडी निस्किएर पुनः जनसेवामा समर्पित हुन प्रेरणा दिने किसिमका भावहरू समेटिएका छन् त कुनै कवितामा प्रकृतिको वर्णनद्वारा देश र जनताका पक्षमा लड्ने योद्धाहरूको प्रशंसा गरिएको छ । यी योद्धाहरूको एकत्रित भएको बल र सीपको वीरत्वको सामु मै हुँ भन्ने मानवीय संवेदनाहीन एवम् राष्ट्रघातीहरूको अवश्य हार हुन्छ भन्ने वीरतापूर्ण एवम् राष्ट्रिय आवाज उठाइएको छ । कुनै कवितामा राष्ट्रका प्रतिक्रियावादीहरूभित्रका मालिक भनाउँदाहरूलाई 'हरियो झिंगो' र राष्ट्रका दलालहरूलाई 'मच्छर' को उपनाम दिंदै उनीहरूको सोचाइ, कार्यशैली एवम् अस्तित्वको उछितो काटेका छन् । कतिपय कविता मार्फत कविले सच्चा राष्ट्रभक्त र मानवताका पुजारीहरूलाई जेलनेल भिडाउने र मुखमा रामराम जप्दै बगलीमा छुरा बोक्दै शान्ति र राष्ट्रको मन्त्र भुक्दै राष्ट्रघात गर्नेहरू चाहिं सम्मानित र पुरस्कृत हुने गरेका पक्षप्रति कटाक्ष व्यङ्ग्य वाण प्रहार गरेका छन् । जस्तै :

यहाँ के हुँदैन साथी ?
सबथोक हुन्छ
साधु चोर हुन्छन्
चोर साधु बन्छन्
ज्यनमाराले इनाम पाउँछ
इन्सानले जेल

सडेका मस्तिष्कहरू विभूषित हुन्छन्
प्रतिभालाई नेल !

'यहाँ यस्तै हुन्छ' (पृ.५६)

कविले नेपालका गाउँमा किसानको दयनिय स्थिति भएको र उनीहरू आफूलाई सधैं कसरी अभागी ठानी धिकार्दछन् भन्ने सन्दर्भलाई आधार बनाई तिनै किसान परिवारको संझना स्वरूप 'किसान' कविता लेखेका छन् । यस कवितामा गरिब किसानहरू जीवनभर दश नङ्ग्रा खियाएर घामपानी नभनी खेती किसानी गरे पनि आखिर उत्पादन प्रायः सबै साहूले उपभोग गर्ने भएकाले आधा पेट वा खाली पेट बाँच्नुपर्ने बाध्यता एवम् दयनीय अवस्थाको उजागर गर्दै उनीहरूलाई आफूलाई आफैंले अभागी नठानी आफ्ना हक अधिकारका लागि डटेर लड्नु पर्ने तर्फ पनि सङ्केत गरेका छन् । जस्तै :

गर्‍यौ कमाइ, रगत जमाइ, आखिर कस्को लागि
अक्कल बुद्धि सारा गुमाइ, भन्छौ आफैं अभागी ।

(पृ. ६०)

यसरी यस 'उथल पुथल भित्रका अनुभूतिहरू' कविता सङ्ग्रहमा राष्ट्रवादी, क्रान्तिकारी, मानवतावादी, नारीवादी, यथार्थवादी भावहरूले ओतप्रोत भएका कविताहरू सङ्गृहीत छन् । समग्रमा यस सङ्ग्रहको मुख्य विषयवस्तु मानवता, समाज एवम् राष्ट्र उत्थान रहेको छ ।

### ३.२.१.५ लय विधान

लयगत एकरूपता वा छन्दगत मर्यादामा नबाँधिएका तर काव्यात्मक ललित शब्दयुक्त रचनालाई 'गद्यकाव्य' भनिन्छ भने नियमित लयबद्ध कवितात्मक रचनालाई 'पद्यकाव्य' भनिन्छ ( नेपाल, २०६२ : १) । यस 'उथल पुथल भित्रका अनुभूतिहरू' कविता सङ्ग्रहका सबै कविताहरू न्यौपानेले गद्य लयमा रचना गरेका छन् । गद्य कवितामा लयात्मकताको सौन्दर्य हुन्छ भने पद्य कविता छन्दोबद्ध हुन्छ (पाठ्क्रम विकास केन्द्र, २०६४ : ५) । कविले आफ्नै जीवनमा अनेक घटनाले हृदयमा पारेका छापहरूलाई कविताको रूप दिएर प्रस्तुत गरेका छन् । यी रचनाहरू मुक्त लयमा रचित भए तापनि केही गेय गुणले केही साङ्गीतिक झङ्कार दिएका छन् । त्यसैले सबैजसो कविताहरू श्रुतिमाधुर्य नै लाग्दछन् । यस सङ्ग्रहका कतिपय कविताहरूमा भएका अन्त्यानुप्रासविहीन पङ्क्तिहरूलई पनि केही गेय गुणले लयात्मकै बनाएको छ । जस्तै :

सातै कोसी, गण्डकी र महाकाली वेगिन्छन्
बच्ची बहिनी सुखानीलाई गङ्गामा भेटी कुरा गर्न
निलो आकाश नजिकै आएर हेर्छ आँखा च्यात्दै

हरियो पहाडको फेदमा रातो रगत पोखिएको छ
सुखानीलाई रङ्गाएर

'शहीद प्रति' (पृ. १)

त्यस्तै कतिपय कविताहरूमा प्रयुक्त आद्यानुप्रास, मध्यानुप्रास र अन्त्यानुप्रासले पनि यस गद्यात्मक सङ्ग्रहलाई गेयत्मकता प्रदान गरेका छन् । जस्तै :

प्यारी आमा, तपाईं अहिले के गर्दै हुनुहुन्छ
त्यहाँको खबर जान्नलाई मलाई धेरै उत्सुकता छ
दाहिने हातका खस्रा औंलाले, निधारका पसिना पुछ्दै
बर्साउँदै हुनुहोला मोतीका दानाहरू जमिनमा
आफ्ना छोराहरूलाई सम्झँदै

'आमालाई चिट्ठी' (पृ.३)

मान्छे बनेर यस धर्तीमा आएपछि
संघर्षको मैदानमा पाइला राखेपछि
राम्रा नराम्रामा फेरिन सक्छन्
नराम्रा राम्रामा बदलिन सक्छन्

'साथीलाई पत्र' (पृ.२८)

यसरी यस 'उथलपुथलभित्रका अनुभूतिहरू' कविता सङ्ग्रहका सबै कविताहरू न्यौपानेले मुक्त लयमा लेखिएका भए तापनि गेय गुणले सबैजसो कविताहरू लयात्मक एवम् कर्णप्रिय नै बनेका छन् ।

### ३.२.१.६ कथन पद्धति

प्रस्तुत 'उथल पुथल भित्रका अनुभूतिहरू' कविता सङ्ग्रहका सबै कविताहरू कवि कथन पद्धतिमा आधारित छन् । कवि आफैं सीधै कुनै कवितात्मक कथन गर्दछ भने त्यो कविप्रौढोक्ति कथन हो (त्रिपाठी सहित अन्य, सम्पा. २०४६ : १९) । सबै कविताहरूमा कवि न्यौपानेले आफ्नै जीवन जगतका हेराइ, भोगाइ र अनुभवहरूलाई उनी स्वयं उपस्थित भएर अभिव्यक्त गरेका छन् । कतिपय कवितामा आमा, तिमी, बहिनी, साथी, कोसी, गण्डकी, महाकाली, गङ्गा, निलो आकाश, सुखानी, शहीद, सूर्य, देवी इत्यादि जस्ता द्वितीय, तृतीय पुरुषका नाम, सर्वनामहरूको प्रयोग भएका त छन् तर यी सबै कवि स्वयंकै एकालाप मनोवादकै रूपमा उत्पन्न भएका देखिएका छन् । कविले यस सङ्ग्रहमा यसरी यस्ता किसिमका नाम र सर्वनामहरूको धेरै नै प्रयोग गरेका भए तापनि कुनै पात्र पनि प्रत्यक्ष रूपमा क्रियाशील छैनन् । सबै नाम एवम् सर्वनामहरूलाई कविले कविकथनमा आधारित बनाएका छन् । यसैले यो 'उथल पुथल भित्रका अनुभूतिहरू' कविता सङ्ग्रह कविप्रौढोक्ति कथन पद्धतिमा आधारित छ ।

### ३.२.१.७ बिम्बालङ्कार र प्रतीक विधान

यस 'उथल पुथल भित्रका अनुभूतिहरू' कविता सङ्ग्रहमा कविले केही लघु बिम्बालङ्कार एवम् प्रतीकहरूको सहज एवम् सरल रूपमा प्रयोग गरेका छन् । अलङ्कारका सन्दर्भमा शब्दालङ्कार अर्थालङ्कारको आयोजन र समायोजनले शब्द गाम्भीर्य र अर्थ गाम्भीर्य प्रदान गर्दछन् भने बिम्बका माध्यमले छाँया रूप सहितको सौन्दर्य सृष्टि गर्दछन् भने प्रतीकले विशेष अर्थ प्रतिपादन गर्न पुग्दछ ( गैरे र आचार्य, २०५९ : ३३५) । सामान्य अर्थमा प्रतिबिम्ब वा छाँयालाई बिम्ब भनिन्छ । साहित्यमा भने सर्जकका मानसपटलमा मानसिक तस्विरका रूपमा रहेका भाव, विचार, अनुभूति वा मानसिकतालाई अभिव्यञ्जित वा सम्मूर्तित गराउने चित्रात्मक भाषालाई बिम्ब भनिन्छ (गौतम, २०६५/२०६६ : ३०) । अलङ्कार विधानका दृष्टिले हेर्दा यस सङ्ग्रहमा आद्य, मध्य र अन्त्यानुप्रास जस्ता शब्दालङ्कारहरूको आंशिक रूपमा प्रयोग भएको छ भने उपमा, उत्प्रेक्षा इत्यादि जस्ता अर्थालङ्कारहरूको प्रयोग भएको छ । 'आमालाई चिट्ठी' कवितामा 'आमा' शब्द सम्पूर्ण नेपालीहरूकी आमाको प्रतीकको रूपमा प्रयोग भएको छ भने उनका 'खस्रा औंला' र 'नाङ्गो ढाड' क्रमशः दुःख र गरिब नेपालीहरूको अवस्थाको बिम्बको रूपमा प्रयोग भएका छन् । त्यस्तै 'शरद' कवितामा प्रयुक्त 'दैत्य', 'राक्षस' र 'झिंगो र मच्छर' कवितामा 'हरियो झिंगो' ले तत्कालीन समयका शोषक र सामन्ती शासक, 'मच्छर' ले राष्ट्रका दलाल एवम् अत्याचारीहरूको प्रतीकका रूपमा आएका छन् भने र 'ताण्डव नृत्य' र 'हैजाका किटाणुहरू बोकेर हिंड्छ' पदावली र वाक्यले क्रमशः उनीहरूको सोचाइ एवम् कार्यशैली र जनतामाथि त्यस्ता सम्पूर्ण अत्याचारीहरूले गर्ने दमनको बिम्बका रूपमा आएका छन् । यस सङ्ग्रहमा कतिपय कविताहरूमा बिम्ब एवम् प्रतीकहरूको प्रयोगमा केही कमी कमजोरीहरू देखिए तापनि समग्रमा यी कविताहरूलाई उच्चता प्रदान गर्न कविद्वारा गरिएको प्रयास प्रशंसनीय देखिएको छ ।

### ३.२.१.८ भाषाशैली

यस सङ्ग्रहका कविताहरूमा कविले सरल र सुबोध भाषाशैलीको प्रयोग गरेका छन् । कविले धेरैजसो कविताहरूमा विभिन्न समय र परिस्थितिका घटना र अनुभूतिहरू सम्झँदै कुनैमा व्याख्यात्मक त कुनैमा वर्णनात्मक शैली अपनाएका छन् कुनैमा यात्रासंस्मरणात्मक शैली अपनाएका छन् । यस सङ्ग्रहमा कविले नेपाली झर्रा शब्दहरूका साथै गण्डकी, गङ्गा, आकाश, सूर्य, शहीद, अमर, मुनि, हृदय, स्वर, वर्तमान, कवि, इत्यादि जस्ता तत्सम शब्दहरू र वायुपङ्खी, श्वेत, रत्न, सगर, भष्म, शोक, मेघ, गगन, पृथ्वी इत्यादि जस्ता तत्सम शब्दहरू र बहिनी, आँखा, रातो, रगत, हात, आमा, आँसु, आगो, आज, गहिरो, सातै, गाउँ इत्यादि जस्ता तद्भव शब्दहरूको प्रयोग गरेका छन् भने कतिपय कविताहरूमा टिट्नस, तूफान, गुलामी, विगुल, होटल, पैण्ट, बिदाइ, मच्छड, बारी, पात, साइनबोर्ड, प्लेकार्ड, एटम, प्यार, जेल, नेल, शहर, दरबाजा, जेट, प्लेन जस्ता आगन्तुक शब्दहरू पनि प्रयोग गरेका छन् । गज्याङमज्याङ, सुँक्कसुँक्क, डगमग, फनक्क, हल्लीखल्ली, छताछुल्ल, छियाछिया, कक्रक्क, फत्रक्क, भुङभुङ, छडछड इत्यादि जस्ता अनुकरणात्मक शब्दहरूले कविताहरूलाई अझ सुन्दर, सहज एवम् सरसिला बनाएका छन् । त्यस्तै अपशोच !, होशियार !, उफ् !, अहा ! जस्ता

विस्मयादिबोधक शब्दहरूका साथै चैं, र, त, नै, पो इत्यादि जस्ता निपातहरूले कविताहरूलाई अझै बढी श्रुतिमाधुर्य बनाएका छन् । त्यस्तै यस सङ्ग्रहमा कविले ए चन्द्रमा !, ए नानीहरू !, प्यारो साथी !, वीरहरू हो !, ए प्रजातन्त्रका सेनानीहरू ! जस्ता सम्बोधनात्मक भाषाशैली एवम् कतिपय कविताहरूमा कविले प्रश्नात्मक एवम् व्यङ्ग्यात्मक शैली पनि अपनाएका छन् । यसरी यो सङ्ग्रह सरल, लयात्मक, श्रुतिमाधुर्य र सबैका लागि स्वाभाविक एवम् बोधगम्य बनेको छ ।

### ३.२.१.९ निष्कर्ष

'उथल पुथल भित्रका अनुभूतिहरू' कविता सङ्ग्रह कवि मुकुन्द न्यौपानेको काव्य यात्राको दोस्रो चरण अन्तर्गतको कृति हो । यो सङग्रह उनको प्रकाशित समग्र साहित्य कृतिमा तेस्रो र कविता विधाको पहिलो सङग्रह हो । गद्य लयमा रचित प्रस्तुत सङ्ग्रहमा सङ्गृहीत कविताहरूमा न्यौपानेले सरल एवम् सुबोध भाषाशैलीद्वारा यथार्थवादी एवम् प्रगतिशील भावहरू मार्मिक रूपमा अभिव्यक्त गरेका छन् । यस सङ्ग्रहभित्र कहीँ कतै केही विविध कमी कमजोरीहरू रहे तापनि यो 'उथल पुथल भित्रका अनुभूतिहरू' तत्कालीन समयमा जनताको स्वतन्त्रता र मुक्तिको महान अभियान अघि बढि रहेको जन सङ्घर्ष अनि मोर्चाको तातो भुइँबाट सृष्टि भएका तिनै कवितात्मक अभिव्यक्तिहरूको एउटा सँगालोका रूपमा उपस्थित भएको छ ।

## ३.२.२ 'लोक विनोद' खण्डकाव्य

### ३.२.२.१ समान्य परिचय

प्रस्तुत 'लोक विनोद' खण्डकाव्य मुकुन्द न्यौपानेद्वारा वि.सं. २०४० सालमा 'उदय शर्मा' नामबाट प्रकाशित कृति हो । यो उनको प्रकाशित समग्र साहित्य कृतिमा दोस्रो र पहिलो खण्डकाव्य हो । यस खण्डकाव्यमा राष्ट्रिय राजनीतिमा राजतन्त्रले जनतालाई बौद्धिक अपाङ्ग बनाइरहेको तत्कालीन अवस्थामा अन्तर्राष्ट्रिय क्षेत्र चाहिँ दुई अति महाशक्तिको होडबाजीको चपेटामा परी विश्वले भोग्नु परेका पीडाहरूलाई संक्षिप्त तर गहन रूपमा अभिव्यक्त गरिएको छ । यसका साथै यसमा सबैभन्दा ठुलो लोक नै हो; सदा लोकको हितमा कसरी लाग्ने भनी गहन चिन्तन गरिएको छ ।

राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय परिवेशका विविध पक्षलाई समेट्ने प्रयास गरिएको कविको मौलिक कृति यस खण्डकाव्यलाई कथावस्तु, शीर्षकीकरण, संरचना, पात्र, परिवेश, केन्द्रीय कथ्य, भाव छन्द, लयविधान, बिम्बालङ्कार, प्रतीक, भाव, भाषाशैली, कथनपद्धति, निष्कर्ष जस्ता शीर्षकमा विभक्त गरी विश्लेषण गरिएको छ ।

### ३.२.२.२ कथावस्तु

खण्डकाव्य भन्नाले कुनै एक विषयको वर्णन भएको सर्ग भएको वा नभएको प्रबन्धात्मक लघुकाव्य भन्ने बुझिन्छ (त्रिपाठी सहित अन्य, सम्पा. २०५५ : २६७) । प्रस्तुत 'लोक विनोद' खण्डकाव्यको मूल कथावस्तु नेपाल देश र नेपाली जनता एवम् विश्वशान्ति सम्बन्धी कविको

मानवतावादी, समाजवादी, राष्ट्रवादी, साम्यवादी, यथार्थवादी एवम् प्रगतिशील चिन्तनहरू हुन् । कवि वि.सं. २०३८ सालमा नारायणी र जनकपुरमा भूमिगत भई काम गर्दा उनका आँखाले देखेका र भोगेका जनताका पीडा र मर्मलाई उनले यहाँ बद्ध गर्ने प्रयत्न गरेका छन् (मुकुन्द न्यौपानेबाट प्राप्त जानकारी अनुसार) । कविले यस खण्डकाव्यमा देशमा व्याप्त गरिबी, शिक्षाको व्यापारीकरण, शोषण, दमन, उत्पीडन, नेताको भोट किन्ने प्रवृत्ति, जितेपछि साँढे बन्ने स्वभाव, देश र जनताप्रति विमुख, भ्रष्टाचार, इत्यादि जस्ता राष्ट्रप्रतिको साथै विश्वकै चिन्तायुक्त प्रश्नहरू काव्यात्मक रूपमा अभिव्यक्त गरेका छन् । जलस्रोतको धनी देश भएर पनि यसको सही सदुपयोग हुन नसक्दा वसन्त ऋतुमा समेत सबै विरुवा र फलफूलहरू ओइलाएर झरी वातावरण नै उराठ लाग्दो भएको छ । कोसी, गण्डकी इत्यादि जस्ता नदीमा भएको राजनीतिकरणका कारण कृषिप्रधान यस मुलुकमा सिंचाइको राम्रो व्यवस्था हुन सकेको छैन जसका कारण कृषि क्षेत्रमा प्रतिकूल असर परेको छ । कविले कोसी र गण्डकी कहाँ गए भन्दै व्यङ्ग्यात्मक प्रश्न गरेका छन् । विविध कारणले गाउँ र बस्ती अनिकालग्रस्त भएको, देशै गरिबीको चपेटामा फसेको प्रति कवि निकै चिन्तित देखिएका छन् । जस्तै :

कहाँ गए कोसी र गण्डकी किन
तँलाई मालुम छ कि यो कुरा मन ?

रुँदो छ भोको बनी देश यो किन
तँलाई मालुम छ कि यो कुरा मन ?
(पृ. १५)

समाजमा रहेका जाली, फटाहा, घुस्याहा, शोषक, भ्रष्टाचारीका कारण सोझा र निर्धाकै झन् उठीबास भएको छ । नेपाली सोझा र निमुखा जनताहरूले साह्रै अन्याय र अत्याचार सहनु परेको छ । ठुलाबडा भनाउँदाहरू आफू चाहिं मस्तीमै डुबेका छन् । उनीहरू झन्झन् मोटाउँदै गएका छन् भने दीन, दु:खी, गरिब, सोझा र निमुखाहरूको दु:ख झन्झन् बढ्दै गएको छ । गरिब किसानको अलिकति भएको पाखोबारीमा समेत शोषक, सामन्ती साहूले गिद्धेदृष्टि लगाउनाले त्यही पनि षडयन्त्र गरी लिएका छन् जसले गर्दा ती गरिबका सन्तान, जहान, परिवारहरूको दिनदिन विचल्ली भएको छ । साहूको ऋण चुक्ता गरी सन्तान, जहान, परिवारका साथमा दु:खसुख सँगै बस्न पाइएला कि भनी भविष्यको आशावादी सपना बुनी कति गरिब नेपाली युवाहरू मुग्लान पस्न बाध्य छन् । तैपनि शोषक, सामन्त एवम् भ्रष्टहरूले गरिबलाई टाउको उठाउनै दिंदैनन् । जति मिहिनेत गरे पनि गरिबले कहिल्यै सुख पाउन नसकेकाप्रति कवि साह्रै चिन्तित देखिएका छन् । जस्तै :

अन्यायले जीवन असह्य भो
हैरान भो ज्यान छियाछिया भयो

गरिबको बास उठाइयो किन
तँलाई मालुम छ कि यो कुरा मन ?
(पृ. १६)

गरिबले खाली पेटमा पटुका कसी दिनरात, घामपानी, सिरेटो केही पर्वाह नगरी खेतबारीमा काम गर्छन् । उनीहरूले खनजोत, गोडमेल गरेर मानाबाट मुरी फलाउँछन् तर तिनैको सधैं खाली तथा आधा पेट हुन्छ । अन्यायी, अत्याचारी, शोषकहरूले उनीहरूको श्रम र पसिनामा डुबुल्की मारी आनन्दले जीवन बिताउँछन् भने ती श्रमका पुजारीको मिहिनेतको कहिल्यै कदर गर्दैनन् । जताततै अन्यायको राज चलेको हुनाले गरिबले कहिल्यै न्याय निशाफ पाउन सकेनन् । न्याय निशाफ माग्न पनि कहाँ जाने ? देश र जनताका पहरेदार बनेकाहरू नै पालेदेखि मन्त्रीसम्म, अफिसर, सिपाही प्रायः जसो जताततै घुसबिना केही काम हुँदैन । भ्रष्टाचारले देशै डुबिसक्यो । कसैले यस्ता विसङ्गति, विकृति, अन्याय, अत्याचार एवम् भ्रष्टाचारका विरोधमा अलिकति पनि आवाज उठायो भने उसको बास झ्यालखानाको हुन्छ । अनि देश र जनताको भलो कसरी हुन्छ त भन्ने कुरालाई कविले यसरी अभिव्यक्त गरेका छन् :

विरोधमा बोल्नु हुँदैन केही कुरा
पुगिन्छ झ्यालखाना फलामका चुरा
जो बोल्छ उस्कै मुखमा बुझो किन
तँलाई मालुम छ कि यो कुरा मन ?
(पृ. १९)

गाँस, बास, कपास, स्वास्थ्य, शिक्षाजस्ता अत्यावश्यक आधारभूत क्षेत्रमा समेत महङ्गीले आकाश छोएको छ; विभिन्न विसङ्गति, विकृति, कालोबजारी इत्यादिले जरा गाडेको छ । नातावाद, कृपावाद अनि घुसका कारण गरिब र सोझाले यी कुराहरूदेखि लिएर रोजगारबाट नै सधैं विमुख हुनु परेको छ । कतिपय पदाधिकारीहरूले पालेका गुण्डाका कारण देशमा हत्या, हिंसा, बलात्कार जस्ता जघन्य अपराधले विकराल रूप लिएको छ । देशका कलकारखानामा पनि विदेशीकै वर्चस्व छ । कतिपय मै हुँ भन्ने स्वार्थीहरूले राष्ट्रभक्तको मुखुण्डो लगाएर विदेशीको लोभमा परी स्वदेशी संस्कृति, सम्पत्ति समेत बेच्न पछि नपर्ने राष्ट्रघातीहरूको कारण देश उँभो लाग्नुभन्दा उँधो लागेको अवस्थामा छ । यस्ता मार्मिक पक्षलाई कविले काव्यत्मक रूप दिएका यस खण्डकाव्यका केही काव्यांशहरू यसप्रकार छन् :

पालेर गुण्डाहरू जाँडरक्सीमा
झन्डा र डण्डा सब मग्नमस्तीमा

हत्या बलात्कार कति भए हुन
तँलाई मालुम छ कि यो कुरा मन ?
(पृ. २३)
बिक्री गरी देश मजा उडाउन
विदेश सार्‍यो जसले ठूलो धन
म देशको भक्त हुँ भन्छ त्यो किन
तँलाई मालुम छ कि यो कुरा मन ?
(पृ. २५)
अमेरिकी डलरमै सती बनी
मरेर पो जान्छ कि संस्कृति पनि ।
(पृ. २६)

यस खण्डकाव्यमा काव्यकारले तत्कालीन समयमा विश्वमै अशान्त भएको अवस्थालाई पनि केही समेटेका छन् । उनले बेरुत, प्यालेष्टाइन, अरब, कम्बोडिया, इरान, इराक इत्यादि जस्ता देशहरू युद्धको चपेटामा परेका कुरालाई समेत प्रस्तुत गरेका छन् । त्यस्तै, अफगानमा प्रभुत्ववादी रुसले गरेको हत्या सम्बन्धी घटनालाई पनि उसै गरी प्रस्तुत गरेका छन् । प्रभुत्ववादी दुई महाशक्तिको लुछाचुँडीको चपेटामा संसारै चेपिएको कुरालाई पनि कविले बडो कलात्मक तरिकाले यसरी अभिव्यक्त गरेका छन् :

संसारै आज चपेटिंदो छ
युद्धाग्निमा धर्ती लपेटिंदो छ ।
(पृ. ३०)

राष्ट्रका शासकले सम्पूर्ण जनताहरूलाई समान व्यवहार गर्नु पर्ने हो । सबैलाई एकताबद्ध गरी अगाडि बढाउनु पर्ने हो । यसको विपरीत जनतालाई एकापसमा फुटाएर, झगडा गराएर उत्पन्न भएको अन्योलपूर्ण एवम् विकराल परिस्थितिमा रमाउने प्रवृत्ति किन बढेको हो भनी प्रश्न गरेका छन् । गाउँ, बस्ती, पहाड, पर्वत जतातत्तै सारा देश, विदेशभरि यस्तो उत्पन्न विकराल परिस्थितिलाई शान्त पारी सम्पूर्ण जनतालाई हक अधिकार दिलाउन सकेको भए देशभक्त जनजसमूह पनि आक्रोशित भएर आँधीबेहरी सरह उर्लने थिएन । जनता र देशलाई फुटाउने नभई जुटाउने शासकको खाँचो औंल्याउँदै कविले नेपाल राष्ट्रमा मात्र नभई सम्पूर्ण विश्वमै कसरी शान्ति स्थापना गर्ने भनी चिन्तनशील गम्भीर कथानक यसरी प्रस्तुत गरेका छन् :

यो विश्व-शान्ति कसरी गराउने
टुटेफुटेका कसरी जुटाउने

खोज्दै छ मान्छे अब शान्ति नै किन
तँलाई मालुम छ कि यो कुरा मन ?
(पृ. ३२)

यसरी यस 'लोक विनोद' खण्डकाव्यमा कथावस्तुको आदि, मध्य र अन्त्यको पूर्ण रूपमा क्रमबद्ध तरिकाले शृङ्खलित हुन नसके पनि यसको कथावस्तु यथार्थ, चिन्तनशील एवम् गहन रहेको छ ।

### ३.२.२.३ शीर्षकीकरण

कवि न्यौपानेले 'लोक' र 'विनोद' यी दुई शब्दहरूको संयोजनबाट यस काव्यको शीर्षकीकरण 'लोक विनोद' गरेका छन् । 'लोक' भन्नाले मूलतः 'संसार' र यहाँ रहने 'जन समुदाय' बुझिन्छन् (गिरी, २०६९ : १०) । त्यस्तै 'विनोद' भन्नाले 'मन बहलाउने काम', 'आनन्ददायी क्रियाकलाप' र 'मनोरञ्जन' भन्ने बुझिन्छ (त्रिपाठी सहित अन्य, २०५० : ११५४) । कविले यो खण्डकाव्य कवि शिरोमणि लेखनाथ पौड्यालको 'बुद्धि विनोद' बाट प्रभावित भई त्यस्तै शैली अपनाई लेख्ने प्रयास गरेका हुन् (मुकुन्द न्यौपानबाट प्राप्त जानकारी अनुसार) । 'बुद्धि विनोद' मा बुद्धि ठुलो हुन्छ भनिएको छ भने यस खण्डकाव्यमा चाहिं 'लोक' (जनता) ठुलो हो; हामी सधैं लोकको हितमा लाग्नु पर्दछ भन्ने भाव अभिव्यक्त भएको छ । यसमा तत्कालीन समयमा नेपालदेखि विश्वसम्मकै सम्पूर्ण परिवेश कसरी, स्वच्छ समृद्ध र आनन्ददायी एवम् शान्तपूर्ण बनाउने भनी गहन चिन्तन प्रमुख रूपमा अभिव्यक्त गरिएको छ । यसरी यो कृति लोकहितमै समर्पित देखिएकाले यस खण्डकाव्यको शीर्षकीकरण 'लोक विनोद' सार्थक र सान्दर्भिक देखिएको छ ।

### ३.२.२.४ संरचना

बाह्य संरचनाका दृष्टिले यस 'लोक विनोद' खण्डकाव्य झट्ट हेर्दा ३२ पृष्ठमा संरचित छ । यीमध्ये पृष्ठ एकमा यसै खण्डकाव्य र लेखकको नाम; पृष्ठ २ मा लेखक, प्रकाशक, सर्वाधिकारको नाम प्रकाशन मिति र मूल्य ; पृष्ठ ३ देखि ६ सम्म कवि स्वयं न्यौपानेको 'पुस्तकबारे दुई शब्द' शीर्षकको मन्तव्य र पृष्ठ ७ देखि १४ सम्म साहित्यकार प्रो डा. रमेशचन्द्र अधिकारीको 'साहित्यकार श्री मुकुन्द न्यौपानेका बारेमा' शीर्षकको भूमिका लेख समेटिएको छ । यसरी हेर्दा यस खण्डकाव्यमा पृष्ठ १५ देखिमात्र श्लोक सुरु भएको देखिन्छ । यस खण्डकाव्यमा पृष्ठ १५ देखि ३२ सम्म यो आयामका हिसाबले २१६ हरफ एवम् ५४ पाउमा विस्तारित छ । यस काव्यमा कुनै पनि किसिमको खण्ड एवम् सर्ग विभाजन गरिएको छैन । यस काव्यका सम्पूर्ण श्लोकहरू पद्य लयमा छन्दोबद्ध गर्ने प्रयास गरेका छन् तर छन्द मिलानमा क्रममा पूर्ण रूपमा भने सफल देखिएका छैनन् । यसरी यस लघु खण्डकाव्यको संरचनागत पक्षमा सामान्य कमजोरी देखिए तापनि आयाम र स्तरका हिसाबले भने सन्तोषजनक देखिएको छ ।

### ३.२.२.५ पात्र विधान

कुनै पनि खण्डकाव्यमा पात्रविधानको महत्वपूर्ण भूमिका हुन्छ । खण्डकाव्यको आवश्यकता र अवस्था हेरी कुनै पनि उल्लेखनीय व्यक्ति वा वस्तु पात्रको रूपमा लिन सकिन्छ (आचार्य, २०६४ : ३१६) । यस खण्डकाव्यमा प्रत्यक्ष एवम् प्रश्नकर्ताका रूपमा कवि स्वयं देखिएका छन् । विविध विषयवस्तु समेटिएको यस 'लोक विनोद' खण्डकाव्यमा कविले तिनै विषयवस्तुसँग सम्बन्धित विविध प्रश्नहरू आफ्नै मन 'तँ' पात्रलाई सोधेका छन् । अन्य वसन्त, फलफूल, विरुवा, धरा, कोसी, गण्डकी, अन्न, गाउँ, बस्ती, यो देश, जाली, घुस्याहा, सोझा, निर्धा, निमुखा, गरीब, मगन्ते, ठूलाबडा मानिस, झुप्रा, कुप्रा, जहान, बच्चा, जमिन्दार, सन्तान, पाले, मन्त्री, अफिसर, सिपाही, नानीहरू, बाबु, सरकार, गुण्डाहरू, डण्डा, विदेशी, साथी, सँगी, जङ्गल, संस्कृति, मान्छे, नेताहरू, छोरा, अंग्रेज, गोर्खाहरू, आमा, युवाहरू, यहुदीहरू, प्यालेष्टिनी, प्रभुत्ववादी दुई विश्वशक्ति, जनताहरू, देशभक्त जस्ता पात्रहरू देखिएका छन् । राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय र घटना परिवेशहरूलाई काव्यात्मक रूप दिंदै जाँदा कविले आफूले सम्झिएका जति यी मानवीय एवम् अमानवीय विभिन्न पात्रहरूलाई उपुक्त तरिकाले यहाँ उल्लेख गरेका छन् । यी कुनै पनि पात्र यस खण्डकाव्यमा प्रत्यक्ष रूपमा क्रियाशील छैनन् । यी सबै गौण रूपमा प्रयोग भएका छन् । यस खण्डकाव्यमा प्रत्यक्ष रूपमै आबद्ध, गतिशील, मञ्चीय एवम् सत्पात्रका रूपमा कविमात्र देखिएका छन्  किनभने कविले त्यति धेरै प्रश्न गर्दा पनि 'मन' (तँ) पात्रले एउटा पनि उत्तर दिएको छैन र अन्य पनि कुनै क्रियाकलापमा पनि सक्रिय देखिएको छैन । यसरी कविले राष्ट्रिय र अन्तर्राष्ट्रिय विविध विसङ्गति एवम् विकृतिहरूबाट आफ्ना मनमा उत्पन्न भावहरूलाई एकालाप एवम् मनोवादका रूपमा अभिव्यक्त गरेका छन् । त्यसैले यस खण्डकाव्यमा मुख्य पात्रहरू पहिलो 'कवि' अनि 'मन' देखिएका छन् ।

### ३.२.२.६ परिवेश विधान

खण्डकाव्यमा परिवेश अन्तर्गत देश, काल, वातावरण एवम् परिस्थितिको चित्रण गरिएको हुन्छ । वि.सं. २०६५ मा 'मुकुन्द न्यौपाने' नामबाट पुनः प्रकाशन गर्दा अप्रासाङ्गिक बनिसककेका कतिपय कुराहरू हटाई अझै छोटो आकार बनाइएको यस 'लोक विनोद' खण्डकाव्यको सारवस्तु ०३८ कै परिवेशको  सेरोफेरोमै छ । यो खण्डकाव्यमा कवि स्वयं वि.सं. २०३८ सालमा नारायणी र जनकपुरमा भूमिगत भई काम गर्दा उनका आँखाले देखेका र भोगेका जनताका पीडा र मर्मलाई उनले यहाँ बद्ध गर्ने प्रयत्न गरेका छन् (मुकुन्द न्यौपानेबाट प्राप्त जानकारी अनुसार) । राष्ट्रिय राजनीतिमा राजतन्त्रले जनतालाई बौद्धिक अपाङ्ग बनाइरहेको तत्कालीन अवस्थामा अन्तर्राष्ट्रिय क्षेत्र चाहिँ दुई अति महाशक्तिको होडबाजीको चपेटामा परी विश्वले भोग्नु परेका पीडाहरू जनतालाई संक्षिप्त रूपमा भए पनि बुझाउन उनले यो सानो कृति लेखेका हुन् (ऐजन) । नेपाली परिवेशका कुरा गर्दा कविले यस खण्डकाव्यमा उराठ लाग्दो प्राकृतिक वातावरण, उचित सिंचाइको अभावले कृषि क्षेत्रमा परेको प्रतिकूल असरबाट सिर्जित वातावरण, उत्पादित केही खद्यान्नबाट पनि बञ्चित भएका कारण अनिकालग्रस्त गाउँ र बस्ती, भोक र अशिक्षाले ग्रस्त परिवेशहरूलाई यसरी व्यक्त गरेका छन् :

उराठ लाग्दो छ वसन्त नै पनि
ओइलाउँदा छन् फलफूल नै पनि

रुँदो छ भोको बनी देश यो किन
तँलाई मालुम् छ कि यो कुरा मन ?
(पृ. १५)

पढ्छौं भनी नानीहरू रडाको
गर्छन् यता बाबु छ खिन्न भाको ।
(पृ.२१)

जाली र घुस्याहाहरूको अन्याय, अत्याचार, शोषण, दमन इत्यादि जस्ता कारणले गर्दा समाजमा गरिब, सोझा, निर्धा र निमुखाहरूको उठिबास लागेको छ । जहान, परिवार र पेट पाल्नका लागि बाटाबाटा, गल्लीगल्ली र घरघर मगन्ते बन्दै हिड्नु पर्ने बाध्याताले ग्रस्त परिवेशबाट कवि हृदय छियाछिया भएको छ । कुनै श्लोकमा धनी र ठुलाठालु भनाउँदाहरू चाहिँ दुःख नगरे पनि सधैं मोजमस्तीको जीवन बाँच्ने; गरिबहरूले जति दुःख गरे पनि भोकै बस्नुपर्ने बाध्यता त कुनैमा कतिपय गरिबहरूको अलिकति भएको पाखोबारी पनि षडयन्त्रकारी जमिन्दारको जाली पञ्जामा परेर तिनीहरूको विचल्ली भएको कारुणिक अवस्था देखिएको छ भने कुनै श्लोकहरूमा महङ्गीले आकाश छोएर बाँची नसक्नुको स्थिति, स्वास्थ्य र शिक्षा जस्ता क्षेत्रमा समेत भएको व्यापारीकरण, प्रशासनिक, न्यायिक एवम् विविध सरकारी कार्यालयहरूमा हुने गरेका नातावाद, कृपावाद, भ्रष्टाचार इत्यादि जस्ता विकृति र विसङ्गतिहरूले जरा गाडेको छ । यस्ता विसङ्गतिका विरुद्ध कसैले अलिकति पनि आवाज उठायो भने उसलाई जेलनेल हुने अवस्थाको उजागर गरिएको छ । देश र जनताको सेवा र सुरक्षाको जिम्मा लिएकाहरूमध्ये कतिपयको संरक्षणमा नै गुण्डाहरूको बिगबिगी बढ्न गएर हत्या हिंसा एवम् बलात्कारका घटनाहरू बढ्दै गएका कारुणिक अवस्थाहरू पनि उत्तिकै मार्मिक किसिमले अभिव्यक्त भएका छन् । जस्तै :

हरेक वस्तु महँगो बजार
लाखौं दुखेसाहरू छन् अपार
(पृ.२१)

शिक्षामहाँ यो बनियाँमुखी किन
तँलाई मालुम छ कि यो कुरा मन ?
(पृ.२२)

पालेर गुण्डाहरू जाँडरक्सीमा
झण्डा र डण्डा सब मग्नमस्तीमा
हत्या बलात्कार कति भए हुन
तँलाई मालुम छ कि यो कुरा मन ?
(पृ.२३)

देशभक्तको नकाव लगाई व्यक्तिगत स्वार्थ परिपूर्तिका लागि स्वदेशी धरोहरका रूपमा रहेका सम्पत्ति समेत विदेशीलाई सुम्पन पछि नपर्ने, देशलाई नै सम्पूर्ण तवरबाट सकेसम्म विदेशीकै इशारामा चलाउने, विदेशी डलरको लोभमा फसेर संस्कृतिलाई दाउमा पार्ने तत्त्वहरूका कारण देशकै अस्तित्वमा आँच आएको परिवेशलाई कविले अभिव्यक्त गरेका केही काव्यांशहरू यसप्रकार छन् :

बिक्री गरी देश मजा उडाउन
विदेश सार्‍यो जसले ठूलो धन
म देशको भक्त हुँ भन्छ त्यो किन
तँलाई मालुम छ कि यो कुरा मन ?
(पृ.२५)

अमेरिकी डलरमै सती बनी
मरेर पो जान्छ कि संस्कृति पनि ।
(पृ.२६)

यस खण्डकाव्यमा नेताहरूको भोट किन्ने प्रवृत्ति, जितेपछि चाहिं आफ्नो नैतिकता, बाचा र बन्धन सबै बिर्सिएर साँढे बन्दा त्यसको कुप्रभाव समाज, देश र जनतामा परेको परिस्थितिलाई पनि समेटिएको छ । नेपाली युवाहरू भारत, कोरिया, बेलायत, प्यालेष्टायन, ईरान, ईराक, अफगानिस्तान इत्यादि जस्ता विदेशी मुलुकमा ज्यानको बजी थापेर कामका लागि गएका छन् । कतिपय युवाहरूको उतै अकालमै ज्यान गएको छ जसले गर्दा यता घर परिवारका सदस्यहरू शोकमा डुब्नु परेको अवस्था पनि बडो कारुणिक देखिएको छ । नेपालमा मात्र नभएर तत्कालीन समयमा विश्वका विभिन्न राष्ट्रहरूमा जघन्य युद्ध, हत्या र हिंसाबाट उत्पन्न त्रास र भयावह परिस्थितिको सामना गर्नु परेको अवस्था पनि उसैरी नै वर्णन गरिएको छ । विश्वका ठूलाठूला मुलुकहरूका बिचको द्वन्द्वको असर विश्वभरि नै नराम्ररी परेको परिस्थितिलाई कविले यसरी प्रस्तुत गरेका छन् :

अंग्रेजको निम्ति गुमाई ज्यान
फकल्याण्ड भो गोर्खाहरूको चिहान ।
(पृ.२७)

संसार नै आज चपेटिंदो छ
युद्धाग्निमा धर्ती लपेटिंदो छ ।

(पृ.३०)

कुनै श्लोकहरूमा विश्वभरि नै यसरी अशान्त र भयावहको स्थिति सिर्जना भएपछि देशभक्त जनहरू देश र जनतामा कसरी शान्ति स्थापना गर्न सकिन्छ भन्ने विषयमा चिन्तित भई भेला भएर उपायको खोजमा लागेका परिवेशलाई यसरी अभिव्यक्त गरिएको छ :

गाउँ र वस्तीहरूमा छ हल्चल
भेला भई साथी गरौं नि छल्फल
भनेर उठे देशभक्त किन
तँलाई मालुम् छ कि यो कुरा मन ?

(पृ.३१)

यसरी यस 'लोक विनोद' खण्डकाव्यमा कविले नेपालदेखि विश्वसम्मकै मानवीय, प्राकृतिक, साामाजिक, सांस्कृतिक, राजनीतिक एवम् वर्ग विभाजन सम्बन्धी विभिन्न अन्याय, अत्याचार, शोषण, दमन, उत्पीडन, हत्या, हिंसा, बलात्कार, युद्ध इत्यादि जस्ता विकृति र विसङ्गतिहरूबाट आक्रान्त परिवेशहरूको साथमा शान्तिको उच्च चाहना गर्दै क्रान्तिकारी, यथार्थवादी, प्रगतिशील एवम् साम्यवादी विचारहरू अभिव्यक्त गरेका छन् ।

### ३.२.२.७ केन्द्रीय कथ्य एवम् भाव

राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय परिवेशका अनेक विषय र घटनाहरूलाई समावेस गरी रचना गरिएको यो 'लोक विनोद' खण्डकाव्यमा मुख्य एवम् स्थायी भावका रूपमा कुनै पनि आएको छैन । विविध घटना र परिवेशलाई अँगालिएको हुनाले भावहरू क्षणक्षणमा परिवर्तन भइरहेका छन् । आख्यानका दृष्टिले फितलो देखिएको यस खण्डकाव्यमा रसको परिपाक पनि त्यति रहेको पाइँदैन । कुनै श्लोकमा विस्मय र शोक भाव भेटिएका छन् भने कुनैमा एकातिर श्रृङ्गार त अर्कातिर श्रृङ्गारकै साथमा करुण, भय, भीभत्स र क्रोध जस्ता भावहरू पनि आएका छन् । कतै उत्साह त कतै आक्रोश, क्रोध, वेथितिप्रतिको विरुद्ध जुध्ने प्रेरणा, वात्सल्य, शम, द्वन्द्व र वीरता जस्ता भावहरू क्षणक्षणमा आउँदै जाँदै आउँदै जाँदै गरेका छन् । जस्तै :

ठूलाबडा मानिस मस्तीमा छन्
बस्ती स-साना उठिबास हुन्छन्

(पृ.१७)

चिम्लेर आँखा चुप बुद्ध छन् किन
तँलाई मालुम छ कि यो कुरा मन ?
(पृ.२८)

जघन्य हत्या अफगानमा पनि
प्रभुत्ववादी रुसले गऱ्यो भनी
.................................
(पृ.२९)

यसरी खण्डकाव्यभरि यस्ता विविध बेथितिप्रति विरोध गर्दै त्यससँग जुध्ने भावहरूका साथमा वास्तवमा सुन्दर, शान्त, स्वच्छ र समृद्ध समाज एवम् राष्ट्रको उच्च चाहना गरिएको छ । नेपालका साथै विश्वभरि शान्ति स्थापना कसरी गर्ने भनी चिन्ता व्यक्त गरिएकाले अन्त्यतिर चाहिं यसको केन्द्रीय कथ्य शान्त भाव रहेको देखिएको छ ।

### ३.२.२.८ कथन पद्धति

प्रस्तुत 'लोक विनोद' खण्डकाव्यमा कवि न्यौपानेले राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय जीवन जगत्का हेराइ, बुझाइ, भोगाइ एवम् भावहरूलाई  कविले आफ्नै मनसँग विविध प्रश्नहरू गरेका छन् । यस क्रममा कविका मानसपटलमा स्मृतिका रूपमा आएकासम्म नेपालदेखि विश्वका विविध देश, घटना, विषयवस्तु इत्यादिलाई उल्लेख गरेका छन् । यसरी प्रयोग गरिएका मानवीय एवम् अमानवीय द्वितीय र तृतीय पुरषका नाम र सर्वनामहरू पनि कवि स्वयंको एकालाप एवम् मनोवादका रूपमा देखिएका छन् । यसरी यो खण्डकाव्यका सबै कथनहरू कवि स्वयं उपस्थित भएर एकोहोरो कथन गरेका हुनाले यो कृति कविप्रौढोक्ति कथन पद्धतिमा आधारित देखिएको छ ।

### ३.२.२.९ छन्द वा लय विधान

न्यौपानेको लेखन क्षेत्र मूल रूपमा पद्य नभएर गद्य हो । यो 'लोक विनोद' खण्डकाव्य भने वंशस्थ छन्दमा लेख्ने प्रयास गरेका छन् तर पूर्ण रूपमा चाहिं सफल देखिएका छैनन् । यस कृतिमा एकाध रूपमा ईन्द्रव्रजा र ईन्द्रवंशा छन्दका पङ्क्ति पनि देखिएका छन् भने धेरै श्लोकहरूमा छन्दोभङ्ग देखिएको छ । 'ततजगु' गण मिलेर बनेको एघार अक्षरको छन्दलाई ईन्द्रव्रजा छन्द भनिन्छ । यसको पाँच अक्षरपछि विश्राम हुन्छ (नेपाल, २०६६ : ३१) । त्यस्तै 'ततजर' गण मिलेर बनेको बाह्र अक्षरको छन्दलाई ईन्द्रव्रजा छन्द भनिन्छ । यसको पाँच अक्षरपछि विश्राम हुन्छ (नेपाल, २०६६ : ४५) । 'जतजर' गण मिलेर बनेको बाह्र अक्षरको छन्दलाई वंशस्थ छन्द भनिन्छ । यसको प्रत्येक तीन

अक्षरपछि अति छोटो विश्राम हुन्छ (नेपाल, २०६६ : ४४) । यस खण्डकाव्यमा वंशस्थ, ईन्द्रव्रजा र ईन्द्रवंशा छन्दमा रचित काव्यांशहरू क्रमशः यस प्रकार छन् :

उराठ लाग्दो छ वसन्त नै पनि
ओइलाउँदा छन् फलफूल नै पनि
भएर सुख्खा बिरूवा सुके किन
तँलाई मालुम् छ कि यो कुरा मन ?
(पृ.१५)

ठूलाबडा मानिस मस्तीमा छन्
बस्ती स-साना उठिबास हुन्छन्
(पृ.१७)

बन्नेछ नेपाल कसोगरी किन
..................................
(पृ.३२)

यसरी कवि न्यौपानेले यो खण्डकाव्य वंशस्थ छन्दमा लेख्ने प्रयास गरेका छन् तापनि कहीं कहीं अन्य छन्दका पनि एकाध पङ्क्ति देखिएका छन् भने धेरै पङ्क्तिहरूमा छन्दोभङ्ग भएको छ । छन्द मिलानका क्रममा यस्ता केही कमी कमजोरीहरू देखिए तापनि आद्यानुप्रास, मध्यानुप्रास, अन्त्यानुप्रास एवम् पङ्क्तिको पुनरावृत्तिले यो खण्डकाव्य श्रुतिमधुर, गेयात्मक, लयात्मक एवम् बोधगम्य बनेको छ ।

### ३.२.२.१० बिम्बालङ्कार र प्रतीक विधान

अलङ्कार विधानका दृष्टिले हेर्दा यस 'लोक विनोद' खण्डकाव्यमा आद्य, मध्य र अन्त्यानुप्रास जस्ता शब्दालङ्कारको उचित प्रयोग देखिएको छ । अलङ्कारको मूल तात्पर्य कल्पना र भाव संलिष्ट चमत्कार हो (पौडेल, २०५७ : ८१) । त्यस्तै यस कृतिमा केही मात्रामा उपमा, उत्प्रेक्षा इत्यादि जस्ता अर्थालङ्कारहरूको पनि प्रयोग भएको छ । यस खण्डकाव्यमा प्रयुक्त 'जाली', 'घुस्याहा', र 'ठूलाबडा' शब्दहरू सम्पूर्ण शोषक र सामन्तवादी सोचले आक्रान्त बनेका व्यक्तिहरूको प्रतीक र 'सोझा', 'निर्धा', 'निमुखा' र 'गरिव' शब्दहरू तिनै शोषकहरूबाट शोषित, पीडित एवम् सम्पूण गरिबहरूको प्रतीकको रूपमा प्रयोग भएका छन् भने 'झुप्रा', 'कुप्रा' र 'फलामका चुरा' जस्ता शब्द एवम् शब्दावलीहरू क्रमशः शोषित, पीडित एवम् गरिबहरूको बासस्थान र हतकडीको बिम्ब भएर आएका छन् । यस खण्डकाव्यमा प्रयुक्त बिम्बालङ्कार एवम् प्रतीकहरू व्यङ्ग्यात्मक अर्थ दिन पूर्ण रूपमा सफल नदेखिए तापनि यस खण्डकाव्यको भावलाई उत्कर्षमा पुऱ्याउनका लागि कविले निकै प्रयास गरेका छन् जुन प्रशंसनीय छ । यो खण्डकाव्य अभिधात्मक दृष्टिले नै बोधगम्य देखिएको छ ।

### ३.२.२.११ भाषाशैली

कवि न्यौपानेले प्रस्तुत 'लोक विनोद' खण्डकाव्यमा सरल, सहज एवम् सुबोध भाषशैली प्रयोग गरेका छन् । नेपाली झर्रा शब्दहरूको अधिक प्रयोग भएको यस कृतिमा कविले वसन्त, धरा, कोसी, गण्डकी, भीक्षा, गृष्म, न्याय, व्यथा, तन, भक्त, सती, बुद्ध, मातृभूमि, भीषण इत्यादि जस्ता तत्सम शब्दहरू र गाउँ, बस्ती, हात, काम, मानिस, खेत, बारी, आज, मुख, तातो, आँखा, आँसु इत्यादि जस्ता तद्भव शब्दहरूको प्रयोग गरेका छन् भने मालुम्, जमिन्दार, अनाज, इन्साफ, नजाराना, अफिसर, पास, फेल, डलर, भोट, खातिर इत्यादि जस्ता आगन्तुक शब्दहरू पनि प्रयोग गरेका छन् । चिराचिरा, छियाछिया, टनाटन, लुछाचुँडी, झमिक्क, इत्यादि जस्ता अनुकरणात्मक शब्दहरूले खण्डकाव्यलाई अझ सुन्दर बनाएका छन् । त्यस्तै कठै र ऐया जस्ता विस्मयादिबोधक शब्दहरूका साथै नै, कि, नि, खै, न, त र पो जस्ता निपातहरूले यो कृति श्रुतिमधुर बनेको छ ।

सबै श्लोकहरूमा प्रश्नात्मक शैली अपनाइएको यस खण्डकाव्यमा कविले समासका दृष्टिले फलफूल, पाखोपखेरो, खेतबारी, दिनरात, खनजोत, हरदिन, उद्योगधन्दा, हराभरा, विश्वशक्ति, युद्धाग्नि, देशभक्त इत्यादि समस्त शब्दहरू साथै घरघर, स-साना, जताततै, टनाटन, चिराचरा, ठूलाठूला, छियाछिया, माथिमाथि, कतकतै इत्यादि जस्ता द्वित्व शब्दहरूले यो खण्डकाव्य लालित्य एवम् लयात्मक बनेको छ । पद विन्यास र वर्ण विन्यासका हिसाबले केही कमजोरीहरू देखिए तापनि कविले सजिला र स्वाभाविक कथनलाई सफलतापूर्वक माधुर्य संयोजन गरेकाले यो खण्डकाव्य मर्मस्पर्शी, कर्णप्रिय, आकर्षक एवम् सुबोध बनेको छ ।

### ३.२.२.१२ निष्कर्ष

प्रस्तुत 'लोक विनोद' खण्डकाव्य कवि न्यौपानेको काव्ययात्राको दोस्रो चरण अन्तर्गत कृति हो । वि. सं. २०६५ मा केही परिमार्जन गरी पुनः प्रकाशन गरिएको यो उनको प्रकाशित समग्र साहित्य कृतिमा दोस्रो र खण्डकाव्यमा पहिलो कृति हो । यो कृति पृष्ठ १५ देखि ३२ सम्ममा जम्मा ५४ वटा श्लोकहरूमा बद्ध छ । यो खण्डकाव्य कवि न्यौपानेको तत्कालीन समयमा राष्ट्रिय राजनीतिमा राजतन्त्रले जनतालाई बौद्धिक अपाङ्ग बनाइरहेको उक्त अवस्थामा अन्तर्राष्ट्रिय क्षेत्र चाहिँ दुई अति महाशक्तिको होडबाजीको चपेटामा परी विश्वले भोग्नु परेका पीडाहरू गहन रूपमा प्रस्तुत गरिएको काव्यात्मक अभिव्यक्ति हो । यो कृतिमा सबैभन्दा ठूलो लोक हो; सधैं लोकहितमा कसरी लाग्ने भनी गहन चिन्तन गरिएको छ । राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय परिवेशका विविध पक्षलाई समेट्ने प्रयास गरिएको यस खण्डकाव्यको मूल कथावस्तु नेपाल देश र नेपाली जनता एवम् विश्व सम्बन्धी कविको मानवतावादी, समाजवादी, राष्ट्रवादी, साम्यवादी, यथार्थवादी एवम् प्रगतिशील चिन्तनहरू हुन् । कविले यस कृतिमा देशमा व्याप्त गरिबी, शिक्षाको व्यापारीकरण, अन्याय, अत्याचार, शोषण, दमन, उत्पीडन, हत्या, हिंसा, बलात्कार, बेरोजगारी, नेताको भोट किन्ने प्रवृत्ति, जितेपछि साँढे बन्ने स्वभाव, देश र जनताप्रति विमुख, भ्रष्टाचार, इत्यादि जस्ता राष्ट्रप्रतिको साथै विश्वमै व्याप्त भयावह

र सन्त्रस्तपूर्ण विकृति र विसङ्गतिपूर्ण विषम परिस्थितिका विरुद्ध चिन्तायुक्त प्रश्नहरू काव्यात्मक एवम् कलात्मक रूपमा अभिव्यक्त गरेका छन् । गैरआख्यान जस्तो देखिएको यो खण्डकाव्य छन्द मिलानका क्रममा अनेक श्लोकहरूमा छन्दोभङ्ग देखिएको छ तापनि गहन चिन्तन सरल, सहज, मर्मस्पर्शी, आकर्षक एवम् सम्प्रेषणयुक्त भाषाशैलीमा प्रस्तुत भएको छ ।

शास्त्रीय वंशस्थ छन्दमा लयबद्ध गर्ने प्रयास गरिएको यस खण्डकाव्यलाई कुनै सर्ग, छाल वा खण्ड विभक्त गरिएको छैन । विभिन्न तत्सम, तद्भव, आगन्तु, अनुकरणत्मक, समास, द्वित्व, विस्मयादिबोधक, निपात, शब्दहरू साथै बिम्बालङ्कार इत्यादिले यस काव्यलाई कर्णप्रिय एवम् श्रुतिमधुर बनाएका छन् । कवि प्रौढोक्ति कथन पद्धतिमा आधारित बढी मात्रामा यो खण्डकाव्य अभिधात्मक रूपले नै बोधगम्य देखिएको छ । लोकहितमा समर्पित यो काव्य सच्चा मानवतावादी, साम्यवादी, समाजवादी, राष्ट्रवादी, न्यायप्रेमी, क्रान्तिकारी, यथार्थवादी एवम् प्रगतिशील विचारहरूले ओतप्रोत छ । यस कृतिले स्वच्छ, समृद्ध, न्यायपूर्णका साथै शान्तपूर्ण राष्ट्र एवम् विश्व निर्माण गर्न उत्प्रेरित गरेको छ । यसरी यो 'लोक विनोद' खण्डकाव्य आयामका हिसाबले सानो छ तर विषयवस्तुका हिसाबले गम्भीर एवम् महत्त्वपूर्ण देखिएको छ ।

यसरी मुकुन्द न्यौपानेले विश्व शान्तिको चिन्ता गर्दै 'स्वदेश निर्माण कसले गर्छ ? स्वदेश कसरी बन्छ ?' भनी यस खण्डकाव्यको अन्त्यसम्म नै चिन्तायुक्त प्रश्न गरेका छन् । न्यौपानेको यो कृतिमा तत्त्वगत हिसाबले विभिन्न कमी कमजोरीहरू छन् तापनि यसमा अभिव्यक्त जुन भावहरू छन् ती बडो सान्दर्भिक एवम् गाम्भीर्य छन् । यो खण्डकाव्य आकृतिगत रूपमा सानो छ तर विषयगत गहिराइका हिसाबले महान छ ।

### ३.२.३ 'पीडित आत्माका धुनहरू' गीति सङ्ग्रह

#### ३.२.३.१ सामान्य परिचय

प्रस्तुत 'पीडित आत्माका धुनहरू' गीति सङ्ग्रह मुकुन्द न्यौपानेको वि.सं. २०४० सालमा 'उदय शर्मा' नामबाट प्रकाशित कृति हो । यो उनको प्रकाशित समग्र साहित्य कृतिमा छैठौं र गीति कविता विधाको पहिलो गीति सङग्रह हो । उनको काव्यिक यात्राको दोस्रो चरण अन्तर्गतको यस सङ्ग्रहमा १३ वटा गीति कविताहरू सङगृहीत छन् । जनज्योति प्रकाशनले प्रकाशन गरेको यस सङ्ग्रहका गीति कविताहरू देश र जनताहरूका जल्दाबल्दा समस्याहरूलाई प्रतिनिधित्व गर्न सक्ने र सर्वसाधरणको मनमुटु छुने किसिमका छन् ।

#### ३.२.३.२ शीर्षकीकरण

यस सङग्रहमा सङ्कलित सबैजसो गीति कविताहरूमा दीन, दुःखी, गरिब, किसान एवम् श्रमिकहरूको उत्पीडनहरू खाँदिएका छन् । तीन शब्दबाट निर्मित यस सङ्ग्रहको नाम नै 'पीडित आत्माका धुनहरू' बडो मर्मस्पर्शी देखिएको छ । यो गीति सङ्ग्रह विशेष गरी फुटपाथे पसलहरू,

ढाक्रेहरू, कार्खानाका श्रमिकहरू, दीन दुःखीहरूजस्ताको कथाव्यथाबाट प्रेरित भएको र शीर्षक पनि सोही अनुसार राखिएको कुरा कवि स्वयं मुकुन्द न्यौपानेले बताएका छन् । यस सङ्ग्रहका कविताका शीर्षकहरू एक शब्ददेखि ४ शब्दसम्मका पद वा पदावलीमा रहेका छन् । यीमध्ये सरसर्ती हेर्दा 'भाइ-बहिनीलाई', 'युवकहरूसँग' र 'वन्दीसँग' गरी ३ वटा कविताहरूको शीर्षक एक शब्दबाट राखिएको छ । त्यसै गरी 'कार्खानाको गीत', 'आजको दशैं', 'नयाँ दशैं', 'पञ्चलाई प्रश्न', 'आजको काठमाडौं', 'मइ दिवस' र 'बाटो खोज्दा' जस्ता ७ वटा कविताहरूको शीर्षक दुई शब्दबाट राखिएको छ भने 'भानुभक्तको गाउँमा पुग्दा' र 'भीम ढुंगाका ढाक्रेहरू' २ वटा कविताहरूको शीर्षक ३ शब्दबाट र राखिएको छ र 'सत्तरीऔं अक्टूवर क्रान्तिको वर्षगाँठमा' एउटा कविताको शीर्षक चार शब्दबाट राखिएको छ । यीमध्ये पदयोग गर्नुपर्ने 'भीमढुंगाका ढाक्रेहरू' कविताको शीर्षकमा पद वियोग देखिएको छ भने 'बन्दीसँग' मा वर्णविन्यासमा सानो गल्ती देखिएको छ । यसरी यस सङ्ग्रहमा पनि सङ्गृहीत केही कविताको शीर्षकीकरणमा पदविन्यासका आधारमा सामान्य कमजोरी देखिए तापनि कविताहरू पढ्दै जाँदा कविको भनाइसँग सार्थक मेल खाएको देखिन्छ । त्यसैले यस सङ्ग्रको शीर्षकीकरण 'पीडित आत्माका धुनहरू' सार्थक छ ।

### ३.२.३.३ संरचना

प्रस्तुत 'पीडित आत्माका धुनहरू' गीति कविता सङ्ग्रहको बाहिरी संरचना २४ पृष्ठको छ । यस सङग्रहमा समेटिएका गीति कविताहरूमध्ये सबभन्दा कम विस्तारित गीति कविता १२ पङ्क्तिको 'कार्खानाको गीत' हो भने सबभन्दा बढी विस्तारित गीति कविता ८२ पङ्क्तिको 'आजको काठमाडौं' गीति कविता हो । यिनै बीचमा रहेका अन्य कविताहरू 'भाइ-बहिनीलाई' र 'भानुक्तको गाउँमा पुग्दा' २ वटा १४; 'नयाँ दशैं' १८; 'आजको दशैं' २२; 'युवकहरूसँग', 'बाटो खोज्दा' र 'वन्दीसँग' २६; 'मइ दिवस' ३०; 'सत्तरीऔं अक्टूवर क्रान्तिको वर्षगाँठमा' र 'भीम ढुंगाका ढाक्रेहरू' ३२; र 'पञ्चलाई प्रश्न' ४४ पङ्क्तिमा विस्तारित छन् । यीमध्ये एउटा गीति कविता 'पञ्चलाई प्रश्न' निरन्तर पङ्क्ति प्रवाहमा र अन्य सबै अनुच्छेद विभाजनमा आधारित छन् । अनुच्छेद विभाजनका क्रममा कुनै अनुच्छेदमा बढीमा ६ पङ्क्तिसम्म रहेका छन् भने कुनैमा कममा २ पङ्क्तिमा सीमित अनुच्छेद देख्न सकिन्छ । यस सङ्ग्रहमा एक पङ्क्तिमा सबभन्दा बढी ८ शब्दसम्म र सबभन्दा कम ४ शब्दसम्म देख्न सकिन्छ । त्यस्तै यस सङ्ग्रहभरिमा सबभन्दा बढी २१ अक्षरसम्ममा विस्तारित र सबभन्दा कममा १४ अक्षरमा सीमित पङ्क्तिहरू रहेका छन् ।

### ३.२.३.४ विषयवस्तु

यस 'पीडित आत्माका धुनहरू' गीति कविता सङ्ग्रहमा सङ्गृहीत कविताहरूमा पनि कविले विविध विषयवस्तुलाई आधार बनाएका छन् । विशेष गरी फुटपाथे पसलहरू, ढाक्रेहरू, कार्खानाका श्रमिकहरू, दीन दुःखीहरूजस्ताको कथाव्यथाबाट प्रेरित भएको यो गीति कविता सङ्ग्रहका सबै गीति कविताहरू कविले देश र जनताका जीवन र जल्दाबल्दा समस्याहरूको जगलाई आधार बनाई लेखेका छन् । जस्तै :

मिसिनले काट्दा हातको औंला गएछ रोजगारी
घुम्दछन् ठुटो लिएर हात भएर भिकारी ।
कार्खानाभित्र मजदुरका कति कथा र व्यथा छन्
सुनाउँ कसलाई यो देशभित्र कानूनै अन्धा छन् ।
'कार्खानाको गीत' (पृ. ३)

कुनैमा काठमाडौंका कतिपय गल्लीहरू तत्कालीन समयमा टुरिष्ट (हिप्पी) हरूको अखडा भएको र त्यसबाट नेपाली युवाहरूमा पर्दै गरेको कुप्रभावलाई विषयवस्तु बनाएका छन् त कुनैमा उपत्यकाबासीकै कारण दुर्गन्धित विष्णुमतिको व्यथा, काठमाडौंबासीले भोग्नु परेका खाने पानीदेखि लुटपाट, भ्रष्टाचारसम्मका अनगिन्ती समस्याहरूलाई विषयवस्तु बनाएका छन् । जस्तै :

स्म्याकको बाढी आयो बजारका गल्ली
कति युवक भुम्न थाले दिनमै हल्ली हल्ली ।
'युवकहरूसँग' (पृ. ६)
डिस्कोसँगै मदिराका बोतलहरू खुल्छन्
सेठानीका आमा-छोरी गोरासँगै भुल्छन् ।
'आजको काठमाडौं' (पृ. १३)

स्वदेशीका खुट्टा फुटे परी चिरचिरा
खानेपानी स्वच्छ छैन गँड्यौला र कीरा ।
'आजको काठमाडौं' (पृ.१४ अ.१४)

विचरा ती ढाक्रे दाइलाई विवशमा पारी
लुटाहाले ङिच्च हाँस्दै उठाउँछ भारी ।
'भीम ढुंगाका ढाक्रेहरू' (पृ. २४)

कविले यस सङ्ग्रहमा भविष्यका कर्णाधार विद्यार्थीहरूलाई समेत दीन, दुःखी, गरिबहरू, किसान, मजदुर, सिकर्मी इत्यादि जस्ता सबैको मर्मलाई बुझिदिन तिनीहरू सबैको तर्फबाट अनुरोध गर्दै लेखेका कविता पनि देख्न सकिन्छ । जस्तै :

तिम्रो पढ्ने धोको मात्रै पेट पाल्ने हो कि
देशको निम्ति पनि केही सोच्ने गर्दछौ कि,

सोचिदेऊ भाइ-बहिनी हो, बसी एकै छिन
कैले आउला दुःखी-दाखी गरीवको दिन ।
'भाइ-बहिनीलाई' (पृ. ४)

तत्कालीन समयमा समाज, देश र जनतामाथि भएको अन्याय, अत्याचार, शोषण, दमन, भ्रष्टाचार, कालो बजारी, चेलीबेटी बेचबिखनदेखि लिएर सुन तस्करी इत्यादि जस्ता विषयवस्तुमा पनि कविले राम्ररी कलम चलाएका छन् । यस्ता किसिमका दुराचारी सोच, कार्य एवम् कार्यशैलीप्रति कवि अति नै चिन्तित एवम् चिन्तनशील देखिएका छन् । यिनै कुराहरूलाई लिएर कविले पञ्चप्रति कटाक्ष प्रश्न गरेका छन् । यस्ता कुकृत्यहरू गरी वा गराई देशको अस्मिता नै दाउमा लगाउने किसिमका सम्पूर्ण कार्यहरूको जिम्मा पञ्चले नै लिनु पर्दछ भन्ने अभिव्यक्ति पनि कतिपय कवितामा पाइन्छ । जस्तै :

मान्छेलाई खोरमा थुनेर शासन चलाउन खोज्दैछौ
मानवतालाई पैसामा साट्ने जीवन रोज्दैछौ

कहाँ गो आज भन ए पञ्च, पुर्खाको इज्जत ?
कहाँ गो भन कसले लुट्यो देशको हुर्मत ।
'पञ्चलाई प्रश्न' (पृ.१० र ११)

यस सङ्ग्रहका प्रायः सबैजसो कविताहरूमा कुनै न कुनै रूपमा धेरैथोरै मार्क्सवादी एवम् लेनिनवादी भावहरू पाइन्छन् । 'सत्तरीऔं अक्टूवर क्रान्तिको वर्षगाँठमा', 'मइ दिवस' जस्ता कवितामा त प्रत्यक्ष र सम्पूर्ण रूपमा नै यिनै भावहरू प्रस्तुत भएको पाइन्छ । जस्तै :

बितेछन् वर्ष सत्तरीओटा अक्टुवर क्रान्तिका
मानव जाति गर्दैछ अझै चाहना शान्तिका
ए प्यारा लेनिन, साम्यवाद ल्याउने मार्क्सको सपना
रुसमा तिमीले त्यै सपनालाई बनायौ विपना ।
'सत्तरीऔं अक्टूवर क्रान्तिको वर्षगाँठमा' (पृ. १)

यसरी यो 'पीडित आत्माका धुनहरू' गीति सङ्ग्रहका सबै गीति कविताहरू कविले देश र दीन, दुःखी, गरिब, श्रमिक एवम् सर्वसाधरण जनताका जीवन र जल्दाबल्दा समस्याहरूको जगलाई विषयवस्तु बनाई लेखेका छन् । सबैलाई सङ्घर्ष गरी देश र जनताको उत्थानमा लाग्नका लागि आव्हान समेत गरेका छन् ।

### ३.२.३.५ लय विधान

प्रस्तुत 'पीडित आत्माका धुनहरू' गीति सङ्ग्रहमा सङ्कलित गीति कविताहरू कवि न्यौपानेले गीति लयमा रचना गरेका छन् । गीति कवितामा पनि निश्चित अक्षरहरूको पुनरावृत्ति आवश्यक हुन्छ । लोकगीतहरूमा अक्षर घटी वा बढी भए पनि गेयताले त्यसलाई ढाक्न सकिन्छ (आचार्य, २०६९ : भूमिका पृष्ठ) । यस सङ्ग्रहका कतिपय गीति कविताहरू कविले गीति लयको निकट रहेर तुकबन्दीका बलमा गेय बनाउन सफल देखिएका छन् । लय ढाँचा निर्माणका क्रममा यी गीति कविताहरूमा निहित अद्यानुप्रासिक, मध्यानुप्रासिक एवम् अन्त्यानुप्रासिक पुनरावृत्तिहरूले यो सङ्ग्रह गेयात्मक बनेको छ । जस्तै :

पानीका मूल सुक्तैछन् खेत बन्दै छ बगर
पहाडी पाखा कस्ता छन् आज कल्पनै नगर
कहाँ गो आज भन ए पञ्च, पुर्खाको इज्जत ?
कहाँ गो भन कसले लुट्यो देशको हुर्मत ?
'पञ्चलाई प्रश्न' (पृ. १० र ११)

माथिबाट उडिरेछन् हुन्हुनाउँदै जेट
मान्छे तल घुमिरेछन् समाई भोको पेट ।
'आजको काठमाडौं' (पृ. १२)

यो कुरो झूठो भनेर भनौं मानिस मान्दैन
यो कुरो साँचो भनेर लेखौं तथ्यले जान्दैन ।
'भानुभक्तको गाउँमा पुग्दा' (पृ. १२)

यसरी यस 'पीडित आत्माका धुनहरू' गीति सङ्ग्रहका सबै गीति कविताहरूमा निहित गेय गुणले यो सङ्ग्रह सुमधुर, लयात्मक एवम् श्रुतिमाधुर्य बनेको छ ।

### ३.२.३.६ कथन पद्धति

यस 'पीडित आत्माका धुनहरू' गीति सङ्ग्रहमा सङ्कलित गीति कविताहरूमा विशेष गरी कविले फुटपाथे पसलेहरू, ढाक्रेहरू, श्रमिकहरू, दीन दुःखीहरू जस्ताको कथाव्यथा, तत्कालीन समयमा काठमाडौंका कतिपय गल्लीहरूमा विदेशी हिप्पीहरूको कुप्रभाव, काठमाडौंबासीका विभिन्न समस्याहरू, भ्रष्टाचार, इत्यादि जस्ता देश र जनताका विविध समस्याहरूका पक्षहरूमा आफ्नै हेराइ, बुझाइ, अनुभूति, गम्भीर चिन्ता एवम् चिन्तनशील भावहरूलाई आफैं उपस्थित भएर उनीहरूको तर्फबाट उनीहरूकै लागि वकालत गरेका छन् । यसै क्रममा उनले कतिपय कविताहरूमा तिम्रा,

तिम्रो, बाबु, भाइ, बहिनी, मार्क्स, लेनिन, मुसोलिनी, हिट्लर, भूमि, पृथ्वी, भानु, सूर्य इत्यादि जस्ता द्वितीय, तृतीय पुरुषका नाम, सर्वनामहरूको प्रयोग त गरेका छन् तर यी सबै कविले आफू एक्लै सम्झना गर्दै एकालापका रूपमा अभिव्यक्त गरेका छन् । यी सबै पात्रहरू प्रत्यक्ष रूपमा निष्क्रिय देखिएका छन् । यस सङ्ग्रहमा यी सबै नाम एवम् सर्वनामहरू कविकथनमा नै आधारित देखिएका छन् । यसरी यस गीति कविता सङ्ग्रहमा सङ्गृहीत सबै कविताहरू कवि स्वयंले सिधै कवितात्मक कथन गरेका छन् । यसैले यो 'पीडित आत्माका धुनहरू' गीति कविता सङ्ग्रह कविप्रौढोक्ति कथन पद्धतिमा आधारित देखिएको छ ।

### ३.२.३.७ बिम्बालङ्कार र प्रतीक विधान

यस 'पीडित आत्माका धुनहरू' गीति सङ्ग्रहमा पनि कविले केही लघु बिम्बालङ्कार एवम् प्रतीकहरूको सहज एवम् सरल रूपमा प्रयोग गरेका छन् । साहित्यमा सुन्दर भाषिक अभिव्यक्तिलाई अलङ्कार भनिन्छ (पराजुली, २०६७ : २२ ) । अलङ्कार विधानका दृष्टिले हेर्दा यस सङ्ग्रहमा पनि आद्य, मध्यजस्ता शब्दालङ्कारहरू आंशिक र अन्त्यानुप्रासको अत्यधिक रूपमा प्रयोग भएको छ भने केही मात्रामा उपमा, उत्प्रेक्षा इत्यादि जस्ता अर्थालङ्कारहरूको प्रयोग भएको छ । 'नयाँ दशैं' कवितामा 'गरीव', 'ढाक्रे' जस्ता पात्रहरू सम्पूर्ण गरिब नेपालीहरूको प्रतीक र 'छाप्रा', 'झोपडी', 'अँध्यारा बस्ती' जस्ता पद एवम् पदावलीहरू गरिब नेपालीहरूको बासास्थाको बिम्बको रूपमा प्रयोग भएका छन् । यसरी प्रयोग भएका यस्ता बिम्ब र प्रतीकहरूले कविताहरूलाई सुन्दर, सहज एवम् लयात्मक बनाएका छन् । यस सङ्ग्रहका कविताहरू पनि धेरैजसो अभिधात्मक रूपमा नै सरल, कर्णप्रिय एवम् बोधगम्य छन् ।

### ३.२.३.८ भाषाशैली

यस 'पीडित आत्माका धुनहरू' गीति सङ्ग्रहका सबै गीति कविताहरू कविले गीति लयमा रचना गरेका छन् । उनले सबै गीति कविताहरू अधिक रूपमा त नेपाली झर्रा शब्दहरूको नै प्रयोग गरेका छन् । यस सङ्ग्रहमा कविले वर्ष, भूमि, युद्ध, ऋण, शत्रु, रक्त, पाठ, कथा, नर्तकी, प्रण, व्यथा, विद्यार्थी, शिक्षक, सूर्य इत्यादि जस्ता तत्सम शब्दहरू र आज, हात, राती, भाइ, बहिनी, आँसु, सिकर्मी, रगत, गाउँ, दूध, दिदी, आँखा इत्यादि जस्ता तद्भव शब्दहरूको प्रयोग गरेका छन् भने कतिपय कविताहरूमा अक्टुवर, होटल, फ्रिज, वियर, रम, रिक्सा, कार, जन्डिस, कमिशन, जेल फुटपाथ, डिस्को, सब्जी, मइ, टिट्नस जस्ता आगन्तुक शब्दहरू पनि प्रयोग गरेका छन् । झमझम, झलझल, कुहुँकुहु, छामछम, छुम्छुम्, अलमल, धर्मर, छट्पट्, ङिच्च, धुरुधुरु, लमतन्न जस्ता अनुकरणात्मक शब्दहरूले कविताहरूलाई अझ सुन्दर, सहज एवम् सरसिला बनाएका छन् । त्यस्तै कठै, बरा, विचरा जस्ता विस्मयादिबोधक शब्दहरूका साथै लौ, नै, कि, पो, त, चाहिं, चैं, कुन्नि, है, क्यारे इत्यादि जस्ता निपातहरूले कविताहरूलाई अझै बढी श्रुतिमाधुर्य बनाएका छन् । त्यस्तै यस सङ्ग्रहमा कविले ए प्यारा लेनिन !, भाइबहिनी हो !, युवक  साथी !, ए पञ्च !, हे बन्दी साथी ! जस्ता सम्बोधनात्मक साथै कतिपय कविताहरूमा प्रश्नात्मक एवम् व्यङ्ग्यात्मक शैली पनि अपनाएका छन् ।

यसरी यो सङ्ग्रह सरल, सरस, सुबोध, लयात्मक, एवम् आकर्षक भाषाशैलीले श्रुतिमाधुर्य र सबैका लागि स्वाभाविक एवम् बोधगम्य बनेको छ ।

### ३.२.३.९ निष्कर्ष

प्रस्तुत गीति सङ्ग्रह 'पीडित आत्माका धुनहरू' कवि मुकुन्द न्यौपानेको काव्य यात्राको दोस्रो चरण अन्तर्गतको कृति हो । यो सङग्रह उनको प्रकाशित समग्र साहित्य कृतिमा छैठौं र गीति कविता विधाको पहिलो सङग्रह हो । गीति लयमा रचित प्रस्तुत सङ्ग्रहमा सङ्गृहीत गीति कविताहरूमा न्यौपानेले सरल एवम् सुबोध भाषाशैलीद्वारा मानवतावादी, समाजवादी, राष्ट्रवादी, यथार्थवादी एवम् प्रगतिशील भावहरू मार्मिक रूपमा अभिव्यक्त गरेका छन् । यस सङ्ग्रहभित्र कहीँ कतै केही समान्य कमजोरीहरू रहे तापनि यो सङग्रह देश र जनताका जीवन र जल्दाबल्दा समस्याहरूको जगबाट उठेको छ र सर्वसधारण जनताका मुटु र कण्ठलाई आल्हादित पार्ने किसिमको छ ।

यसरी यस गीति सङ्ग्रह 'पीडित आत्माका धुनहरू' को विषयवस्तुलाई कवि मुकुन्द न्यौपानेले आफ्नै अनुभूतिको चास्नीमा डुबाएर सुमधुर रूपमा प्रस्तुत गरेका छन् । यस सङ्ग्रहमा उनको गीतकार व्यक्तित्व वास्तवमै राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय विविध विषय, घटना र प्रवृत्तिहरूलाई जनताको ध्येय र भावनासित गाँसेर सङ्गीत गुन्जाउन जुर्मुराएको देखिन्छ ।

## ३.२.४ 'छोरीलाई चिट्ठी' कविता सङ्ग्रह

### ३.२.४.१ सामान्य परिचय

प्रस्तुत 'छोरीलाई चिट्ठी' कविता सङ्ग्रह मुकुन्द न्यौपानेद्वारा वि.सं. २०४५ मा 'उदय शर्मा' नामबाट प्रकाशित कृति हो । यो उनको प्रकाशित समग्र साहित्य कृतिमा सातौं र दोस्रो कविता सङ्ग्रह हो । यो कृति उनको काव्यिक यात्राको दोस्रो चरण अन्तर्गत पर्दछ । जनज्योति प्रकाशन नेपालले प्रकाशन गरेको यस सङ्ग्रहमा लामा छोटा गरी जम्मा २१ वटा कविताहरू सङ्गृहीत छन् । यस सङ्ग्रहका कविताहरूमा अनुभूतिपूर्ण र प्रखर यथार्थ वैचारिकतायुक्त अनेकौं गेय पङ्क्तिहरू सशक्त अभिव्यक्तिका रूपमा रहेका छन् ।

### ३.२.४.२ शीर्षकीकरण

कवि मुकुन्द न्यौपानेको यस 'छोरीलाई चिट्ठी' कविता सङ्ग्रहमा सङ्गृहीत सबै कविताहरू आ-आफ्नै पृष्ठभूमिमा आधारित छन् । यस सङ्ग्रहमा सङ्गृहीत २१ वटा कविताहरूमध्ये एउटा कविताको शीर्षक 'छोरीलाई चिट्ठी' पनि हो । यो कविता कवि न्यौपानेले आफ्नै छोरीको सम्झनामा लेखेका हुन् र कविता सङ्ग्रहको नाम पनि उनैको सम्झनामा 'छोरीलाई चिट्ठी' नै राखेका हुन् (कवि मुकुन्द न्यौपानेबाट प्राप्त जानकारी) । यसरी यस कृतिको शीर्षक अभिधात्मक देखिएको छ । यस सङ्ग्रहका कविताका शीर्षकहरू एक शब्ददेखि ३ शब्दसम्मका पद वा पदावलीमा रहेका छन् । यीमध्ये 'पूँजीपति', 'गरीव', 'अभिनय', 'साँझ', 'वीरगंज', 'यथार्थता', 'गौंथली', 'प्रकाश', 'छानबीन', 'समय',

'आदत', 'गुलाफ', 'धरहरासँग', र 'ओछ्यानबाट' गरी १४ वटा कविताहरूका शीर्षक एक शब्दबाट राखिएको छ । त्यसै गरी 'छोरीलाई चिट्ठी', 'कवि माओप्रति', 'नयाँ वर्ष', 'एक कविता' र 'तिनाउको धारमा' जस्ता ५ वटा कविताहरूका शीर्षक दुई शब्दबाट राखिएको छ भने 'जिन्दगी एक लडाइँ', र 'भानुभक्तको गाउँमा पुग्दा' २ वटा कविताहरूका शीर्षक ३ शब्दबाट राखिएको छ । यस सङ्ग्रहमा सङ्गृहीत सबै कविताहरूका शीर्षकहरू मात्र सरसर्ती हेर्दा कृतिको नाम नमिलेको हो कि जस्तो देखिन्छ तापनि सबै कविताहरू पढि सकेपछि चाहिं यस कविताको विषयवस्तु, भाव गाम्भीर्य, वैचारिक यथार्थ, राष्ट्रवादी स्वर, अभिव्यक्तिको कलात्मकता, गेय गुण, सम्प्रेषणीयता इत्यादि जस्ता धेरै दृष्टिले अन्य २० वटा कविताहरूभन्दा यो 'छोरीलाई चिट्ठी' कविता नै तुलनात्मक रूपमा उत्कृष्ट देखिएको छ । यही कविताले नै यस सङ्ग्रहमा सङ्गृहीत सम्पूर्ण कविताहरूको प्रतिनिधित्व सफलतापूर्वक गर्न सकेको देखिन्छ । यस अनुसार यस सङ्ग्रहको शीर्षकीकरण सान्दर्भिक एवम् सार्थक देखिएको छ ।

### ३.२.४.३ संरचना

बाह्य संरचनाका दृष्टिले न्यौपानेको यस 'छोरीलाई चिट्ठी' कविता सङ्ग्रह ४७ पृष्ठमा संरचित छ । यस सङ्ग्रहमा सङ्गृहीत विभिन्न २१ वटा कविताहरूमध्ये सबभन्दा बढी विस्तारित कविता 'छोरीलाई चिट्ठी' हो । कविले यो कविता १०६ पङ्क्तिमा रचना गरेका छन् । त्यस्तै ८/८ पङ्क्तिमा रचित 'एक कविता', 'प्रकाश' र 'भानुभक्तको गाउँमा पुग्दा' सबभन्दा कम विस्तारित कविताहरू हुन् । यिनै बिचमा रहेका अन्य कविताहरू 'यथार्थता' ९; 'साँझ' र 'छानबीन' १३; 'पूँजीपति' १८; 'अभिनय' २०; 'कवि माओप्रति' २१; 'ओछ्यानबाट' २३; 'समय' २४; 'जिन्दगी एक लडाइँ' २६; 'गरीव' र 'नयाँ वर्ष' २८; 'आदत' र 'धरहरासँग' ३०; 'गौंथली' ३४; 'वीरगंज' ४३; 'गुलाफ' ६० र 'तिनाउको धारमा' ६१ पङ्क्तिमा विस्तारित छन् । यीमध्ये 'एक कविता' चाहिँ 'उथल पुथल भित्रका अनुभूतिहरू' कविता सङ्ग्रहमा 'एक मुक्तक' शीर्षकमा प्रकाशित भइ सकेको कविता हो भने 'भानुभक्तको गाउँमा पुग्दा' कविता 'पीडित आत्माका धुनहरू' गीति सङ्ग्रहमा १४ हरफमा विस्तारित भई प्रकाशित भइ सकेको कविताको परिमार्जित रूप हो । यस सङ्ग्रहका कविताहरूमध्ये 'एक कविता' निरन्तर पङ्क्ति प्रवाहमा आधारित छ भने अन्य सबै कविताहरू अनुच्छेद विभाजनमा आधारित छन् । यीमध्ये कतिपय एउटै कवितामा समेत अनुच्छेद विभाजनमा एक रूपता छैन । अनुच्छेद विभाजनका क्रममा कुनै अनुच्छेदमा बढीमा १२ पङ्क्तिसम्म रहेका छन् भने कुनै एक पङ्क्तिको मात्र पनि अनुच्छेद देख्न सकिन्छ । यस सङ्ग्रहमा एक पङ्क्तिमा सबभन्दा बढी ९ शब्दसम्म र सबभन्दा कम एक शब्द त्यो पनि एक अक्षरको पङ्क्ति समेत देख्न सकिन्छ । त्यस्तै यस सङ्ग्रहभरिमा सबभन्दा बढी २४ अक्षर भएको एउटामात्र पङ्क्ति छ ।

त्यसै गरी यस सङ्ग्रहमा सङ्गृहीत कविताहरूमध्ये 'छोरीलाई चिट्ठी' कवितामा सबभन्दा बढी १६ अनुच्छेद छन् भने 'एक कविता' कवितामा एक अनुच्छेद मात्र छ जसलाई निरन्तर पङ्क्ति प्रवाहमा आधारित भनी माथि उल्लेख गरि सकिएको छ । त्यस्तै 'यथार्थता', 'प्रकाश', र 'भानुभक्तको

गाउँमा पुग्दा' २ अनुच्छेद; 'पूँजीपति', 'साँझ' र 'छानबीन' ३; 'गरीब', अभिनय', 'कवि माओप्रति' र 'जिन्दगी एक लडाइँ' ४; 'आदत', 'धरहरासँग' र 'ओछ्यानबाट' ५; गौंथली', 'नयाँ वर्ष' र 'समय' ६; 'वीरगंज' ८ र 'तिनाउको धारमा' कविता १२ अनुच्छेदमा आधारित रहेका छन् ।

### ३.२.४.४ विषयवस्तु

कवि न्यौपानेको प्रस्तुत 'छोरीलाई चिठ्ठी' कविता सङ्ग्रहमा सङ्गृहीत कविताहरू विविध विषयवस्तुमा आधारित देखिएका छन् । यीमध्ये कुनै कविताले आर्थिक र सामाजिक विषयवस्तुलाई आत्मसात् गरेका छन् भने कुनै कविताले राजनीतिक, राष्ट्रिय र मानवीय त कुनै कविताले ऐतिहासिक त कुनैले प्रकृतिलाई विषयवस्तुका रूपमा आत्मसात् गरेका छन् । कुनै कवितामा शोषक पुँजीपतिहरू स्वार्थी, नाफाखोरी, ईश्वरलाई समेत किन्न सफल, आफ्ना चाकर बाहेक अन्य सबको बर्बादी चाहने र यसैमा मनोरञ्जित हुने तत्त्वका रूपमा चित्रित भएका छन् । यी कविताहरू मार्फत न्यौपानेले उल्लिखित विविध क्षेत्रका उत्साह, उमङ्ग, अन्याय, अत्याचार, विकृति, विसङ्गति, राष्ट्रियता, मानवता, आशा, निराशा, प्रेम, घृणा, विरह, कुण्ठा, सत्प्रेरणा, सङ्घर्ष इत्यादि जस्ता विषयवस्तुहरूलाई सशक्त रूपमा अभिव्यक्त गरेका छन् । यसै सङ्ग्रह मार्फत मानवीय जीवनका पाटाहरूमा आउने उकाली, ओराली, घुम्तीहरूमा आइ लाग्ने शत्रुहरूलाई परास्त गरी शान्ति स्थापनाका गर्नका लागि प्रेम, घृणा, क्रोध, क्रूरता, युद्ध आवश्यक पर्दछ र परिस्थिति एवम् आवश्यकता अनुसार प्रेम र घृणाको सही सदुपयोग गर्न सक्नु पर्दछ भन्ने भाव पनि व्यक्त गरिएको छ । जस्तै :

शान्तिको लागि पनि
क्रोध र घृणाको आस्यकता पर्दो रहेछ,
अन्याय क्रूर बनेर आएपछि
न्यायले पनि क्रूर बन्नु पर्दो रहेछ
असत्यले क्रूर बनेर आएपछि
सत्यले पनि क्रूर बन्नु पर्दो रहेछ
आफ्ना कलिला नानीहरूलाई पनि
युद्धको पाठ सिक भन्नु पर्दो रहेछ ।

'छोरीलाई चिठ्ठी' (पृ.८)

त्यस्तै अर्को भाव,

त्यतिखेरको लागि
संचित गर प्रेम र घृणालाई
आफ्नो मुटुभित्र संगालेर राख

रीस र आक्रोशहरूलाई
जब आवस्यकता पर्नेछ तिम्रो, यो संसार फेर्नलाई ।
(पृ.७)

त्यसरी नै 'गरीव' कवितामा गरिबको जीवनका मार्मिक कथाव्यथाहरू, उत्पीडनहरू उजागर गर्दै तत्कालीन पञ्चायती शासन एवम् शोषक पञ्चप्रति कटाक्ष गरी व्यङ्ग्य प्रहार गरिएको छ । जस्तै :

हिजोसम्म त खोले सम्म
पाइएको थियो पिउनलाई
अब त केवल
पंचको भाषणको चटनीले
भोक मेट्नमात्र बाँकी छ ।
'गरीव' (पृ.१३)

त्यसै गरी यस सङ्ग्रहमा सङ्गृहीत प्रकृतिलाई आधार मानी लेखिएका कविताहरूमा कविले प्रकृति एवम् पक्षीहरूको क्रियाकलापहरूलाई बडो कलात्मक तरिकाले वर्णन गरेका छन् । उनले सबैलाई तिनै प्रकृति र पक्षीहरूबाट सत्प्रेरणा लिएर सुन्दर समाज एवम् राष्ट्र निर्माणका लागि आव्हान समेत गरेका छन् । जस्तै :

झर्ना कलकल गर्दै झर्छन्
चराचुरुङ्गी चहचह गर्छन्
फूल ढकमक्क हरिया डाला
वृक्ष बुन्दछ सुन्दर माला ।
'गौंथली' (पृ.२१)

त्यस्तै अर्को भाव,

बाबु, तिमी पनि गौंथली सरह
आफ्नै श्रममा बाँच्ने गर
राम्राराम्रा कुरा सिक
नयाँ अक्किल, बुद्धि सिक
ज्यान लगाऊ देशको लागि
बन्नेछैनौ कहिल्यै अभागी !
(पृ.२२)

त्यस्तै यस सङ्ग्रहमा मानवीय शत्रुका अगाडि कहिल्यै घुँडा टेक्नु हुँदैन; सधैं सत्य नै बलियो हुन्छ; न्याय र स्वतन्त्रताको हुरीले अन्यायको कालो बादललाई भत्काइ दिन्छ । त्यसैले सदा मानवताका लागि एवम् राष्ट्र उत्थानका लागि इतिहास, वीर, वीराङ्गाना, प्रकृति इत्यादिबाट सत्प्रेरणा लिएर मरि मेट्नु पर्दछ भन्ने भाव निकै सशक्त अभिव्यक्तिका रूपमा रहेको छ ।

यसरी यो 'छोरीलाई चिट्ठी' कविता सङ्ग्रह यथार्थवादी, क्रान्तिकारी एवम् प्रगतिशील भावहरूले ओतप्रोत रहेको देखिन्छ । समष्टिमा यस 'छोरीलाई चिट्ठी' कविता सङ्ग्रहको मुख्य विषयवस्तु पनि मानवता, समाज एवम् राष्ट्र उत्थान रहेको प्रष्ट छ ।

### ३.२.४.५ लय विधान

न्यौपानेको यस 'छोरीलाई चिट्ठी' कविता सङ्ग्रहका धेरै कविता छन्दोबद्ध छैनन्; केही मात्र लोक छन्दमा संरचित छन् । यसमा सङ्गृहीत छन्दोबद्ध नरहेका सबै कविताहरू उनले गद्य (मुक्त) लयमा रचना गरेका छन् । कतिपय कविताहरू अन्त्यानुप्रासयुक्त छन् भने कतिपय अन्त्यानुप्रासविहीन छन् त कतिपय कविताहरूमा अनुप्रास एवम् मध्यानुप्रासले मिठास ल्याएका छन् । कविता रचना गर्दा कविले गेय गुणलाई निकै ध्यान दिएका हुनाले सबै कविताहरू कर्णप्रिय लाग्दछन् । जस्तै :

एकले अर्कोलाई हेरेर बस्ने
यो पनि एउटा अभिनय नै हो
कति दिनसम्म चल्ने हो यस्तो खालको अभिनय
कसैले मानोस् या नमानोस् यस्तै छ आजको समाज ।
'अभिनय' (पृ.१५)

यस सङ्ग्रहका कतिपय कविताहरू सरसर्ती हेर्दा अझ कुनै त पढ्दा समेत लोक लय वा झ्याउरे छन्दमा छन्दोबद्ध छन् कि जस्ता देखिएका छन् तर गन्ती गर्दै जाँदा अनुच्छेद, हरफ एवम् अक्षर वितरणमा एक रूपता पाइँदैन । यसरी एकाध कविता लोक लय र अन्य सबै गद्य लयमा रचित यस 'छोरीलाई चिट्ठी' कविता सङ्ग्रहमा सङ्गृहीत सबै कविताहरूमा समाविष्ट गेय गुणले सबै कविताहरूलाई नै श्रुतिमधुरता प्रदान गरेका छन्; जसले गर्दा यो सङ्ग्रह अझ सम्प्रेषणीय बनेको छ ।

### ३.२.४.६ कथन पद्धति

'छोरीलाई चिट्ठी' कविता सङ्ग्रहका सबै कविताहरूमा कवि न्यौपानेले आफ्नै जीवन जगत्का हेराइ, भोगाइ र अनुभवहरूलाई उनी स्वयं उपस्थित भएर अभिव्यक्त गरेका छन् । कतिपय कविताहरूमा प्रयुक्त द्वितीय, तृतीय पुरुषका सर्वनामहरू पनि कवि स्वयंकै एकालाप आत्मकथनका उपजका रूपमा देखिएका छन् । यस सङ्ग्रहमा उपमेय र उपमानका रूपमा प्रयोग गरिएका व्यक्तिका नाम, समाज, प्रकृति इत्यादि सबै पक्षलाई पनि कविले कवि कथनमा आधार बनाई अभिव्यक्त गरेका

छन् । यसरी यस सङ्ग्रहका सबै कविताहरूमा कवि स्वयंले सिधै कवितात्मक कथन गरेका हुनाले यो 'छोरीलाई चिट्ठी' कविता सङ्ग्रह कविप्रौढोक्ति कथन पद्धतिमा आधारित देखिएको छ ।

### ३.२.४.७ बिम्बालङ्कार र प्रतीक विधान

कवि न्यौपानेको यस 'छोरीलाई चिट्ठी' कविता सङ्ग्रहमा पनि केही लघु बिम्बालङ्कार एवम् प्रतीकहरू सहज एवम् सरल रूपमा प्रयोग भएका छन् । अलङ्कार विधानका दृष्टिले हेर्दा यस सङ्ग्रहमा पनि आद्य, मध्य र अन्त्यानुप्रास जस्ता शब्दालङ्कारहरूको आंशिक रूपमा प्रयोग भएको छ भने उपमा, उत्प्रेक्षा इत्यादि जस्ता अर्थालङ्कारहरूको प्रयोग भएको छ । 'छोरीलाई चिट्ठी' कवितामा छोरीलाई 'फूल झैं' र उसको चहलपहललाई 'पुतली झैं' भनी तुलना गरिएको छ । त्यस्तै 'गरीव' कवितामा 'हामी' र 'बुढाबुढी' गरिब नेपालीको प्रतीकको रूपमा प्रयोग भएका छन् भने 'छाप्रो' र 'खोले' क्रमशः गरिब नेपालीको बासस्थान र छाक टार्ने खानाको बिम्ब भएर आएका छन् । यस सङ्ग्रहका कविताका कतिपय पङ्क्तिहरूमा प्रयुक्त बिम्बहरूले व्यङ्ग्याात्मक अर्थ दिन त्यति सफल नदेखिए तापनि कविताहरूलाई भावोत्कर्षमा पुऱ्याउनका लागि कविले गरेका प्रयासहरू सराहनीय छन् । यसरी यस सङ्ग्रहका कविताहरू व्यङ्यात्मक दृष्टिले भन्दा अभिधात्मक दृष्टिले नै सहज, सरल एवम् बोधगम्य देखिएका  छन् ।

### ३.२.४.८ भाषाशैली

कवि न्यौपानेको यस सङ्ग्रहको अध्ययन गर्दा पनि उनी दुरुह र दुर्बोधभन्दा सरल, सुबोध, लयात्मक र सुकोमल भाषाशैली रुचाउने कविका रूपमा देखिएका छन् । यस सङ्ग्रहमा नेपाली झर्रा शब्दहरूको नै आधिकता रहेको छ । यसमा सङ्गृहीत सबै कविताहरू सरल, लयात्मक, सुकोमल, स्वाभाविक एवम् बोधगम्य भाषाशैलीका छन् । यस सङ्ग्रहमा कविले आकाश, ज्ञान, अज्ञान, ईश्वर, आर्तनाद, बुद्धि, सडक, धावक, कवि इत्यादि जस्ता तत्सम शब्दहरू र आँसु, गाउँ, तीखा, आज, आगो, बूढा, बूढी, दूध, हात, बारी इत्यादि जस्ता तद्भव शब्दहरूको प्रयोग गरेका छन् भने कतिपय कविताहरूमा इवान, ल्युहलान, सिनेमा, वरफ, शहर, चिङकाङसान, थाङचाङ, प्लेकार्ड, रिहर्सल, सिनेमा जस्ता आगन्तुक शब्दहरू पनि प्रयोग गरेका छन् । टङटङ, ह्वास्ह्वास्ती, कलकल, चहचह, ढकमक्क, चिरबिर-चिरबिर, चलपल, कुहुकुहु इत्यादि जस्ता अनुकरणात्मक शब्दहरूले कविताहरूलाई अझ सुन्दर, सहज एवम् सरसिला बनाएका छन् । त्यस्तै उफ् !, अहो !, अपसोच ! जस्ता विस्मयादिबोधक शब्दहरूका साथै त, कि, रे, न, नै, र, के, चैं इत्यादि जस्ता निपातहरूले कविताहरूलाई अझै बढी रसिला, स्वादिला, सुरम्य एवम् श्रुतिमाधुर्ययुक्त बनाएका छन् ।

यस सङ्ग्रहमा सङ्गृहीत कतिपय कविताहरूमा प्यारी छोरी !, सानी छोरी !, छोरी !, बाबु !, धरहरा !, ओ बाबु !, डाँडा र भञ्ज्याङ्हरू हो ! जस्ता सम्बोधनात्मक भाषाशैली पनि पाउन सकिन्छ । कविताका कुनैकुनै पङ्क्तिहरूमा कविले प्रश्नात्मक शैली एवम् व्यङ्ग्यात्मक शैली पनि अपनाएका छन् । समासका दृष्टिले यस सङ्ग्रहमा बेरोकतोक, छेउकुना, हात-पाउ, बुढाबुढी, मुन्तिर, लामखुट्टे,

पर्दाभित्र, डाँडा-पाखा, आकाशमुनि, डाँडामाथि, हुरीभित्र, आकाशभित्र, बादलभित्र, किरा-फट्याङ्ग्रा, हिसाब-किताप, लेखाजोखा, देशभक्त, खेतबारी, टाकुरामाथि, पङ्क्तिबद्ध इत्यादि जस्ता समस्त शब्दहरू शब्दहरू पनि प्रशस्तै प्रयोग भएका छन् । त्यस्तै, भर्खरै- भर्खरै, सधैं-सधैं, बस्तीका बस्ती, गाउँका गाउँ, टक्र्याउँदा टक्र्याउँदा, चुस्ता चुस्ता, तड्पी तड्पी, माथि-माथि, राम्रा-राम्रा, दुष्टै-दुष्ट, शान्ति शान्ति, ठेलमठेल, छपछपाइ जस्ता द्वित्व शब्दहरू साथै ओल्लो-पल्लो, प्रेम-घृणा, न्याय-अन्याय, सत्य-असत्य, साँझ-बिहान, शान्त-अशान्त, हार-जित, तातो-चिसो, शान्ति-अशान्ति, जीवन-मरण, नयाँ-पुराना, सफल-असफल, फेद-टुप्पो, साँचो-झूठो जस्ता विपरीतार्थी शब्दहरूको प्रयोगले यस सङ्ग्रहले बढी लालित्य, रागात्मकता एवम् लयात्मकता प्राप्त गरेको छ । 'वीरगंज' कवितामा प्रयुक्त हिन्दी भाषाको पङ्क्ति "ओ बाबु ! हमे भिक्षा दो !" ले कविको भाषागत आयामिक शैलीको पनि परिचय दिएको छ । कविले यस सङ्ग्रहका कविता रचना गर्दा नेपाली भाषाको पदयोग, पद वियोग, वर्ण विन्यास आदिका नियमहरूलाई त्यति ध्यान दिन सकेका छैनन् तापनि सरल वाक्यका साथमा माधुर्य संयोजन गर्न उनी सफल देखिएका छन् ।

यसरी यस सङ्ग्रहमा कविले तत्सम, तद्भव र समस्त एवम् सरल शब्दहरूको समुचित प्रयोग गरेका छन् । कतै संबोधनात्मक, कतै प्रश्नात्मक त कतै व्यङ्ग्यात्मक शैली समेत पाइने यस सङ्ग्रहमा प्रयोग भएका विस्मयादिबोधक, निपात, अनुकरणात्मक एवम् नेपाली झर्रा शब्दहरूले यो काव्य सरल, सुकोमल, सुबोध, श्रुतिमाधुर्ययुक्त, लयात्मक एवम् सर्वसाधारणका लागि समेत बोधगम्य भाषाशैलीयुक्त बनेको छ ।

### ३.२.४.९ निष्कर्ष

'छोरीलाई चिट्ठी' कविता सङ्ग्रह कवि मुकुन्द न्यौपानेको काव्य यात्राको दोस्रो चरण अन्तर्गतको कृति हो । यो सङग्रह उनको प्रकाशित समग्र साहित्य कृतिमा सातौं र कविता विधाको दोस्रो सङग्रह हो । जम्मा २१ वटा कविताहरू सङ्गृहीत यो सङग्रह अनुभूतिपूर्ण भाव गाम्भीर्य, वैचारिक यथार्थ, राष्ट्रवादी स्वर, मानवता, गेय गुण, सम्प्रेषणीयता एवम् कलात्मक अभिव्यक्तिहरूको पुञ्ज हो । यसमा सङ्गृहीत कविताहरूमा सामान्य केही कमी कमजोरीहरू देखिए तापनि सरल, सहज, सुकोमल एवम् सुबोध भाषाशैलीले यो सङ्ग्रह सम्प्रेषणीय एवम् बोधगम्य बनेको छ । विभिन्न समास, द्वित्व, विस्मयादिबोधक, निपात, अनुकरणात्मक शब्दहरू साथै बिम्बालङ्कार इत्यादिले यस सङ्ग्रहलाई कर्णप्रीय एवम् श्रुतिमाधुर बनाएका छन् । कविले यस सङग्रह मार्फत भूत, वर्तमान र भविष्यका अनेक भावहरूलाई माधुर्य संयोजन गरी सशक्त अभिव्यक्ति दिने निकै प्रयास गरेका छन् । बढी मात्रामा यो सङ्ग्रह अभिधात्मक रूपले बोधगम्य छ । प्रायः गद्य (मुक्त) लयमा रचित यो सङ्ग्रह कविप्रौढोक्ति कथन पद्धतिमा आधारित छ ।

यस सङ्ग्रहले कवि न्यौपानेलाई एक मानवतावादी, समाजवादी, राष्ट्रवादी, यथार्थवादी, क्रन्तिकारी एवम् प्रगतिशील काव्यकारका रूपमा परिचित गराएको छ । यस 'छोरीलाई चिट्ठी' कविता सङ्ग्रहले मानवता, समाज एवम् राष्ट्रोत्थानका लागि सबैलाई आह्वान गरेको छ ।

### ३.२.५ 'नयाँ युगका नयाँ कविता' कविता सङ्ग्रह

### ३.२.५.१ सामान्य परिचय

प्रस्तुत 'नयाँ युगका नयाँ कविता' कविता सङ्ग्रह कवि मुकुन्द न्यौपानेको वि.सं. २०५८ मा 'मुकुन्द न्यौपाने' नामबाटै प्रकाशित कृति हो । यो उनको प्रकाशित समग्र साहित्य कृतिमा नवौं र तेस्रो कविता सङग्रह हो भने समग्र प्रकाशित कृतिमा चाहिं बाह्रौं हो । यो कृति उनको काव्यिक यात्राको चौथो चरण अन्तर्गत पर्दछ । यस सङ्ग्रहमा ३९ वटा कविताहरू सङगृहीत छन् । यस सङ्ग्रहका कविताहरू तत्कालीन समयमा देश र जनताको संवेदनशील परिस्थितिबाट कवि मनमा उत्पन्न अनेक भावहरू कवितात्मक रूपमा प्रस्तुत गरिएको सशक्त एवम् कलात्मक अभिव्यक्तिका पुञ्ज हुन् ।

### ३.२.५२ शीर्षकीकरण

कवि न्यौपानेको यस सङ्ग्रहको 'नयाँ युगका नयाँ कविता' नाम चार शब्दबाट राखिएको छ । यस सङग्रहमा समेटिएका कविताका शीर्षकहरूमध्ये सरसर्ती हेर्दा 'जन्मदिन', 'बादल', 'डम्फु', 'कविता', 'अस्तित्व', 'छानवीन', 'किसान', 'गुलाफ', 'बिदाइपछि', 'समर्पण', र 'स्मरण' गरी ११ वटा कविताको शीर्षक एक शब्द; 'राता फूलहरू', 'राम लखन', 'बिहानीको सयर', 'फलैंचाको व्यथा', 'शहरीया ठालुहरू', 'साथी लेनिनसंग', 'डाँडामाथिको जून', 'मेरो देश', 'आमाको सपना', 'नयाँ वर्ष', 'रचनेदखि राइनासम्म', 'पहिलो पाइलो', 'सेतीको स्वर', 'प्रेम उपहार', 'उज्यालो अँध्यारो', 'भीमढुङ्गाका ढाक्रेहरू', 'आमालाई चिट्ठी', र 'कमलको फूल' १८ वटा दुई शब्द; 'कवि र श्रोता', 'चौकी टोलको ट्याम्पो', 'किसान मार्च गान', 'राष्ट्रवादको यो नमुना', 'महिला मुक्तिको गीत', 'दूर के दोस्त', 'नयाँ वर्षको कविता', 'गौंथली र काग', ८ वटा तीन शब्द र 'लामो पर्खाल माथि चढ्दा', र 'चुकेल्याङ र मो चि', जस्ता २ वटा कविताको शीर्षक चार शब्दबाट राखिएको छ । यीमध्ये कतिपय शीर्षकहरूको पदयोग गर्नै पर्ने शब्दहरूमा पनि पदवियोग देखिएको छ । जस्तै, 'लामो पर्खाल माथि चढ्दा' शीर्षकमा 'पर्खाल' र 'माथि' लाई पदयोग गरी 'पर्खालमाथि' लेख्नु पर्ने हो । त्यस्तै 'चुकेल्याङ र मो चि' शीर्षकमा 'मो' र 'चि' लाई छुट्याइएको छ जसले सार्थक अर्थ दिन सकेको छैन तर यसलाई पदयोग 'मोची' गर्दा भने सार्थक अर्थ 'निम्न वर्गीय जात' भन्ने बुझाउँछ । यसरी हेर्दा यस सङग्रहमा सङ्गृहीत कविताहरूको शीर्षकहरू एक शब्ददेखि ३ शब्दसम्मका पद वा पदावलीमा राखिएको देखिन्छ । यसरी यस सङग्रहमा सङगृहीत यी कविताहरूमध्ये १४ वटा दोस्रो चरण र ७ वटा तेस्रो चरणका गरी आधाभन्दा बढी (२१ वटा) त अघिल्ला चरणका कविताहरू देखिएका छन् ।

यस सङग्रहका पछिल्ला समयमा रचित कविताहरूमा कवि मनमा देशमा बहुदल आएपछि व्यक्ति, समाज एवम् राष्ट्रको परिस्थिति साथै अन्तर्राष्ट्रिय यात्राका क्रममा समेत उत्पन्न भावहरूलाई समेटिएको छ । नेपालको उक्त पछिल्लो समयावधिलाई कवि न्यौपानेले 'नयाँ युग' र त्यस समयमा विविध परिस्थितिबाट आफ्ना मनमा उत्पन्न भावहरूलाई समेटी रचिएका कविताहरूलाई 'नयाँ

आवाज' मानेका हुन् र यस सङग्रहको नाम 'नयाँ युगका नयाँ कविता' राखेका हुन् (मुकुन्द न्यौपानेबाट प्राप्त जानकारी) । कविताहरू पढ्दै र भाव बुझ्दै जाँदा यसमा सङगृहीत अघिल्ला चरणका कविताहरू धेरै भए तापनि यिनै पछिल्ला चरणका कविताहरू नै तुलनात्मक रूपमा अझ सशक्त एवम् सान्दर्भिक देखिएका छन् । त्यसैले यस सङग्रहको शीर्षक विधान 'नयाँ युगका नयाँ कविता' सार्थक देखिएको छ ।

### ३.२.५.३ संरचना

बाह्य संरचनाका दृष्टिले न्यौपानेको यस 'नयाँ युगका नयाँ कविता' कविता सङ्ग्रह ७४ पृष्ठमा संरचित छ । यस सङग्रहमा सङ्गृहीत कविताहरूमध्ये सबभन्दा कम विस्तारित कविता ६ पङ्क्तिको 'समर्पण' हो भने सबभन्दा बढी विस्तारित १४० पङ्क्तिको 'साथी लेनिनसँग' कविता हो । यिनै बीचमा रहेका अन्य कविताहरू 'दूर के दोस्त', 'पहिलो पाइलो', 'अस्तित्व', र 'उज्यालो अँध्यारो' ८; 'स्मरण' १०; 'किसान', १२; 'सेतीको स्वर', १३; 'महिला मुक्तिको गीत' र 'छानवीन' १४; 'कवि र श्रोता', १५; 'चुकेल्याङ र मो चि' र 'कमलको फूल' १६; 'बिहानीको सयर' र 'बिदाइपछि', १८; 'शहरीया ठालुहरू' र 'डम्फु' २०; 'आमालाई चिट्ठी' २२; 'कविता' र 'प्रेम उपहार' २३; 'चौकी टोलको ट्याम्पो' र 'नयाँ वर्षको कविता' २७; 'जन्मदिन' २८; 'लामो पर्खाल माथि चढ्दा' २९; 'भीमढुङ्गाका ढाक्रेहरू' ३२; 'राता फूलहरू' ३८; 'किसान मार्च गान' र 'नयाँ वर्ष' ४०; 'राम लखन' ४७; 'फलैंचाको व्यथा' र 'गौंथली र काग' ४८; 'रचनेदखि राइनासम्म' ५३; 'आमाको सपना' ५५; 'राष्ट्रवादको यो नमुना' ६३; 'बादल' ६४; 'डाँडामाथिको जून' ८१; 'मेरो देश' ८७; र 'गुलाफ' १०३; ६१ पङ्क्तिमा विस्तारित छन् । यी मध्ये १८ वटा निरन्तर पङ्क्ति प्रवाह र २१ वटा कविता सामान्य अनुच्छेद विभाजनमा आधारित छन् । कतिपय एउटै कवितामा समेत अनुच्छेद विभाजनमा एकरूपता छैन भने कुनैमा अनुच्छेद विभाजनका क्रममा ज्ञान वा अज्ञानमा भएको ठूलै गल्ती पनि देखिएको छ । उदारणका लागि ४० पङ्क्तिको 'नयाँ वर्ष' कविता सरसर्ती हेर्दा २०/२० पङ्क्तिका दुई अनुच्छेदमा विभाजित देखिन्छ तर जुन पङ्क्तिदेखि अनुच्छेद विभाजन गरिएको छ त्यहाँबाट अनुच्छेद विभाजन गर्नै मिल्दैन । जस्तै :

............................
कहिले भने ढुंगा र

काँडाहरूको डोबमा सर्ने गर्छ ।
अनि कहिले सुन्दर हातहरूको
मिलनको समारोह गर्छ

'नयाँ वर्ष' (पृ.४६)

यस सङ्ग्रहमा अनुच्छेद विभाजनका क्रममा कुनै अनुच्छेदमा बढीमा ४२ पङ्क्तिसम्म र सबभन्दा कममा २ पङ्क्तिसम्मका अनुच्छेद रहेका छन् । यस सङ्ग्रहमा एक पङ्क्तिमा सबभन्दा बढी ९ शब्दसम्म र सबभन्दा कम एक शब्दसम्मको सीमामा रहेको पङ्क्ति देख्न सकिन्छ । त्यस्तै यस सङ्ग्रहभरिमा सबभन्दा बढी ३० अक्षरसम्मको र सबभन्दा कम ३ अक्षरसम्मका पङ्क्ति रहेका छन् । अनुच्छेद विभाजनमा आधारित कविताहरूमध्ये 'गुलाफ' सबभन्दा बढी १५ अनुच्छेद छन् । त्यस्तै, 'लामो पर्खाल माथि चढ्दा', 'दूर के दोस्त', 'पहिलो पाइलो' र 'स्मरण' २; 'राता फूलहरू', 'किसान मार्च गान', 'सेतीको स्वर', 'छानवीन' र 'किसान' ३; 'जन्मदिन', 'डाँडामाथिको जून', 'प्रेम उपहार', 'नयाँ वर्षको कविता', 'बिदाइपछि' र 'कमलको फूल' ४; 'भीमढुङ्गाका ढाक्रेहरू' ८; 'राष्ट्रवादको यो नमुना' र 'साथी लेनिनसंग' ९; 'गौंथली र काग' १० र 'गुलाफ' १५ अनुच्छेदमा आधारित छन् । यसरी यस सङ्ग्रहको संरचना पक्षमा विविधता देखिएको छ ।

### ३.२.५.४ विषयवस्तु

कवि न्यौपानेको यस 'नयाँ युगका नयाँ कविता' कविता सङ्ग्रह विविध विषयवस्तुमा आधारित देखिएको छ । कविले यस सङ्ग्रहका कविताहरू मानवतावाद, समाजवाद, राष्ट्रवाद, बालश्रम शोषण, बाल अधिकार, महिला अधिकार, प्रकृति इत्यादि जस्ता विषयवस्तुहरूलाई आधार बनाई रचना गरेका छन् । यसमा सङ्गृहित धेरैजसो कविताहरूमा राष्ट्रप्रतिकै चिन्तन बढी देखिन्छ । कतिपय कविताहरूमा देशमा भर्खरै परिवर्तन हुँदै गरेको र तत्कालीन अवस्थामा कसैले बाधा अड्चन नल्याउन कविले अनुरोध गरेका छन् । कुनैमा राम लखन जस्तो व्यक्ति भौतिक रूपले गरिब भए तापनि मनको अति नै धनी, जति र जस्तो दुःखमा पनि रमाउन सक्ने, श्रमजीवि व्यक्तित्व उसको महानता दर्शाउँदै ऊजस्तै आशावादी एवम् श्रमजीविहरूको प्रशंसा गरिएको छ । जस्तै :

> उनी निरक्षर थिए
> तर एउटा किताबी
> ज्ञानका तुलनामा
> व्यावहारिक ज्ञानका धनी थिए ।
> बाहिरी आँखाले हेर्दाखेरि
> छाप्रोभित्रका गरीब थिए
> अन्तर्दृष्टिबाट केलाउँदा भने श्रमका चम्किला मणि थिए ।
>
> 'राम लखन' (पृ. ६)

यस सङ्ग्रहमा 'लामो पर्खालमाथि चढ्दा', 'रचनेदखि राइनासम्म', 'पहिलो पाइलो', जस्ता यात्रा संस्मरणात्मक कविताहरू पनि धेरै नै छन् । कुनै कवितामा पुराना, थोत्रा ट्याम्पो एवम् यातायतका साधनले वतावरण प्रदूषित भएको र यस्ता साधन उपत्यकाबाट विस्थापित भए पनि राजधानी बाहिर स्थापित भएको कुरा त कुनैमा बाल श्रम शोषण, बाल अधिकार त कुनैमा महिला

मुक्तिका आवाजहरू गुञ्जिएका छन् । त्यस्तै कुनैमा समस्त नेपाली किसानलाई अनेकतामा एकताको भावना गाँसी गरिबीको रेखा मेटाउन, समाज एवम् राष्ट्र निर्माण गर्न आफ्नो साथमा जे छ त्यो जसरी सकिन्छ त्यसरी नै लिएर शानका साथ उठ्न आव्हान समेत गरेका छन् । कुनैमा राष्ट्रवादका नाममा कागका पछि दौडी राष्ट्रकै सम्पत्ति तोडफोड भएको, जलेको परिस्थिति र घटनालाई उजागर गर्दै इतिहास र वीर पुर्खाको सत्कार्यबाट सत्प्रेरणा लिई अघि बढ्नु पर्ने सन्देश समेत पाइन्छ । प्रकृतिलाई आधार मानी लेखिएका कविता पनि उत्तिकै प्रेरणादायी छन् । यस सङ्ग्रहमा सङ्गृहीत धेरैजसो कविताहरूमा मार्क्सवादको चर्चा परिचर्चा एवम् प्रशंसा गरिएको छ । यसबाट उनी मार्क्सवादी विचारधाराका पनि कवि हुन् भन्ने प्रष्टँसग बुझिएको छ । यस्तै 'दूर के दोस्त', हिन्दी कविताले चाहिं उनको भाषिक आयामिकताको समेत परिचय दिएको छ । जस्तै :

बहुत दूरके रहनेवाले हम दोस्त बन गए
इस दोस्तीको बनाने मे कितने रिस्ते खो गए

चलते है हम एक ही धार पे जिसको मार्क्सवाद कहते है
इसी धार पे धरती के आज लाखौं लोग बहते है ।
'दूरके दोस्त' (पृ. ४९)

देशको बिग्रदो परिस्थिति, कम्युनिष्टभित्रको बिग्रदो अवस्था, विकृति, विसङ्गति, देशमा झनझन गरिबी बढ्दै गएको, वि.सं. २०४६ पछि देशमा बहुदल आएपछि पनि देशमा कुनै सुपरिवर्तन हुन नसकेको अवस्था, ६/६ महिनामा सरकार ढाल्ने र बनाउने प्रवृत्ति इत्यादि जस्ता देशको दुरावस्थाहरूबाट कवि मन साह्रै उकुसमुकुस भएको कुरा यस सङ्ग्रहमा सङ्गृहीत कविताहरूबाट प्रष्ट भएको छ । कतिपय कविताहरूमा पञ्चप्रतिको कटाक्ष प्रश्नहरू बहुदलवादी हौं भनी देश बनाउने वचन लिएका लाछी एवम् स्वार्थी नेताहरूप्रति तेर्सिएका छन् । कविले देश बनाउँछौं भन्नेहरू नै पैसा र सत्ताको नशामा चुर्लुम्म डुबेको अवस्थालाई बेहोसीको नशा मानेका छन् । यही बेहोसीको नशामा डुबेका कारण नेताहरू सधैं आफ्नैमात्र भाका भुकिरहन्छन् । नेताहरूमा एकअर्काको भाका सुन्न र बुझ्न सक्ने शक्ति हराइ सकेको मान्ने कविले सबै नेताहरू यस्तो नशाबाट मुक्त नभई देशमा कुनै किसिमको रूपान्तरण हुन नसक्ने पक्षलाई बडो मार्मिक तरिकाले अभिव्यक्त गरेका छन् । जस्तै :

यहाँ कसैले,
कसैको डम्फुको भाका बुझेनन्
नबजाउनेहरूको त कुरै छोडौं
रातदिन डम्फु बजाउनेहरूले पनि
एक-अर्काको स्वर चिनेनन् ।
'डम्फु' (पृ. २६)

कविले यस सङ्ग्रहका कुनै कवितामा जतिसुकै बुद्धिमान, शक्तिमान एवम् ठुला मान्छे भनाउँदाहरू पनि समूह (एकता) का अगाडि कुनै दिन उसको केही जोर चल्दैन; एक न एक दिन उसले हार बेहोर्नै पर्छ तर इतिहासका पानामा चाहिं हारेकै भए पनि तिनैको नाम सुनौला अक्षरले किन लेखिन्छ ? ती जित्नेहरूको नाम किन लेखिँदैन भनी इतिहासका केही यस्तै पक्षहरूप्रति प्रश्न गरेका छन् । जस्तै :

हार्ने इतिहासको पात्र बन्यो
जित्नेहरूको नाम निशान ढल्यो ।

कि त उनीहरूको नाम नै थिएन
या त कसैले लेख्नै दिएन ?
कि त शास्त्रास्त्र गर्नेहरूलाई
तरवारले उठ्नै दिएन ?

'चुकेल्याङ र मो चि' (पृ. ५०)

यसरी कविले यस 'नयाँ युगका नयाँ कविता' कविता सङ्ग्रहका कविताहरू मानवतावादी, समाजवादी, राष्ट्रवादी, बाल अधिकार, महिला अधिकार, प्राकृतिक, यथार्थवादी एवम् प्रगतिशील भावहरू अभिव्यक्त भएका छन् । समष्टिमा यस सङ्ग्रहको विषयवस्तु मानवतावाद एवम् राष्ट्रवाद नै रहेको छ ।

### ३.२.५.५ लय विधान

कवि न्यौपानेले यस 'नयाँ युगका नयाँ कविता' कविता सङग्रहका पनि सबै कविताहरू गद्य लयमा नै रचना गरेका छन् । तत्कालीन समय र परिस्थितिमा कवि हृदयमा उत्पन्न भएका विविध किसिमका प्राकृतिक तरङ्गहरूलाई उनले यस सङग्रहमार्फत कवितात्मक अभिव्यक्ति दिएका छन् । गद्य लयमा रचित भए तापनि यी कविताहरूमा निहित गेय गुणले सङग्रहलाई सम्प्रेषणीय, साङ्गीतिक एवम् लयात्मक बनाएको छ । जस्तै :

इतिहास पल्टाउन खोज्छु
छाती चिरिन्छ
कसम खाए कतिले तिम्रो नाउँमा
जंग बहादुरको जन्म कालदेखि
मोहन सम्सेरको मृत्युकालसम्म

गनेर साध्यै छैन
तिम्रो नाउँमा किरिया खानेको पंक्ति कति छ कति ?
'मेरो देश' (पृ. ३६ र ३७)

यस सङ्ग्रहका कतिपय कविताहरूमा प्रयुक्त अद्यानुप्रास, मध्यानुप्रास एवम् अन्त्यानुप्रासहरूले गेयात्मकता प्रदान गर्न सफल देखिएका छन् । जस्तै :

सहरिया ठालुहरू कामै नगरी
खान्छन् भने के काम लागे तिनका पाखुरी
नोकरलाई हप्काउँदै मुखै रातो भो
भाडा बस्ने छिमेकीको त्यसै सातो गो ।
'शहरिया ठालुहरू' (पृ. १८)

म देखिरहेछु एउटा इतिहास
मेरो आँखा अगाडि गुज्रिरहेछ,
मेरो हृदयका पत्र पल्टाउँदै
मेरो मुटुको गहिराइमा
अन्तस्करणभित्र कुटोले झैं खोस्रिरहेछ ।
'चुकेल्याङ र मो चि' (पृ. ५०)

यसरी यस 'नयाँ युगका नयाँ कविता' कविता सङ्ग्रहका सबै कविताहरू कविको काव्यात्मक माधुर्य संयोजन गर्ने कलाले सुमधुर, लयात्मक एवम् कर्णप्रिय बनेको छ ।

### ३.२.५.६ कथन पद्धति

प्रस्तुत 'नयाँ युगका नयाँ कविता' कविता सङ्ग्रहमा सङ्गृहीत सबै कविताहरूका विषयवस्तु एवम् भावहरूलाई कवि स्वयं उपस्थित भएर अभिव्यक्त गरेका छन् । यस सङ्ग्रहमा समेटिएका मानवता, सामाजिक, राष्ट्रिय, बाल आवाज, महिला आवाज, प्रकृति इत्यादि जस्ता विषयवस्तुका सम्पूर्ण स्वरहरूलाई कवि न्यौपानेले कवि कथनमा आधार बनाई प्रस्तुत गरेका छन् । यस क्रममा यस सङ्ग्रहमा प्रयुक्त जसले, आफूलाई, बगैंचा, तिम्रा, राम लखन, तिमी, बादल, कवि, श्रोता इत्यादि जस्ता प्रथम, द्वितीय, तृतीय पुरुष जनाउने पात्रहरूको प्रयोग त गरेका छन् तर यी सबैलाई कविले कविता रचना गर्दा स्मरण गर्दै एकालापका रूपमा अभिव्यक्त गरेका छन् । यस सङ्ग्रहमा यी कुनै पनि पात्रहरू प्रत्यक्ष रूपमा क्रियाशील छैनन् । यी सबै पात्रहरू कवि कथनमा आधारित छन् । यसरी यस सङ्ग्रहका सबै कविताहरू कविले आफैंले प्रत्यक्ष रूपमा सिधै काव्यात्मक कथन गरेका हुनाले यो 'नयाँ युगका नयाँ कविता' कविता सङ्ग्रह पनि कविप्रौढोक्ति कथन पद्धतिमा आधारित देखिएको छ ।

### ३.२.५.७ बिम्बालङ्कार र प्रतीक विधान

कवि यस न्यौपानेले 'नयाँ युगका नयाँ कविता' कविता सङ्ग्रहमा पनि सहज र सरल रूपमा केही बिम्बालङ्कार, प्रतीक एवम् रसहरूको प्रयोग गरेका छन् । यस सङ्ग्रहमा पनि आद्य, मध्यजस्ता शब्दालङ्कारहरू आंशिक र अन्त्यानुप्रासको अत्यधिक रूपमा प्रयोग भएको छ भने केही मात्रामा उपमा, उत्प्रेक्षा, दृष्टान्त, स्वभावोक्ति, इत्यादि जस्ता अर्थालङ्कारहरूको प्रयोग भएको छ । त्यस्तै यस सङ्ग्रहमा करुण, वीर, वीभत्स, शान्त इत्यादि जस्ता रसहरूको पनि प्रयोग देखिन्छ । 'राम लखन' कवितामा प्रयुक्त पात्र 'राम लखन' गरिब नेपालीको प्रतीक र 'मणि' उसको स्वभाव, 'छाप्रो' र 'झुपडी' गरिब नेपालीहरूको बासस्थानको बिम्बको रूपमा देखिएका छन् । यसरी प्रयोग भएका यस्ता बिम्ब र प्रतीकहरूले कविताहरूलाई सुन्दर, सहज एवम् लयात्मक बनाएका छन् । यस सङ्ग्रहका कविताहरू पनि धेरैजसो अभिधात्मक रूपमा नै सरल, कर्णप्रिय एवम् बोधगम्य छन् ।

### ३.२.५.८ भाषाशैली

यस 'नयाँ युगका नयाँ कविता' कविता सङ्ग्रहका सबै कविताहरू कवि न्यौपानेले सरल एवम् सहज, सुकोमल एवम् सुबोध भाषाशैलीमा रचना गरेका छन् । कविले कुनै कवितामा पनि त्यस्तो क्लिष्ट एवम् पाण्डित्य शैली अपनाएका छैनन् । कथ्य भाषाको नजिक रहेर लेखिएका यी सबै कविताहरू स्वाभाविक लाग्दछन् । नेपाली झर्रा शब्दहरूको नै आधिक रूपमा प्रयुक्त यस सङ्ग्रहमा कविले स्नेह, स्वागत, प्रतीक्षा, प्रकाश, शहीद, मिथ्या, कवि, मधुर, दृष्टि, मणि, श्रोता, सन्ध्या, सुधा इत्यादि जस्ता तत्सम शब्दहरू र रगत, गाउँ, आँखा, राती, हात, मानिस, आज, पात, इत्यादि जस्ता तद्भव शब्दहरूको प्रयोग गरेका छन् भने कतिपय कविताहरूमा मुस्किल, मुस्कान, फुलुङ्ग, सिलेवर, टीभी, रिमोट, होटल, डान्स, पार्क, ग्रेटवाल, बम, ट्याम्पो, मार्च, टायर, प्लेकार्ड, आलमारी, बहुत, दोस्त, इत्यादि जस्ता आगन्तुक शब्दहरू पनि प्रयोग गरेका छन् । फुर्रफुर्र, कक्रक्क, प्याच्च, थ्याच्च, च्वास्स, घ्यारघ्यार, अकमक्क, लम्पसार, टुलुटुलु, डुङडुङती, लुटुपुटु इत्यादि जस्ता अनुकरणात्मक शब्दहरूले कविताहरूलाई अझ सुन्दर, सहज एवम् सरसिला बनाएका छन् । त्यस्तै त, पो, नै, न, है, ल, र, रे, अरे, खै, के, हो, कि इत्यादि जस्ता निपातहरूले कविताहरूलाई अझै बढी रसिला, आकर्षक एवम् श्रुतिमाधुर्य बनाएका छन् ।

यस सङ्ग्रहमा सङ्गृहीत कतिपय कविताहरूमा आमा !, किसान !, मेरो देश जस्ता सम्बोधनात्मक भाषाशैलीको पनि प्रयोग भएको छ । त्यस्तै कतिपय कविताहरूमा प्रश्नात्मक शैली एवम् व्यङ्ग्यात्मक शैली पनि पाउन सकिन्छ । समासका दृष्टिले यस सङ्ग्रहमा बुढाबुढी, लेखाजोखा, देशभक्त, खेतबारी, प्रेमपुञ्ज, वायुपंखी, वारिपारि, छलकपट, श्रमशक्ति, खेतबारी, अघिपछि, देशभक्त, राष्ट्रप्रेम इत्यादि जस्ता समस्त शब्दहरू पनि प्रशस्तै प्रयोग भएका छन् । त्यस्तै, रातारातात, माथिमाथि, मिठामिठा, कुनाकुना, चिराचिरा, टाढाटाढा, विस्तार-विस्तार, माझैमाझ, वनैवन, रूखैरूख, टुक्राटुक्रा, झन्झन्, सदासदा इत्यादि जस्ता द्वित्व शब्दहरू साथै वारि-पारि, उकाली-वराली, बिहान-राती, दायाँ-बायाँ, सकी-नसकी, अघि-पछि, मालिक-नोकर, सुनुन्-नसुनुन् तातो-चिसो इत्यादि जस्ता

विपरीतार्थी शब्दहरूको प्रयोगले यस सङ्ग्रहले बढी लालित्य, रागात्मक एवम् लयात्मकता प्राप्त गरेको छ । यस सङ्ग्रहमा पृष्ठ ४९ मा सङ्गृहीत 'दूरके दोस्त' हिन्दी भाषाको कविताले कविको भाषागत आमायिक शैलीको पनि परिचय दिएको छ । यस सङ्ग्रहका कतिपय कवितामा नेपाली भाषाको पदयोग, पदवियोग, वर्णविन्यास आदिका नियमका हिसाबले सामान्य केही कमजोरी रहे तापनि सरल, सहज एवम् सुबोध वाक्यका साथमा माधुर्य संयोजन गर्न कवि सफल देखिएका छन् ।

यसरी यस सङ्ग्रहमा पनि कविले तत्सम, तद्भव र रसमस्त एवम् सरल शब्दहरूको समुचित प्रयोग गरेका छन् । कतै संबोधनात्मक, कतै प्रश्नात्मक त कतै व्यङ्ग्यात्मक शैली समेत पाइने यस सङ्ग्रहमा पनि प्रयोग भएका विस्मयादिबोधक, निपात, अनुकरणात्मक एवम् नेपाली झर्रा शब्दहरूले यो काव्य सरल, सुकोमल, सुबोध श्रुतिमधुर, लयात्मक एवम् सर्वसाधारणका लागि समेत बोधगम्य भाषाशैलीयुक्त बनेको छ ।

### ३.६.९ निष्कर्ष

कवि मुकुन्द न्यौपानेको वि.सं. २०५८ सालमा प्रकाशित यस 'नयाँ युगका नयाँ कविता' कविता सङ्ग्रह उनको काव्यिक यात्राको चौथो चरण अन्तर्गत पर्दछ । यो उनको प्रकाशित समग्र साहित्य कृतिमा नवौं र तेस्रो कविता सङग्रह हो भने समग्र प्रकाशित कृतिमा चाहिं बाह्रौं हो । लामा छोटा गरी जम्मा ३९ वटा कविताहरू सङगृहीत यो सङ्ग्रह तत्कालीन समयमा देश र जनताको संवेदनशील परिस्थितिबाट कवि मनमा उत्पन्न अनेक भावहरू कवितात्मक रूपमा प्रस्तुत गरिएको सशक्त एवम् कलात्मक अभिव्यक्तिको पुञ्ज हो । यस सङ्ग्रहका कतिपय कवितामा नेपाली भाषाको पदयोग, पदवियोग, वर्णविन्यास आदिका नियमका हिसाबले सामान्य केही कमजोरी रहे तापनि कविले सरल, सहज एवम् सुबोध वाक्यका साथमा माधुर्य संयोजन गर्न सफल देखिएका छन् । गद्य लयमा सचित यो सङग्रह विभिन्न समास, द्वित्व, विस्मयादिबोधक, निपात, अनुकरणात्मक, साथै बिम्बालङ्कार, प्रतीक, रस एवम् नेपाली झर्रा शब्दहरू, साङ्गीतिक झङ्कार इत्यादिले श्रुतिमाधुर्य एवम् बोधगम्य बनेको छ । मानवतावाद, समाजवाद, राष्ट्रवाद, बालश्रम शोषण, बाल अधिकार, महिला अधिकार, प्रकृति इत्यादि जस्ता विषयवस्तुहरूलाई आधार बनाई रचना गरेका कविताहरू सङ्गृहित यस सङग्रहका धेरैजसो कविताहरूमा राष्ट्रप्रतिकै चिन्तन बढी देखिन्छ । बढीमात्रामा अभिधात्मक रूपले नै बोधगम्य यो सङ्ग्रह पनि कविप्रौढोक्ति कथन पद्धतिमा आधारित देखिएको छ ।

यस 'नयाँ युगका नयाँ कविता' सङग्रह मार्फत कविले सम्पूर्ण जनतालाई एकतामा बाँधिई आ-आफ्नो क्षेत्रबाट आफूसँग जे छ त्यही साथमा लिएर मन वचन कर्मले निडर एवम् शानका साथ देश र सम्पूर्ण जनताका लागि डटेर लड्न अनुरोध गरेका छन् । देश र जनताको जिम्मा लिएका सम्पूर्ण नेताहरूलाई सत्ता र पैसाको नशाबाट मुक्त भई निःस्वार्थ भावले अनावश्यक जिद्दीलाई त्यागन अनुरोध गरेका छन् । यसका साथै उनीहरूलाई मानवतावाद, समाजवाद, राष्ट्रवाद, बाल अधिकार, महिला अधिकार इत्यादि जस्ता पक्षका लागि, स्वच्छ, समृद्ध, शान्तपूर्ण, समाज एवम् राष्ट्र निर्माण गर्नका लागि आह्वान गरेका छन् । यसरी यो सङ्ग्रह साँच्चीकै 'नयाँ युगका नयाँ आवाज' का रूपमा

उपस्थित भएको  छ । यस सङ्ग्रहमार्फत कवि न्यौपाने पनि एक सच्चा राष्ट्रभक्त, चिन्तनशील, मानवतावादी, समाजवादी, यथार्थवादी, क्रान्तिकारी एवम् प्रगतिशील काव्यकारका रूपमा अझ बढी परिचित भएका छन् ।

### ३.२.६ 'घाइते देश' कविता सङ्ग्रह

#### ३.२.६.१ सामान्य परिचय

प्रस्तुत 'घाइते देश' कविता सङ्ग्रह मुकुन्द न्यौपानेद्वारा लिखित वि.सं. २०५९ मा 'मुकुन्द न्यौपाने' नामबाट प्रकाशित कृति हो । यो उनको प्रकाशित समग्र साहित्य कृतिमा दसौं र कविता सङ्ग्रहमा चौथो कृति हो भने समग्र प्रकाशित कृतिमा चाहिं तेह्रौं हो । यो कृति उनको काव्यिक यात्राको चौथो चरण अन्तर्गत पर्दछ । दोभान प्रकाशन काठमाडौंले प्रकाशन गरेको यस सङ्ग्रहमा लामाछोटा गरी जम्मा ४१ वटा कविताहरू सङ्गृहीत छन् । यो सङ्ग्रह व्यक्ति, समाज एवम् देशबारे गरिएका गहिरा चिन्तनहरू काव्यात्मक रूपमा प्रस्तुत भएको एउटा महत्त्वपूर्ण कृति हो ।

#### ३.२.६.२ शीर्षकीकरण

कवि मुकुन्द न्यौपानेको यस 'घाइते देश' कविता सङ्ग्रहको नाम दुई शब्दबाट राखिएको छ । यस सङ्ग्रहमा सङ्गृहीत कविताका शीर्षकहरू एक शब्ददेखि पाँच शब्दसम्मका पद वा पदावलीमा राखिएका छन् । यीमध्ये ७ वटा कविताहरूका शीर्षक एक शब्दबाट राखिएको छ भने २१ वटा कविताहरूका शीर्षक दुई शब्दबाट राखिएको छ । त्यसै गरी ८ वटा ३ शब्द, २ वटा ४ शब्द, र  ३ वटा कविताहरूका शीर्षक ५ शब्दबाट राखिएको छ । यस सङ्ग्रहमा कुनै संबोधनात्मक, कुनै कुनै प्रश्नात्मक त कुनै अनुरोधात्मक शैलीका शीर्षक भएका कविताहरू छन् । यस सङ्ग्रहमा एउटै शीर्षकका 'साथीलाई पत्र' भिन्नाभिन्नै भाव बोकेका दुई वटा कविताहरू छन् । यस सङ्ग्रहको पृष्ठ १८ मा समाविष्ट  कविता तेस्रो चरणको हो भने पृष्ठ ५१ मा समाविष्ट चाहिं यसै चौथो चरणको कविता हो । यसरी कविताका शीर्षक जुधाउनु र अझ एउटै शीर्षकका भिन्न दुई कविता एउटै सङ्ग्रहमा समावेश गर्नुले यहाँनेर कविको कुनै कुनै कविताको शीर्षक चयनमा चाहिं त्यति ध्यान जान सकेको देखिंदैन ।

कवि "यसमा सङ्कलित धेरैजसो कविताहरूमा यो सुन्दर एवम् रमणीय देश चोटैचोटले घाइते छ भन्ने कुरा कहीं न कहीं धेरैथोरै रूपमा अभिव्यक्त भएकै छ" भन्छन् । तत्कालीन समयमा माओवादी हिंसा र युद्धबाट देश प्रताडित भएको अवस्थाको परिवेश यी कविताहरूमा पाइन्छ । पीडित आत्माका मार्मिक पीडा, ठाउँ ठाउँमा भत्किएका पुलहरू, जलेका घरहरू र बाटाहरूले कवि हृदयभित्र सङ्गीत भरिदिए र तिनै पीडाका मनका सङ्गीतलाई उनले 'घाइते देश' कविता सङ्ग्रहको रूपमा प्रस्तुत गरेका हुन् (कवि मुकुन्द न्यौपानेबाट प्राप्त जानकारी) । नभन्दै कविताहरू पढ्दै र भाव बुझ्दै जाँदा धेरै कवितामा देशको तत्कालीन समय र परिस्थितिमा जनताका मनका व्यथा, पीडा, चोइटिएका बाटा, पुलहरू र जलेका घरहरूको क्रन्दनहरू अनि देशको गहिरो घाउ कुनै न कुनै रूपमा अभिव्यक्त भएको पाइन्छ नै । यसरी धेरैभन्दा धेरै कविताहरू देश घाइते भएको कुरालाई बडो मार्मिक एवम्

कुशलतापूर्वक अभिव्यक्त गर्न सफल देखिएकाले यस सङ्ग्रहको शीर्षकीकरण 'घाइते देश' सान्दर्भिक एवम् सार्थक देखिएको छ ।

### ३.२.६.३ संरचना

बाह्य संरचनाका दृष्टिले न्यौपानेको यस 'घाइते देश' कविता सङ्ग्रह ५९ पृष्ठमा संरचित छ । यस सङ्ग्रहमा सङ्गृहीत विभिन्न ४१ वटा कविताहरूमध्ये सबभन्दा बढी विस्तारित कविता ९६ पङ्क्तिमा रचित 'उल्झिएका आकांक्षाहरू' हो भने १० पङ्क्तिमा सीमित 'देश चाहिन्छ' सबभन्दा कम विस्तारित कविता हो । यिनै बिचमा रहेका अन्य कविताहरू 'आफ्नै माटो माग्छ', 'नानीहरूलाई', र 'जुरेली' १२; 'जेठ १९ गतेका दिन' १४; 'श्रमिक गीत', 'मरेपछि फूल', ' फूलको गुनासो', 'ऐजेरुको व्यथा' र 'झर्नासँग' १६ ; 'जन्मभूमिको यादमा', 'देश घाइते भएछ', 'माझी साथी' र 'साथीलाई सन्देश' १८; 'म त सुन्दर फूल हुँ', 'दिन', 'नगर युद्ध', 'आजको भिखारी', 'पुतली र फूल' र 'यहाँ यस्तै हुन्छ' २०; 'एक झलक' २१; 'साथीलाई पत्र' पृष्ठ १८, र 'मेरा शिखरहरू' २३; 'आऊ शान्तिको गीत गाउन' २४; 'असिना र फूल', र 'एक कविता' २६; 'भृकुटीको बिहान' २८; 'कहाँ छ विपना' ३२; 'पिप्लेको पीडा' ३४; 'मान्छेको मूल्य' ३६; 'साथीलाई पत्र' पृष्ठ ५१, 'अनपढ आमाहरू', र 'घर बन्न सक्छ अझै पनि' ३७; 'चुरौटे' ३९; 'मेरो साथीचक्र' ४१; 'पीडा' ४२; 'शान्ति ! आँखा उघारिदेऊ' र 'के मेरो बगर उस्तै छ ?' ५०; 'श्रमिकको तिहार' ५६ र 'यात्रा' ९१ पङ्क्तिमा विस्तारित छन् । यीमध्ये 'दिन', 'नगर युद्ध', 'आजको भिखारी' र पृष्ठ ५१ को 'साथीलाई पत्र' ४ वटा कविताहरू निरन्तर पङ्क्ति प्रवाहमा आधारित छन् भने अन्य सबै कविताहरू अनुच्छेद विभाजनमा आधारित छन् । अनुच्छेद विभाजनका क्रममा कुनै अनुच्छेदमा बढीमा २२ पङ्क्तिसम्म र सबभन्दा कममा ३ पङ्क्तिसम्मका अनुच्छेद रहेका छन् । यस सङ्ग्रहमा एक पङ्क्तिमा सबभन्दा बढी १० शब्दसम्म र सबभन्दा कम एक शब्दसम्मको सीमामा रहेको पङ्क्ति देख्न सकिन्छ । त्यस्तै यस सङ्ग्रहभरिमा सबभन्दा बढी २९ अक्षरसम्मको र सबभन्दा कम ३ अक्षरसम्मका पङ्क्ति रहेका छन् ।

यस सङ्ग्रहका अनुच्छेद विभाजनमा आधारित कविताहरूमध्ये 'उल्झिएका आकांक्षाहरू' मा सबभन्दा बढी १६ अनुच्छेद छन् । त्यस्तै 'जेठ १९ गतेका दिन', 'देश चाहिन्छ', 'साथीलाई सन्देश' र 'यहाँ यस्तै हुन्छ' २; 'श्रमिक गीत', 'आफ्नै माटो माग्छ', पृष्ठ १८ को 'साथीलाई पत्र' 'नानीहरूलाई', 'जुरेली', 'एक कविता', 'भृकुटीको बिहान' र 'घर बन्न सक्छ अझै पनि' ३; 'जन्मभूमिको यादमा', 'देश घाइते भएछ', 'मरेपछि फूल', ' फूलको गुनासो', 'ऐजेरुको व्यथा' र 'माझी साथी' 'झर्नासँग', 'पुतली र फूल', 'आऊ शान्तिको गीत गाउन', 'मेरा शिखरहरू', 'एक झलक' र 'मेरो साथीचक्र' ४; 'म त सुन्दर फूल हुँ', 'अनपढ आमाहरू', 'चुरौटे' 'पीडा' 'असिना र फूल', र 'शान्ति ! आँखा उघारिदेऊ' ५; 'यात्रा', 'मान्छेको मूल्य', 'पिप्लेको पीडा', 'के मेरो बगर उस्तै छ ?' र 'कहाँ छ विपना' ८; र 'श्रमिकको तिहार' १२ अनुच्छेदमा आधारित छन् ।

### ३.२.६.४ विषयवस्तु

तत्कालीन समयमा देशमा विद्यमान राजनीतिक हिंसा र युद्धको वितण्डा देखेका र भोगेका अनुभूतिहरूबाट जन्मिएको कवि न्यौपानेको यो 'घाइते देश' कविता सङ्ग्रह विविध विषयवस्तुमा आधारित छ । यसमा सङ्गृहीत कविताहरूमा देशभक्तिको भावना, देशको तत्कालीन परिस्थिति, देशमुक्तिको चिन्तन, शान्तिको उत्कट चाहना, सामाजिक भेदभाव, नारी समस्या, राजाप्रतिको दृष्टिकोण, मानवता एवम् प्रकृति इत्यादि जस्ता विषयहरू समेटिएका छन् । कतिपय कवितामा कवि मनलाई जन्मभूमिको सम्झनाले अति नै सताएको कुरा आएको छ त कतिपयमा कर्मभूमि एवम् सम्पूर्ण देशप्रति कवि हृदय अति नै संवेदनशील रहेको कुरा अत्यन्त मार्मिक तरिकाले अभिव्यक्त भएको छ । जस्तै :

भोजपुरको चिसो हावा रचनेको पानी
घरमाथि नाची हिँड्ने वनकी चरी रानी
कलकलाउँदो मूलको पानी उत्तिसको वन
भिर्नागीका पाखातिरै जान्छ मेरो मन
'आफ्नै माटो माग्छ' (पृ. ४)

त्यस्तै अर्को

कसले दियो यस्तो बुद्धि क्रान्ति हाँक्नेलाई
विदेशीलाई खुसी पार्न देशै मास्नेलाई
'देश घाइते भएछ' (पृ. ३)

मारेर भाइ सम्पत्ति जलाई खरानी पारेर
के दिन्छौ मुक्ति नेपालभित्रै नेपाली मारेर
'नगर युद्ध' (पृ. २०)

कविले कतिपय कवितामा नेपाल रहे मात्र नेपाली अस्तित्व रहन्छ; एकापसको लडाइँले देशै रहँदैन भने युद्ध केका लागि भनी कटाक्ष प्रश्न गरेका छन् । कतिपय कवितामा यस देशमा बेलाबेलामा आउने बाढी पहिरोका कारण देश र जनताले भोग्नु परेको भयावह परिस्थिति संवेदनशील एवम् कलात्मक अभिव्यक्तिका रूपमा आएका छन् । अशान्ति, असुरक्षा, अव्यवस्था एवम् अस्त-व्यस्तताको भुँमरीमा देश रुमलिएको अवस्थालाई पनि न्यौपानेले उत्तिकै मार्मिक पारामा अभिव्यक्त गरेका छन् । जस्तै :

देश भए त्यहीभित्र हुन्छ सबै जाति
सबै जाति एक भए देश उठ्छ माथि

कसले हेर्छ फुटेकालाई कुन वैरीले हेर्छ
भाइभाइमा नलड है देशले यही भन्छ ।

'देश चाहिन्छ' (पृ.७,)

मेरो घर छियाछिया भएको छ
खेतहरू क्षतविक्षत भएका छन्
अन्धकार रातमा पानीको प्रकोपमा
प्यारा नानीहरू बगेर गएका छन्
म साँझमा सम्पन्न भएर सुतेको मान्छे
बिहानीमा सडकको भिखारी भएको छु

'पिप्लेको पीडा' (पृ.३७ - ३८)

माओवादी प्रभावित राजनीतिक अस्थिरता, खिचातानी, भ्रष्ट प्रशासक, अनेक विभत्स हिंसा र युद्धको चोटको चपेटामा चेपिएर जनता र देशै निस्सासिएका कुरालाई कविले यसरी अभिव्यक्त गरेका छन् :

चन्दा माग्ने माओवादी शहरभरि जागे
बन्द भए कार्खाना चैं मजदुर पाखा लागे
आतंकित मालिकले बन्द गऱ्यो मिल
मजदुरका छोराछोरी भए चिलबिल ।

'श्रमिकको तिहार' (पृ.२७)

मान्छेभन्दा प्यारा भए बन्दुकका गोली
खेली हिंड्छन् नेपालीकै रगतमा होली

'मान्छेको मूल्य' (पृ.३६)

धेरै भयो पीडा अब धेरै बग्यो आँसु
कति खेप्नु वेदना यो भई आधा मासु
अब पुग्यो नखेलिद्यौ बन्दुकको खेल
युद्ध हैन नेपालीलाई चाहिएको छ मेल ।

'मान्छेको मूल्य' (पृ.३६)

कविले यसै सङ्ग्रह मार्फत हाम्रो जस्तो देशमा राजा एकताको प्रतीक भएर रहनु आवश्यक छ भन्ने पक्षमा पनि चिन्तन गरेका छन् (भट्टराई, २०५९ : ग) ले यसै सङ्ग्रहको भूमिका लेखमा लेखेका छन् तर कवि स्वयंसँगको वार्तालापले भने उनको यो चिन्तनमा मेल खाएन । जे होस् त्यो १९

गते रातको राजदरबार हत्याकाण्डबाट कवि हृदय अत्यन्त संवेदनशील एवम् साह्रै विव्हल भएको कुरा तलको कवितांशबाट प्रस्ट हुन्छ ।

मलीन सन्ध्यामा आफ्ना नरेशको शव दरबारअगाडि पऱ्यो
बाँसका टुप्पाले आँसु खसाए मयुरले मधुर स्वरमा रोदन गऱ्यो
उता सूर्यास्त देख्नासाथ लोलाउँछन् त्यसै फूलका पातहरू
संझदै दिक्क मान्छन् उनीहरू जेठ उन्नाईसपछिका रातहरू ।

'जेठ १९ गतेका दिन' (पृ.५)

छोराछोरी समान हुन्; नारी र पुरुषमा हक अधिकार बराबर हुनु पर्छ भन्ने हुँदाहुँदै पनि हाम्रा मुलुकका नारीहरूले अझै पनि विभन्न बाधा, अड्चन र सास्ती खेप्नु परेको छ । धेरैजसो नारीहरूले उचित एवम् अत्यावश्यक इच्छा र आकांक्षाहरूलाई समेत दबाउँदै अनेक समस्याहरूको सामना गर्दै बाँच्नु परेको यथार्थ पीडालाई पनि कविले राम्ररी बुझेका छन् र यस कटु पक्षलाई उनले शब्दमा यसरी उतारेका छन् :

आमाहरू अनपढ छन्
निरक्षर छन्
पढ्ने मौका नै पाएनन् उनीहरूले
घाँसदाउरामै बित्यो बाल्यकाल
......................................

ढाड थिचिंदाथिचिंदा उनीहरूको
अब त घाँटी पनि बाङ्गो भइसकेको छ ।

'अनपढ आमाहरू' (पृ.१६ - १७)

यस सङ्ग्रहमा सङ्कलित कतिपय कविताहरूमा नेपाल सबै नेपालीको साझा घर हो; समाज एवम् देशमा सबै नेपालीको हक अधिकार उत्तिकै हुने भए तापनि नेपाली समाजमा विद्यमान धनी, गरिब, छुवाछुत, शोषक, शोषित, मालिक, नोकर, श्रमिक, पुँजीपति, किसान, व्यापारी, सम्पन्न, विपन्न, गाउँले, सहरिया, नेता, जनता, गुरु, शिष्य, उच्च वर्ग, निम्न वर्ग इत्यादि जस्ता विविध किसिमका वर्ग विभाजन एवम् भेदभावले जटिल एवम् संवेदनशील परिस्थिति सिर्जना भएको तितो सत्य जस्ता विषयहरू पनि बडो कुशलतापूर्वक प्रस्तुत भएका छन् । त्यस्तै प्रकृतिलाई आधार मानी मानवीय संवेदना प्रकट गरेर लेखिएका कविताहरू पनि उत्तिकै चोटिला देखिएका छन् । कवि तल्लो तप्काका जनताका समस्याहरूप्रति अझ संवेदनशील देखिएका छन् । जस्तै :

जिन्दगी यो कैले तल कैले टाकुरीमा
गौरव गर्छु म त आफ्नै पाखुरीमा

सक्तैन है रोक्न अब जालको माकुरीले
संसारको निर्माण गर्छ हाम्रै पाखुरीले
'श्रमिक गीत' (पृ.१)

भोक लाग्दा खाना छैन प्यास लाग्दा पानी
मात्रै सुन्दर फूल माग्छिन् घरकी महारानी
'फूलको गुनासो' (पृ.१२)

के बाध्यताले त्यो भयो भिखारी
मान्छेहरू हो गरिद्यौ चिनारी
छिछि र दुरदुर गरी बस्तछौ किन
तिम्रा पनि बिग्रन सक्तछन् दिन
'आजको भिखारी' (पृ.२१)

कवि न्यौपानेले हत्या, हिंसा र युद्धले ग्रस्त यो देशको अशान्त, बिग्रँदो, भयावह अवस्थाप्रति निकै चिन्तन गर्दै लेखेका कतिपय कविताहरू मार्फत सम्पूर्ण नेपालीलाई क्रोध र ईर्ष्या फालेर देशमा प्रेम र विवेकको फूल फुलाउनका लागि अनुरोध गरेका छन् । उनले प्रत्यक्ष रूपमै संबोधन गर्दै शान्तिलाई आव्हान गरेका छन् । चोटैचोटले थिलिएको, ग्रस्त भएको यो देश अझै पनि सबै नेपालीहरू निःस्वार्थ भावले जुटेमा स्वस्थ हुने कुरामा उनी निकै आशावादी देखिएका छन् । यी भावहरूलाई उनले शब्दहरू मार्फत यसरी प्रस्तुत गरेका छन् :

त्यागिदेऊ ईर्ष्या क्रोध
आवेग र घृणालाई
........................
स्नेह, धैर्य र सहानुभूति नै
तिम्रो जिन्दगीको लक्ष्य हुनुपर्छ
प्रेम र विवेकको फूलबारीभित्र
तिम्रा मेहेनतका पसिना चम्कनुपर्छ ।
'साथीलाई सन्देश' (पृ.४२)

शान्ति ! फेरि एकपटक
आँखा उघारिदेऊ

..................
अब त धर्ती र आकाशलाई
हल्लाउने प्रलयकारी ज्वालामुखीहरू पनि
तिम्रै अनन्तताको खोजीमा छन् ।
'शान्ति ! आँखा उघारिदेऊ' (पृ.४४)

घर बन्न सक्छ अझै पनि
तर सबै हात जुट्नुपर्छ
ठूलो एकताको शक्ति लिएर
अरिगांलझैं जुट्नुपर्छ ।
'घर बन्न सक्छ अझै पनि' (पृ.५९)

माथि उल्लेख गरे झैं सबै नेता जनता एकतामा बाँधिएर देशको घाउ निको पार्न निःस्वार्थ भावले मन वचन कर्मले लाग्न सक्नु पर्छ; लाग्न तम्सिएकै पनि छन्; जुटेकै पनि छन् तर केही स्वार्थी अगुवाहरू नै पुनः आफ्नै साथीका विरुद्ध षड्यन्त्र गरी जुटाउनभन्दा फुटाउन थालेका छन् । यसो गरेपछि त निःस्वार्थ भावले जुटेकाहरूको पनि आशा नमरे पनि यसै अन्योलमा परेका छन् । ती स्वार्थी एवम् अधर्मीहरू देश र जनताका यी मर्मलाई किन बुझ्दैनन् भनी कवि देश र जनताका हितका नाममा केवल आफ्ना लागि मात्र सोच्ने, क्रान्तिका नाममा देशै ध्वस्त पार्न तम्सिएका तत्त्वहरूप्रति निकै आक्रोशित देखिएका छन् । जस्तैः

तर आफूलाई अगुवा भन्नेले नै
आफ्नै साथीको विरुद्ध
विषवमन गर्न थालेपछि
आशाको टुसो नमरे पनि
रनभुल्लमा छन् कर्मीहरू
तर उनीहरूको आशाको
मर्मलाई बुझ्ने कोसिस
गर्दैनन् अधर्मीहरू ।
'घर बन्न सक्छ अझै पनि' (पृ.५९)

विश्वमा शान्तिको प्रतीकको रूपमा चिनिएको बुद्धको यो देश आज युद्ध र हिंसाले ग्रस्त छ; देश र जनताको मुक्तिका लागि सम्पूर्ण राजनीतिज्ञहरू समयमै सचेत बन्नु पर्छ; देश र जनताको मर्मलाई समयमै बुझेर सचेत बनी निःस्वार्थ भावले शान्तिको बाटो अपनाउन सके मात्र यो देश पूर्ण

स्वस्थ हुन्छ, नत्र भने यो देश र जनताले कहिल्यै मुक्ति पाउँदैनन् अनि टाउकामा हात राखेर पश्चात्ताप गर्नु सिवाय केही बाँकी रहँदैन भन्नेतर्फ पनि कविले यसरी सजग गराएका छन् :

चढाउँदा आज फेरि सम्मानको फूल
वाचा गर नदोहोऱ्याउने विगतका भूल
अनिमात्र होला तिम्रो सम्मानको मोल
नत्र भने सधैंभरि हुन्छ गन्जागोल ।

'मरेपछि फूल' (पृ.६)

कविले यसै सङ्ग्रह मार्फत हतियार उठाई युद्ध र हिंसाको बाटोमा रमाइ रहेकाहरूलाई सुख, शान्ति, सन्तोष, समृद्धि र रमाइलो त हिंसात्मक क्रान्तिको बाटामा होइन शान्तिको बाटामा हुन्छ भन्दै उनीहरूलाई हतियार बिसाउन यसरी अनुरोध गरेका छन् :

आऊ अब शान्तिको गीत गाउन
तिम्रो बन्दुकलाई थन्क्याइदेऊ
मान्छेको लासमाथि आँसु बगेको हेर्नुभन्दा
ताजा तरुण युवतीहरूले कपालमा रिबन फहराउँदै
बाटोमा नाचेको हेर्नु कति रमाइलो हुन्छ ।

'आऊ शान्तिको गीत गाउन' (पृ.४१)

तत्कालीन समयमा लथालिङ्ग, अस्तव्यस्त, हिंसा र युद्धले थलिएको यस देशप्रति निकै चिन्तित कवि न्यौपानेले कुनै कविता मार्फत बाँचुञ्जेलसम्म पनि सदा यही देशको सेवामा लागि रहने र मृत्यु पश्चात् पनि यही माटोमा समाहित हुन चाहेको हृदयस्पर्शी भाव अभिव्यक्त गरेका छन् । यस अभिव्यक्तिले कविको देशप्रतिको आगाध प्रेमलाई अझ प्रस्ट पारेको छ । यस देशभक्तिपूर्ण भावलाई उनले यसरी प्रस्तुत गरेका छन् :

बिहानको रातो घाम गाईचरनको छाया
नेपाली भै बाँच्ने इच्छा नेपालकै माया

मुटुभित्र रमिदिन्छ इसाराले डाक्छ
मरणपश्चात शरीरले आफ्नै माटो माग्छ ।

'आफ्नै माटो माग्छ' (पृ.४)

यसरी यस 'घाइते देश' कविता सङ्ग्रह यथार्थवादी, अग्रगामी एवम् प्रगतिशील भावहरूले ओतप्रोत रहेको देखिन्छ । समग्रमा यस 'घाइते देश' कविता सङ्ग्रहको मुख्य विषयवस्तु देशभक्ति, देशमुक्ति एवम् दिगो शान्ति स्थापनाको उच्च चाहना रहेको प्रष्ट छ ।

### ३.२.६.५ लय विधान

न्यौपानेको यस 'घाइते देश' कविता सङ्ग्रहका कुनै पनि कविता छन्दोबद्ध छैनन् । यसमा सङ्गृहीत सबै कविताहरू उनले गद्य (मुक्त) लयमा रचना गरेका छन् । कतिपय कविताहरू अन्त्यानुप्रासयुक्त छन् भने कतिपय अन्त्यानुप्रासविहीन छन् त कतिपय कविताहरूमा अनुप्रास एवम् मध्यानुप्रासले मिठास ल्याएका छन् । कविता रचना गर्दा कविले गेय गुणलाई निकै ध्यान दिएका हुनाले सबै कविताहरू कर्णप्रिय लाग्दछन् । जस्तै :

जुरेली हो जुरेली, मेरी जुरेली
फरफराउँछ तिमीलाई हेर्दै मेरो परेली
'जुरेली' (पृ.२५)

मेरा पुर्खाले मेरो भनेको ठाउँलाई
मैले मेरो भन्न नपाउनु
मेरा पुर्खाले टेकेको ठाउँ
आज मैले टेक्न नपाउनु
मेरा पुर्खाले पिएको पानी
आज मैले पिउन नपाउनु
'पीडा' (पृ.३३)

यहाँ के हुँदैन साथी ?
सबथोक हुन्छ
साधु चोर हुन्छन्
चोर साधु बन्छन्
ज्यनमाराले इनाम पाउँछ
इन्सानले जेल

सडेका मस्तिष्कहरू विभूषित हुन्छन्
प्रतिभालाई नेल !
'यहाँ यस्तै हुन्छ' (पृ.५६)

यस सङ्ग्रहका कतिपय कविताहरू सरसर्ती हेर्दा अझ कुनै त पढ्दा समेत लोक लय वा झ्याउरे छन्दमा छन्दोबद्ध छन् कि जस्ता देखिएका छन् तर गन्ती गर्दै जाँदा अनुच्छेद, हरफ एवम् अक्षर वितरणमा एकरूपता पाइँदैन । जस्तै :

प्रतिदिन दिन नामको एउटा साथी आउँछ
प्रकृतिको राम्राराम्रा उपहार ल्याउँछ
.........................................
सन्ध्या बनी जब प्रकृतिले बिदा माग्न थाल्छ
पुनः भेट्ने प्रतीक्षामा अँगालोमा हाल्छ ।

'दिन' (पृ.१९)

यसरी गद्य लयमा रचित यस 'घाइते देश' कविता सङ्ग्रहमा सङ्गृहीत सबै कविताहरूमा समाविष्ट गेय गुणले सबै कविताहरूलाई नै श्रुतिमाधुर्य प्रदान गरेका छन्; जसले गर्दा यो सङ्ग्रह अझ सम्प्रेषणीय बनेको छ ।

### ३.२.६.६ कथन पद्धति

'घाइते देश' कविता सङ्ग्रहका सबै कविताहरूमा कवि न्यौपानेले आफ्नै जीवन जगत्का हेराइ, भोगाइ र अनुभवहरूलाई उनी स्वयं उपस्थित भएर अभिव्यक्त गरेका छन् । कतिपय कविताहरूमा प्रयुक्त द्वितीय र तृतीय पुरुषका सर्वनामहरू पनि कवि स्वयंकै एकालाप आत्मकथनका उपजका रूपमा देखिएका छन् । यस सङ्ग्रहमा उपमेय र उपमानका रूपमा प्रयोग गरिएका व्यक्तिका नाम, सर्वनाम, समाज, बाटा, पुल, प्रकृति इत्यादि सबै पक्षलाई पनि कविले कवि कथनमा आधार बनाई अभिव्यक्त गरेका छन् । यसरी यस सङ्ग्रहका सबै कविताहरूमा कवि स्वयंले सिधै कवितात्मक कथन गरेका हुनाले यो 'घाइते देश' कविता सङ्ग्रह कविप्रौढोक्ति कथन पद्धतिमा आधारित देखिएको छ ।

### ३.२.६.७ बिम्बालङ्कार र प्रतीक विधान

कवि न्यौपानेको यस 'घाइते देश' कविता सङ्ग्रहमा पनि केही लघु बिम्बालङ्कार एवम् प्रतीकहरू सहज एवम् सरल रूपमा प्रयोग भएका छन् । अलङ्कार विधानका दृष्टिले हेर्दा यस सङ्ग्रहमा आद्य, मध्य र अन्त्यानुप्रास जस्ता शब्दालङ्कारहरूको आंशिक रूपमा प्रयोग भएको छ भने उपमा, उत्प्रेक्षा इत्यादि जस्ता अर्थालङ्कारहरूको प्रयोग भएको छ । 'उल्झिएका आकांक्षाहरू' कवितामा प्रयुक्त 'एउटा मान्छे' पात्रलाई सम्पूर्ण आवारा मान्छेको प्रतीकका रूपमा र उसको आवारा मस्तिष्कलाई ' हिंस्रक जनावरझैं' भनी तुलना गरिएको छ । त्यस्तै 'आजको भिखारी' कवितामा 'भिखारी' लाई हिजोको सम्पन्न तर आज हिंसा र युद्धका कारण गाँस, बास, कपास, घरबार, सर्वस्व गुमाएर अलपत्र परेका नेपालीहरूको प्रतीकको रूपमा प्रयोग भएको छ भने नयाँ नेपाल बनाउने नाममा गरिएको भनिएको 'क्रान्ति' चाहिं नेपालीको सर्वनाशक तत्त्वको बिम्ब भएर आएको छ । यस

सङ्ग्रहका कविताका कतिपय पङ्क्तिहरूमा प्रयुक्त बिम्बहरूले व्यङ्ग्यात्मक अर्थ दिन त्यति सफल नदेखिए तापनि कविताहरूलाई भावोत्कर्षमा पुऱ्याउनका लागि कविले गरेका प्रयासहरू सराहनीय छन् । यसरी यस सङ्ग्रहका कविताहरू व्यङग्यात्मक दृष्टिले भन्दा अभिधात्मक दृष्टिले नै सहज, सरल एवम् बोधगम्य देखिएका छन् ।

### ३.२.६.८ भाषाशैली

कवि न्यौपानेको यस 'घाइते देश' सङ्ग्रहको पनि अध्ययन गर्दा उनी दुरुह र दुर्बोधभन्दा सरल, सुबोध, लयात्मक र सुकोमल भाषाशैली नै रुचाउने कविका रूपमा देखिएका छन् । यस सङ्ग्रहमा पनि उनले विभिन्न तत्सम, तद्भव एवम् आगन्तुक शब्दहरूको प्रयोग गरेका छन् तापनि नेपाली झर्रा शब्दहरूको नै अधिकता रहेको छ । यसमा सङ्गृहीत सबै कविताहरू सरल, लयात्मक, सुकोमल, स्वाभाविक एवम् बोधगम्य भाषाशैलीका छन् । यस सङ्ग्रहमा कविले आकाश, ईश्वर, बुद्धि, सडक, मृत,  राजा, वस्त्र, सन्ध्या, उद्योग, बन्दी, प्रभात, चोला, गंगा, इतिहास, कुकृत्य, वृद्धि, मधुर, शव, श्वेत, बालक, ज्ञान, अज्ञान, चन्द्र, सूर्य, मयूर इत्यादि जस्ता तत्सम शब्दहरू र आँसु, गाउँ, तीखा, आज, आगो, बूढा, बूढी, दूध, हात, बारी, रातो, राति, रगत, पात इत्यादि जस्ता तद्भव शब्दहरूको प्रयोग गरेका छन् भने कतिपय कविताहरूमा जेट, मेशिन, दरबार, शहर, अगुवा, बन्दुक, गुलेली, मजदुर, कारखाना, लास, गरिब, झ्याल, गेट, बोतल, गिलास, चियर्स, मिल, आस्मानी, ग्रेटवाल, जेल, नेल, क्याम्पस, कलेज, स्कूल, प्लेकार्ड जस्ता आगन्तुक शब्दहरू पनि प्रयोग गरेका छन् । ड्वाङ्ड्वाङ्ती, चिम्म, फनफन्ती, लम्पसार, सुँकसुँक, चुतुरफुतुर, चहलपहल, लडीबुडी, बर्बरी, पुलुक्क, तपतपी, चिरचिर, झिलिमिली, छमछम, चिलबिल, लमतन्न, टक्क, सर्रसर्र, ढकमक्क, चुपचुप, तड्पीतड्पी, टुकुरटुकुर, छलछल, चस्स, छङ्छङ् इत्यादि जस्ता अनुकरणात्मक शब्दहरूले कविताहरूलाई अझ सुन्दर, सहज एवम् सरसिला बनाएका छन् । त्यस्तै कठै !, छिछि !, अपसोच ! जस्ता विस्मयादिबोधक शब्दहरूका साथै त, है, पो, कि, नै, नि, न, र, रे, कुन्नि, चैं इत्यादि जस्ता निपातहरूले कविताहरूलाई अझै बढी रसिला, स्वादिला, सुरम्य एवम् श्रुतिमधुर बनाएका छन् ।

यस सङ्ग्रहमा सङ्गृहीत कतिपय कविताहरूमा जुरेली हो !, जुरेली !, शान्ति !, प्यारो साथी !, तारहरू हो !, ए चन्द्रमा ! जस्ता सम्बोधनात्मक शैली पनि पाउन सकिन्छ । कविताका कुनै कुनै पङ्क्तिहरूमा कविले प्रश्नात्मक शैली एवम् व्यङ्ग्यात्मक शैली पनि अपनाएका छन् । समासका दृष्टिले यस सङ्ग्रहमा पानीमुनि, अन्तरिक्षपारि, टोलाएझैं, लोलाएझैं, मनमाला, गाउँघर, छोराछोरी, घरमाथि, राजारानी, सूर्यास्त, आपतविपत, वर्गच्यूत, जंगलतिर, जनावरझैं, आँखाअगाडि, आगोभित्र, शितलहर, बोक्रातिर, शिरमाथि, बेसाहारा, देशभक्त, वारिपारि, हित्तचित्त, क्षितिजमाथि, घाँसदाउरा, आत्मसम्मान, प्रतिदिन, फूलमाला, युद्धाग्नि, उठीबास, कुखुरोझैं, युद्धप्यासा, उद्योगधन्दा, सयपत्री, जनयुद्ध, गगनचुम्बी, दशैंतिहार, भीरपहरा, वाणझैं, सूर्यास्नान, बेरोकटोक, तीर्थयात्रा, जीवनदाता, फूलबारी, शान्तिप्रेमी, नरसंहार, विषवमन इत्यादि जस्ता समस्त शब्दहरू साथै वर्ष दिन, जीवनका धारा, मानव बस्ती, गन्ध र सुगन्ध, कथा र व्यथा, चर्चा र परिचर्चा, गंगा र जमुना, सधैं सधैं, दिव्य

ज्योति, जीवन र जगत, नीति र नियम, वार्ता वार्ता वार्ता, सूर्यको किरण इत्यादि जस्ता बेग्लाबेग्लै एवम् सरल शब्दहरू पनि प्रशस्तै प्रयोग भएका छन् । त्यस्तै, झण्डैझण्डै, हेरीहेरी, फेरीफेरी, लाखौंलाख, पिटीपिटी, जातजात, भाइभाइ, सँगसँगै, झन्झन्, डालीडाली, बेलाबेला, रिसैरिस, उछिनपाछिन, लडीबुडी, चुपचुप, तिरैरतर, बस्ताबस्तै, थिचिंदाथिचिंदा, सधैं-सधैं, राम्रा-राम्रा, घरीघरी, दुरदुर, साटासाट, रुँदारुँदै, रातारात, चिरीचिरी, परीपरी, छियाछिया, मन्दमन्द, टाढाटाढा, सदासदा इत्यादि जस्ता द्वित्व शब्दहरू साथै तातो-चिसो, विवेक-अविवेक, साँझ-बिहान, दायाँ-बायाँ, आउने-जाने, मालिक-मजदुर, संस्कृति-विकृति, सम्पन्न-विपन्न, ज्ञान-अज्ञान, राम्रा-नराम्रा इत्यादि जस्ता विपरीतार्थी शब्दहरूको प्रयोगले यस सङ्ग्रहले बढी लालित्य, रागात्मक एवम् लयात्मकता प्राप्त गरेको छ । कतिपय कविताहरूमा पोतिहिंड्छ, जीवनदातापानी, यै, भै, रैछु, कैले (कहिले), क्यैले, भो ( भयो), फ्याकिद्यौ, गरिद्यौ, रैछ, रैछन्, चैं, थ्यो, सोर (स्वर), गैरहेछ, त्यै, थहा इत्यादि जस्ता शब्दहरूको प्रयोगले कविले यस सङ्ग्रहका कविता रचना गर्दा नेपाली भाषाको पदयोग, पदवियोग, वर्णविन्यास आदिका नियमहरूलाई त्यति ध्यान दिन सकेका छैनन् भन्ने देखिएको छ तापनि सरल वाक्यका साथमा माधुर्य संयोजन गर्न उनी सफल देखिएका छन् ।

यसरी यस सङ्ग्रहमा पनि कविले तत्सम, तद्भव र स-साना समस्त एवम् सरल शब्दहरूको समुचित प्रयोग गरेका छन् । कतै संबोधनात्मक, कतै प्रश्नात्मक त कतै व्यङ्ग्यात्मक शैली समेत पाइने यस सङ्ग्रहमा प्रयोग भएका विस्मयादिबोधक, निपात, अनुकरणात्मक एवम् नेपाली झर्रा शब्दहरूले यो काव्य पनि सरल, सुकोमल, सुबोध श्रुतिमधुर, लयात्मक एवम् सर्वसाधारणका लागि समेत बोधगम्य भाषाशैलीयुक्त बनेको छ ।

### ३.२.६.९ निष्कर्ष

'घाइते देश' कविता सङ्ग्रह कवि मुकुन्द न्यौपानेको काव्य यात्राको चौथो चरण अन्तर्गतको कृति हो । यो उनको प्रकाशित समग्र साहित्य कृतिमा दसौं र चौथो कविता सङग्रह हो भने समग्र प्रकाशित कृतिमा चाहिं तेह्रौं हो । जम्मा ४१ वटा कविताहरू सङ्गृहीत यो सङग्रह वास्तवमा कविले भनेझैं नै जनताका पीडा, चोइटिएका पुल, बाटा र जलेका घरहरूका क्रन्दनहरूको सँगालो हो; प्रकाशकले भने झैं नै कुरीति र कुरूपताको आलोचना हो एवम् आँसु र अतृप्तिहरूको पुञ्ज हो । यो गरिब नेपालीका आशा र अकांक्षाका साथमा देशको उन्नतिको प्रबल चिन्तनमा पाएको सही दिशाको लयात्मक वेगको प्रतीक हो । यसमा सङ्कलित कविताहरूमा सामान्य केही कमी कमजोरीहरू देखिए तापनि सरल, सहज, सुकोमल, एवम् सुबोध भाषाशैलीले यो सङ्ग्रह सम्प्रेषणीय एवम् बोधगम्य बनेको छ । विभिन्न समास, द्वित्व, विस्मयादिबोधक, निपात, अनुकरणात्मक शब्दहरू साथै बिम्बालङ्कार इत्यादिले यस सङ्ग्रहलाई कर्णप्रीय एवम् श्रुतिमाधुर्य बनाएका छन् । कविले यस सङग्रह मार्फत देशभक्तिको भावना, देशको तत्कालीन परिस्थिति, देशमुक्तिको चिन्तन, शान्तिको उच्च चाहना, सामाजिक भेदभाव, नारी समस्या, राजाप्रतिको दृष्टिकोण, मानवता एवम् प्रकृति इत्यादि जस्ता विषयहरूका अनेक भावहरूलाई माधुर्य संयोजन गरी सशक्त अभिव्यक्ति दिने निकै प्रयास

गरेका छन् । बढी मात्रामा यो सङ्ग्रह पनि अभिधात्मक रूपले नै बोधगम्य छ । गद्य (मुक्त) लयमा रचित यो सङ्ग्रह कविप्रौढोक्ति कथन पद्धतिमा आधारित छ ।

यस 'घाइते देश' कविता सङ्ग्रहमर्फत कवि एक सच्चा देशभक्त, चिन्तक, समाजवादी, मानवतावादी, यथार्थवादी, अग्रगामी एवम् प्रगतिशील काव्यकारका रूपमा स्थापित भएका छन् । यस 'घाइते देश' कविता सङ्ग्रहले निःस्वार्थ भावले एकतामा जुटी यो घाइते देशको गहिरो घाउमा मलमपट्टी लगाई स्वस्थ पार्न सबैलाई अनुरोध गरेको छ । यसका साथै सम्पूर्ण नेपालीलाई ईर्ष्या, क्रोध एवम् व्यक्तिगत स्वार्थ त्यागेर मानवताका लागि, स्वच्छ, समृद्ध, शान्तपूर्ण, रमणीय समाज एवम् राष्ट्रोत्थानका लागि सबैलाई आह्वान गरेको छ । यसरी यो 'घाइते देश' कविता सङ्ग्रह एक सशक्त कृतिको रूपमा उपस्थित भएको छ ।

### ३.२.७ 'लिला स्मृति काव्य' खण्डकाव्य

### ३.२.७.१ सामान्य परिचय

प्रस्तुत 'लिला स्मृति काव्य' खण्डकाव्य मुकुन्द न्यौपानेद्वारा लिखित वि.सं. २०६१ सालमा 'मुकुन्द न्यौपाने' नामबाट प्रकाशित कृति हो । यो उनको प्रकाशित समग्र साहित्य कृतिमा बाह्रौं र दोस्रो खण्डकाव्य हो भने समग्र प्रकाशित कृतिमा चाहिं पन्ध्रौं हो । यो खण्डकाव्य उनको काव्यिक यात्राको चौथो चरण अन्तर्गत पर्दछ । न्यौपानेले यस 'लिला स्मृति काव्य' आफ्नै पिता स्व. लीलानाथ न्यौपानेको मृत्यु पश्चात् निकै विव्हल भई उनैको स्मृतिमा लेखेका हुन् । जम्मा ७८ वटा श्लोकहरूमा बद्ध यो काव्यलाई शोककाव्य पनि भन्न सकिन्छ । यो काव्यले पिताको वास्तविक सम्मान गर्दै हाम्रो समाजमा विद्यमान जीवन, मृत्यु र अन्त्येष्टि सम्बन्धी कर्म जस्ता परम्परागत धार्मिक रूढिले अनावश्यक रूपमा ज्यादै जेलिएका र रुमलिएका कुराहरूमा सामाजिक परिवर्तन र सुधार गर्नु पर्ने विषयमा केही नयाँ चेतना दिने जमर्को गरेको छ ।

कविको मौलिक कृति यस खण्डकाव्यलाई कथावस्तु, शीर्षकीकरण, संरचना, पात्र, परिवेश, केन्द्रीय कथ्य, भाव छन्द, लयविधान, बिम्बालङ्कार, प्रतीक, भाषाशैली, कथनपद्धति, निष्कर्ष जस्ता काव्यतत्वका आधारमा विश्लेषण गरिएको छ ।

### ३.२.७.२ कथावस्तु

प्रस्तुत 'लिला स्मृति काव्य' खण्डकाव्यको मूल कथावस्तु कवि न्यौपानेका आफ्ना पिता स्व. लीलानाथ न्यौपानेको बाल्यावस्थादेखि मृत्यु पर्यन्तका आरोह अवरोह र मृत्यु पश्चात् गरिने अन्त्येष्टि, काजक्रिया, पिण्डपानी, कर्मकाण्ड इत्यादि जस्ता संस्कारप्रतिको काव्यकारको परिष्कृत र भौतिकवादी व्यवहार एवम् सोच विचार तथा चिन्तनहरू नै हुन् । यस शोककाव्यमा उनले आफ्ना पिताको देहावसानको अन्तर्पीडालाई मार्मिक एवम् सटीक तरिकाले प्रस्तुत गरेका छन् । लीलानाथ आठ वर्षकै उमेरका हुँदा उनका पिताको र त्यसको केही समय पश्चात् आमाको समेत देहावसान भई उनी

बाल्यावस्थामै टुहुरो बन्नु परेको र आर्थिक विपन्नताका कारण उनको बाल्यकाल निकै नै कष्टपूर्ण रूपमा बितेको कथाव्यथालाई कविले यसरी प्रस्तुत गरेका छन् :

आठै वर्षमहाँ भयौ नि टुहुरो प्यारा पिताजी गई
तिम्रो पालनमा बडो सकस भो निर्धा धनैमा भई

आठै वर्षमहाँ पिता गइगए, आमा समेत गै गइन्
सिम्पानी पनि छोडियो जुन थिइन् आशा उनी गैगइन् ।

(पृ. ११)

लीलानाथले काजक्रियाका लागि लिएको ऋण पनि समयका तिर्न नसकेका कारण एकातिरको जायजेथा सबै साहुले र उनका मावलीहरूले पनि सहयोग गर्नुको साटो झन् उल्टै सिम्पानीमा अर्कातिर भएको केही बाँकी जमिन पनि सबै लुटे । यसरी अति हेपाइ र दुःख खेप्नु परेकाले उनी पुनः रचने फर्के र भिर्नागीका पाखा पखेरामा दश नङ्ग्रा खियाउन थाले । जति दुःख गरे पनि जीवन दिन प्रतिदिन कष्टमय हुन थाल्यो । यसरी नै दिनहरू बित्दै थिए ; यस्तैमा 'म' पात्र (कवि) का जेठाबा लीलानाथका दाजु सुबिदार भएपछि टुहुराका पनि दिन फर्कन्छन् भन्ने उखान केही मात्रामा चरितार्थ भए झैं हुन थाल्यो । आशाको ज्योति केही बल्न थाल्यो । तर हुने हार दैव नटार भने झैं के गर्नु त्यो परिवारमा जो आशाको ज्योति बन्दै झर्खर झर्खर उज्यालो छर्दै थिए, अचानक तिनै दियो निभे । यसरी दाजुको मृत्युको ठूलो वज्रपातले त्यस परिवारमा पुनः अन्धकार छाए पनि, जति रोए पनि आखिर राम्रो केही हुन सकेन । उनैको सम्झनामा सधैं पिल्सिएर बस्नुभन्दा अब जीवनलाई कसरी अगाडि बढाउने भन्नेतिर सोची सोही अनुसार व्यवहार गर्नु नै बेस हुन्छ भन्ने सबै दाजुभाइमा आएको सहनशील भावनालाई कविले यसरी प्रस्तुत गरेका छन् :

कालैले जब चुँड्छ यो दिल भने रोएर के थेग्छ र ?
मर्नेले मरि गै गए पछि सधैं रोएर के हुन्छ र ?

(पृ.१२)

जेठा दाजु सुबिदारको मृत्यु पश्चात् मधेसमा भएको उनको जायजेथाको रक्षा गर्न भनी भाइहरू त्यता गए भने भाइबुहारीहरू चाहिं लीलाका जिम्मामा रचनेमै रहे । जतिसुकै अभावग्रस्त भए पनि, बाधा अड्चनहरू आए पनि उनी सधैं भाइहरूप्रति इमान्दार रहिरहे । दिन प्रतिदिन जहान परिवार ठूलो हुँदैं गएपछि त्यो परिवारमा झन्झन् सकस पर्न थाल्यो र ती बुहारीहरू छुट्टिएर उतै मधेशसतरै लागे । लीलानाथको परिवार भने रचनेमै बस्यो । सबै सन्तानलाई खूब राम्ररी पढाई ठूला मान्छे बनाएर आफ्नै खुट्टामा उभिन सक्ने बनाउने लीलानाथको ठूलो इच्छा थियो तर उनका सामु आर्थिक विपन्नता भयङ्करको पर्खाल बनेर उभि रहेको थियो । यस्तैमा वि.सं. २०१५ को राजनीति र आम चुनाबको प्रभाव त्यस परिवारमा पनि निकै पर्‍यो । स-साना छोराछोरीलाई राजनीतिमा लगाएर बिगार्‍यो भनी लीलालाई धेरैले अनेक थोक भने, रिसाए तैपनि उनले त्यसको परवाह गरेनन् । उनले

छोराछोरीलाई झन् उत्साहित गरिरहे । त्यतिबेला कविको उमेर जम्मा ८ वर्षको थियो तैपनि उनीहरू त्यसमा उत्साहका साथ लागी परिरहे । यस प्रसङ्गलाई कविले यसरी प्रस्तुत गरेका छन् :

त्यो बेला त थिएँ बुबा म कलिलो त्यो आठनै वर्षको
बैनी ता शिशु नै थिए तर थियो केदार त्यो पाँचको ।

गोर्खेको घर चिन्हमा जब पिता हामी त्यही भैगयौं
बाबा ढ्वाङ फलामका किनिदियौ फुक्दै दगुर्दै हिड्यौं ।

(पृ.१६)

लीलानाथका चार छोरा र चार छोरी गरी ८ सन्तान, ठूलो परिवार, त्यहींमाथि आलो घाउमा नुनचुक थपे झैं गरी वि.सं. २०१७ मा ठूलो अनिकाल पऱ्यो । अनिकाल घट्ने कुनै सम्भावना देखिएन । झन् वि.सं. २०१८ मा ठूलो आँधीहुरी खेतीपाती सबै सोत्र्याम्मै भए । न्यौपानेको घरमा मात्र नभएर पूरै गाउँ नै अनिकालको भुँमरीमा मडारियो । गाउँभरिका मानिसहरू क्रमैसँग विस्थापित हुन थाले । रमणीय गाउँ रचने पूरै उजाड भयो । लीलाको घरमा सङ्कटमाथि सङ्कट झन् झन् थपिंदै आयो । स-साना छोराछोरीलाई जसोतसो लालनपालन गर्दै आएका न्यौपानेको परिवारमा तिनै सन्तान खाने बेलामा भने जस्तो भएन भनी सताइ नै रहन्थे । कहिलेकाहीं त वैरीसरहै गरी द्वन्द्व गर्थे तर लीला भने सन्तानलाई सजाय दिनु साटो मायाका साथमा फकाउन फुल्याउनपट्टि लाग्थे । एकातिर सन्तानहरू सानै अर्कातिर ऋणमाथि ऋण, ब्याजमाथि ब्याज थपिंदै गएर आकाश छोएको स्थितिको पिरले लीलाकी पत्नी (कविकी आमा) सधैं नै अति पिल्सिरहन्थिन्; यति धेरै ऋण कसरी तिर्ने भनी गनगन गरिरहन्थिन् । कहिले काहीं त अभाव र ऋणको पिरले आँसु थाम्नै नसकी रुँदारुँदै ढल्थिन् । यसरी जस्तोसुकै अभावग्रस्त र समस्याग्रस्त परिस्थितिमा पनि लीला भने कहिल्यै अधीर भएनन्, आत्तिएनन् । यस्तो परिस्थितिमा पनि उनी परिवारलाई कसरी सुखी राख्न सकिन्छ भनी बडो सहिष्णुताका साथ सधैं हँसिलो भएर लागी नै रहन्थे । उनको यस्तो अनुकरणीय चरित्रको उनका साहिंला छोरा मुकुन्द न्यौपाने (कवि स्वयं) मा सानैदेखि प्रभाव पऱ्यो । यस पक्षलाई कविले यसरी बडो मिठासपूर्ण तरिकाले अभिव्यक्त गरेका छन् :

तिम्रो धैर्य सहिष्णु धीर मनको छापो मलाई पऱ्यो
केही गर्छु भविष्यमा म मनले यस्तो अठोटै गऱ्यो ।

(पृ.१५)

यस्ता सहनशील आदर्शमयी व्यक्तित्व लीलानाथले आफ्ना सन्तानलाई सधैं सद्विचारका साथ सत्मार्गमा रही निःस्वार्थ भावले सत्कार्य गर्नका लागि हौसला दिइ नै रहन्थे । जसबाट 'म' पात्र (कवि स्वयं) ले पनि उनै पिताबाट हौसला एवम् प्रेरणा लिई अघि बढि रहे । यस प्रेरणादायी सम्झनालाई यस काव्यमा कविले यसरी प्रस्तुत गरेका छन् :

उत्साह खुस भै दियौ र म स्वयं बढ्दै र पढ्दै गएँ
तिम्रै उन्नत प्रेरणा हृदयमा बोकेर लेख्ने भएँ ।

(पृ.१६)

अनिकालगस्त भएकै समयमा लीलानाथका भाइ ढुण्डी ठूलो बिरामी परे । लाख कोसिसका बाबजुद पनि आखिर जहान परिवार सब त्यागेर उनी स्वर्ग भए । त्यसपछि लीला पनि केही दु:ख कम हुन्छ कि भनी साहिंला छोरा (कवि मुकुन्द) लाई साथमा लिई जेठा छोरा सूर्य भएका ठाउँ धरान गए । सानो जागिरका भरमा बल्लतल्ल जीवन यापन गरेका सूर्यको परिवारमा बाबु र भाइ थपिएपछि झन् कठिन भयो । यो कुरो राम्ररी बुझेका कवि न्यौपाने आत्मनिर्भर बन्न जागिरको खोजीमा हिंडे तर दशतिर डुल्दा पनि केही सिप नलागेपछि उनले बाटो बदले । जागिर खाने सोच त्यागी राजनीतिद्वारा राष्ट्रप्रेम गर्ने गरी घर छोडी हिंडे । लीलाकी पत्नी पनि त्यति बेलै रचने छोडी पुन: मधेस झरि सकेकी थिइन् । बर्मा गए पनि कर्म सँगै भने झैं यता गए दु:ख केही कम हुन्छ कि उता गए हुन्छ कि, यसो गरे हुन्छ कि, उसो गरे हुन्छ कि भनेर जति लगी परे पनि आखिर सधैं उस्तै । रूखोसुखो खाए पनि सबै जहान परिवार एकै साथमा बस्दा छुट्टै आनन्दको अनुभूति हुने सोची उनी मधेस झरेकी थिइन् तर परिस्थितिवश एक एक गरी छोराहरू आफूबाट टाढा टाढा भएपछि पुन: उस्तै दु:ख र पीडाका दिन आउन थाले । धरानबाट झापा बसाइँ सरेपछि लीलाकी पत्नीले पुन: रचने फर्कने विचार गरिन् र हिंडिन् । आफ्नी बहिनी (कविकी सानीआमा) को घर हुर्बुमा केही समय बसिन् । उनी त्यहीं ठूलो बिरामी परिन् । धेरै औषधिमूलो गर्दा पनि उनलाई निको हुन गाह्रो भयो । जेठा छोरा सूर्य लिन गएर घर ल्याए । यसरी नै परिवारमा कहिले के कहिले के उतार चढाउहरू आई नै रहे । कान्छो छोरो केदार पनि राजनीतिमा लागी वेपत्ता भए । उसै गरी माहिला छोरा कुमार पनि बेपत्ता भए । साहिंला (कवि) त पहिल्यै भूमिगत भइ सकेका थिए । कहिले काहीं त बिरामी पर्दा पानी दिने व्यक्तिको समेत कष्ट हुने अवस्था पनि भयो । यसरी नै दिनहरू बित्दै गए । यसै क्रममा वि.सं. २०३६ मा देशमा निरङ्कुश शासनका विरुद्ध हलचल मच्चियो । वि.सं. २०४६ मा आएर बहुदल/प्रजातन्त्र ल्याउनका लागि जन आन्दोलन मच्चियो । तानाशाहका विरुद्धमा जनताहरू आँधीहुरी सरह ताते र जुर्मुराउन थाले । जन समूहले चौतर्फी नै भूकम्प सरह तहल्का मच्चायो जसको फस्वरूप देशमा निरङ्कुश पञ्चायती व्यवस्था खतम भई प्रजातन्त्रको पुनर्स्थापना भयो । यस तथ्यलाई कविले यसरी प्रस्तुत गरेका छन् :

आयो त्यो जन हुन्डरी थरहरी भूकम्प झैं हुर्हुरी
शाही हैकम पल्टदा पुछर ती पल्टे अरू बेस्सरी

आँधी छत्तिसको हुँदै दशकमै आयो छयालीस त्यो
गद्दी एक दलीय शासन ढल्यो चाटेर धूलो मऱ्यो ।

(पृ.२२)

त्यसपछि करिब दुई दशक लामो भूमिगत जीवन पश्चात् सार्वजनिक भई विजयको हर्षोल्लासका साथ कवि र उनका भाइ केदार पिता लीलाका समीप गए । वर्सौं पश्चात् अलप भएका छोराहरू आफ्ना सामु पर्दा लीलामा खुसीको सीमा नै नभएको कुरालाई कविले यसरी प्रस्तुत गरेका छन् :

पन्ध्रैं वर्ष बितेर आज सबले खुल्ला भएको दिन
बाटैदेखि कुरेर स्वागत गऱ्यौ सम्झन्छु मै त्यो दिन
वर्षौं भै अलपै दुवै सुतहरू उल्लासले फर्कदा
थाम्नै मुस्किल भो गला पनि रुक्यो हर्षाश्रु ती वर्षदा

(पृ.२३)

यसै क्रममा कवि वि.सं. २०४८ र २०५१ को आम चुनावमा दुई पटक सांसद बने भने २०५४ मा मन्त्री समेत बने । कान्छा छोरा पनि राष्ट्रिय सभाका सांसद बने । कवि आफू बालकै हुँदा पिताको आफूप्रतिको इच्छा पूरा भएकाले परिवारमा निकै खुसियाली छायो । 'छन् गेडी सबै मेरी छैनन् गेडी सबै टेढी' भने झैं पहिले विरोध गर्नेहरू पनि नजिक हुन थाले । लीलानाथले आफू बालकै हुँदादेखि वृद्ध हुँदासम्मै लामो जीवन अभावैअभाव, समस्यैसमस्या, पीडैपीडामा बिताए । छोटै भए पनि पछिल्ला केही वर्ष भने सन्तोष एवम् सुखद रहेको कुरालाई पनि कविले बडो मार्मिक तरिकाले अभिव्यक्त गरेका छन् । जस्तै :

लामो जीवन कालमा सुख कमै दु:खै अनेकौं सह्यौ
जो हुन् अन्तिम कालका क्षण भने केही खुसीमै रह्यौ ।

(पृ.२४)

यस्तै दु:ख धेरै सुख थोरैका बिचमा धैर्यशील एवम् हँसिला र चम्किला देखिने लीलानाथ वि.सं. २०६० पुसमा बिरामी परे । औषधि जति गरे पनि ढल्दो वृद्ध शरीर झन् शिथिल हुँदै गयो । कसै गरे पनि आखिर केही लागेन । तीन महिनापछि चैत्र २० गते ८८ वर्षको उमेरमा उनको देहावसान भयो । यस खण्डकाव्य अनुसार पिताको मृत्यु पश्चात् कवि न्यौपानेले अन्त्येष्टि, काजक्रिया, पीण्डपानी जस्ता पुरानो रूढिको विरोध गरेका छन् । बाँचुन्जेल बाबुआमाको सकेसम्म सेवा सुश्रुषा गर्नु पर्छ । बाँचुन्जेल त कतिपयले केही गर्दैनन् भने मृत्यु पश्चात्का यी सब क्रियाकलापहरू त झन् ढोंगी हुन् भन्ने कुरालाई कविले राम्ररी प्रस्तुत गरेका छन् । यसका साथै उनले यस्ता रूढि संस्कारमा परिमार्जन गर्नु पर्नेतर्फ सबैलाई सचेत गराएका छन् । जस्तै :

बाँच्दा कष्ट दिने मरेपछि भने बोली सदाचारको
थोत्रो संस्कृति मथेर कथनी भर्ने दुराचार हो ।
(पृ.२९)

कविले यस्ता अन्ध परम्पराको पाठ पढाउने कच्चा पण्डितहरूको स्वाङलाई समयमै चिन्न सक्नु पर्दछ । त्यस्तालाई मानवता र सम्मानको पाठ सिकाउन सक्नु पर्छ र थोत्रा संस्कृतिलाई परिष्कृत एवम् परिमार्जन गरी सद्भावनाका साथ स्वच्छ संस्कृतिको विकास गर्न सक्नु पर्छ भन्ने सन्देश पनि प्रस्तुत गरेका छन् । जस्तै :

जान्ने कत्ति नभै यसो गर भनी स्वार्थान्ध लोभी बनी
कच्चा स्वाङ रचेर नित्य यसमा सोझाहरू हेपिने
यस्ता पण्डित नित्य दण्डित गरी रोपौं नयाँ भावना
हाम्रा संस्कृति स्वच्छ पार्न कसियौं बोकेर सद्भावना ।
(पृ.२९)

अन्त्यमा कवि पिताको निधनको पीडाले अति विव्हल बनेका छन् । उनले पिताको सम्मान र सम्झनामा यो काव्य रचना गरेका छन् र उनैप्रति भावपूर्ण श्रद्धाञ्जलि अर्पण गरेका छन् । जस्तै :

भै श्रद्धा ममता चढाउँछु पिता, यै पुष्पाञ्जलि
अर्पें यो मनबाट सादर सफा स्वीकार श्रद्धाञ्जलि ।
(पृ.३०)

कविले यस 'लिला स्मृति काव्य' खण्डकाव्यमा पनि कथावस्तुलाई आदि, मध्य र अन्त्यको क्रमबद्ध तरिकाले शृङ्खलित गर्न भने पूर्ण रूपमा सक्षम त देखिएका छैनन् तापनि यसको कथावस्तु जुन किसिमको मार्मिक एवम् सन्देशमूलक छ त्यो सराहनीय एवम् अनुकरणीय छ ।

### ३.२.७.३ शीर्षकीकरण

कवि न्यौपानेले यस काव्यको नामाकरण 'लिला स्मृति काव्य' गरेका छन् । वर्ण विन्यासको मान्यता अनुसार 'लिला' को 'लि' दीर्घ 'ली' लेख्नु पर्ने हो तर यस काव्यको नामकरणमा ह्रस्व लेखिएको छ । यो टङ्कण गर्दाको गल्ती हो भन्ने बुझिएको छ । आयामका हिसाबले सानो रूपमा रहेको यस लघु शोककाव्यका अनुसार न्यौपाने पूर्व जुनी, परलोक, भाग्यवाद इत्यादि जस्ता कुराहरूमा आस्था घट्दै गई भौतिकवादी दर्शनबाट निकै प्रभावित देखिएका छन् । उनले यस काव्यमा आफ्नो पिताको देहावसानको अन्तर्पीडालाई लेखनी मार्फत बडो मार्मिक र सटीक तरिकाले अभिव्यक्त गरेका

छन् । खण्डकाव्यको शीर्षक अनुसार विषयवस्तुमा हुनु पर्ने नियमानुसार कविले आफ्ना पिताको देहावसान र पितृशोकलाई आधार बनाएर यो काव्य रचना गरेका छन् । यस काव्यमा निहित आदि, मध्य र अन्त्यसम्मैका प्रायः सम्पूर्ण श्लोकहरू पितृशोकबाट अति नै विव्हल कवि मनमा उत्पन्न भाव एवम् अनुभूतिसँग नै सम्बन्धित छन् । उनले पिताकै नामबाट यो खण्डकाव्यको नाम राखी उनकै बाल्यावस्थादेखि मृत्युपर्यन्तका आरोह अवरोहहरूलाई विषयवस्तु बनाई क्रमबद्ध रूपमा काव्यात्मक अभिव्यक्ति दिएका छन् । यसरी यस खण्डकाव्यका मुख्य पात्र लीलानाथलाई नै केन्द्रविन्दुमा राखी उनकै सम्झनामा यो काव्य रचना गरिएको हुनाले यसको शीर्षकीकरण 'लिला स्मृति काव्य' सान्दर्भिक एवम् सार्थक देखिएको छ ।

### ३.२.७.४ संरचना

बाह्य संरचनाका दृष्टिले यस 'लिला स्मृति काव्य' खण्डकाव्य झट्ट हेर्दा ३० पृष्ठमा संरचित छ । यीमध्ये पृष्ठ एकदेखि ४ सम्म साहित्यकार मोदनाथ प्रश्रितको 'वास्तविक श्राद्ध-लीला स्मृति काव्य' शीर्षकको भूमिका लेख छ भने पृष्ठ ५ देखि ८ सम्म कोषराज न्यौपानेको 'मन्तव्य' शीर्षकको भूमिका लेख छ । पृष्ठ ९ देखि १० सम्म कवि स्वयंकै 'लेखकको तर्फबाट' शीर्षकको मन्तव्य छ । यसरी हेर्दा यस खण्डकाव्यमा पृष्ठ ११ देखि मात्र श्लोक सुरु भएको देखिन्छ । यस खण्डकाव्यमा पृष्ठ ११ देखि ३० सम्म जम्मा ७८ वटा श्लोकहरू रहेका छन् । यस काव्यमा पनि कुनै पनि किसिमको खण्ड एवम् सर्ग विभाजन गरिएको छैन । यस काव्यले सम्पूर्णतामा परिपुष्ट नभए पनि सूक्ष्म आख्यान बोकेको छ । यस काव्यका सम्पूर्ण श्लोकहरू क्रमशः पूर्ण रूपमा पद्य लयमा छन्दोबद्ध रहेकाले आन्तरिक संरचना चाहिं ओजपूर्ण रहेको छ । यसरी यस लघु खण्डकाव्यको संरचनागत पक्ष आयाम र स्तरका हिसाबले सबल नै देखिएको छ ।

### ३.२.७.५ पात्र विधान

खण्डकाव्यको कथावस्तुलाई सार्थक एवम् जीवन्त बनाउनका लागि पात्र विधानको महत्त्वपूर्ण भूमिका हुन्छ । यस खण्डकाव्यमा पनि कविले विभिन्न पात्रहरूलाई उभ्याएका छन् । यस काव्यमा कविले आफूलाई 'म' र पितालाई 'तिमी' सर्वनामको प्रयोग गरेका छन् । यसमा अन्य आमा, मामा, मावली, जेठाबा, हुलाकी, ब्वारी (बुहारी), घोडा, छोराछोरी, सूर्य, बैनी (बहिनी), केदार, सार्के, रूपे, ढुण्डी, वैद्य, धामी, राधा, माधव, श्रीमती, भरत, कुमार, जानु, तीर्थ, देवराज, कपिल, सीता, कोष, सुरेश, शुशीला, रमा, लक्ष्मी, लेकाली वनका गुराँस, लामाटार, झार, कुवा, भिर्नागी तलका रूखहरू, रानीवन, सेतो चुली, झुल्के घाम, धुँवाका मुस्ला, खगेश्वर, फणीन्द्र, इन्दिरेश, कुलचन्द्र, जनार्दन, भक्तराज, ठूलीआमा, उमा, कवि, गोविन्द, हरि, ध्रुव, घनश्याम, दीपक, विदुर, गोपाल, सीताराम, स्याम, पण्डित, सोझा मान्छेहरू, दुनियाँ, धूर्त, ठग, नयाँ पुस्ता जस्ता पात्रहरू देखिएका छन् । यी अन्य पात्रहरू कविले यो काव्य रचना गर्दा आफ्नो सम्झनामा आएका जति हुन् र उनले यी पात्रहरूलाई काव्यमा सुहाउँदो तरिकाले प्रयोग गरेका छन् । उनले मुख्य पात्र 'तिमी' (लीलानाथ) को कथावस्तुलाई जीवन्त तुल्याउनका लागि ती सबैलाई उनैको वरिपरि घुमाएका छन् । यस काव्यमा

कवि स्वयं प्रत्यक्ष र ती अन्यलाई गौण रूपमा उपस्थित गराई नेपाली धर्म, संस्कार, पुत्रको दायित्व, रूढि संस्कारमा परिमार्जन र परिष्कार गरी वास्तविक सम्मान एवम् श्रद्धा गर्नु पर्ने नयाँ सन्देशका साथमा कथावस्तुलाई गतिशील बनाएका छन् । यसरी यस खण्डकाव्यमा कविले सजीव र निर्जीव थुप्रै पात्रहरूको प्रयोग गरेका भए तापनि प्रत्यक्ष, आबद्ध, मञ्चीय, गतिशील, अनुकूल एवम् सत्पात्रका रूपमा कवि स्वयं र उनका पिता लीलानाथ मात्र देखिएका छन् । त्यसैले यस खण्डकाव्यका प्रमुख पात्रहरूमा कवि स्वयं  र उनका पिता लीलानाथ क्रमशः 'म' र 'तिमी' पात्र देखिएका छन् ।

### ३.२.७.६ परिवेश विधान

यस 'लिला स्मृति काव्य' खण्डकाव्यमा पिताको मृत्यु र त्यसले उत्पन्न गरेको कारुणिक एवम् पीडायुक्त वातावरण नै प्रमुख परिवेशका रूपमा देखिएको छ । आफ्ना पिताको मृत्यु पश्चात् भाव विव्हल बनेका कविले नेपाली समाजमा विद्यमान अन्त्येष्टि, काजक्रिया, पिण्डपानी जस्ता रूढिलाई मानेका  छैनन् । उनले पिताको बाल्यावस्थादेखि मृत्यु पर्यन्तका जानकारी र संझना भएसम्मका सम्पूर्ण कुराहरूलाई समेटी सानो शोककाव्यको रचना गरेका छन् । सोही काव्य उनले पितामा सम्मान एवम् श्रद्धाञ्जलि स्वरूप अर्पण गरेका छन् । यस क्रममा लीलाको बाल्यकाल, कविका घरमा बेलाबखतमा आइ परेका विभिन्न घरायसी समस्याहरू, पानीकाण्ड, राजनीतिक काण्ड एवम् अन्य कारणले कवि र उनका परिवारका सदस्यहरू बसाइ सराइ गरेका विभिन्न ठाउँहरू, र त्यसले उत्पन्न विभिन्न आरोह अवरोहहरू, लीलाका मावली, कविका मावली एवम् सानिमाका घरका रूपमा आएका विभिन्न स्थानहरू, कवि लामो भूमिगत जीवनबाट सार्वजनिक हुँदा एवम् पछि सांसद साथै मन्त्री समेत बन्दाका खुसियालीका समय एवम् वतावरण, लीलानाथको मृत्यु पश्चात् घरपरिवारका सदस्य एवम् इष्टमित्रदेखि लिएर वरिपरिको सम्पूर्ण प्राकृतिक वातावरण समेत विव्हल र स्तब्ध भएका अवस्था इत्यादिका रूपमा समय र परिस्थिति अनुसार भोजपुर, रचने, भिर्नागी, मधेस, मामाघर, खोटाङ, सेल्मे, टाकुरा, ओदाने, सिम्पानी, नाघी, हिले, बेसी, विभिन्न पर्वतहरू, धरान, सैलुङ्गे, झर्ना, वन, हुर्वु, ट्याम्के डाँडा, लेक इत्यादि जस्ता स्थानहरू आएका छन् । लीलाको जीवनका दुःखद सुखद परिवेशको रूपमा यस काव्यमा उपस्थित क्षणहरूमध्ये कविले बद्ध गरेका केही काव्यांशहरू यस प्रकार छन् :

गर्दा काजक्रिया थिच्यो नि ऋणले जेथा लियो साहुले
सिम्पानी हुन गो बसाइ रचने छोडेर नाघी हिले ।
(पृ.११)

आँधी आइरह्यो मकै ढलिरह्यो क्यै वर्ष यस्तै चले
चर्को भो अनिकालको त भुँमरी सम्पूर्ण गाँवै ढले ।
(पृ.१६)

बाबामा सब हर्षका कणहरू मुस्कानमा देखिए
हाँसेका मृदु ओठ फर्फर गरी मैतर्फ रम्दै थिए ।
(पृ.२३)

मन्त्री बन्न पुगें त्यसै बखतमा भेट्ने इरादा गऱ्यौ
प्यारा पुत्र भनी विभोर हुन गै स्नेही अँगालो धऱ्यौ ।
(पृ.२४)

हाम्रो जोड चलेन काल बलवान् टुप्लुक्क आई गयो
साठी साल बसन्त चैत बीसमा हा प्राण खैंची लग्यो ।
(पृ.२६)

लीलाको मृत्युमा वरपिरिका सारा प्रकृति समेत साह्रै विव्हल भई उनीप्रति संवेदना प्रकट गरेका छन् भन्ने पक्षलाई पनि कविले चट्ट मनमुटु छुने गरी प्रस्तुत गरेका छन् । जस्तै :

पाखा पर्वत गाउँका सब जना सम्झेर तिम्रै मन
तिम्रो शैशव कालको सुमधुरो लीला हँसिलो तन
खोलो त्यो रचने र लेक तिरका झर्ना सबै छल्किए
लेकाली वनका गुराँस रसिला चित्कार गर्दै थिए ।
(पृ.२६)

मृत्यु पश्चात्का धार्मिक सांस्कारिक रूढिप्रति आस्था घट्दै गई भौतिकवादी दर्शनबाट निकै प्रभावित न्यौपानेले पिताको क्रिया बस्न नमान्दा धेरै नै विवाद उत्पन्न भएको थियो । पछि निकै सरसल्लाह पश्चात् कविकै विचारमा सबैको सहमति भएको थियो । उनले यस परिवेशलाई बडो ओजपूर्ण तरिकामा यसरी अभिव्यक्त गरेका छन् :

बुझ्थ्यौ यो त तिमी नि जीवित छँदा के सत्य के झूट हो
सोझा मानिस निम्ति धूर्त ठगले गर्ने ठुलो लूट हो ।
(पृ.२९)

शिक्षा यै मनमा फुल्यो र म सधैं यै ज्ञानमा हुर्किएँ
सच्चा शास्त्र बुझौं र ढोंग नरचौं भन्ने तिरै उत्रिएँ
(पृ.३०)

तिम्रै जित भयो पराजित भए काला ठगी खोर ती
तिम्रै भाव लिएर बढ्दछ नयाँ पुस्ता अफै फन् अघि

(पृ.३०)

यस खण्डकाव्यमा कविले पिताको सम्फनामा श्रद्धाञ्जलि स्वरूप यो काव्य लेख्न बस्दा संवेदना फन् फन् बढ्दै गएको र उनी साह्रै विह्वल भएका थिए भन्ने परिवेशलाई फल्काउने किसिमका मार्मिक पङ्क्तिहरू पनि छन् । तीमध्ये केही काव्यांशहरू यस प्रकार छन् :

यो सानो स्मृति काव्य केर्छु त भने गाढा भयो चोट यो
मेरो यो कलमै समेत दुःखका ती आँसुमा चिप्लियो

(पृ.२८)

भै श्रद्धा ममता चढाउँछु पिता यही शब्द पुष्पाञ्जलि
अर्पें यो मनबाट सादर सफा स्वीकार श्रद्धाञ्जलि

(पृ.३०)

यसरी यो खण्डकाव्य लीलानाथको जीवनदेखि मृत्युपर्यन्तका उनीसँगै सम्बन्धित विभिन्न आरोह अवरोहहरू, स्थान, मानवीय एवम् प्राकृतिक संवेदनाहरू जस्ता विविध परिवेशका साथमा ओजपूर्ण एवम् एक नयाँ सन्देशमूलक कृति बन्न पुगेको छ ।

### ३.२.७.७ केन्द्रीय कथ्य एवम् भाव

कवि न्यौपानेले पितृशोकमा विव्हल हुँदाका समयमा मनमा उत्पन्न भावहरूलाई समेटेर पिताकै सम्फनामा लेखेका यो खण्डकाव्य शोककाव्यको रूपमा उपस्थित छ । यस खण्डकाव्यलाई केन्द्रीय कथ्य एवम् भाव विधानका दृष्टिले अध्ययन गर्दा मुख्य रूपमा करुण रसको सञ्चारी भावका रूपमा शोकलाई चरमोत्कर्षमा पुऱ्याई शोकभावलाई नै अङ्गीभाव (रस) का प्रमुख रूपमा प्रस्तुत गरिएको छ । शब्द र अर्थद्वारा विभावावदको संयोगबाट अभिव्यक्त भएर आस्वादनको विषय बन्ने व्यङ्ग्यार्थमय आह्लाद विशेष नै रस हो (उपाध्याय, २०६६ : २४) । यस काव्यमा शोकभावलाई यसरी प्रस्तुत गरिएको छ :

तिम्रो मृत्यु भयो भनी खबर यो हावा सरी फैलियो
सारा स्तब्ध भएर आँसु बहँदै कोलाहलै मच्चियो ।

(पृ.२६)

यस खण्डकाव्यमा केन्द्रीय भावका प्रमुख रूपमा शोकभाव आए तापनि साथ साथमा करुण, विस्मय, शम, भय, द्वन्द्व, वात्सल्य, उत्साह, प्रेरणा, वीरता इत्यादि जस्ता भावहरू पनि ओजपूर्ण रूपमा

प्रयोग भएका छन् । यस काव्यमा कविले शम, उत्साह, प्रेरणा, वात्सल्य, वीरता जस्ता भावले ओतप्रोत भएका केही वाक्यांशहरूलाई यसरी प्रस्तुत गरेका छन् :

देखी धीर मुहार त्यो चमकिलो आफू म छक्कै परें
शिक्षा तत्क्षण धैर्यको लिन त्यहीं संकल्प मैले गरें ।

(पृ.१४)

उत्साह खुस भै दियौ र म स्वयं लेख्दै र पढ्दै गएँ
तिम्रै उन्नत प्रेरणा हृदयमा बोकेर लेख्ने भएँ ।

(पृ.१६)

आमाको मनमा भने वरपरै राखेर छोरा सबै
बस्ने आश थियो सगोल घरमा छुट्टै र भिन्नै नभै ।

(पृ.१९)

आयो त्यो जन हुन्डरी थरहरी भूकम्प झैं हुर्हुरी
शाही हैकम पल्टदा पुछर ती पल्टे अरू बेस्सरी ।

(पृ.२२)

शोकभावको वाक्यांशको अर्को एउटा नमुना :

झर्छन् बर्बर आँसु मात्र दिलका शब्दै हराई गए
भागी शब्द चुहेर आँसु दहमै मानौं त्यहीं पौडिए ।

(पृ.२९)

यसरी यस खण्डकाव्यमा कविले विभिन्न भाव एवम् रसहरूको प्रयोग गरेका छन् । यस काव्यमा करुण रसको बाहुल्यमा शोकलाई अङ्गीभाव र अन्य उत्साह, प्रेरणा, वात्सल्य, शम (शान्त), भय, द्वन्द्व, वीर इत्यादिलाई अङ्गभाव वा सहायक भाव/रसका रूपमा प्रयोग गरेका छन् ।

### ३.२.७.८ कथन पद्धति

'लिला स्मृति काव्य' खण्डकाव्यमा काव्यकार न्यौपानेले आफ्ना पिताको जीवन कहानी, पितासँग सम्बन्धित आफ्नै जीवन जगत्का हेराइ, भोगाइ र अनुभवहरूलाई उनी स्वयं उपस्थित भएर अभिव्यक्त गरेका छन् । यस खण्डकाव्यमा प्रयुक्त द्वितीय, तृतीय पुरुषका सर्वनामहरू पनि कवि स्वयंकै एकालाप आत्मकथनका उपजका रूपमा देखिएका छन् । यस काव्यमा उपमेय र उपमानका रूपमा प्रयोग गरिएका व्यक्तिका नाम, सर्वनाम, प्रकृति इत्यादि सबै पक्षलाई पनि कविले कवि

कथनमा आधार बनाई अभिव्यक्त गरेका छन् । यसरी यो खण्डकाव्य पूरै कवि स्वयंले सिधै काव्यात्मक कथन गरेका हुनाले यो 'लिला स्मृति काव्य' खण्डकाव्य कविप्रौढोक्ति कथन पद्धतिमा आधारित देखिएको छ ।

### ३.२.७.९ छन्द वा लय विधान

मुकुन्द न्यौपानेको लेखन क्षेत्र मूल रूपमा पद्य नभएर गद्य हो भनी उनी आफैं भन्छन् । बाल्यावस्थामा संस्कृत पाठशालामा पढ्दा छन्दमा लेख्ने जमर्को गरे पनि उनका सबैजसो कृतिहरू गद्यमै प्रकाशित भए । न्यौपानेको पद्यमा रम्ररी छन्दोबद्ध भएर प्रकाशित कृति यही 'लिला स्मृति काव्य' खण्डकाव्य नै हो । छन्द त नियमित मात्रा वा वर्णमा आधारमा विश्राम हुने लय हो, यसमा सङ्गीतमा जस्तै सुर हुन्छ (पराजुली, २०५१ : २५८) । छन्दले कवितालाई गेयात्मक, श्रुतिमधुर र प्रभावकारी तुल्याउँछ (भुजेल, २०६२ : १४०) । उनले यो काव्य शास्त्रीय शार्दूलविक्रीडित छन्दमा रचना गरेका छन् । यस छन्दमा रचित काव्यको प्रत्येक पङ्क्तिमा १९ अक्षर हुन्छन् । यसको प्रत्येक पाउको सातौं र बाह्रौं अक्षरमा विश्राम हुन्छ भने छन्दको लघुगुरु वर्ण योजना 'मसजसततगु' हुन्छ । वर्णमात्रिक छन्दभित्रको 'शार्दूलविक्रीडित' छन्द नेपालीको आफ्नै 'जातीय छन्द' भइ सकेको छ (श्रेष्ठ र ज्ञावली सहित अन्य, २०५९ : १६१) । विधानका सिलसिलामा भाषाशैलीका आधारले केही कमी कमजोरीहरू सामान्य रूपमा देखिए पनि पद्यात्मक छन्दोबद्ध कवितामा छन्द मिलानका क्रममा आवश्यकतानुसार ह्रस्व-दीर्घ हेरफेर गर्न, संक्षिप्त शब्दलाई केही विस्तृत बनाउन, विस्तृत शब्दलाई केही संक्षिप्त बनाउन सकिने इत्यादि जस्ता परम्परालाई कवि न्यौपानेले पनि यो काव्य रचनाका क्रममा केही मात्रामा स्वाभाविक रूपले पछ्याएका छन् । उदाहरणका लागि केही कवितांशहरू यस प्रकार छन् :

ती आमा रनभुल्लमा परि गइन् एक्ली जहाँनै ठुलो
रोगी जीर्ण भइन् कठै नि विचरी भेटिन्न औषध्मुलो ।

(पृ. ११)

एकै साथ हुँदा बडो कठिन भो ठुलो जहाँनै भयो
ती ब्वारीतिर छुट्टभिन्न हुनमा इच्छा भयो बेगिलो ।

(पृ. १३)

यात्रा भर्दिनको थियो सँगसँगै बेजोड घोडा कुदे
भारी पर्वततुल्य ली म घरमा संसाँझमा नै पुगे

(पृ. १४)

बोझा त्यो ऋणको अरू थपिन गो संकष्ट टार्ने हुँदा
थाम्नै आँसु समेत झन् कठिन भो आमा ढलेरै रुँदा ।

(पृ. १५)

यस्तै सत्य बुझौं भनेर म सधैं संघर्ष गर्दै रहूँ
बाबा आशिक द्यौ सधैं प्रणयले सत्कार्य गर्दै रहूँ ।

(पृ. ३०)

यसरी न्यौपानेले 'लिला स्मृति काव्य' खण्डकाव्यमा शास्त्रीय शार्दूलविक्रीडित छन्दको प्रयोग गरेर काव्यलाई बद्धात्मक, लयात्मक, आकर्षक, मिठासपूर्ण, प्रभावकारी, गेयात्मक, श्रुतिमधुर एवम् बोधगम्य तुल्याएका छन् ।

## ३.२.७.१० बिम्बालङ्कार र प्रतीक विधान

काव्यकार न्यौपानेको यस 'लिला स्मृति काव्य' खण्डकाव्यमा केही लघु बिम्बालङ्कार एवम् प्रतीकहरू सहज एवम् सरल रूपमा प्रयोग भएका छन् । अलङ्कार विधानका दृष्टिले हेर्दा यस खण्डकाव्यमा आद्य र मध्यजस्ता शब्दालङ्कारहरूको आंशिक र अन्त्यानुप्रासको २ वटा पङ्क्तिबाहेक अरू सबै पङ्क्तिहरूमा सहज र सरल रूपमा प्रयोग भएको छ भने उपमा, उत्प्रेक्षा इत्यादि जस्ता अर्थालङ्कारहरूको पनि केही मात्रामा प्रयोग भएको छ । यस खण्डकाव्यमा प्रयुक्त 'काला रात' र 'काला दिन' पदावली लीलाका जीवनमा व्यतीत भएका दुःखमय पल प्रतिपलहरू, र 'रोशनी' शब्द उनको जीवनको सुखको थोरै भए पनि आशाको प्रतीकको रूपमा प्रयोग भएको छ । त्यस्तै यस काव्यमा प्रयुक्त 'सिन्का' पद रोगले जीर्ण ज्यादै दुब्लो शरीर र 'बुकुरो' सानो घरको बिम्ब भएर आएको छ । यसै गरी जन आन्दोलनका जन समूहलाई 'हुन्डरी' र उनीहरूको क्रियाकलाप एवम् कार्यशैलीलाई 'भूकम्प झैं'; भनी तुलना गरिएको छ भने तत्कालीन पञ्चायती शासन व्यवस्थाको हारलाई 'धूलो चाटेर मऱ्यो' भनिएको छ । लीलाको शान्त एवम् हँसिलो स्वभावलाई 'सन्तै सरी', कविका दाजुभाइका बिचमा भएका सामान्य तर उनीहरूका लागि त्यतिबेला ठूला लागेका बाल्यकालीन झगडालाई 'वैरीसरीको द्वन्द्व', र लीलाकी पत्नी कविकी आमाको कुनै मिठो एवम् सुखद सोचाइलाई 'कोइली कल्पना' भनी बिम्बात्मक रूपमा प्रस्तुत गरिएको छ । त्यस्तै मृत्यु पश्चात्का अन्त्येष्टि, काजक्रिया, श्राद्ध (पिण्डपानी) इत्यादि जस्ता नाममा गरिने व्यवहार, कर्मकाण्डलाई 'ढोंग', 'लुट'; यस्ता कार्य गराउनेलाई 'ठग', 'धूर्त' र गर्नेलाई 'सोझा' जस्ता उपनाम दिइएको छ । यस खण्डकाव्यमा प्रयुक्त सबै बिम्बहरूले व्यङ्ग्यात्मक अर्थ दिन त्यति सफल नदेखिए तापनि काव्यलाई भावोत्कर्षमा पुऱ्याउन काव्यकारले गरेका प्रयासहरू सराहनीय छन् । यसरी यो खण्डकाव्य व्यञ्जनात्मक दृष्टिले भन्दा अभिधात्मक दृष्टिले नै सहज, सरल, बोधगम्य एवम् मर्मस्पर्शी देखिएको छ ।

## ३.२.७.११ भाषाशैली

न्यौपानेको यस 'लिला स्मृति काव्य' खण्डकाव्यको पनि अध्ययन गर्दा उनी दुरुह र दुर्बोधभन्दा सरल, सुबोध, लयात्मक र सुकोमल भाषाशैली नै रुचाउने काव्यकारका रूपमा देखिएका छन् । उनले

यस खण्डकाव्यमा पनि विभिन्न तत्सम, तद्भव एवम् आगन्तुक शब्दहरूको प्रयोग गरेका छन् तापनि नेपाली झर्रा शब्दहरूको नै आधिकता रहेको छ । यस खण्डकाव्यका सबै शब्द, शब्दावली पङ्क्तिहरू एवम् पूरै श्लोकहरू नै सरल, लयात्मक, सुकोमल, स्वाभाविक, बोधगम्य एवम् मार्मिक भाषाशैलीका छन् । यस काव्यमा काव्यकारले पिता, सूर्य, बालक, ऋण, पुत्र, पुत्री, दामोदर, जीवन, जीर्ण, दूर, दायित्व, आशिष, अश्व, ज्ञान, अज्ञान, धीर, धैर्य, ध्रुव, दीपक, विदुर, कण्ठ, वृद्ध, हर्ष, कण, मृदु, अलप, सुत, कुसुम, नयन, पुष्प, देव, गण, भ्राता, मातृ इत्यादि जस्ता तत्सम शब्दहरू र आँसु, असार, गाउँ, जेठो, तीतो, धूलो, पात, बारी, रगत, राती, रित्तो, सास, ठूलो, काज, गहिरो, दूध, बहिनी, बूढो, हात, जेथा, सासू, ससुरा, रात, दाजु, रातो इत्यादि जस्ता तद्भव शब्दहरूको प्रयोग गरेका छन् भने सकस, मगर, कन्तुर, इशारा, इरादा, बटुको, अफिस इत्यादि जस्ता आगन्तुक शब्दहरू पनि प्रयोग गरेका छन् । चस्स, झलझल, गन्गन्, सोत्र्याम्म, धरधरी, चट्ट, थरहरी, हुर्हुरी, फर्फर, झिमिक्क, लुछाचुड, मिर्लिक्क, टुप्लुक्क, अकमक्क, बर्बरी, हलक्क इत्यादि जस्ता अनुकरणात्मक शब्दहरूले खण्डकाव्यलाई अझ सुन्दर, सहज एवम् सरसिला बनाएका छन् । त्यस्तै कठै, विचरी, हाय, विचरा, हा जस्ता विस्मयादिबोधक शब्दहरूका साथै नि, नै, र, त, कि, कुन्नि, चैं, लौ, है, अरे इत्यादि जस्ता निपातहरूले श्लोकहरूलाई अझै बढी रसिला, स्वादिला, सुरम्य एवम् श्रुतिमधुर बनाएका छन् ।

यस खण्डकाव्यमा बाबा !, पिता ! जस्ता सम्बोधनात्मक र कतिपय श्लोकहरूमा प्रश्नात्मक एवम् व्यङ्ग्यात्मक शैली पनि पाउन सकिन्छ । समासका दृष्टिले काजक्रिया, गरातिर, जेठाबा, दाजुभाइ, आमाबाबु, मधेशतिर, शोकाश्रु, घरबाट, कर्मकाण्डी, स्वार्थान्ध, पुष्पाञ्जलि, श्रद्धाञ्जलि, सत्पथ, सत्कार्य, पुत्र-पुत्री, पुत्र-बधु, भाइबन्धु, आत्मनिर्भर, अश्रुधारा, सर्वाङ्ग, नुनतेल, हर्षाश्रु, शोकमय, मनभरि, वैरीसरी, द्वन्द्वसरी, वर्षैसरी, विषधार, मायामोहित इत्यादि जस्ता समस्त शब्दहरू साथै दायित्वको बोध, दिन रात, भाइ र बहिनी, सिधा र साधा, छुट्टै र भिन्नै, दाजु र भाउजू, ठूली आमा, वार र पार, पाखा पखेरा, गाई वस्तु, पुष्प वर्षा, देव गणले झैं इत्यादि जस्ता पदावलीरू पनि प्रशस्तै प्रयोग भएका छन् । त्यस्तै, गै गइन्, गै गए, झन्झन्, गन्गन्, दिनदिन, खन्खन, अली अली, मनमनै, फुकफाक, ख्यालख्याल, तिरतिरै इत्यादि जस्ता द्वित्व शब्दहरू साथै रात-दिन, ज्ञान-अज्ञान, गाउँ-बेसी, सुख-दुःख, जेठो-कान्छो, हाँसो-रोदन, एकदल-बहुदल, जीत-पराजित, तल-माथि, सदाचार-दुराचार इत्यादि जस्ता विपरीतार्थी शब्दहरूको प्रयोगले यस खण्डकाव्यले बढी लालित्य, रागात्मकता एवम् लयात्मकता प्राप्त गरेको छ । यस खण्डकाव्यका श्लोकका कतिपय पङ्क्तिहरू रचना गर्दा नेपाली भाषाको पदयोग, पदवियोग, वर्णविन्यास आदिका नियमहरूलाई कविले त्यति ध्यान दिन सकेका छैनन् भन्ने देखिएको छ तापनि सरल, सहज एवम् झर्रा वाक्यका साथमा माधुर्य संयोजन गर्न उनी सफल देखिएका छन् ।

यसरी यस खण्डकाव्यमा पनि काव्यकार न्यौपानेले तत्सम, तद्भव र स-साना समस्त एवम् सरल शब्दहरूको समुचित प्रयोग गरेका छन् । कतै सम्बोधनात्मक, कतै प्रश्नात्मक त कतै व्यङ्ग्यात्मक शैली समेत पाइने यस काव्यमा प्रयोग भएका विस्मयादिबोधक, निपात, अनुकरणात्मक एवम् नेपाली झर्रा शब्दहरूले यो खण्डकाव्य पनि सरल, सहज, सुकोमल, सुबोध, श्रुतिमधुर,

लयात्मक, स्वाभाविक, मर्मस्पर्शी एवम् सर्वसाधारणका लागि समेत बोधगम्य भाषाशैलीयुक्त बनेको छ ।

### ३.५.१२ निष्कर्ष

'लिला स्मृति काव्य' खण्डकाव्य कवि मुकुन्द न्यौपानेको काव्ययात्राको चौथो चरण अन्तर्गतको कृति हो । वि.सं. २०६१ मा प्रकाशित यो उनको समग्र प्रकाशित साहित्य कृतिमा बाह्रौं र दोस्रो खण्डकाव्य हो भने समग्र प्रकाशित कृतिमा चाहिं पन्ध्रौं हो । यो काव्य पृष्ठ ११ देखि ३० सम्ममा जम्मा ७८ वटा श्लोकहरूमा बद्ध छ । यो शोककाव्य वास्तवमा न्यौपानेले आफ्नै पिता स्व. लीलानाथ न्यौपानेको मृत्यु पश्चात् निकै विव्हल भई उनैको स्मृतिमा लेखेका हुन् । यसमा स्व. लीलानाथ न्यौपानेको बाल्यावस्थादेखि मृत्यु पर्यन्तका आरोह अवरोह र मृत्यु पश्चात् गरिने अन्त्येष्टि, काजक्रिया, पिण्डपानी, कर्मकाण्ड इत्यादि जस्ता संस्कारप्रतिको कविको आफ्नै परिष्कृत र भौतिकवादी व्यवहार एवम् सोच विचार तथा चिन्तनहरूलाई समेटिएको छ । कविले यिनै विषयहरूका अनेक भावहरूलाई माधुर्य संयोजन गरी सशक्त अभिव्यक्ति दिने निकै प्रयास गरेका छन् । यस शोककाव्यमा काव्यकारले आफ्ना पिताको देहावसानको अन्तर्पीडालाई मार्मिक एवम् सटीक तरिकाले प्रस्तुत गरेका छन् । न्यौपानेको यस खण्डकाव्यमा छन्द मिलानका क्रममा वर्ण विन्यासका हिसाबले केही कमी कमजोरीहरू छन् तापनि सरल, सहज, सुकोमल, एवम् सुबोध भाषाशैलीले यो काव्य सम्प्रेषणीय एवम् बोधगम्य बनेको छ । शास्त्रीय शार्दूलविक्रीडित छन्दमा लयबद्ध यस खण्डकाव्यमा कुनै सर्ग, छाल वा खण्ड विभाजन गरिएको छैन । विभिन्न समास, द्वित्व, विस्मयादिबोधक, निपात, अनुकरणात्मक शब्दहरू साथै बिम्बालङ्कार इत्यादिले यस काव्यलाई कर्णप्रिय एवम् श्रुतिमाधुर बनाएका छन् । बढी मात्रामा यो काव्य पनि अभिधात्मक रूपले नै बोधगम्य छ ।

कविप्रौढोक्ति कथन पद्धतिमा आधारित यस कृतिले वास्तवमै जनताप्रति समर्पित एउटा क्रान्तिकारी परिवारको आस्था र जीवन शैलीलाई झल्काएको छ । यस काव्यमा अभिव्यक्त जुन भावहरू छन् ती बडो गाम्भीर्ययुक्त छन् । साँच्चीकै यस काव्यले पिताको वास्तविक सम्मान गर्दै हाम्रो समाजमा विद्यमान जीवन, मृत्यु र अन्तेष्टि सम्बन्धी कर्म जस्ता परम्परागत धार्मिक रूढिले अनावश्यक रूपमा ज्यादै जेलिएका, रुमलिएका कुराहरूमा सामाजिक परिवर्तन र सुधार गर्नु पर्ने विषयमा केही नयाँ चेतना दिने जमर्को गरेको छ । यसरी न्यौपानेको यो खण्डकाव्य पनि आकृतिगत रूपमा सानो भए तापनि विषयगत गहिराइका हिसाबले महान् छ ।

# चौथो परिच्छेद

# मुकुन्द न्यौपानेका काव्य कृतिहरूको वैचारिक पक्षको विश्लेषण

## ४.१ सामान्य परिचय

वि.सं. २०१९ देखि नै कविता रचना गरेका मुकुन्द न्यौपानेका हालसम्म साहित्यका विविध विधा एवम् साहित्येतर क्षेत्रका समेत गरी १९ वटा कृतिहरू प्रकाशन भइसकेका छन् । अन्य केही कृतिहरू पनि प्रकाशनको तयारीमा छन् । आर्थिक विपन्नताका कारण औपचारिक शिक्षा प्रथमासम्म मात्र सीमित रहे तापनि स्वध्यायन, निरन्तर साहित्य साधना एवम् सक्रियताका कारण उनले आफ्नो सरल छवि र बौद्धिक व्यक्तित्व निर्माण गर्न सकेका हुन् भन्ने देखिएको छ । सामान्य निम्न वर्गीय किसान परिवारमा जन्मिएर उच्च माध्यमिक विद्यालयको मुखसम्म पनि नदेखेका उनको सैद्धान्तिक, दार्शनिक र व्यावहारिक ज्ञानको क्षितिज धेरै फराकिलो र गहन रहेको छ (थापा, २०७१ : भूमिका पृष्ठ) ।

न्यौपानेमा १२ वर्षको उमेरदेखि नै कविता लेखन र वाचनतर्फको विशेष रुचि र लगाब थियो । वि.सं. २०२४ पछिको उनको समय मूलतः झापामा कविता वाचन, जुलुस प्रदर्शन एवम् बेरोजगारहरूको सङ्गठन निर्माण गर्ने क्रममै बित्यो (कवि मुकुन्द न्यौपानेबाट प्राप्त जानकारी अनुसार) । यसरी नै उनी देशका विभिन्न ठाउँहरूमा पुगे । यसै समयमा नै उनले रचना गरी वाचन गरेको ‘युवाहरूलाई आव्हान’ शीर्षकको कविताबाट वामपन्थी विचार धाराका युवाहरू निकै प्रभावित भए । उनले उनीहरूबाट माओत्से तुङ्को ‘हुनान किसान आन्दोलन’ सम्बन्धी रचना पाए । त्यो रचना उनले राम्ररी पढे र त्यसबाट निकै प्रेरित भए । त्यसपछि उनको जीवन नयाँ बाटातिर मोडियो । उनको सक्रियता राजनीतिक साथै लेखरचनातर्फ अघि बढ्दै आयो (ऐजन) । उनले हालसम्म रचना गरेका विभिन्न साहित्यिक, सैद्धान्तिक, राजनीतिक एवम् वैचारिक कृतिहरू प्रायः जसो मार्क्सवादी विचार धाराबाट प्रभावित छन् । नेपाली साहित्यमा प्रगतिवादी चिन्तन एक महत्त्वपूर्ण पक्षका रूपमा रहेको छ । यसले साहित्य र समाजलाई सही दिशा निर्देश गर्दै उज्यालो मार्गतिर अग्रसर गराइ रहेको छ (गिरी, २०६९ : आफ्नो कुरा पृष्ठ) । नेपाली प्रगतिवादी प्रगतिशील स्रष्टा लेखकहरूको पङ्क्ति विशाल छ (गिरी, २०६९ : प्राक्कथन पृष्ठ) । यसै पङ्क्तिमा रहेर कवि न्यौपाने पनि तल्ला तप्का र तहका वर्गहरूको पक्षमा सशक्त रूपमा कलम चलाउन सफल देखिएका छन् । उनका काव्यहरूमा समाजवादी, नारीवादी, यथार्थवादी, जनवादी, क्रान्तिकारी साथै प्रगतिवादी भाव एवम् सन्देशहरू सशक्त रूपमा अभिव्यक्त भएका छन् । यस शोधपत्रको सीमा र उद्देश्य अनुसार यहाँ उनका ‘उथल पुथल भित्रका अनुभूतिहरू’, ‘लोक विनोद’, ‘पीडित आत्माका धुनहरू’, ‘छोरीलाई चिठ्ठी’, ‘नयाँ युगका नयाँ कविता’, ‘घाइते देश’ र ‘लिला स्मृति काव्य’ जस्ता काव्य कृतिहरूको वैचारिक पक्षको आधारमा विश्लेषण गर्ने प्रयास गरिएको छ ।

## ४.२ 'उथल पुथल भित्रका अनुभूतिहरू' कविता सङ्ग्रह

प्रस्तुत 'उथल पुथल भित्रका अनुभूतिहरू' कविता सङ्ग्रहमा कवि मुकुन्द न्यौपानेले विविध विषयवस्तुमा आधारित भई रचना गरेका जम्मा ३७ वटा कविताहरू सङ्कलित छन् । यस कविता सङ्ग्रहका कविताहरू राष्ट्रवादी, क्रान्तिकारी, मानवतावादी, नारीवादी, यथार्थवादी स्वरहरू एवम् विचारहरूले ओतप्रोत भएका छन् । यी कविताहरू सबै साँच्चै नै यसै सङ्ग्रहको भूमिका लेखक प्रकाश शर्माले भने झैं तत्कालीन समयमा देश र जनताको मुक्तिका लागि गरिएका संघर्षका कुनै न कुनै घटना वा पक्षसँग सम्बन्धित छन् । यी कविताले तत्कालीन समयको जन सङ्घर्षको आगो ओकलिरहेका ताता मोर्चाबाट प्राप्त नवीन अनुभूतिहरूलाई प्रतिनिधित्व गरेका छन् । कवि न्यौपाने जनताका अनगिन्ति दुःख र कष्टपूर्ण जीवनसँग अति नै नजिकैबाट परिचित छन् । उनीहरूका हाँसो, रोदन, वेदनाका सुस्केरा अनि क्रोध आक्रोश एवम् स्वतन्त्रता र मुक्तिको कष्टसाध्य मार्गमा डटिरहेका छन् भन्ने प्रष्ट भएको छ । उनले यी कविताहरूमार्फत आफू झैं सम्पूर्ण जनताहरूलाई समाजमा विद्यमान सामन्ती र पुँजीवादी विचार, दर्शन, मान्यता, रीति रिवाज एवम् संस्कारका बन्धनहरूबाट मुक्ति दिलाउने प्रयास गरेका छन् । यसका साथै सर्वहारा वर्गको यिनै विश्व दृष्टिकोण इत्यादिहरूलाई आत्मसात गर्दै समाजलाई सुपरिवर्तन गर्ने कार्यमा सबैलाई सक्रिय बनाउने प्रयास गरेका छन् । यस्ता भाव बोकेका केही कवितांशहरू यसप्रकार छन् :

सक्छु म मेरो साथीहरूसङ्ग मिली
पृथ्वीलाई फोरी नयाँ हिरा निकाल्न ।
'वर्तमान समाज' (पृ. २)

उठाउँदैछौं फेरी हामी मंजुश्रीको तरबारलाई
टुक्राटुक्रा पार्ने छौं हामी
सन्तको मासु खाएर अजम्बरी बन्न खोज्ने राक्षसलाई ।
'बिदाइपछि' (पृ. ९)

हो बहिनी ! म एक समयको निष्ठुर हुँ र
एक समयको निष्ठुर थिएँ
होइन बैनी ! उसले अब आफूलाई बदलिसकेको छ
आफ्नो घर बनाउन नसके पनि
अरू लाखौंको घर बनाउने सङ्कल्प लिइसकेको छ ।
'बहिनीलाई चिट्ठी' (पृ. १३)

ए ! शान्तिको छानामुनि सुतेर सपनाइरहेका वीरहरू हो !
भविष्यका एटमहरूको तातो स्पर्शले

मस्त निद्रामा परेका वीरांगानाहरू हो !
उठ ! जाग जुर्मुराउ !

'खतराको घण्टी' (पृ. २२)

यसै गरी कतिपय कविताहरूमा निःस्वार्थ, निडर एवम् मानवीय गुणले भरिपूर्ण एकताबद्ध बल र सिपयुक्त वीरहरूका अगाडि जस्तोसुकै ठूलो र शक्तिशाली हुँ भन्ने पनि घुँडा टेक्न बाध्य हुन्छ । त्यसैले यिनै कुराहरूलाई आत्मसात गरी हामी सबै सधैं जुटेर अघि बढ्नु पर्छ । एक न एक दिन अवश्य पनि उद्देश्य प्राप्त हुन्छ र जनतामा खुशी र हाँसो अवश्य छाउनेछ भन्ने आत्मविश्वासले भरिएको आफ्नो सशक्त विचार कविले यसरी अभिव्यक्त गरेका छन् :

बल र सीप एकत्रित भएको वीरत्वको सामुने
मै हुँ भन्ने दैत्य राजले पनि शीर झुकाउनै पर्छ ।

'शरद' (पृ. २७)

आउने छौं हामीहरू एक दिन,
हजारौं योद्धाहरूको साथमा
हाम्रो हातको प्यार र स्नेह पाएर
नयाँ स्वर्ग बन्नेछ हाम्रो गाउँ

'जन्मभूमिको यादमा' (पृ. ३३)

यस सङ्ग्रहका कतिपय कविताहरूमा कविले सम्पूर्ण कविहरूलाई कल्पनामा डुबुल्की मारेर नभई यथार्थमा राम्ररी भिजेर कविता लेख्न अनुरोध गरेका छन् । कविका विचारमा कविताले देश सर्वसाधरण जनताको मर्मलाई अभिव्यक्त गर्न सक्नु पर्छ । समाज एवम् राष्ट्रमा विद्यमान सम्पूर्ण विसङ्गति र विकृतिका विरुद्धमा आवाज उठाउन सक्नु पर्छ । पाठक एवम् सम्पूर्ण जनतामा होश र जोश भर्न सक्ने किसिमका गुणयुक्त कविताले नै देश र जनताको उत्थानमा महत्वपूर्ण योगदान दिन सक्छ भन्ने विचार उनको रहेको छ । जस्तै :

उड्छौ खालि माथि माथि, झट्टै तलतिर आऊ
नखोज ब्रह्मा सत्ये जगत हो, यथार्थतामा आऊ ।
छाडिदेऊ सेता महल शहरहरूलाई छाड
जाऊ त्यहीं जहाँ गन्हाउँछन् मानिसहरूको हाड

'कविसँग' (पृ. ३१)

कविताले चर्को स्वरमा गर्जनु पर्छ
कविताले विद्रोह गर्नु पर्छ
मानिसका मस्तिष्क र छातीहरूमा
हरेक कुना र काप्चाहरूमा
कविताले दन्कनु पर्छ आगो भएर
कविताले उर्लनु पर्छ बाढी भएर

'कविता' (पृ. ४४)

यसरी यो सङ्ग्रह क्रान्तिकारी एवम् प्रगतिशील भावयुक्त कविताहरूको सँगालो हो भन्ने प्रष्ट भएको छ । यो सङ्ग्रह कवि स्वयंले संघर्षको मैदानमा दिलोज्यानले सहभागी भएर प्राप्त गरेको अनुभूतिहरूको सशक्त अभिव्यक्तिहरूको पुञ्ज हो । जनवर्गीय सङ्घर्षका गाथाले ओतप्रोत यो सङ्ग्रह वैचरिक दृष्टिले मार्क्सवादी एवम् लेनिनवादी विचार र सिद्धान्तबाट निकै प्रभावित देखिन्छ । यस सङ्ग्रहमा कवि स्वयंको जनता र देशप्रतिको यथार्थवादी, क्रान्तिकारी एवम् प्रगतिशील विचार धाराहरू सशक्त रूपमा अभिव्यक्त भएका छन् । त्यसैले यो सङ्ग्रह वैचारिक दृष्टिले पनि अति नै ओजपूर्ण एवम् महत्त्वपूर्ण रहेको छ ।

## ४.३ 'लोक विनोद' खण्डकाव्य

प्रस्तुत 'लोक विनोद' खण्डकाव्य मुकुन्द न्यौपानेद्वारा लिखित वि.सं. २०४० सालमा 'उदय शर्मा' नामबाट र वि.सं. २०६५ मा केही परिमार्जन गरी 'मुकुन्द न्यौपाने' नामबाट पुनः प्रकाशित कृति हो । यो खण्डकाव्यमा कवि स्वयं वि.सं. २०३८ सालमा नारायणी र जनकपुरमा भूमिगत भई काम गर्दा उनका आँखाले देखेका र भोगेका जनताका पीडा र मर्मलाई उनले यहाँ बद्ध गर्ने प्रयत्न गरेका छन् (मुकुन्द न्यौपानेबाट प्राप्त जानकारी अनुसार) । राष्ट्रिय राजनीतिमा राजतन्त्रले जनतालाई बौद्धिक अपाङ्ग बनाइरहेको तत्कालीन अवस्थामा अन्तर्राष्ट्रिय क्षेत्र चाहिँ दुई अति महाशक्तिको होडबाजीको चपेटामा परी विश्वले भोग्नु परेका पीडाहरू जनतालाई संक्षिप्त रूपमा भए पनि बुझाउन उनले यो सानो कृति लेखेका हुन् (ऐजन) । उनले यो खण्डकाव्य कवि शिरोमणि लेखनाथ पौड्यालको 'बुद्धिविनोद' खण्डकाव्यबाट प्रेरित भएर लेखेका हुन् (ऐजन) । पौड्यालको 'बुद्धिविनोद' मा बुद्धि ठूलो भन्ने भाव अभिव्यक्त भएको छ भने यस खण्डकाव्यमा चाहिं बुद्धिको स्थान त आफ्नो ठाउँमा छँदै छ; अझ त्यो भन्दा पनि जनता (लोक) नै ठूलो हो; लोकहितमा सदा कसरी लाग्ने भनी गहन चिन्तन गरिएको छ । कविको यस खण्डकाव्यको कुनै श्लोकहरूमा गरिबी, भोक, अशिक्षाले ग्रस्त देशबासीहरूको कष्टप्रद जीवन शैलीप्रति चिन्ता अभिव्यक्त गरिएको छ त कुनै श्लोकहरूमा सामन्तवादी सोचहरूले आक्रान्त बनेकाहरूप्रति आक्रोश अभिव्यक्त गरिएको छ । जस्तै :

जाली घुस्याहा मोजमस्ती मै डुबे
सोझा र निर्धा निमुखा विदेशिए ।

(पृ.१६)

ठूला बडा मानिस मस्तिमा छन्
बस्ती स-साना उठिबास हुन्छन्
झुप्रा र कुप्रा विरही भए किन
तँलाई मालुम् छ कि यो कुरा मन ?

(पृ.१७)

अध्ययनको सीमा फराकिलो भएका कवि न्यौपानेको अनुभूतिका उच्छलनहरू मानवतावादी सोचले ओतप्रोत छन् । उनी राजनीतिक स्वतन्त्रताका हिमायती हुन् । प्रसिद्ध बेलायती राजनीतिक चिन्तक जे.एस.मिल जस्तै श्री न्यौपाने ज्यू पनि व्यक्तिगत वैचारिक स्वतन्त्रताका पक्षधर हुनुहुन्छ (अधिकारी, २०६५ : १०) । स्वतन्त्रता बेगर मनुस्य बाँच्नै सक्दैन बाँचेता पनि त्यस्को कुनै अर्थ रहँदैन भन्ने मुकुन्द न्यौपाने ज्यू ह्यारोल्ड जे लास्कीले भने जस्तो स्वतन्त्रताका लागि आन्तरिक सत्यतामा विश्वास गर्नुहुन्छ (ऐजन) । न्यौपानेको यस खण्डकाव्यमा पनि लेनिनको सिद्धान्त र कार्लमार्क्सको सार्वभौम चिन्तनको प्रभाव पाइन्छ । यसको नमुनागत श्लोक यस प्रकार छ :

उद्योगधन्दा कलकारखाना
विदेशीले नै भरिए टनाटन
पाइन्न जागीर स्वदेशमा किन
तँलाई मालुम् छ कि यो कुरा मन ?

(पृ.२३)

कवि न्यौपानेले यस खण्डकाव्यमा नेपाल र सम्पूर्ण नेपालीहरूको समुन्नतिका लागि सम्पूर्ण नेपालीहरूको बुद्धि र विवेक एवम् यिनै पाखुरीहरूको श्रम र शक्ति यही देश नेपालमै लगाउनु पर्छ तर हाम्रो देशको युवाशक्ति विदेशिन बाध्य छ । जबसम्म यो क्रम रोकिंदैन तबसम्म यो देश र जनताले सुख शान्तिको शास फेर्न पाउँदैनन् भन्ने दृढ विचारधारा अभिव्यक्त गरेका छन् । उदाहरणका लागि यी विचार धाराका यस खण्डकाव्यका केही अंशहरू यसप्रकार छन् :

कसो गरी बिग्रियो देश यो किन
तँलाई मालुम् छ कि यो कुरा मन ?

(पृ.२५)

छोरा गए भर्ती भएर लाहुर
अरब् र भारत् अनि कोरियातिर

मर्दै छ तड्पी मरुभूमिमा किन
तँलाई मालुम् छ कि यो कुरा मन ?

(पृ.२७)

आमा रुँदैछिन् घरमा कठै किन
तँलाई मालुम् छ कि यो कुरा मन ?

(पृ.२७)

कवि न्यौपानेले शिक्षाको व्यापारीकरण, नेताको भोट किन्ने प्रवृत्ति, जितेपछि साँढे बन्ने स्वभाव, शोषण, दमन, उत्पीडन, भ्रष्टाचार, देश र जनताप्रति विमुख इत्यादि जस्ता यथार्थवादी एवम् समाजवादी विचार धाराबाट आतप्रोत यस खण्डकाव्यमा केबल स्वदेश (नेपाल) को मात्र नभएर विश्वकै चिन्ता गरेका भावहरू समेत अभिव्यक्त गरेका छन् । जस्तै :

यो विश्व-शान्ति कसरी गराउने
टुटेफुटेका कसरी जुटाउने
खोज्दै छ मान्छे अब शान्ति नै किन
तँलाई मालुम् छ कि यो कुरा मन ?

(पृ.३२)

काव्यकार न्यौपानेले यस खण्डकाव्यको अन्त्यसम्म नै विश्वकै शान्तिको चिन्ता गर्दै 'स्वदेश निर्माण कसले गर्छ ?' 'स्वदेश कसरी बन्छ ?' भन्ने जस्ता प्रश्नात्मक शैलीका चिन्तयुक्त भावहरू बडो सशक्त तरिकाले अभिव्यक्त गरेका छन् । जस्तै :

यो मातृभूमि कसले बनाउने
सुसुप्त जन्लाई कसले जगाउने
बन्नेछ नेपाल कसोगरी किन
तँलाई मालुम् छ कि यो कुरा मन ?

(पृ.३२)

यसरी यस खण्डकाव्यमा कवि न्यौपानेले वैचारिक स्वतन्त्रताका पक्षमा वकालत गरेका छन् । राजनीतिक दृष्टिले समाजवादी चिन्तनबाट अनुप्राणित एवम् आर्थिक सामाजिक दृष्टिले तल्लो तह र तप्काका जनताहरूको समस्याप्रति विशेष संवेदनशील राष्ट्रवादी न्यौपानेको यस खण्डकाव्य वैचारिक गहिराइका हिसाबले अति महान् एवम् महत्त्वपूर्ण देखिएको छ ।

## ४.४ 'पीडित आत्माका धुनहरू' गीति कविता सङ्ग्रह

प्रस्तुत 'पीडित आत्माका धुनहरू' गीति कविता सङ्ग्रहमा कवि मुकुन्द न्यौपानेले वि.सं. २०३७ पौषदेखि वि.सं. २०४४ कार्तिकसम्ममा रचना गरेका मध्ये जम्मा १३ वटा गीति काविताहरू सङ्कलित छन् । विशेष गरी फुटपाथे पसलहरू, ढाक्रेहरू, कारखानाका श्रमिकहरू, दीन दु:खीहरू जस्ताको कथाव्यथाबाट प्रेरित भएको यो गीति कविता सङ्ग्रहका सबै गीति कविताहरू कविले देश र जनताका जीवन र जल्दाबल्दा समस्याहरूको जगलाई आधार बनाई लेखेका छन् । उनले यी सबै गीति कविताहरू सर्वसधारण जनताका मुटु र कण्ठलाई आल्हादित पार्ने किसिमले अभिव्यक्त गरेका छन् । वि.सं. २०४४ मङ्सिरमा प्रकाशित यस सङ्ग्रहका गीति कविताहरूमा प्रकाशकीय लेखमा उल्लेख गरे झैं साँच्ची नै कविको गीतकार व्यक्तित्व राष्ट्रिय र अन्तर्राष्ट्रिय विविध विषय, घटना र प्रवृत्तिहरूलाई जनताको ध्येय र भावनासित गाँसेर संगीत गुञ्जाउन सफल देखिएको छ । यी गीति कविताहरूमा दीन, दु:खी, गरिब, किसान एवम् श्रमिकहरूको उत्पीडित भावहरू यसरी खाँदिएका छन् :

कसलाई सुनाउँ यो हाम्रो व्यथा मिसिनले सुन्दैन
मालिकलाई बुझाऊँ मजदुरको दु:ख पटक्कै बुझ्दैन
कार्खानाभित्र मजदुरका कति कथा र व्यथा छन्
सुनाउँ कसलाई यो देशभित्र कानूनै अन्धा छन् ।

'कार्खानाको गीत' (पृ.३)

के चाड भन्नु दशैं र तिहार गरीबको जिन्दगी
छोरा र छोरी साहुको घरमा भैसके बन्दकी

'आजको दशैं' (पृ.७)

विद्यार्थी, शिक्षक सबसँग मिली एकजुट बन्नुछ
गरीबमारा शोषकसँग डटेर लड्नुछ ।

किसान आफ्नै जमीनको मालिक जुन दिन बन्नेछ
आएर दशैं सबैको घरमा लौ उठ भन्नेछ ।

'नयाँ दशैं' (पृ.९)

यस सङ्ग्रहका कुनै गीति कवितामा काठमाडौंका कतिपय गल्लीहरू तत्कालीन समयमा टुरिष्ट (हिप्पी) हरूको अखडा भएको र त्यसबाट नेपाली युवाहरूमा पर्दै गरेको कुप्रभाव, उपत्यकाबासीकै कारण दुर्गन्धित विष्णुमतिको व्यथा, काठमाडौंबासीले भोग्नु परेका खाने पानीदेखि लुटपाट, भ्रष्टाचारसम्मका अनगिन्ती समस्याहरू, कुनैमा देश र जनताप्रतिका गम्भीर एवम् विविध

प्रकारका समस्याप्रति कवि निकै चिन्तनशील देखिएका छन् र बडो मार्मिक विचारहरू अभिव्यक्त गरेका छन् । जस्तै :

तिम्रो युवा जोशलाई अकाल मै मार्न
थालिसके विदेशीले यहाँ जाल पार्न
हेर युवक, देशको आज के हुँदै छ हाल
लथालिङ्गै हुन लाग्यो बिग्रिसक्यो चाल ।
'युवकहरूसँग' (पृ.५-६)

जसले गर्छ अत्याचार तिनै सुखी हुने
श्रम गर्ने श्रमिकहरू रातदिन रुने ।
'आजको काठमाडौं' (पृ.१४)

यस सङ्ग्रहका पनि सबैजसो गीति कविताहरू कुनै न कुनै रूपमा मार्क्सवादी एवम् लेनिनवादी विचार धाराबाट प्रभावित देखिएका छन् । यस्ता समाजवादी एवम् साम्यवादी वैचरिकता झल्किएका केही गीति कवितांशहरू यस प्रकार छन् :

अक्टुवर क्रान्ति शोषितको आज तिहार बन्दैछ
साम्राज्यवादको विरोधमा आज सारा लौ उठ भन्दैछ ।

संसारकै ज्यामी श्रमिक हामी एकजुट बन्नेछौं
सन्देश तिम्रो बोकेर सबलाई लौ उठ भन्नेछौं

न्यायको जीत हुनेछ साँचो इतिहास बोल्नेछ
सुनौलो साम्यवादको ढोका मान्छेले खाल्नेछ ।
'सत्तरीऔं अक्टुवर क्रान्तिको वर्षगाँठमा' (पृ.१-२)

मालिकले झुक्नै पर्‍यो आन्दोलनको सामु
आठ घण्टाको काम आयो आज हाम्रो सामु
'मइ दिवस' (पृ.१७)

एउटै हामी बाटो हिंड्ने एउटै हाम्रो व्यथा
छातीभित्र बोकी हिड्छौं विद्रोहका कथा ।
'बन्दीसँग' (पृ.२२)

कवि न्यौपानेले यस सङ्ग्रहमा एउटा यस्तो विचार पनि अभिव्यक्त गरेका छन् जुन बडो गम्भीर रूपमा देखा परेको छ । उनले यसमा आजसम्म सबैले सत्य मान्दै र विश्वास गर्दै आएका आदिकवि भानुभक्तप्रतिको आफ्नो शङ्कास्पद एवम् अन्योलपूर्ण विचार यसरी व्यक्त गरेका छन् :

आज त त्यहाँ बिक्तैन घाँस कसैले किन्दैन
त्यो बेला घाँस किन्नेलाई पनि कसैले चिन्दैन ।
यो कुरो साँचो भनेर लेखौं तथ्यले जान्दैन
यो कुरो झूठो भनेर लेखौं मानिस मान्दैन ।
'भानुभक्तको गाउँमा पुग्दा' (पृ.४७)

यसरी यस 'पीडित आत्माका धुनहरू' गीति कविता सङ्ग्रहमा कवि मुकुन्द न्यौपानेले मानवतावादी, समाजवादी, साम्यवादी, राष्ट्रवादी, क्रान्तिकारी, प्रगतिशील एवम् यथार्थवादी जस्ता विविध विषयवस्तुहरू एवम् विविध वैचारिक पक्षहरूलाई आफ्नै अनुभूतिको परिपाकमा डुबाएर चिन्तनशील एवम् गाम्भीर्य रूपमा प्रस्तुत गरेका छन् ।

## ४.५ 'छोरीलाई चिट्ठी' कविता सङ्ग्रह

प्रस्तुत 'छोरीलाई चिट्ठी' कविता सङ्ग्रहमा कवि मुकुन्द न्यौपानेले विविध विषयवस्तुमा आधारित भई रचना गरेका जम्मा २१ वटा कविताहरू सङ्कलित छन् । यी सबै बेग्ला-बेग्लै एवम् आ-आफ्नै पृष्ठभूमिमा आधारित छन् । यस सङ्ग्रहका कविताहरू अध्ययन गर्दा कवि नेपाली जनजीवनका आँसु, हाँसोका साथै उनीहरूको भविष्यका सुनौलो सपना, इच्छा आकांक्षाको गहिरो अनुभवको अपेक्षाप्रति निकै चिन्तनशील देखिएका छन् । यस सङ्ग्रहमा यसैका भूमिका लेखकले भने झैं वास्तवमै धेरै अनुभूतिपूर्ण र प्रखर यथार्थ वैचारिकतायुक्त अनेकौं गेय पङ्क्तिहरू सशक्त अभिव्यक्तिका रूपमा रहेका छन् । कविले यस सङ्ग्रहमा सद्विचार, सत्मार्ग र सत्कार्यबाट कहिल्यै पनि विचलित हुनु हुँदैन । यसका लागि इतिहास, वीर, वीराङ्गानाहरूबाट सत्प्रेरणा लिनु पर्दछ र सधैं मानवता एवम् राष्ट्रोत्थानका लागि मरिमेट्नु पर्दछ । मानवीय शत्रुहरूसँग कहिल्यै पनि हार मान्नु हुँदैन भन्ने वैचारिक अवधारणा सशक्त रूपमा अभिव्यक्त गरेका छन् । जस्तै :

जतिसुकै अप्ठ्यारो आइलागे पनि
सत्यबाट कहिल्यै विचलित नहुनु,
मानवताका शत्रुहरूका अगाडि
घुँडा टेकेर कहिल्यै नरुनु ।
'छोरीलाई चिट्ठी' (पृ.९)

त्यस्तै कविले मानवीय जीवनका पाटाहरूमा आउने उकाली, ओराली, घुम्तीहरूमा जाइ लाग्ने शत्रुहरूलाई परास्त गरी जनता र देशमा शान्ति स्थापनाका गर्नका लागि प्रेम, घृणा, क्रोध, क्रुरता,

युद्ध पनि आवश्यक पर्दछ । परिस्थिति र आवश्यकता अनुसार प्रेम र घृणाको सही सदुपयोग गर्न सक्नु पर्दछ । शान्तिप्रेमी एवम् न्यायप्रेमीहरू सदा आत्मविश्वास र आत्मबलका साथ अघि बढ्नु पर्दछ । जतिसुकै संघर्ष गर्नु परे पनि अन्त्यमा सत्य र न्यायको नै अवश्य जित हुन्छ भन्ने जस्ता प्रेरणादायी विचारहरू सशक्त रूपमा अभिव्यक्त गरेका छन् । जस्तै :

सत्य ज्यादै बलवान हुन्छ र
असत्यका पहाडहरूलाई भत्काई दिन सक्छ
न्याय र स्तन्त्रताको हुरीले
अन्यायको कालो बादललाई उडाई दिन सक्छ ।
वर्तमानको अँध्यारोले
भविष्यको उज्यालोलाई छोप्न सक्तैन ।
वर्तमानको क्रुर असत्यले
सत्यको बाटोलाई रोक्न सक्तैन ।

'छोरीलाई चिट्ठी' (पृ.१०)

कवि न्यौपानेले यस सङ्ग्रहमा सबैजसो पुँजीपतिहरूप्रति आक्रोश मिश्रित विचार सशक्त रूपमा अभिव्यक्त गरेका छन् । शोषक पुँजीपतिहरू स्वार्थी, नाफाखोरी हुन्छन् । यिनीहरू आफ्नो स्वार्थ परिपूर्तिका लागि ईश्वरलाई समेत किन्न सक्छन् । यिनीहरू सधैं नै आफ्ना चाकरबाहेक अरू सबैको बर्बादी चाहन्छन् र यसैमा मनोरञ्जित हुने तत्त्व हुन् भन्ने विचार उनले यसरी अभिव्यक्त गरेका छन् :

उसलाई त नाफा चाहिएको छ
चाहे मरुन् मानिसहरू महामारीले
या लैजावस् बस्तीका बस्ती अनिकालले
गाउँका गाउँ खाली होऊन्
आफ्ना चाकरबाहेक सबै मरुन्
उस्को यही कामना छ
किनकि उसलाई धेरैधेरै नाफा चाहिएको छ ।

'पूँजीपति' (पृ.११)

त्यस्तै कुनै कवितामा कवि न्यौपाने गरिबहरूप्रति निकै चिन्तनशील देखिएका छन् भने कुनैमा पंक्षी एवम् प्रकृतिबाट सत्प्रेरणा लिएर सुन्दर, शान्त र समृद्ध समाज एवम् राष्ट्र निर्माणमा लाग्नु पर्ने बडो गम्भीर विचार कलात्मक तरिकाले अभिव्यक्त गरेका छन् । जस्तै :

हामी त मात्र कमाई दिने
कठोर परिश्रमले अरूको ढुकुटी भरिदिने
उफ् ! कस्तो छ यो जिन्दगी
आफ्नै निम्ति बाँचिदिनुको साटो
अरूकै निम्ति मरिदिने !
'गरीव' (पृ.१२)

बाबु, तिमी पनि गौंथली सरह
आफ्नै श्रममा बाँच्ने गर
राम्राराम्रा कुरा सिक
नयाँ अक्किल, बुद्धि सिक
ज्यान लगाऊ देशको लागि
बन्नेछैनौ कहिल्यै अभागी !
'गौंथली' (पृ.२२)

कविले कुनै कवितामा कुनै पनि राम्रा काम गर्न शुरु गर्नुभन्दा पहिल्यै अगाडि आईपर्ने राम्रा नराम्रा काम एवम् राम्रा नराम्रा मान्छेहरूलाई चिन्न आफू पोख्त हुनु पर्छ । बाहिरी आवरणबाटमात्र सबै व्यक्ति एवम् काम असल खराब भनी छुट्याउन सकिंदैन । कतिपय बाहिरबाट अति असल देखिएकाहरू पनि वास्तवमा ती एकदमै नालायक, स्वार्थी र षडयन्त्रकारी हुन सक्छन् भने कतिपय बाहिरबाट अति मूर्खजस्ता देखिए पनि उनीहरू असल र सोझा पनि हुन सक्छन् । यस्ता कुराहरूप्रति सदा अति नै सजग भएर अघि बढ्नु पर्छ भन्ने आफ्नो विचारलाई बडो व्यङ्ग्यात्मक शैलीमा अभिव्यक्त गरेका छन् । जस्तै :

यति भएर पनि मित्र, एउटा कुरो याद राख
तिमीले समातेको कुरो माछा नभएर
कालो सर्प पनि हुन सक्छ
अथवा कालो सर्प पनि नभएर
अन्धो वाममात्र पनि हुन सक्छ ।
'छानवीन' (पृ.३१)

यसरी कवि न्यौपानेले यस सङ्ग्रह 'छोरीलाई चिट्ठी' मार्फत भूत, वर्तमान र भविष्यका अनेक भावहरूलाई माधुर्य संयोजन गरी आफ्ना गहिरा एवम् प्रेरणादायी विचारहरू सशक्त रूपमा अभिव्यक्त गरेका छन् । यसका साथै यस सङ्ग्रहले उनलाई एक मानवतावादी, समाजवादी, राष्ट्रवादी, यथार्थवादी, क्रन्तिकारी एवम् प्रगतिशील विचारधाराले आतप्रोत भएका काव्यकारका रूपमा परिचित

गराएको छ । यो सङ्ग्रह सम्पूर्णका लागि जीवनमा सङ्घर्ष गर्नु पर्दछ भनी जागृत गराउने दीपको रूपमा उपस्थित भएको छ ।

### ४.६ 'नयाँ युगका नयाँ कविता' कविता सङ्ग्रह

कवि मुकुन्द न्यौपानेको प्रस्तुत 'नयाँ युगका नयाँ कविता' कविता सङ्ग्रहमा सङ्कलित कविताहरूमध्ये आधाभन्दा बढी त योभन्दा पहिलेका कृतिहरूमा प्रकाशित भइसकेका कविताहरू छन् । यीमध्ये पनि सबैजसो कविताहरूमा कवि राष्ट्रप्रति अति नै चिन्तनशील देखिएका छन् । यी कविताहरूमा विशेष गरी वि.सं. २०४६ पछि त देशमा राम्रै परिवर्तन होला अनि देश र जनताको काँचुली फेरिएला भन्ने सबैको सोचाइ थियो । त्यसपछि पनि त्यस्तो खासै परिवर्तन हुन नसकेको अवस्थाप्रति उनी निकै चिन्तित देखिएका छन् । तत्कालीन अवस्थामा देशको बिग्रदो परिस्थिति, कम्युनिष्टभित्रको बिग्रदो अवस्था, विकृति, विसङ्गति, देशमा झनझन गरिबी बढ्दै गएको, बहुदल आएपछि पनि देशमा कुनै सुपरिवर्तन हुन नसकेको अवस्था, ६/६ महिनामा सरकार ढाल्ने र बनाउने प्रवृत्ति इत्यादि जस्ता देशको दुरावस्थाहरूबाट कवि मन साह्रै उकुसमुकुस भएको छ । कवि मनमा यिनै उसिनपासिन विचारहरूको अभिव्यक्तिको पुञ्जको रूपमा यो सङ्ग्रह उपस्थित भएको छ । यस सङ्ग्रहका कुनै कवितामा उनले प्रकृतिलाई आधार बनाई देश र जनताप्रतिको उनको आशावादी र अनुरोधात्मक विचारहरूलाई बडो व्यङ्यात्मक तरिकाले अभिव्यक्त गरेका छन् । जस्तै :

यो सानो फूलबारी
त्यसभित्रको सानो बगैंचा
फुल्ने तरखरमा
छन् फूलहरू
खोजिरहेछन्
सिर्जनात्मक हातका
सहारा
नलम्काऊ तिम्रा
ध्वंसात्मक हातहरू
नगर कोपिला
तोड्ने भूलहरू ।

'राता फूलहरू' (पृ.१)

कुनै कवितामा उनले भौतिक रूपले गरिब भए तापनि मनको अति नै धनी, जति र जस्तो दुःखमा पनि रमाउन सक्ने श्रमजीवि व्यक्तित्वको महानता दर्शाएका छन् । हामी सबैले पनि तिनै व्यक्तित्व जस्तै नै गरी आशावादी एवम् श्रमजीविहरू भई बाँच्न सक्नु पर्दछ भन्ने विचार अभिव्यक्त गरेका छन् । कुनै कवितामा पुराना, थोत्रा ट्याम्पो एवम् यातायातका साधनले वतावरण प्रदूषित

भएको र यस्ता साधन उपत्यकाबाट विस्थापित भए पनि राजधानी बाहिर स्थापित भएको कुराप्रति उनले निकै दु:खी एवम् चिन्तायुक्त विचारहरू उल्लेख गरेका छन् । त्यसरी नै कुनै कवितामा बालश्रम शोषणका विरुद्धमा आवाज उठाउनेहरू, बाल अधिकारका कुरा गर्नेहरू, महिला मुक्तिका आवाज उठाउनेहरूमध्ये नै भित्रभित्रै कतिपय मैं हुँ भन्नेहरू, आफूलाई ठालु र निकै बुद्धिजीवि एवम् अधिकारकर्मी सम्झनेहरू नै बाल शोषण र महिला शोषणमा लिप्त छन् भन्ने कविको सशक्त विचार रहेको छ । यस्ता ढोंगीहरूको पर्दाफास उनले बडो राम्ररी गरेका छन् । उनले यस्ता बाल श्रम शोषण, बाल अधिकार र महिला मुक्तिका आवाजहरू सम्बन्धी आफ्ना सशक्त विचारहरू यसरी अभिव्यक्त गरेका छन् :

विचराको पढ्ने बेला यसै जाने भो
मालिकले उसको उमेर सित्तै खाने भो
तिनै फेरि बाल अधिकार मंच खोल्दछन्
मिठा मिठा कुरा लेख्छन् मिठै बोल्दछन् ।

'शहरिया ठालुहरू' (पृ.१८-१९)

मनले खोज्छ एउटा कुरा अर्कै मिल्दछ
आफन्त नै वैरी बन्दा मुटु चिल्दछ
मान्छे म हुँ मान्छे भई बाँच्न खोज्दछु
स्वतन्त्र भई अघि बढ्ने बाटो रोज्दछु
मनले सोच्छ जति कुरा पाउन सक्तैन
देख्छ आँखा तर पनि टेक्न सक्तैन ।

'महिला मुक्तिका आवाजहरू' (पृ.२५)

कविले यस सङ्ग्रहमा सङ्गीत 'किसान मार्च गान' कवितामा सम्पूर्ण नेपाली किसानले पनि अनेकतामा एकताको भावना गाँस्न सक्नु पर्दछ । आफ्नो साथमा जे छ त्यही जसरी सकिन्छ त्यसरी नै लिएर निडर र शानका साथ उठ्नु पर्छ । यसो गर्न सकेमा मात्र देशमा गरिबीको रेखा मेटाई समाज एवम् देश बनाउन सकिन्छ भन्ने विचार यसरी अभिव्यक्त गरेका छन् :

हँसिया कोदालो तिम्रो शान
देशले भन्छ उठ किसान !

पहाडी होस् या मधेशी
छैनौ कोही विदेशी

एकताको शान गर्दै
देशले भन्छ उठ किसान !
(पृ.२०-२१)

कुनै कवितामा राष्ट्रवादका नाममा कागका पछि दौडी राष्ट्रकै सम्पत्ति तोडफोड गरेका र जलाएका परिस्थिति र घटनाप्रति कवि निकै चिन्तित देखिएका छन् । उनले इतिहास र वीर पुर्खाको सत्कार्यबाट सत्प्रेरणा लिएर देश र जनताका लगि अघि बढ्नु पर्ने विचार अभिव्यक्त गरेका छन् । कतिपय कवितामा चाहिं पञ्चप्रतिको कटाक्ष विचारहरू बहुदलवादी हौं भन्दै देश बनाउने वचन लिएका तर एउटा सिन्को समेत भाँच्न नसकेका नेताहरूप्रति लक्षित गरेका छन् । यस्ता नेताहरू स्वार्थी एवम् लाछी हुन् भन्ने कविको विचार रहेको छ । देश र जनताको जिम्मा लिएकाहरू नै पैसा र सत्ताको नशामा चुर्लुम्म डुबेर बेहोसी भएको अवस्थाप्रति उनी निकै चिन्तित देखिएका छन् । नेताहरू जबसम्म सत्ता र पैसाको नशामा रहन्छन् तबसम्म देश बन्न सक्दैन । त्यसैले सबै नेताहरू यस्तो बेहासीको नशाबाट मुक्त हुन सक्नु पर्दछ अनि बल्ल देश र जनताको काँचुली फेरिनेछ भन्ने कविको सशक्त विचार रहेको छ । जस्तै :

एक हातमा राष्ट्रवादको प्लेकार्ड बोकेर
अर्को हातले आफ्नै साथीको छाती रोपेका छौं ।

हामीलाई कसको राष्ट्रवादले उचालिदिन्छ
कसको राष्ट्रवादले थेचारिदिन्छ
त्यो पनि हामीले थाहा पाउन छाडिसक्यौं
हामीहरू त यस्ता राष्ट्रवादीमा परिणत भइसक्यौं
राष्ट्रकै सम्पत्ति जलाउन र तोडफोड गर्नमा
हामीहरू अब धेरै सिपालु भइसक्यौं ।
'राष्ट्रवादको यो नमुना' (पृ.२२-२३)

असुरक्षा र भ्रष्टाचारको अन्त्य
सुशासन र न्यायिक शासनको स्थापना
मन्त्रीहरूको मनपरी आदेशको अन्त्य
यही कुरो सत्ताले प्रण गर्‍यो
यस्तै मिथ्या प्रतिज्ञाहरू चलिरहने छन्
यस्तै मिथ्या प्रतिज्ञाको चासनीभित्र
मान्छे सधैं सधैं लटपटिरहनेछन् ।
'मेरो देश' (पृ.३८-३९)

यस सङग्रहमा सङगृहीत धेरैजसो कविताहरूमा मार्क्सवादको चर्चा परिचर्चा एवम् प्रशंसा गरिएको छ । यसबाट उनी मार्क्सवादी विचारधाराका पनि कवि हुन् भन्ने देखिएको छ । यस सङग्रहमा एकाध रूपमा सङ्कलित कविका यात्रा संस्मरणात्मक कविताहरू पनि छन् । यीमध्ये ‘रचनेदेखि राइनसम्म’ कवितामा उनले आफ्नो जन्मस्थानदेखि जर्मनसम्म पुग्दासम्मका मनमा उत्पन्न विचारहरूलाई कवितात्मक रूप दिएका छन् । यसमा एकातिर उनी आफ्नो देशमा अशान्त एवम् बिग्रँदो वातावरणप्रति निकै चिन्तित भएको विचार देखिएको छ भने अर्कातिर आफ्नो घरको हाल यस्तै भए तापनि महान् पुरुष कार्ल मार्क्सको घर देख्न पाउँदा हृदयको एउटा कुनाले निकै गौरवान्वित महसुस गरेको कुरालाई यसरी उल्लेख गरेका छन् :

गौरवान्वित भएको छु म आज
महापुरुषको महान् भूमिमा टेक्न पाउँदा
आफ्नो घर भत्किएर गए पनि
कार्ल मार्क्सको जन्मघर देख्न पाउँदा ।
(पृ. ४८)

यसरी कविले यस सङग्रहमा सङगृहीत पछिल्ला समयमा रचित कविताहरूमा देशमा बहुदल आएपछि व्यक्ति, समाज एवम् राष्ट्रको परिस्थिति साथै अन्तर्राष्ट्रिय यात्राका क्रममा समेत आफ्ना मनमा उत्पन्न भएका भाव एवम् विचारहरूलाई समेटेका छन् । यी कविताहरू मानवतावादी, समाजवादी क्रान्तिकारी, प्रगतिशील एवम् यथार्थवादी वैचारिकयुक्त गुणहरूले ओतप्रोत छन् र कविको वैचारिक शक्ति एवम् क्षेत्रको सशक्त रूपमा पहिचान गराएका छन् ।

## ४.७ ‘घाइते देश’ कविता सङ्ग्रह

प्रस्तुत ‘घाइते देश’ कविता सङ्ग्रहमा कवि मुकुन्द न्यौपानेले विविध विषयवस्तुमा आधारित भई रचना गरेका कविताहरू सङ्कलित छन् । यस सङ्ग्रहका कविताहरूमा व्यक्ति, समाज एवम् राष्ट्रबारे कविले गरेका विचारहरू एवम् चिन्तनहरू बडो सशक्त रूपमा प्रष्फुटन भएका छन् । तत्कालीन समयमा राजनीतिक हिंसा र माओवादी युद्धको वितण्डाबाट देश प्रताडित भएको अवस्थाप्रति कवि निकै दुःखी एवम् चिन्तित देखिएका छन् । त्यसैले उनी स्वयंले भनेकै छन् - “यसमा सङ्कलित धेरैजसो कविताहरूमा यो सुन्दर एवम् रमणीय देश चोटैचोटले घाइते छ भन्ने कुरा कहीं न कहीं धेरैथोरै कुनै न कुनै रूपमा अभिव्यक्त भएकै छ ।” तत्कालीन समयम र परिस्थितिमा जनताका मनका व्यथा, पीडा, चोइटिएका बाटा, पुलहरू र जलेका घरहरूको क्रन्दनहरूले कवि हृदयमा अति नै गहिरा र संवेदनशील विचारहरू सशक्त रूपमा उत्पन्न गरिदिए । तिनै संवेदनशील एवम् गहिरा विचारहरूलाई उनले अत्यन्तै मार्मिक एवम् कुशलतापूर्वक काव्यात्मक रूप दिएका छन् । यस

सङ्ग्रहका कतिपय कविताहरूमा श्रमिकहरू नै राष्ट्र एवम् अन्तर्राष्ट्र हाँक्ने शक्ति हुन् । श्रमिकहरू नै श्रमजीवि, साहसी एवम् विकासका मुहान हुन् । पानीमुनिदेखि अन्तरिक्षसम्म नै श्रमिकहरूकै शक्ति, बुद्धि र विवेकका प्रतिफलहरू देखिएका छन् । यिनीहरूमा नै चट्टान फोरेर पानी बगाउने, रुख्खा सुख्खा माटोमा सुन फलाउने श्रम, शक्ति, बुद्धि र विवेक हुन्छ । बाधकका रूपमा खडा भएका स्वार्थी र षडयन्त्रकारीहरूले अब चाहिं यस्ता श्रमिकहरूलाई कुनै हालतमा पनि रोक्न सक्दैनन् भन्ने जस्ता आत्मविश्वास एवम् आत्मबल बढाउने किसिमका सशक्त विचारहरू कविले यसरी अभिव्यक्त गरेका छन् :

कहिले हामी राजमार्गमा गाडी गुडाउँछौं
मौका परे आकाशमा जेट उडाउँछौं ।

सक्तैन है रोक्न अब जालको माकुरीले
संसारको निर्माण गर्छ हाम्रै पाखुरीले
'श्रमिक गीत' (पृ.१)

कुनै कवितामा कविले तत्कालीन समयमा युद्धले ग्रस्त यस देशमा पिउने पानी समेत नभएको र मानवका रगत समेत अति नै सस्तो भएको कारुणिक विचार अभिव्यक्त गरेका छन् । यसका साथै बन्दुक र गोलीले कहिल्यै पनि देश र जनताले मुक्ति पाउन नसक्ने विचार राखेका छन् भने कुनै कवितामा गाउँगाउँबाट युवाशक्ति विलीन भएर गाउँबस्ती नै विरक्तिएका कथाव्यथाहरूबाट उत्पन्न उनका मनका निकै संवेदनशील विचारहरू देखिएका छन् । यी कारुणिक एवम् संवेदनशील विचारहरू उस्तै मार्मिक पारामा काव्यात्मक रूपले यसरी प्रष्फुटन भएका छन् :

आज मेरो देश कठै घाइते भएछ
पिउने पानी छैन रगत सस्तो भएछ ।

हुन्न मुक्ति नेपालीले नेपालीलाई मारी
लाखौंलाख छोराछोरी अलपत्र पारी ।
'देश घाइते भएछ' (पृ.३)

थाहा छैन गाउँका छोरा गए आज कता
पोखिरैछन् बूढी आमै तिर्सनाका व्यथा ।
'आफ्नै माटो माग्छ' (पृ.४)

यस सङ्ग्रहमा सङ्कलित कतिपय कविताहरूमा सबै मानिसहरू सधैं मिलेर बस्नु पर्छ । देश र जनताका लागि डटेर लड्छौं भन्नेहरू त झन् अझ बढी एकतामा सधैं बाँधिन सक्नु पर्छ । एकले अर्कालाई सुन्न र सुनाउन सक्नु पर्छ । कहिल्यै पनि खुट्टा तानातानमा लाग्नु हुँदैन । मानिस मरेपछि उसको गुणगान गाउने र सम्मान गर्ने गरेर केही फइदा हुँदैन । कसैको विचार, सिद्धान्त एवम् कार्यशैली राम्रो छ भने ऊ जिउँदै हुँदा नै त्यसको कदर गर्न सक्नु पर्दछ । यसो गरी एकार्कामा मिलेर अघि बढ्न सकेमात्र जीवनमा केही राम्रो गर्न सकिन्छ र देश एवम् जनताका लागि पनि केही मात्रामा भए पनि हित हुन्छ । एकापसमा मिल्यौं भने मात्र सबैमा मित्रताको भावना हुन्छ । एकतामा नै बल हुने भएकाले यस्तो अवस्थामा कुनै शत्रुले पनि छुन सक्दैन । यदि एकार्कामा द्वेषको भाव राख्यौं भने शत्रुताको भावना बढ्दै गएर फुट आउँछ अनि सबैलाई बेफाइदाभन्दा अरू केही हुँदैन । त्यसैले सधैं मिलेर अघि बढ्नु पर्दछ भन्ने आफ्ना विचारहरूलाई कविले यसरी अभिव्यक्त गरेका छन् :

बाँचुञ्जेल निन्दा गर्छौं मरेपछि फूल
चढाएर छोप्न खोज्छौ आफ्ना सबै भूल ।

एकताको सन्देश छर्दा देशै अर्को हुन्थ्यो
आज कहाँ नेपालीलाई सङ्कट कालले छुन्थ्यो ।

'मरेपछि फूल' (पृ.६)

मिल्यो भने मीत हुन्छ झगडाले शत्रु
सग्लो भए भाँडो हुन्छ फुट्यो भने पत्रु
जातजातमै द्वेष राखी आपसमा लड्दा
हेर्दैन है कसैले नि आपतविपद् पर्दा ।

'देश चाहिन्छ' (पृ.७)

यस सङ्ग्रहका सबै कविताहरू पढिसकेपछि नेपाली समाजमा विद्यमान धनी, गरिब, छुवाछुत, नारी, पुरुष, शोषक, शोषित, मालिक, नोकर, श्रमिक, पुँजीपति, किसान, व्यापारी, सम्पन्न, विपन्न, गाउँले, सहरिया, नेता, जनता, गुरु, शिष्य, उच्च वर्ग, निम्न वर्ग इत्यादि जस्ता विविध किसिमका भेदभाव एवम् वर्ग विभाजनप्रति कविको कडा विमति रहेको कुरा प्रष्ट भएको छ । यस्ता पक्षको उनले कडा आलोचना गरेका छन् । समाज एवम् राष्ट्रमा निकै जटिल एवम् अति नै संवेदनशील परिस्थितिको सिर्जना गरी समस्याग्रस्त बनाउने कारक तत्व नै यस्तै विभेद र वर्ग विभाजन नै हुन् भन्ने कविको विचार रहेको छ । कवि न्यौपानेले हत्या, हिंसा, युद्धले ग्रस्त यो देशको अशान्त, बिग्रँदो, भयावह अवस्थाप्रति निकै चिन्तन गर्दै लेखेका कतिपय कविताहरूमार्फत सम्पूर्ण नेपालीलाई क्रोध र ईर्ष्या फालेर देशमा प्रेम र विवेकको फूल फुलाउनका लागि अनुरोध समेत गरेका छन् । यसका साथै अझै पनि सबै नेपालीहरू निःस्वार्थ भावले तनमनधन लगाएर जुटेमा यो देश स्वस्थ हुन्छ भन्ने

किसिमका निकै आशावादी विचारहरू बडो मार्मिक एवम् प्रेरणादायी तरिकाले अभिव्यक्त गरेका छन् । जस्तै :

प्रेम र विवेकको फूलबारीभित्र
तिम्रा मेहेनतका पसिना चम्कनुपर्छ ।
र सधैं सधैं तिम्रा बगैंचामा

बास्नादार र सुन्दर
फूलहरू फुल्नुपर्छ ।
'साथीलाई सन्देश' (पृ.४२)

नयाँ घर बन्ला कि भनी
धेरैले आशा गरेका छन्
पुरानो घर भत्काउन
हातमा हात मिलाएर
जुटेका छन् ।

घर बन्न सक्छ अझै पनि
तर सबै हात जुट्नुपर्छ
ठूलो एकताको शक्ति लिएर
अरिंगाल झैं जुट्नुपर्छ ।
'घर बन्न सक्छ अझै पनि' (पृ.५८-५९)

यस सङ्ग्रहका कतिपय कविताहरूमा विश्वलाई नै शान्तिको पाठ पढाउन सफल, विश्वमै शान्तिको प्रतीकको रूपमा चिनिएको यो देश नेपालको साख सधैं जोगाई राख्न सक्नु पर्छ । यसका लागि सधैं नै सम्पूर्ण राजनीतिज्ञहरू समयमै सचेत बन्नुपर्छ । देश र जनताको मर्मलाई समयमै बुझेर सचेत बनी निःस्वार्थ भावले शान्तिको बाटो अपनाउन सक्नु पर्दछ । यसो गर्न सकेमात्र यो देश पूर्ण स्वस्थ हुन्छ, नत्र भने यो देश र जनताले कहिल्यै मुक्ति पाउँदैनन् अनि टाउकामा हात राखेर पश्चाताप गर्नु सिवाय केही बाँकी रहँदैन भन्ने जस्ता बडो संवेदनशील एवम् गम्भीर विचारहरू कविले सशक्त रूपमा अभिव्यक्त गरेका छन् । यो सङ्ग्रह वास्तवमै कविले भनेझैं नै जनताका पीडा, चोइटिएका पुल, बाटा र जलेका घरहरूका क्रन्दनहरूको सँगालो हो; प्रकाशकले भनेझैं नै कुरीति र कुरूपताको आलोचना हो एवम् आँसु र अतृप्तिहरूको पुञ्ज हो । यो गरिब नेपालीका आशा र अकांक्षाका साथमा देशको उन्नतिको प्रवल चिन्तनमा पाएको सही दिशाको लयात्मक वेगको प्रतीक

हो । कविले यस सङग्रह मार्फत देशभक्तिको भावना, देशको तत्कालीन परिस्थिति, देशमुक्तिको चिन्तन, शान्तिको उच्च चाहना, सामाजिक भेदभाव, नारी समस्या, मानवता एवम् प्रकृति इत्यादि जस्ता विषयहरूका अनेक भावहरूलाई आफ्ना गहिरा एवम् संवेदनशील विचारहरूद्वारा माधुर्य संयोजन गरी सशक्त रूपमा अभिव्यक्त गरेका  छन् ।

यसरी यस 'घाइते देश' कविता सङ्ग्रहमा कविले मानवतावादी, नारीवादी, समाजवादी, राष्ट्रवादी, साम्यवादी, यथार्थवादी, चिन्तनशील, अग्रगामी एवम् प्रगतिशील वैचारिक धारणाहरू सशक्त रूपमा अभिव्यक्त गरेका छन् । यसका साथै निःस्वार्थ भावले एकतामा जुटी यो घाइते देशको गहिरो घाउमा मलमपट्टी लगाई स्वस्थ पार्न सबैलाई अनुरोध पनि गरेका छन् । सम्पूर्ण नेपालीले ईर्ष्या, क्रोध एवम् व्यक्तिगत स्वार्थ त्यागेर मानवता र राष्ट्रवादलाई शिरोधार्य गरी अघि बढेमा स्वच्छ, समृद्ध, शान्तपूर्ण एवम् रमणीय समाज र राष्ट्रको निर्माण पक्कै हुन्छ भन्ने सशक्त विचारहरू अभिव्यक्त गरेका छन् । यी विचारहरू यस सङ्ग्रहमा जुन किसिमले अभिव्यक्त भएका छन् ती पक्षहरू अति नै सबल देखिएका छन् । यसरी यस सङ्ग्रहले कविलाई एक सच्चा देशभक्त, चिन्तक, मानवतावादी, नारीवादी, समाजवादी, साम्यवादी, यथार्थवादी, अग्रगामी एवम् प्रगतिशील काव्यकारका रूपमा परिचित गराएको छ र उनको काव्यकारितामा निहित वैचारिक पक्षको उच्च मूल्याङ्कनका साथ वास्तविक परिचय सशक्त रूपमा दिएको छ ।

### ४.८ 'लिला स्मृति काव्य' खण्डकाव्य

कवि मुकुन्द न्यौपानेले प्रस्तुत 'लिला स्मृति काव्य' खण्डकाव्य आफ्नै पिता स्व. लीलानाथ न्यौपानेको मृत्युपश्चात निकै विव्हल भई उनैको स्मृतिमा लेखेका हुन् । कविले यस  खण्डकाव्यको मूल विषयवस्तु स्व. लीलानाथको बाल्यावस्थादेखि मृत्युपर्यन्तसम्मका आरोह अवरोह र मृत्युपश्चात गरिने अन्त्येष्टि, काजक्रिया, पिण्डपानी, कर्मकाण्ड इत्यादिका साथै यिनै संस्कारप्रतिको उनी स्वयंको परिष्कृत र भौतिकवादी व्यवहार सोचविचार एवम् चिन्तनहरूलाई बनाएका छन् । कविकै शब्दमा भन्दा "यो खण्डकाव्य बदलिरहेको समाजको एउटा आवाज र थोत्रो संस्कारका लागि एउटा चुनौती पनि हो ।" विज्ञान र प्रविधिले डोऱ्याइरहेको यस परिवर्तनशील समय र युगको माग अनुसार हामी पनि अघि बढ्न सक्नु पर्दछ भन्ने विचार कविको रहेको छ । यदि युगको आव्हानलाई पक्रन र समयको भाषालाई बुझ्न सकेनौं भने हामी र हाम्रो समाजको कहिल्यै विकास हुनै सक्दैन भन्ने विचारलाई कविले यस खण्डकाव्यमा यसरी अभिव्यक्त गरेका छन् :

अहिलेको दुनिया कहाँ पुगिसक्यो मान्छे बदल्दै गयो
सानो बालकको सजेर कपडा ज्यादै नमिल्ने भयो ।

(पृ.२९)

कवि न्यौपानेको यस खण्डकाव्यका अनुसार पूर्वजुनी, परलोक, भाग्यवाद इत्यादि जस्ता कुरामा उनको विश्वास घट्दै गएर उनी भौतिकवादी दर्शनबाट निकै नै राम्ररी प्रभावित छन् भन्ने प्रष्ट भएको छ । आफ्ना पिताको मृत्युपश्चात छोराले गर्नु पर्ने तत्सम्बन्धी अन्त्येष्टि, कपाल खौरने, सेता वस्त्र धारण गर्ने, काजक्रिया, पीण्डपानी, दान इत्यादि जस्ता कर्मकाण्डप्रति उनको विरोधी विचार रहेको छ । यस्ता संस्कारहरूको अन्धानुकरण गर्नु भनेको आफूले आफैंलाई धैरै नै पछाडि धकेल्नु हो भन्ने उनको सोच छ । उनीहरू बाँचुञ्जेल नै जति सक्दो सेवा आदर गर्न सक्नु पर्दछ ; कहिल्यै पनि कर्तव्य विमुख हुनु हुँदैन । यस्ता अन्धविश्वासमा लागेर यस्ता थोत्रा संस्कार गरेपछि पितृ तर्दछन्, पितृऋण तिरिन्छ भन्ने भ्रममा कदाचित पर्नु हुँदैन । यस्ता रूढिप्रति प्रेरित गराउने त कच्चा पण्डित एवम् स्वर्थान्धी र लोभी हुन् । यस्ता ढोंगी एवम् दुराचारी संस्कारमा लाग्नु भनेको आफूबाट आफैं हेपिनु, ठगिनु एवम् लुटिनु हो भन्ने आफ्ना विचारहरू एवम् यिनै कुराहरू आफ्ना पिता लीलाले पनि राम्ररी बुझेका थिए कुरालाई उनले यसरी अभिव्यक्त गरेका छन् :

जान्ने कत्ति नभै यसो गर भनी स्वार्थान्ध लोभी बनी
कच्चा स्वाङ रचेर नित्य यसमा सोझाहरू हेपिने

बुझ्थ्यौ यो त तिमी नि जीवित छँदा के सत्य के झूट हो
सोझा मानिस निम्ति धूर्त ठगले गर्ने ठुलो लुट हो ।
(पृ.२९)

यस्ता जाल बुनेर सोझाहरूलाई हेप्ने प्रवृत्ति भएकाहरूलाई दण्डित गर्नु पर्छ भन्दै यसरी उनले युगको माग अनुसार नयाँ सोचाइ एवम् व्यवहारद्वारा सद्भावनाका साथ स्वच्छ संस्कारको विकास गर्नु पर्छ भन्ने नयाँ, परिष्कृत एवम् भौतिकवादी विचार सशक्त रूपमा अभिव्यक्त गरेका छन् । मानव जुनी भनेकै समय र युग अनुसार राम्रा, स्वच्छ, परिष्कृत विचारहरू एवम् संस्कारका साथ अघि बढ्ने अवसर हो । त्यसैले सधैं नै सद्विचारका साथ सत्मार्गमा रही सत्कार्य गर्न सक्नु नै मानवीय जीवनको सार्थक जीत हो । माया, प्रेम, स्नेह, सद्भावना एवम् श्रद्धा नै अमर रहन्छन् । यी बाहेक अन्य भनेका त बाँचुञ्जेल मात्र भोग्ने कुराहरू हुन् । त्यसैले सदा सत्पथमा रही यस्ता परम्परागत रूढिले जेलिएका अनावश्यक कुराहरूमा समाजिक परिवर्तन र सुधार गर्नै पर्छ भन्ने नयाँ, भौतिकवादी, क्रान्तिकारी एवम् प्रगतिशील विचारहरू कवि न्यौपानेले सशक्त रूपमा अघि सारेका छन् ।

यस्ता विचारधाराहरूबाट ओतप्रोत काव्यकार न्यौपानेले उनै पिताको सम्झनामा उनैको बाल्यावस्थादेखि मृत्युपर्यन्तसम्मकै सम्पूर्ण किसिमका आरोह अवरोहहरूको स्मृति गर्दै यो 'लिला स्मृति काव्य' खण्डकाव्यको रचना गरी श्राद्ध स्वरूप पिताप्रति यसरी श्रद्धा सुमन समर्पण गरेका छन् :

भै श्रद्धा ममता चढाउँछु पिता यही शब्द पुष्पाञ्जलि
अर्पे यो मनबाट सादर सफा स्वीकार श्रद्धाञ्जलि ।
(पृ.३०)

यसै खण्डकाव्य मार्फत न्यौपानेले देशका सच्चा पण्डितहरू जो ज्ञानका पारखी छन् तिनीहरू सबैलाई बदलिंदो दुनियाँको मर्मलाई समयमै राम्ररी बुझिदिन र मानव जीवनलाई सरल रेखातिर अघि बढाउन सहयोग गर्नु पर्छ भन्ने भौतिकवादी एवम् युगवादी सशक्त विचारहरू पनि अघि सारेका छन् ।

यसरी काव्यकार न्यौपानेले यस खण्डकाव्यमा आफ्नै पिताको बाल्यावस्थादेखि मृत्युपर्यन्तसम्मकै सम्पूर्ण किसिमका आरोह अवरोहहरूको र मृत्युपश्चातका अन्त्येष्टि, काजक्रिया, पिण्डपानी इत्यादि जस्ता विषयहरूका अनेक भावहरूलाई आफ्ना परिष्कृत विचारहरूले माधुर्य संयोजन गरी सशक्त अभिव्यक्ति दिएका छन् । उनी पिताको देहवसानको अन्तर्पीडालाई मार्मिक एवम् सटिक तरिकाले प्रस्तुत गर्न सफल देखिएका छन् । साँच्चीकै यो काव्यले पिताको वास्तविक सम्मान गर्दै हाम्रो समाजमा विद्यमान जीवन, मृत्यु र अन्तेष्टि सम्बन्धी कर्मजस्ता परम्परागत धार्मिक रूढिले अनावश्यक रूपमा ज्यादै जेलिएका, रुमलिएका कुराहरूमा सामाजिक परिवर्तन र सुधार गर्नु पर्ने विषयमा केही नयाँ चेतना दिएको छ । यसरी काव्यकार न्यौपानेको यो खण्डकाव्यको विषयगत गहिराइ एवम् वैचारिक पक्ष निकै सबल एवम् सराहनीय देखिएको छ ।

# पाँचौं परिच्छेद

# सारांश र निष्कर्ष

## ५.१ सारांश

कवि मुकुन्द न्यौपानेको जन्म वि.सं. २००७ जेठ २२ गते पूर्वाञ्चलमा पर्ने कोसी अञ्चल अन्तर्गत भोजपुर गोगने (रचने)को सामान्य किसान परिवारमा लीलानाथ न्यौपाने र विष्णुमाया न्यौपानेका साहिंला पुत्रका रूपमा भएको हो । रूढिवादी संस्कारयुक्त ब्राह्मणीय वातावरणमा हुर्किएका कवि मुकुन्द न्यौपाने बहु आयामिक एवम् बहु प्रतिभाशाली व्यक्तित्वका रूपमा स्थापित छन् । आर्थिक विपन्नताका कारण औपचारिक शिक्षा प्रथमासम्म मात्र सीमित रहे तापनि स्वाध्ययनबाट आफ्नो ज्ञान एवम्  प्रतिभाको भण्डारलाई अझ उच्च बनाउँदै आएका न्यौपाने स्रष्टा, द्रष्टा र नेताका समष्टि हुन् । जन्मस्थल भोजपुर भए तापनि कर्मस्थल काठमाडौं बनाउँदै आएका न्यौपाने साहित्यका विविध विधामा कलम कुँदाउन सिद्धहस्त कवि हुन् । त्यसैले उनले साहित्यका विविध विधामा कलम चलाएर महत्वपूर्ण योगदान दिएका छन् । न्यौपानेका कव्यकृतिहरू मानवतावादी, समाजवादी क्रान्तिकारी, प्रगतिशील एवम् यथार्थवादी वैचारिकयुक्त गुणहरूले ओतप्रोत छन् र ती कृतिहरूले कवि न्यौपानेको वैचारिक कविताका क्षेत्रमा सशक्त पहिचान गराएका छन् । प्रस्तुत शोधपत्र उनै 'मुकुन्द न्यौपानेको काव्यकारिता' शीर्षकमा तयार गरिएको छ ।

'मुकुन्द न्यौपानेको काव्यकारिता' शीर्षक रहेको यस शोधपत्रको पहिलो परिच्छेदमा शोधपत्र तयारीका लागि प्रस्तुत गरिएको शोध प्रस्तावलाई 'शोध परिचय' शीर्षकमा आवश्यकता अनुसार केही परिमार्जन गरी प्रस्तुत गरिएको छ । यस शीर्षक अन्तर्गत 'विषय परिचय', 'समस्याकथन', 'उद्देश्य', 'औचित्य', 'सीमा', 'पूवकार्यको', 'समीक्षा/अध्ययन', शोध विधि (यस 'अन्तर्गत सामग्री सङ्कलन विधि' र 'सामग्री सङ्कलनको सैद्धान्तिक आधार' र ढाँचा उपशीर्षकका पनि उपशीर्षक), 'शोधपत्रको रूपरेखा' जस्ता उपशीर्षकहरू रहेका छन् । यस शोधपत्रको दोस्रो परिच्छेदमा 'मुकुन्द न्यौपानेको काव्ययात्रा र चरण विभाजन' बारेमा उल्लेख गरिएको छ । यस परिच्छेदमा 'मुकुन्द न्यौपानेको संक्षिप्त जीवनी' र 'मुकुन्द न्यौपानेको काव्ययात्रा' जस्ता उप शीर्षकहरू रहेका छन् । त्यस्तै मुकुन्द न्यौपानेको काव्ययात्रालाई विभाजन गर्ने क्रममा यस उप शीर्षकलाई पनि 'पहिलो चरण', 'दोस्रो चरण', 'तेस्रो चरण', 'चौथो चरण' र 'निष्कर्ष' जस्ता उप शीर्षकमा विभाजन गरिएको छ ।

बहु आयामिक साहित्यकारका रूपमा स्थापित न्यौपानेको साहित्य लेखनको प्रेरणा भोजपुरको प्राकृतिक वातावरण, उनको बाल्यावस्थामा विभिन्न  साहित्यिक गोष्ठीमा रहेको सहभागिता र प्राप्त पुरस्कारहरू एवम् देशका तत्कालीन परिस्थितिहरू देखिएका छन् । न्यौपाने साहित्य, राजनीति र किसान आन्दोलनका त्रिवेणीका रूपमा सक्रिय साहित्यकार हुन् । वि.सं. २०१९ मै 'ए पथिक' र 'ए

दुष्ट मान्छे' जस्ता कविताहरू रचना गरी औपचारिक कार्यक्रममा सार्वजनिक रूपमै सुनाएर क्रमशः द्वितीय र प्रथम भएका न्यौपानेका हालसम्म साहित्यिक र साहित्येतर गरी १९ वटा कृतिहरू प्रकाशन भइसकेका छन् भने अन्य केही कृतिहरू प्रकाशनको तयारीमा छन् । कवि न्यौपाने विशेष गरी तल्लो तप्का र तहका जनता, शोषित, उत्पीडित, किसान, मजदुर एवम्  श्रमिकहरू, राजनीतिक विसङ्गति, राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय विविध परिवेशका विविध पक्षहरू, प्रकृतिका अनेक पाटाहरू इत्यादिलाई काव्यात्मक अभिव्यक्ति दिन सफल देखिएका छन् । बाल्यावस्थादेखि नै काव्यिक फाँटमा लेखनी कुँदाएका न्यौपानेको काव्ययात्रालाई बाल्यावस्थामै रचित एवम् औपचारिक रूपमा पुरस्कृत भएको फुटकर कवितालाई समेत समावेश गरी शैलीगत, विषयगत, राजनीतिक र वैचारिक पक्षलाई आधार मानी प्रथम (आभ्यासकालीन/वि.सं. २०१९-२०२५),  दोस्रो (वि.सं. २०२६-२०४६), तेस्रो (वि.सं. २०४७ - २०५६) र चौथो (वि.सं. २०५७ - हालसम्म)  गरी चार चरणमा विभाजन गरिएको छ ।

बहु आयामिक साहित्यकारका रूपमा स्थापित न्यौपानेको साहित्य लेखनको प्रेरणा भोजपुरको प्राकृतिक वातावरण, उनको बाल्यावस्थामा विभिन्न  साहित्यिक गोष्ठीमा रहेको सहभागिता र प्राप्त पुरस्कारहरू एवम् देशको तत्कालीन परिस्थितिहरू देखिएका छन् । न्यौपाने साहित्य, राजनीति र किसान आन्दोलनका त्रिवेणीका रूपमा सक्रिय साहित्यकार हुन् । वि.सं. २०१९ मै 'ए पथिक' र 'ए दुष्ट मान्छे' जस्ता कविताहरू रचना गरी औपचारिक कार्यक्रममा सार्वजनिक रूपमै सुनाएर क्रमशः द्वितीय र प्रथम भएका न्यौपानेका हालसम्म साहित्यिक र साहित्येतर गरी १९ वटा कृतिहरू प्रकाशन भइसकेका छन् भने अन्य केही कृतिहरू प्रकाशनको तयारीमा छन् । कवि विशेष गरी तल्लो तप्का र तहका जनता, शोषित, उत्पीडित, किसान, मजदुर एवम्  श्रमिकहरू, राजनीतिक विसङ्गति, राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय विविध परिवेशका विविध पक्षहरू, प्रकृतिका अनेक पाटाहरू इत्यादिलाई काव्यात्मक अभिव्यक्ति दिन सफल देखिएका छन् । बाल्यावस्थादेखि नै काव्यिक फाँटमा लेखनी कुँदाएका न्यौपानेको काव्ययात्रालाई बाल्यावस्थामै रचित एवम् औपचारिक रूपमा पुरस्कृत भएको फुटकर कवितालाई समेत समावेस गरी शैलीगत, विषयगत, राजनीतिक, वैचारिक जस्ता पक्षलाई आधार मानी प्रथम (आभ्यासकालीन/वि.सं. २०१९-२०२५),  दोस्रो (वि.सं. २०२६-२०४६), तेस्रो (वि.सं. २०४७ - २०५६) र चौथो (वि.सं. २०५७ - हालसम्म)  गरी चार चरणमा विभाज गर्न सकिन्छ ।

'कविता तत्त्वका आधारमा मुकुन्द न्यौपानेका काव्यकृतिहरूको विश्लेषण' शीर्षक रहेको तेस्रो परिच्छेदमा 'पृष्ठभूमि' र 'विश्लेषण' उपशीर्षकहरू प्रस्तुत गरिएको छ । यस शोधकार्यमा यस परिच्छेदको शीर्षक सम्बन्धी अध्ययनलाई पूर्णता दिने क्रममा 'विश्लेषण', उपशीर्षकलाई ''उथल पुथल भित्रका अनुभूतिहरू' कविता सङ्ग्रह', ''लोक विनोद' खण्डकाव्य', ''पीडित आत्माका धुनहरू' गीति सङ्ग्रह', ''छोरीलाई चिठ्ठी' कविता सङ्ग्रह', ''नयाँ युगका नयाँ कविता' कविता सङ्ग्रह', ''घाइते देश' कविता सङ्ग्रह', र ''लिला स्मृति काव्य' खण्डकाव्य' जस्ता उपशीर्षकहरूमा विभक्त गरिएको छ । यी कृतिहरूलाई काव्य तत्त्वका आधारमा विश्लेषण गर्नका लागि यी उपशीर्षकहरूलाई पनि आवश्यकता अनुसार 'सामान्य परिचय', 'शीर्षकीकरण', 'संरचना', 'विषयवस्तु', 'लय विधान', 'कथन पद्धति',

'बिम्बालङ्कार र प्रतीक विधान', 'भाषाशैली', 'कथावस्तु', 'पात्र विधान', 'परिवेश विधान', 'केन्द्रीय कथ्य एवम् भाव', र 'निष्कर्ष' जस्ता उपशीर्षकहरूमा विभक्त गरी विश्लेषण गरिएको छ । त्यस्तै, 'मुकुन्द न्यौपानेका काव्य कृतिहरूको वैचारिक पक्षको विश्लेषण' शीर्षक रहेको यस शोधपत्रको चौथो परिच्छेदमा 'सामान्य परिचय', ''उथल पुथल भित्रका अनुभूतिहरू' कविता सङ्ग्रह', ''लोक विनोद' खण्डकाव्य', ''पीडित आत्माका धुनहरू' गीति सङ्ग्रह', ''छोरीलाई चिठ्ठी' कविता सङ्ग्रह', ''नयाँ युगका नयाँ कविता' कविता सङ्ग्रह', ''घाइते देश' कविता सङ्ग्रह', र ''लिला स्मृति काव्य' खण्डकाव्य' जस्ता उप शीर्षकहरू रहेका छन् । यस परिच्छेदमा कवि न्यौपानेका उल्लिखित कृतिहरूको वैचारिक पक्षको विश्लेषण गरिएको छ ।

कवि न्यौपानेका प्रथम चरणका 'ए पथिक', 'ए दुष्ट मान्छे' 'युवाहरूलाई आव्हान', 'म भियतनाम जाँदै छु' इत्यादि जस्ता कविताहरूमा नै धनी र गरिब बिचको ठुलो खाडल; दुष्ट, शोषक, सामन्तीहरूप्रतिको आक्रोश; तत्कालीन राजनीतिक विसङ्गति जस्ता विषयवस्तुहरू समेटिएका छन् । यसरी कविका आभ्यासकालीन चरणका कविताहरूमा नै क्रान्तिकारी एवम् प्रगतिशील भावहरू समेटिएको प्रस्ट भएको छ । 'उथल पुथल भित्रका अनुभूतिहरू' कविता सङ्ग्रहमा कविले तत्कालीन समयमा जनताको स्वतन्त्रता र मुक्तिको महाअभियानमा आफैं सङ्घर्षको मैदानमा उत्रिएर प्राप्त गरेका अनुभूतिहरू अभिव्यक्त गरेका छन् । कवि स्वयंको देश र जनताप्रतिको राष्ट्रवादी, मानवतावादी, नारीवादी, यथार्थवादी, क्रान्तिकारी एवम् प्रगतिशील विचारहरू अभिव्यक्त भएको यो सङ्ग्रह मार्क्सवादी, लेनिनवादी विचार र सिद्धान्तबाट प्रभावित देखिएको छ । त्यस्तै, गीति लयमा रचित 'पीडित आत्माका धुनहरू' गीति कविता सङ्ग्रहका गीति कविताहरूले विशेष गरी फुटपाथे पसलहरू, ढाक्रेहरू, कार्खानाका श्रमिकहरू, दीन दुःखीहरू, किसान, मजदुर, सिकर्मी, तत्कालीन समयमा काठमाडौंमा परेको विदेशी हिप्पीहरूको कुप्रभाव, दुर्गन्धित विष्णुमतिको व्यथा, खाने पानीको समस्या, लुटपाट, भ्रष्टाचार, कालो बजारी, चेलीबेटी बेचबिखन, सुन तस्करी इत्यादि जस्ता देश र सर्वसाधरण जनताका जीवन र जल्दाबल्दा समस्याहरूलाई प्रतिबिम्बित गरेका छन् । यस गीति सङ्ग्रहले मानवतावादी एवम् देशभक्त सबैलाई संघर्ष गरी देश र जनताको उत्थानमा लाग्नका लागि आव्हान गरेको छ ।

आर्थिक, सामाजिक, मानवीय, प्राकृतिक, ऐतिहासिक, राजनीतिक, राष्ट्रिय इत्यादि जस्ता विषयवस्तुहरूमा आधारित 'छोरीलाई चिठ्ठी' सङ्ग्रहले यिनै विविध क्षेत्रका उत्साह, उमङ्ग, अन्याय, अत्याचार, विकृति, विसङ्गति, राष्ट्रियता, मानवता, आशा, निराशा, प्रेम, घृणा, विरह, कुण्ठा, सत्प्रेरणा, सङ्घर्ष इत्यादि जस्ता पक्षहरूलाई सशक्त रूपमा अभिव्यक्त गरेका छन् । यस सङ्ग्रहका कतिपय कविताहरूमा स्वच्छ, समृद्ध एवम् शान्तपूर्ण समाज र राष्ट्र स्थापनाका क्रममा मानवीय जीवनका पाटाहरूमा आउने उकाली, ओराली, भञ्ज्याङ, चौतारी अनि घुम्तीहरूमा आइ लाग्ने शत्रुहरूलाई परास्त गर्न प्रेम, घृणा, क्रोध, क्रुरता र युद्ध पनि आवश्यक पर्दछ । मानवीय शत्रुका अगाडि कहिल्यै घुँडा टेक्नु हुँदैन; सधैं सत्य नै बलियो हुन्छ । त्यसैले परिस्थिति र आवश्यकता अनुसार प्रेम र घृणाको सही सदुपयोग गर्न सक्नु पर्दछ । असत्य र अन्यायको कालो बादललाई

हटाएर सत्य, न्याय र स्वतन्त्रताको स्थापना गर्न, मानवता एवम् राष्ट्र उत्थानका लागि सदा इतिहास, वीर, वीराङ्गना, प्रकृति इत्यादिबाट सत्प्रेरणा लिएर मरिमेट्नु पर्दछ भन्ने भावहरू अभिव्यक्त भएका छन् । मार्क्सवादी एवम् लेनिनवादी विचारधाराबाट प्रभावित यो सङ्ग्रह मानवतावादी, समाजवादी क्रान्तिकारी, प्रगतिशील एवम् यथार्थवादी वैचारिकयुक्त गुणहरूले ओतप्रोत छ र कविको वैचारिक शक्ति एवम् क्षेत्रको सशक्त रूपमा परिचय दिन सफल देखिएको छ ।

'नयाँ युगका नयाँ कविता' कविता सङ्ग्रहमा वि.सं. २०४६ पछि देशमा प्रजातन्त्रको पुनर्स्थापना भएको र देश र जनतामा नयाँ आशा, उमङ्ग, जोश, जाँगर एवम् आत्मविश्वासका कीरणहरू भर्खर भर्खर छरिन लागेको त्यो अवस्थालाई कविले 'नयाँ युग' को संज्ञा दिएका छन् । त्यसै गरी उक्त अवस्था र घटनाबाट आफ्ना मनमा उत्पन्न भावहरूलाई समेटी लेखिएका नयाँ आवाजरूपि कवितात्मक कथनलाई 'नयाँ कविता' भनेका छन् । देशमा सुपरिवर्तन हुँदै गरेको तत्कालीन अवस्थामा कुनै किसिमको बाधा अड्चन नल्याउन कविले सबैलाई अनुरोध गरेका छन् । मानवतावाद, समाजवाद, राष्ट्रवाद, बालश्रम शोषण, बाल अधिकार, महिला मुक्ति, महिला अधिकार, प्रकृति, थोत्रा र पुराना यातायातका साधनले वातावरणमा पारेको प्रतिकूल असर इत्यादि जस्ता विषयवस्तुमा यस सङ्ग्रहले चिन्तनशील एवम् गहकिला विचारहरू प्रस्तुत गरेको छ । कविले यस सङ्ग्रहमा एकातिर मानवतावाद र राष्ट्रवादका नाममा कागका पछाडि दौडेर बन्द, हड्ताल गर्दा; राष्ट्रको सम्पत्ति तोडफोड गर्दा, जलाउँदा अनि एकापसमा लड्दा कहिल्यै पनि कसैलाई पनि केही पनि फाइदा हुँदैन । यस्ता कुकार्यले देश र जनतालाई अनेक सास्ती र पीडा हुन्छ । त्यसैले यस्ता विसङ्गति र विकृतियुक्त काम कहिल्यै पनि गर्नु हुँदैन; सर्वसाधरणहरू पनि सदा देश र जनताका लागि आ-आफ्नो क्षेत्रबाट जसरी जति सकिन्छ डटेर लाग्नु पर्छ भन्ने गम्भीर विचार प्रस्तुत गरेका छन् भने अर्कातिर देश र जनताको जिम्मा लिएका सम्पूर्ण नेताहरूले सत्तालिप्सा छोड्नै पर्दछ र निःस्वार्थ भावनाका साथ मनवचनकर्मले आ-आफ्नो उत्तरदायित्व वहन गर्नै पर्दछ भन्ने सशक्त विचार अभिव्यक्त गरेका छन् ।

'घाइते देश' कविता सङ्ग्रहमा विशेष गरी तत्कालीन समयमा माओवादी हिंसा र युद्धबाट ग्रस्त बनेको यो देश र यस देशका जनताहरूका मार्मिक पीडाहरू अभिव्यक्त भएका छन् । तत्कालीन समयमा देशमा विद्यमान राजनीतिक हिंसा र युद्ध वितण्डाको देखाइ र भोगाइबाट कविमनमा उत्पन्न अनुभूतिहरूलाई काव्यात्मक रूप दिइएको यस सङ्ग्रहमा देशभक्तिको भावना, देशको तत्कालीन परिस्थिति, देशमुक्तिको चिन्तन, शान्तिको उच्च एवम् तीव्र चाहना, सामाजिक भेदभाव, नारी समस्या, मानवता, प्रकृति इत्यादि जस्ता विषयहरूलाई मार्मिक रूपमा समेटिएको छ । माओवादी प्रभावित राजनीतिक अस्थिरता, खिचातानी, भ्रष्ट प्रशासक, अनेक विभत्स हत्या, हिंसा र युद्धको चोटको चपेटामा चेपिएर जनता र देशै निस्सासिएको उक्त अवस्थामा देश र जनताका मर्मलाई नबुझेर केवल व्यक्तिगत स्वार्थमा लिप्त भई क्रान्तिका नाममा देशै ध्वस्त पार्न तम्सिएका तत्त्वहरूप्रति कविले निकै आक्रोश पोखेका छन् । उनले त्यस्ता तत्त्वहरूलाई स्वार्थी, षडयन्त्रकारी एवम् अधर्मीहरूको संज्ञा दिएका छन् । उनले कतिपय कवितामा नेपाल रहेमात्र नेपाली अस्तित्व रहन्छ; एकापसको

लडाइँले देशै रहँदैन । त्यसैले हामी सबै लडेर र हटेर होइन मिलेर र डटेर बस्नु पर्छ भन्ने भाव अभिव्यक्त गरेका छन् ।

न्यौपानेको यस सङ्ग्रहमा नेपाली समाजमा विद्यमान धनी, गरिब, छुवाछुत, शोषक, शोषित, मालिक, नोकर, श्रमिक, पुँजीपति, किसान, व्यापारी, सम्पन्न, विपन्न, गाउँले, सहरिया, नेता, जनता, गुरु, शिष्य, उच्च वर्ग, निम्न वर्ग इत्यादि जस्ता विविध किसिमका वर्ग विभाजन एवम् भेदभावले नै जटिल एवम् संवेदनशील परिस्थिति सिर्जना भएको हो । त्यसैले यस्ता विभेदहरूलाई हटाउन सक्नु पर्दछ र सबैमा समभावनाको विकास गराउन सक्नु पर्दछ भन्ने अनुकरणीय एवम् सशक्त वैचारिक धारणा पनि प्रस्तुत भएको छ । विश्वमै शान्तिको प्रतीकको रूपमा परिचित यो देश तत्कालीन समयमा त्यसरी आफैं राजनीतिक युद्ध र हिंसाको चपेटामा चेपिएको त्यस अवस्थामा कविले एकातिर सुख, शान्ति, सन्तोष, समृद्धि एवम् रमाइला जस्ता कुराहरू हिंसात्मक क्रान्तिको बाटामा कहिल्यै र कदापि पाउन सकिंदैन; यी कुराहरू त शान्तिको मार्गमा मात्र प्राप्त गर्न सकिन्छ । त्यसैले युद्ध र हिंसाको बाटोमा रमाइरहेकाहरूले हतियार बिसाउनै पर्दछ भनेका छन् भने अर्कातिर सम्पूर्ण राजनीतिज्ञहरूले पनि समयमै सचेत बनी निःस्वार्थ भावले शान्तिको बाटो अपनाउन सकेमात्र देश र जनता अशान्त, असुरक्षा, अव्यवस्था, एवम् अस्तव्यस्तताको भुँमरीबाट मुक्त हुन्छन् नत्र नराम्ररी पछुताउनु सिवाय केही बाँकी रहँदैन भन्दै सबैलाई सचेत गराएका छन् । चोटैचोटले थिलिएको यो देश अझै पनि सबै नेपालीहरूको निःस्वार्थ एवम् मायालु स्पर्श पाएमा स्वस्थ हुने कुरामा कविले आशावादी विचार प्रस्तुत गरेका छन् । देशको बिग्रँदो र भयावह अवस्थाप्रति निकै चिन्तनशील विचारहरू अभिव्यक्त भएको यस सङ्ग्रहले सम्पूर्ण नेपालीलाई क्रोध र ईर्ष्या फालेर देशमा प्रेम र विवेकको फूल फुलाउन र सबै जनता फुटेर होइन जुटेर यो देशको गहिरो घाउमा मलम लगाउन प्रेरित गरेको छ । यसो गर्न सकेमा यो देश र जनताको काँचुली पक्कै फेरिन्छ भन्ने कुरामा कवि विश्वस्त छन् । यसरी तत्कालीन समय र परिस्थितिमा जनताका मनका व्यथा, पीडा, चोइटिएका बाटा, पुलहरू र जलेका घरहरूको क्रन्दनहरू अनि देशको गहिरो घाउ अभिव्यक्त भएको यस सङ्ग्रहको मूल भाव मानवता, देशभक्ति, देशमुक्ति एवम् दिगो शान्ति स्थापना रहेका कुरा प्रष्ट भएको छ ।

मुकुन्द न्यौपानेको वि.सं. २०४० सालमा प्रथम पटक प्रकाशित 'लोक विनोद' खण्डकाव्य वि.सं. २०६५ सम्म आइ पुग्दा असान्दर्भिक बनिसकेका कुराहरूलाई हटाएर पुनः प्रकाशन गरिएको यसको सारवस्तु भने वि.सं. २०३८ कै परिवेशको सेरोफरोमा छ। लेखनाथको 'बुद्धिविनोद' बाट प्रेरित भएर लेखिएको यस खण्डकाव्यमा सबभन्दा ठूलो जनता (लोक) नै हो; हामीले सधैं लोकको हितका बारेमा सोच्नु पर्दछ भन्ने भाव अभिव्यक्त भएको छ । मानवतावादी सोचले आतप्रोत यस कृतिमा व्यक्तिगत एवम् वैचारिक स्वतन्त्रताका पक्षमा वकालत गरिएको छ । यो खण्डकाव्य तत्कालीन समयको नेपाली एवम् विश्व सामाजिक परिवेशमा आधारित छ । गरिबी, भोक, अशिक्षाले ग्रस्त देशबासीहरूको कष्टप्रद जीवनशैली; शिक्षाको व्यापारीकरण; नेताहरूमा निहित जनताप्रति विमुख,

अकर्मण्यता एवम् द्वैध चरित्र; वर्ग विभाजन, अन्याय, अत्याचार, शोषण, दमन, उत्पीडन, भ्रष्टाचार, युद्ध, हत्या, हिंसा, बलात्कार इत्यादि जस्ता विरुद्ध हामी डटेर लड्नु पर्छ । मानवतावादी, समाजवादी एवम् राष्ट्रवादी सबै मिलेर सबैमा समानता र सद्भावको विकास गराउन सक्नु पर्छ । कहिल्यै पनि कसैबाट कोही पनि थिचिनु मिचिनु हुँदैन । गास, बास, कपास, स्वास्थ्य र शिक्षा जस्ता आधारभूत एवम् अत्यावश्यक चिजहरूबाट कसैलाई पनि वञ्चित गरिनु हुँदैन । स्वदेशी संस्कृतिमा विकृति भित्रिने गरी व्यक्तिगत स्वार्थका लागि विदेशी लोभमा कदापि फस्नु हुँदैन । सबैलाई स्वदेशमै रोजगारीको अवसर सिर्जना गरी युवाशक्तिलाई विदेशिनबाट रोक्न सकेमा उनीहरूको बुद्धि, विवेक र श्रमबाट देश र जनतामा महत्त्वपूर्ण योगदान पुग्न सक्छ भन्ने जस्ता प्रेरणादायी भावहरूले यो खण्डकाव्य ओतप्रोत देखिएको छ ।

यस खण्डकाव्यमा विश्वका ठूला राष्ट्रहरूको बिचको द्वन्द्व र युद्धका कारण संसारभरि नै भयावह स्थितिको सिर्जना भएको त्यो अवस्थाबाट निकै चिन्तनशील बनेका कविले विश्वमै शान्ति स्थापना कसरी गर्ने भनी गम्भीर वैचारिक धारणा पनि अभिव्यक्त गरेका छन् । लेनिनको सिद्धान्त र कालमार्क्सको सार्वभौम चिन्तनबाट निकै प्रभावित यो कृति राजनीतिक दृष्टिले समाजवादी चिन्तनबाट अनुप्राणित एवम् आर्थिक सामाजिक दृष्टिले तल्लो तह र तप्काका जनताहरूको समस्याप्रति विशेष संवेदनशील देखिएको छ । यसरी यसमा विश्व परिवेश अँगालिएको छ र राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय विविध घटनाहरूको वर्णन गरिएको छ । यो खण्डकाव्य आख्यानका दृष्टिले फितलो देखिए तापनि विषयगत हिसाबले भने ओजपूर्ण देखिएको छ ।

'लिला स्मृति काव्य' खण्डकाव्य कवि न्यौपानेको हालसम्म प्रकाशित साहित्यक कृतिमा अन्तिम र तत्त्वगत हिसाबले तुलनात्मक रूपमा उत्कृष्ट कृति हो । यो खण्डकाव्य कविले आफ्नै पिता स्व. लीलानाथ न्यौपानेको देहावसनबाट निकै विव्हल भई उनैको स्मृतिमा लेखेका हुन् । कविले यस कृतिका मुख्य पात्र लीलानाथलाई नै केन्द्रविन्दुमा राखी उनको बाल्यावस्थादेखि मृत्युपर्यन्तका आरोह अवरोहहरूलाई काव्यात्मक रूप दिएका छन् । यो कृति पूर्वजुनी, परलोक, भाग्यवाद इत्यादिजस्ता कुराहरूप्रतिको आस्था घट्दै गई भौतिकवादी दर्शनबाट निकै प्रभावित देखिएको छ । यस खण्डकाव्यमा मृत्युपछि गरिने अन्त्येष्टि, काजक्रिया, पीण्डपानी, कर्मकाण्ड, अनावश्यक दान दक्षिणा इत्यादि जस्ता संस्कारहरूको घोर विरोध गरिएको छ । बाबु आमा जीवित छँदा नै उनीहरूको सेवा, सुश्रुषा एवम् उनीहरूप्रतिको आफ्नो कर्तव्य निर्वाह गर्न सक्नु पर्दछ । मृत्यु पश्चातका यस्ता लम्बैचौडे रूढि संस्कारमा अनावश्यक रूपमा अल्झिनु मुर्खता हो । परिवर्तनशील समय र सोच अनुसार हामी पनि अघि बढ्न सक्नु पर्दछ । आजको ज्ञान विज्ञानको यो भौतिकवादी युगमा यस्ता अन्ध परम्परामा अल्झिंदा स्वच्छ, समृद्ध एवम् प्रगतिशील समाजको निर्माण गर्न सकिंदैन; उल्टै युगौं पछाडि धकेलिन सक्छ । सकिन्छ भने पितृ सम्झनामा पीण्डपानी दानरूपि श्राद्ध होइन; युग अनुसार अग्रगामी एवम् प्रगतिशील कार्यरूपि श्रद्धा सुमन अर्पण गर्न सक्नु पर्दछ भन्ने विद्रोही, अग्रगामी, भौतिकवादी, क्रान्तिकारी एवम् प्रगतिशील भाव अभिव्यक्त भएको छ । यसरी यस खण्डाकाव्यले यस्ता

समाज सुधारका बाधकका रूपमा चलि आएका रूढि संस्कारहरूमा सामाजिक परिवर्तन र सुधार गर्नु पर्ने विषयमा केही नयाँ चेतनामूलक सन्देश दिएको छ । यस खण्डकाव्यको रचनासम्म आइपुग्दा कविमा शिल्पशैली र काव्य तत्त्वका दृष्टिले तुलनात्मक रूपमा परिपक्वता पाएको देखिन्छ यो कृति आयामका हिसावले सानो भए तापनि गम्भीर एवम् अनुकरणीय विषयगतका कारण ओजपूर्ण रहेको छ ।

कवि कथन पद्धतिमा आधारित आफ्ना सबै काव्यकृतिहरूमा कविले राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय परिवेशका समसामयिक विविध विषय वस्तु समेटेका छन् । कविले विशेष गरी कविताका शीर्षकहरू अभिधात्मक अर्थ दिने किसिमले राखेका छन् तापनि 'राता फूलहरू', 'रामलखन' जस्ता एकाध कविताका शीर्षक भने व्यङ्ग्यात्मक देखिएका छन् । अधिक रूपमा नेपाली झर्रा शब्दहरूको प्रयोग गरेका न्यौपानेले विविध किसिमका तत्सम र तद्भव आगन्तुक शब्दहरूको पनि सहज रूपले प्रयोग गरेका छन् । कविले सबै कृतिहरूमा विभिन्न अनुकरणात्मक विस्मयादिबोधक, निपात, समास, द्वित्व, विपरीतार्थी, प्रश्नात्मक, सम्बोधनात्मक, इत्यादि जस्ता शब्द एवम् शब्दावलीहरूको सहज, सरल एवम् उचित प्रयोग गरेका छन् । केही लघु बिम्बालङ्कार, प्रतीक एवम् अनुप्रासहरूले कृतिहरू लयात्मक एवम् कर्णप्रिय बनेका छन् । 'पीडित आत्माका धुनहरू', गीति लय; 'लोक विनोद' वंशस्थ र 'लिला स्मृति काव्य' शार्दूलविक्रीडित छन्दमा लेखेका छन् भने अन्य सबै प्रायः गद्य लयमा आधारित छन् । गद्य लयमा रचित कविताहरूमा पनि प्रयुक्त आद्यानुप्रास, मध्यानुप्रास, अन्त्यानुप्रासहरूले गेयगुण प्रदान गरेका हुनाले सबै कविताहरू लयात्मक देखिएका छन् । यी कृतिहरूमा वर्ण विन्यास, पद विन्यास एवम् छन्द मिलान इत्यादिका हिसाबले सामान्य केही कमजोरी रहे तापनि विविध विषयहरूका अनेक भावहरूलाई माधुर्य संयोजन गर्न कवि सफल देखिएका छन् । त्यसैले सबै कृतिहरू विषयवस्तु एवम् भावका हिसाबले ओजपूर्ण र सर्वसाधरण पाठकका लागि समेत सरल, सहज एवम् सुबोध देखिएका छन् ।

यसरी कवि न्यौपानेका सबै काव्यकृतिहरू मार्क्सवादी विचार र सिद्धान्तबाट प्रभावित देखिएका छन् । विविध विषयवस्तु समेटिएका यी कृतिहरूमा मानवतावादी, राष्ट्रवादी, क्रान्तिकारी, प्रगतिवादी, यथार्थवादी एवम् प्रगतिशील विचारहरू सशक्त रूपमा अभिव्यक्त भएका छन् ।

## ५.२ निष्कर्ष

नेपाली साहित्य फाँटमा बाल्यावस्थादेखि नै सक्रिय रहेका कवि मुकुन्द न्यौपाने स्रष्टा, द्रष्टा र नेताका रूपमा परिचित छन् । कवि न्यौपाने साहित्य, राजनीति र किसान आन्दोलनका त्रिवेणीका रूपमा सक्रिय व्यक्तित्व हुन । साहित्यिक र साहित्येतर गरी हालसम्म १९ ओटा कृतिहरू प्रकाशन गरि सकेका न्यौपानेका १४ ओटा सहित्यक कृतिहरू मात्र छन् । त्यसमा पनि ५ ओटा कविता सङ्ग्रह र २ ओटा खण्डकाव्य गरी ७ ओटा काव्यकृतिहरू नै छन् । राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय परिवेशका

विविध विषयवस्तुलाई आधार बनाई समसामयिक कविता लेखेका कवि न्यौपानेका कृतिहरूमा तुलनात्मक रूपमा सामाजिक एवम् राजनीतिक विषयवस्तुलाई प्रवल रूपमा उठान गरिएको छ यी विषयवस्तुहरूका साथमा न्यौपानेले मानवतावादी, समाजवादी, राष्ट्रवादी, विद्रोही, अग्रगामी, क्रान्तिकारी, यथार्थवादी एवम् प्रगतिशील भावहरूले ओतप्रोत भएका कृतिहरूद्वारा नेपाली काव्यिक फाँटमा महत्त्वपूर्ण योगदान दिन सफल देखिएका छन् ।

कवि न्यौपानेले गद्य, पद्य र लोक लय ३ ओटै शैलीमा कविताहरू रचना गरेका छन् । गद्य लयमा रचित कविताहरूमा पनि प्रयुक्त आद्यानुप्रास, मध्यानुप्रास र अन्त्यानुप्रासहरूले गेय गुण प्रदान गर्न सफल भएका हुनाले उनका सबै कविताहरू लयात्मक देखिएका छन् । न्यौपानेका लोक लयमा रचित कविताहरू सर्वसाधरण पाठकहरूको समेत मनमुटु छुने किसिमका अझै तिख्खर र हृदयस्पर्शी छन् । पहिलो चरणदेखि चौथो चरणसम्म आइ पुग्दा न्यौपानेको लयात्मक अभिव्यक्ति अझै माझिंदै, खारिंदै एवम् सशक्त बन्दै आएको छ । विविध परिवेश अँगालिएका न्यौपानेका काव्यकृतिहरूमा करुण, शोक, भय, वीभत्स, द्वन्द्व, शम, श्रृङ्गार, वीर इत्यादि जस्ता रसहरूको प्रयोग देखिएको छ तापनि मूलतः करुण र वीर रसको प्रभाव सबल रूपमा देखिएको छ ।

प्रगतिवादीहरू स्वतन्त्रता, देशभक्ति र शान्तिका पक्षपाती हुन्छन् । यिनीहरू समाजमा विद्यमान वर्ग विभाजन र समान्तवादीका विरोधी हुन्छन् र सधैं निम्न वर्गको उत्थान र उच्च वर्गको पतन चाहन्छन् । यिनीहरूको मान्यता सममाजमा रहेका यस्ता आततायीका विरुद्ध सङ्घर्ष नगरी शान्ति ल्याउन सकिंदैन । यसरी सङ्घर्ष गर्दा विद्रोह र क्रान्ति गर्नै पर्छ अनि बल्ल शान्ति ल्याउन सकिन्छ भन्ने हुन्छ । कवि न्यौपानेले पनि यस मान्यतालाई अङ्गीकार गरेका छन् । समाज सुधारका मार्गमा बाधकका रूपमा विद्यमान रूढि संस्कारहरूको घोर विरोधी न्यौपाने भौतिकवादी एवम् प्रगतिवादी कविका रूपमा स्थापित भएका छन् । न्यौपानेले आफ्ना काव्यकृतिहरूमा विभिन्न तत्सम, तद्भव, अगन्तुक, निपात, विस्मयादिबोधक, अनुकरणात्मक, समस्त, द्वित्व एवम् नेपाली झर्रा शब्दहरूको सरल, सहज र समुचित प्रयोग गरेका छन् । त्यस्तै, उनले कतिपय कृतिहरूमा संबोधनात्मक, प्रश्नात्मक एवम् व्यङ्ग्यात्मक भाषाशैलीको पनि प्रयोग गरेका छन् तापनि जटिल शब्दहरूको प्रयोग गरेका छैनन् । सर्वसाधारण समेतले बुझ्ने भाषाशैलीको प्रयोग गरेका न्यौपानेको मान्यता आफ्ना कृतिहरूका भावहरू धेरैभन्दा धरै जनताले बुझून् भन्ने रहेको छ । दर्शनका जटिलतम विषयवस्तुलाई समेत सर्वसाधरणले पनि बुझ्न सक्ने भाषा, शैली र शिल्पमा प्रस्तुत गर्न सक्नु कवि न्यौपानेको विशिष्टता देखिएको छ । राजनीतिक व्यस्तताका बिचमा पनि हालसम्म पनि उनी लेखन क्षेत्रमा समेत लागि रहेकै छन् । त्यसैले निकट भविष्यमा अझै परिमार्जित, परिष्कृत एवम् प्रगतिशील काव्यकृतिहरू प्रकाशन हुने सम्भावना प्रबल रहेको छ ।

## ५.३ सम्भावित शीर्षक  हरू

प्रस्तुत शोधपत्र 'मुकुन्द न्यौपानेको काव्यकारिता' दोस्रो शोधकार्य हो । यस शोधपत्रमा नियमानुसार सीमामा रहेर कवि न्यौपानेको कविताहरू र खण्डकाव्यहरूको मात्र अध्ययन र विश्लेषण गरिएको छ । न्यौपाने जस्ता बहु आयामिक एवम् बहु प्रतिभाशाली व्यक्तित्वको बारेमा अझै अध्ययन र विश्लेषण गर्ने अरू पनि प्रशस्त क्षेत्रहरू छन् । आगामी दिनहरूमा कवि मुकुन्द न्यौपानेका बारेमा शोध गर्न इच्छुक शोधार्थीहरूका लागि सम्भावित शीर्षकहरू यस प्रकार हुन सक्छन् :

क. मुकुन्द न्यौपानेको खण्डकाव्यकारिता
ख. मुकुन्द न्यौपानेको गीति नाट्यकारिता
ग. नेपाली कविता परम्परामा मुकुन्द न्यौपानेको योगदान
घ. मुकुन्द न्यौपानेका कृतिहरूको कृतिपरक अध्ययन
ङ. प्रगतिवादी लेखनका दृष्टिमा मुकुन्द न्यौपाने
च. नेपाली साहित्यमा मुकुन्द न्यौपानेको योगदान

## सन्दर्भ सामग्री सूची


अधिकारी, रमेशचन्द्र (२०६५), 'साहित्यकार श्री मुकुन्द न्यौपानेका बारेमा', **लोक विनोद**, मुकुन्द न्यौपाने, दो.सं., काठमाडौं : अजिता/प्रकाश भेटवाल ।

आचार्य, व्रतराज (२०६९), 'अन्तर्मनको आवाज सुन्दै जाँदा.....' **अर्न्तमनको आवाज**, चन्द्रा न्यौपाने, वीरगञ्ज : शेषरमण न्यौपाने ।

उपाध्याय, केशव प्रसाद (२०६१), **पूर्वीय साहित्य सिद्धान्त** चौ.सं. काठमाडौं : साझा प्रकाशन ।

गिरी, जीवेन्द्र देव (२०६९), **अभिव्यक्ति र सिर्जना व्यक्तित्व र समालोचना**, काठमाडौं : मध्य पश्चिमाञ्चल साहित्य परिषद् ।

.............(२०६९), **नेपाली प्रगतिवादी साहित्यका विशिष्ट आयाम**, काठमाडौं : मध्य पश्मिाञ्चल साहित्य परिषद् ।

.............(२०६९), **रचनामा विवेचना**, वागबजार : वाङ्मय प्रकाशन तथा अनुसन्धान केन्द्र ।

गौतम, तुलसी (२०६२), 'मुकुन्द न्यौपानेको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन' अप्रकाशित स्नातकोत्तर शोध पत्र, त्रि.वि.वि. नेपाली केन्द्रीय विभाग ।

गौतम, लक्ष्मण (२०६५/६६), 'सृजामाता' खण्डकाव्यमा विम्वविधान', **कुञ्जिनी**, वर्ष १६, अङ्क १३, पृ. ३० ।

त्रिपाठी, वासुदेव र अन्य (२०६५), **नेपाली कविता भाग ४**, ललितपुर : साझा प्रकाशन ।

.............सम्पा. (२०५८), **नेपाली बृहत् शब्दकोश**, पाँ.सं., काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

थापा, सूर्य (२०७१), 'दर्शन विचार र संगठनमा संयोजनकारी नेतृत्व', **नीति नेतृत्व र नैतिकता ( विचार संग्रह)**, मुकुन्द न्यौपाने, वागबजार : भरतकुमार श्रेष्ठ ।

नेपाल, देवी (२०६६), **छन्द पराग**, दो.सं. काठमाडौं : भुँडी पुराण प्रकाशन ।

न्यौपाने, कोषराज (२०६१), 'मन्तव्य', **लिला स्मृति काव्य**, मुकुन्द न्यौपाने एम्ज माउस : श्रीमती विष्णुमाया न्यौपाने ।

न्यौपाने, मुकुन्द (२०४०), **उथुल पुथुल भित्रका अनुभुतिहरू** नेपाल : आधार प्रकाशन

...........(२०५९), **घाइते देश**, काठमाडौं : दोभान प्रकाशन ।

........... (२०४५), **छोरीलाई चिट्ठी**, नेपाल : जनज्योति प्रकाशन नेपाल ।

...........(२०५८), **नयाँ युगका नयाँ कविता**, काठमाडौं : श्रीमती योगा भट्टराई ।

........... (२०४४), **पीडित आत्माका धुनहरू**, नेपाल : नवज्योति प्रकाशन ।

...........(२०६१), **लिला स्मृति काव्य**, एम्ज माउस : श्रीमती विष्णुमाया न्यौपाने ।

........... (२०६५), **लोक विनोद**, काठमाडौं : अजिता/प्रकाश भेटवाल ।

पराजुली, कृष्णप्रसाद (२०५१), **राम्रो रचना मिठो नेपाली**, अठारौं सं. काठमाडौं : सहयोगी प्रेस ।

पराजुली, मोती (२०६७), 'चित्रालङ्कार,' **वाङ्मय**, पूर्णाङ्क १४, पृ.२२ ।

पौडेल, खुमलाल ( २०६८), 'वैचारिक कसीमा उदय शर्माको 'सिन्धुलीको व्यथा' गीति नाटक', **सङ्गम**, वर्ष १७, पूर्णाङ्क ९, पृ. ४७ ।

पौडेल, विष्णुप्रसाद (२०६६), **संस्कृत काव्यशास्त्र**, पुनः छपाइ, काठमाडौं : भुँडीपुराण प्रकाशन ।

दोभान प्रकाशन (२०५९), 'प्रकाशकीय' **घाइते देश**, मुकुन्द न्यौपाने, काठमाडौं : दोभान प्रकाशन ।

नवज्योति प्रकाशन (२०४४), 'प्रकाशकीय' **पीडित आत्माका धुनहरू** नेपाल : नवज्योति प्रकाशन ।

प्रश्रित, मोदनाथ (२०४४), 'माटो र पसिनाबाट जन्मेका कविताहरू' **बगर**, वर्ष ६, पूर्णाङ्क १३ ।

............(२०६१), 'वास्तविक श्राद्ध - लिला स्मृति काव्य' **लिला स्मृति काव्य**, मुकुन्द न्यौपाने, एम्ज माउस : विष्णुमाया न्यौपाने ।

भट्टराई, घटराज (२०५९) 'घाइते देशका व्यथा बुझ्न खोज्दा', **घाइते देश**, मुकुन्द न्यौपाने, काठमाडौं : दोभान प्रकाशन ।

............ (२०४४), **नेपाली लेखक कोश**, काठमाडौं : एकता प्रकाशन ।

भुजेल, ध्रुवकुमार (२०६२), **माध्यमिक स्तरीय उपयोगी नेपाली व्याकरण तथा रचना**, राजविराज : उत्तम प्रकाशन ।

लम्साल, रामचन्द्र र अन्य (२०५६), **नेपाली शिक्षक निर्देशिका कक्षा** ९, भक्तपुर : श्री ५ को सरकार, शिक्षा तथा खेलकुद मन्त्रालय, पाठ्यक्रम विकास केन्द्र ।

लुइँटेल, खगेन्द्र (२०५४), **नेपाली कवि र कविता**, काठमाडौं : विभु ऋभु प्रकाशन ।

विकल, रमेश (२०४५), 'छोरीलाई चिट्ठी हेरेर', **छोरालाई चिट्ठी**, मुकुन्द न्यौपाने, नेपाल : जनज्योति प्रकाशन ।

शर्मा, प्रकाश (२०४०), 'मन्तव्य' **उथुल पुथुल भित्रका अनुभूतिहरू**, मुकुन्द न्यौपाने, नेपाल : आधार प्रकाशन ।

श्रेष्ठ, दयारम र अन्य (२०६४), **कक्षा १० नेपाली**, भक्तपुर : नेपाल सरकार शिक्षा तथा खेलकुद मन्त्रालय, पाठ्यक्रम विकास केन्द्र ।

............(२०५९), **प्रवेशिका व्याकरण**, कक्षा ९, संशो.सं., काठमाडौं : भुँडीपुराण प्रकाशन ।

सुवेदी, राजेन्द्र (२०६४), **सिर्जनात्मक लेखन, सिद्धान्त र विश्लेषण**, दो. सं., काठमाडौं : पाठ्य सामग्री पसल ।